WHC.११/०१
नोभेम्बर २०११

# विश्व सम्पदा महासन्धिको कार्यान्वयनका लागि कार्य-सञ्चालन निर्देशिका

## OPERATIONAL GUIDELINES FOR THE IMPLEMENTATION OF THE WORLD HERITAGE CONVENTION

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन
**(UNESCO)**

विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि गठित अन्तरसरकारी समिति

INTERGOVERNMENTAL COMMITTEE
FOR THE PROTECTION OF THE
WORLD CULTURAL AND NATURAL HERITAGE

विश्व सम्पदा केन्द्र

विश्व सम्पदा समितिका (अद्यावधिक) निर्णयहरूलाई प्रतिबिम्बित गर्न *कार्य-सञ्चालन निर्देशिका*लाई आवधिक रुपमा परिमार्जन गर्ने गरिन्छ। कृपया तल उल्लेखित यूनेस्को विश्व सम्पदा केन्द्रको वेभ ठेगानामा गई *कार्य-सञ्चालन निर्देशिका*को मिति हेरेर तपाईंले निर्देशिकाको सबभन्दा पछिल्लो संस्करण प्रयोग गरिरहनु भएको छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।

*कार्य-सञ्चालन निर्देशिका* (अङ्ग्रेजी र फ्रेन्च) र *विश्व सम्पदा महासन्धि* (पाँच भाषामा) तथा विश्व सम्पदासम्बन्धी अन्य दस्तावेज एवं सूचना *विश्व सम्पदा केन्द्र*मा उपलब्ध छन् :


**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फोँतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
फोनः + ३३ (०)१ ४५६८ १८७६
फ्याक्सः + ३३ (०)१ ४५६८ ५५७०
इमेलः wh-info@unesco.org
वेभ ठेगानाः http://whc.unesco.org/
http://whc.unesco.org/en/guidelines *(English)*
http://whc.unesco.org/fr/orientations *(French)*


*यो मूल रुपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ।*

## विषय सूची


| अध्याय संख्या | | अनुच्छेद संख्या(हरू) |
|---|---|---|
| | आद्यनाम तथा संक्षिप्त शब्दावली (Acronym & Abbreviation) | |
| **१.** | **परिचय** | |
| १.क | *कार्य-सञ्चालन निर्देशिका* | १-३ |
| १.ख | *विश्व सम्पदा महासन्धि* | ४-९ |
| १.ग | *विश्व सम्पदा महासन्धि*मा आबद्ध राज्य पक्षहरू | १०-१६ |
| १.घ | *विश्व सम्पदा महासन्धि*मा आबद्ध राज्य पक्षहरूको महासभा | १७-१८ |
| १.ङ | विश्व सम्पदा समिति | १९-२६ |
| १.च | विश्व सम्पदा समितिको सचिवालय (विश्व सम्पदा केन्द्र) | २७-२९ |
| १.छ | विश्व सम्पदा समितिका सल्लाहकार निकायहरू | ३०-३७ |
| | - इक्रोम (ICCROM) | ३२-३३ |
| | - इकोमोस (ICOMOS) | ३४-३५ |
| | - आइयूसीएन (IUCN) | ३६-३७ |
| १.ज | अन्य संगठनहरू | ३८ |
| १.झ | विश्व सम्पदा संरक्षणका साझेदारहरू | ३९-४० |
| १.ञ | अन्य महासन्धि, सिफारिस तथा कार्यक्रमहरू | ४१-४४ |
| **२.** | **विश्व सम्पदा सूची** | |
| २.क | विश्व सम्पदाको परिभाषा | ४५-५३ |
| | - सांस्कृतिक तथा प्राकृतिक सम्पदा | ४५ |
| | - मिश्रित सांस्कृतिक तथा प्राकृतिक सम्पदा | ४६ |
| | - सांस्कृतिक भूपरिदृश्यहरू | ४७ |
| | - चल सम्पदा | ४८ |
| | - अनुपम विश्वव्यापी महत्त्व (Outstanding Universal Value) | ४९-५३ |
| २.ख | प्रतिनिधिमूलक, सन्तुलित तथा विश्वसनीय विश्व सम्पदा सूची | ५४-६१ |
| | - प्रतिनिधिमूलक, सन्तुलित तथा विश्वसनीय विश्व सम्पदा सूचीका लागि अन्तर्राष्ट्रिय रणनीति | ५५-५८ |
| | - अन्य उपायहरू | ५९-६१ |
| २.ग | संभाव्य सूचीहरू (Tentative Lists) | ६२-७६ |
| | - कार्यविधि तथा ढाँचा | ६२-६९ |
| | - योजना तथा मूल्याङ्कन कार्यको साधनको रुपमा संभाव्य सूचीहरू | ७०-७३ |
| | - संभाव्य सूची तयार गर्नमा राज्य पक्षहरूलाई दिइने सहायता एवं क्षमता विकास (का प्रावधान) | ७४-७६ |
| २.घ | अनुपम विश्वव्यापी महत्त्वको परीक्षण गर्ने आधारहरू | |
| २.ङ | अखण्डता र/वा प्रामाणिकता | ७९-९५ |

| | | |
|---|---|---|
| | - प्रामाणिकता (Authenticity) | ७९-८६ |
| | - अखण्डता (Integrity) | ८७-९५ |
| **२.च** | **संरक्षण तथा व्यवस्थापन** | **९६-११९** |
| | - संरक्षणका लागि कानूनी, नियमनकारी तथा करारीय उपायहरू | ९८ |
| | - प्रभावकारी संरक्षणका लागि सिमानाहरूको व्यवस्था | ९९-१०२ |
| | - सन्निकट क्षेत्रहरू | १०३-१०७ |
| | - व्यवस्थापन प्रणाली | १०८-११८ |
| | - दिगो उपयोग | ११९ |
| **३.** | **विश्व सम्पदा सूचीमा सम्पत्तिको सूचीकरणको प्रक्रिया** | |
| **३.क** | **मनोनयनको तयारी** | **१२०-१२८** |
| **३.ख** | **मनोनयनको ढाँचा तथा विषयवस्तु** | **१२९-१३३** |
| | १. सम्पत्तिको पहिचान | १३२.१ |
| | २. सम्पत्तिको विवरण | १३२.२ |
| | ३. सूचीकरणको औचित्य | १३२.३ |
| | ४. संरक्षणको अवस्था र सम्पत्तिलाई प्रभाव पार्ने कुराहरू | १३२.४ |
| | ५. सुरक्षा तथा व्यवस्थापन | १३२.५ |
| | ६. अनुगमन | १३२.६ |
| | ७. दस्तावेज | १३२.७ |
| | ८. जिम्मेवार अधिकारीहरूको सम्पर्क ठेगाना | १३२.८ |
| | ९. राज्य पक्ष (हरू) को तर्फबाट हस्ताक्षर | १३२.९ |
| **३.ग** | **फरक प्रकारका सम्पत्तिहरूको मनोनयनका लागि आवश्यक कुराहरू** | **१३४-१३९** |
| | - अन्तरसीमा सम्पत्तिहरू (Transboundary Properties) | १३४-१३६ |
| | - क्रमिक सम्पत्तिहरू (Serial Properties) | १३७-१३९ |
| **३.घ** | **मनोनयन दर्ता** | **१४०-१४२** |
| **३.ङ** | **सल्लाहकार निकायद्वारा मनोनयनको मूल्याङ्कन** | **१४३-१५१** |
| **३.च** | **मनोनयन फिर्ता** | **१५२** |
| **३.छ** | **विश्व सम्पदा समितिको निर्णय** | **१५३-१६०** |
| | - सूचीकरण | १५४-१५७ |
| | - सूचीकरण नगर्ने निर्णय | १५८ |
| | - मनोनयनलाई थप जानकारीको लागि पठाउने | १५९ |
| | - मनोनयनको स्थगन | १६० |
| **३.ज** | **आपातकालीन रुपमा अघि बढाउनुपर्ने मनोनयन** | **१६१-१६२** |
| **३.झ** | **सिमानाहरूमा, सूचीकरणको औचित्य पुष्टि गर्न प्रयोग गरिएको आधारमा वा विश्व सम्पदा सम्पत्तिको नाममा गरिने संशोधनहरू** | **१६३-१६७** |
| | - सिमानाहरूको सामान्य संशोधन (Minor Modifications) | १६३-१६४ |
| | - सिमानाहरूको उल्लेख्य संशोधन (Significant Modifications) | १६५ |
| | - विश्व सम्पदा सूचीमा सूचीकरणको औचित्य पुष्टि गर्न लिइएका | १६६ |

| | | |
|---|---|---|
| | आधारहरूमा गरिने संशोधन | |
| | - विश्व सम्पदा सूचीमा रहेको सम्पत्तिको नाममा गरिने संशोधन | १६७ |
| ३.ञ | **. समय तालिका- परिदृश्य** | **१६८** |
| **४.** | **विश्व सम्पदा सम्पत्तिको संरक्षणको अवस्थाको अनुगमन प्रक्रिया** | |
| ४.क | **प्रतिक्रियात्मक अनुगमन (Reactive Monitoring)** | **१६९-१७६** |
| | - प्रतिक्रियात्मक अनुगमनको परिभाषा | १६९ |
| | - प्रतिक्रियात्मक अनुगमनको उद्देश्य | १७०-१७१ |
| | - राज्य पक्ष र/वा अन्य स्रोतबाट प्राप्त सूचना | १७२-१७४ |
| | - विश्व सम्पदा समितिको निर्णय | १७५-१७६ |
| ४.ख | **खतरामा रहेको विश्व सम्पदा सूची** | **१७७-१९१** |
| | - सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्नेसम्बन्धी निर्देशिका | १७७ |
| | - सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्ने आधारहरू | १७८-१८२ |
| | - सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्ने कार्यविधि | १८३-१८९ |
| | - खतरामा रहेको विश्व सम्पदाको सूचीमा सूचीकृत सम्पत्तिहरूको संरक्षणको अवस्थाको नियमित पुनरावलोकन | १९०-१९१ |
| ४.ग | **सम्पत्तिलाई अन्ततः विश्व सम्पदा सूचीबाट हटाउने सम्बन्धी कार्यविधि** | **१९२-१९८** |
| **५.** | ***विश्व सम्पदा महासन्धि*को कार्यान्वयनसम्बन्धी आवधिक प्रतिवेदन** | |
| ५.क | उद्देश्यहरू | **१९९-२०२** |
| ५.ख | कार्यविधि तथा ढाँचा | **२०३-२०७** |
| ५.ग | मूल्याङ्कन तथा अनुगमन | **२०८-२१०** |
| **६.** | ***विश्व सम्पदा महासन्धि*लाई हुने सहयोगलाई प्रोत्साहन गर्ने** | |
| ६.क | उद्देश्यहरू | **२११** |
| ६.ख | क्षमता विकास तथा अनुसन्धान | **२१२-२१६** |
| | - विश्वव्यापी तालीम रणनीति | २१३ |
| | - राष्ट्रिय तालीम रणनीति तथा क्षेत्रीय सहयोग | २१४ |
| | - अनुसन्धान | २१५ |
| | - अन्तर्राष्ट्रिय सहायता | २१६ |
| ६.ग | **जनचेतना अभिवृद्धि तथा शिक्षा** | **२१७-२२२** |
| | - जनचेतना अभिवृद्धि | २१७-२१८ |
| | - शिक्षा | २१९ |
| | - अन्तर्राष्ट्रिय सहायता | २२०-२२२ |
| **७.** | **विश्व सम्पदा कोष तथा अन्तर्राष्ट्रिय सहायता** | |
| ७.क | विश्व सम्पदा कोष | २२३-२२४ |
| ७.ख | अन्य प्राविधिक तथा वित्तीय स्रोतको परिचालन तथा *विश्व सम्पदा महासन्धि*को | २२५-२३२ |

| | | | |
|---|---|---|---|
| | | सहयोगार्थ गरिने साझेदारीहरू | |
| | ७.ग | अन्तर्राष्ट्रिय सहायता | २३३-२३५ |
| | ७.घ | अन्तर्राष्ट्रिय सहायताका सिद्धान्त र प्राथमिकताहरू | २३६-२४० |
| | ७.ङ | संक्षिप्त तालिका | २४१ |
| | ७.च | कार्यविधि तथा ढाँचा | २४२-२४६ |
| | ७.छ | अन्तर्राष्ट्रिय सहायतासम्बन्धी आवेदनको मूल्याङ्कन तथा स्वीकृति | २४७-२५४ |
| | ७.ज | करारीय व्यवस्थाहरू | २५५ |
| | ७.झ | अन्तर्राष्ट्रिय सहायताको सामान्य मूल्याङ्कन तथा अनुगमन | २५६-२५७ |
| **८.** | | **विश्व सम्पदा चिह्न** | |
| | ८.क | प्रस्तावना | २५८-२६५ |
| | ८.ख | प्रयुक्तता | २६६ |
| | ८.ग | राज्य पक्षहरूका जिम्मेवारीहरू | २६७ |
| | ८.घ | विश्व सम्पदा चिह्नको उपयुक्त प्रयोगमा अभिवृद्धि गर्ने | २६८-२७४ |
| | | - विश्व सम्पदा सूचीमा सम्पत्ति सूचीकृत भएको स्मृतिमा प्लाकको निर्माण | २६९-२७४ |
| | ८.ङ | विश्व सम्पदा चिह्न प्रयोगका सिद्धान्तहरू | २७५ |
| | ८.च | विश्व सम्पदा चिह्न प्रयोगको अधिकार प्रदान गर्ने कार्यविधि | २७६-२७८ |
| | | - राष्ट्रिय अधिकारीहरूको साधारण सम्झौता | २७६-२७७ |
| | | - विषयवस्तुको गुणस्तर नियन्त्रण गर्नुपर्नेसम्बन्धी सम्झौता | २७८ |
| | ८.छ | गुणस्तरमा नियन्त्रण गर्न सक्ने राज्य पक्षहरूको अधिकार | २७९ |
| **९.** | | **सूचनाका स्रोतहरू** | |
| | ९.क | सचिवालयले संग्रहबद्ध गरेको सूचना | २८०-२८४ |
| | ९.ख | विश्व सम्पदा समितिका सदस्यहरू तथा अन्य राज्य पक्षहरूलाई विशेष सूचना | २८५-२८७ |
| | ९.ग | सर्वसाधारणलाई उपलब्ध हुने सूचना तथा प्रकाशनहरू | २८८-२९० |

| | अनुसूचीहरू (Annexes) | पेज नं. |
|---|---|---|
| १. | अनुमोदन/स्वीकृति तथा प्रविष्टिसम्बन्धी नमूना दस्तावेज | ७५ |
| २. | २.क. संभाव्य सूची पेश गर्नेसम्बन्धी ढाँचा | ७७ |
| | २.ख. भविष्यका क्रमिक, अन्तरदेशीय तथा अन्तरसीमा मनोनयनका लागि संभाव्य सूची पेश गर्ने ढाँचा | ७८ |
| ३. | विशेष प्रकारका सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नेसम्बन्धी मार्गनिर्देशिका | ८० |
| ४. | *विश्व सम्पदा महासन्धिको* सन्दर्भमा प्रामाणिकता | ९० |
| ५. | सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पेश गरिने मनोनयनको ढाँचा | ९५ |
| ६. | मनोनयनका सम्बन्धमा सल्लाहकार निकायले गर्ने मूल्याङ्कनका कार्यविधिहरू | १११ |
| ७. | *विश्व सम्पदा महासन्धिको* कार्यान्वयनका लागि तयार गरिने आवधिक प्रतिवेदनको ढाँचा | ११८ |
| ८. | अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोध पेश गर्ने फाराम | १२८ |
| ९. | अन्तर्राष्ट्रिय सहायताका लागि हुने अनुरोधका सम्बन्धमा सल्लाहकार निकायले गर्ने मूल्याङ्कनका आधारहरू | १४२ |
| १०. | अनुपम विश्वव्यापी महत्त्वको उक्ति | १४६ |
| ११. | विश्व सम्पदा सम्पत्तिहरूमा गरिने संशोधनहरू | १४७ |
| | विश्व सम्पदासम्बन्धी छानिएका सन्दर्भ सामग्रीहरू | १५९ |

| **आद्यनाम तथा संक्षिप्त शब्दावली** (Acronym & Abbreviation) | | |
|---|---|---|
| **डोकोमोमो** | **DoCoMoMo** | आधुनिक आन्दोलनले जन्माएका स्मारक तथा स्थलहरूको अभिलेखीकरण तथा संरक्षणका लागि अन्तर्राष्ट्रिय समिति |
| **इक्रोम** | **ICCROM** | सांस्कृतिक सम्पत्तिको संरक्षण एवं जीर्णोद्धारसम्बन्धी अध्ययनका लागि अन्तर्राष्ट्रिय केन्द्र |
| **इकोमोस** | **ICOMOS** | स्मारक तथा स्थलसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् |
| **आइएफएलए** | **IFLA** | भूपरिदृश्य वास्तुविद्हरूको अन्तर्राष्ट्रिय महासंघ |
| **आयूसीएन** | **IUCN** | विश्व संरक्षण संगठन (पहिलेको प्रकृति तथा प्राकृतिक स्रोतहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय संगठन) |
| **आइयूजीएस** | **IUGS** | भूगर्भ विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय संघ |
| **म्याब** | **MAB** | यूनेस्कोको मानव तथा जीवमण्डलसम्बन्धी कार्यक्रम |
| **गैसस** | **NGO** | गैर सरकारी संगठन |
| **टीआइसीसीआइएच** | **TICCIH** | औद्योगिक सम्पदाको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय समिति |
| **यूनेप** | **UNEP** | संयुक्त राष्ट्र संघीय वातवरण कार्यक्रम |
| **यूनेप WCMC** | **UNEP-WCMC** | विश्व संरक्षण अनुगमन केन्द्र (UNEP) |
| **यूनेस्को** | **UNESCO** | संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन |

## १. परिचय

### १.क *कार्य-सञ्चालन निर्देशिका*

१. *विश्व सम्पदा महासन्धिको कार्यान्वयनका लागि कार्य-सञ्चालन निर्देशिका* ( यसपछि *कार्य-सञ्चालन निर्देशिका* भनी सम्बोधन गरिएको) को लक्ष्य देहायका विषयहरूमा कार्यविधि तय गर्दै *विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि* (यसपछि *"विश्व सम्पदा महासन्धि"* वा *"महासन्धि"* भनिएको) को कार्यान्वयनलाई सहज तुल्याउनु हो :

क) विश्व सम्पदा सूची तथा खतरामा रहेको विश्व सम्पदा सूचीमा सम्पत्तिहरूलाई सूचीकरण गर्ने;

ख) विश्व सम्पदा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने;

ग) विश्व सम्पदा कोषअन्तर्गत अन्तर्राष्ट्रिय सहायता प्रदान गर्ने, तथा

घ) *महासन्धि*को पक्षमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोगको परिचालन गर्ने ।

२. विश्व सम्पदा समितिको अद्यावधिक निर्णय प्रतिबिम्बित हुने गरी *कार्य-सञ्चालन निर्देशिका*लाई आवधिक रुपमा परिमार्जन गर्ने गरिएको छ ।

कार्य-सञ्चालन निर्देशिकाको ऐतिहासिक विकासका बारेमा http/whc.unesco.org/ en/ guidelineshistorical बाट थाहा पाउन सकिनेछ ।

३. *कार्य-सञ्चालन निर्देशिका*का प्रमुख प्रयोगकर्ताहरू यस प्रकार छन्:

क) *विश्व सम्पदा महासन्धि*मा आबद्ध राज्य पक्षहरू,

ख) अनुपम विश्वव्यापी महत्त्वयुक्त सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि गठित अन्तरसरकारी समिति, (यसपछि "विश्व सम्पदा समिति" वा "समिति" भनी सम्बोधन गरिएको)

ग) विश्व सम्पदा समितिको सचिवालयको रुपमा रहेको यूनेस्को विश्व सम्पदा केन्द्र (यसपछि "सचिवालय" भनी सम्बोधन गरिएको)

घ) विश्व सम्पदा समितिका सल्लाहकार निकायहरू,

ङ) विश्व सम्पदा सम्पत्तिको संरक्षणमा संलग्न स्थानीय व्यवस्थापक, सरोकारवाला तथा साझेदारहरू ।

### १.ख *विश्व सम्पदा महासन्धि*

४. सांस्कृतिक तथा प्राकृतिक सम्पदा कुनै मुलुक विशेषको मात्र नभई समग्र मानवजगत्कै अमूल्य एवं अप्रतिस्थापनीय (irreplaceable) सम्पत्ति हो । यस प्रकारको जुनसुकै मूल्यवान् सम्पत्तिको क्षय भएर वा हराएर नाश हुनु भनेको संसारभरका मानिसहरूको साझा सम्पदामाथिको ठूलो आघात हो । तीमध्ये केही सम्पदाहरूलाई तिनीहरूको विशिष्ट गुणका कारण "अनुपम विश्वव्यापी महत्त्व" भएको सम्पदाको रुपमा स्वीकार गरी तिनीहरूमाथि बढिरहेको जोखिमबाट

तिनलाई बचाउन विशेष सुरक्षा दिइनुपर्ने मान्यता रहिआएको छ ।

५. विश्व सम्पदाको यथासंभव उचित पहिचान, सुरक्षा, संरक्षण तथा प्रस्तुतिलाई सुनिश्चित गर्नका लागि यूनेस्कोका सदस्य राष्ट्रहरूले सन् १९७२ मा *विश्व सम्पदा महासन्धि* पारित गरे । *महासन्धि*ले "विश्व सम्पदा समिति" तथा "विश्व सम्पदा कोष" दुवैको स्थापना गर्नुपर्ने सोच राख्यो । जसअनुरुप समिति तथा कोष दुवै निकायहरू सन् १९७६ देखि नै क्रियाशील रहेका छन् ।

६. सन् १९७२ मा *महासन्धि* पारित भएदेखि नै अन्तर्राष्ट्रिय समुदायले "दिगो विकास"को अवधारणालाई स्वीकार गरेको छ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु नै दिगो विकासप्रतिको महत्त्वपूर्ण योगदान हो ।

७. *महासन्धि*को लक्ष्य अनुपम विश्वव्यापी महत्त्व भएका सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति गर्नु तथा तिनलाई भविष्यका पुस्तामा हस्तान्तरण गर्नु हो ।

८. सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने आधार तथा शर्तहरू सम्पदाको अनुपम विश्वव्यापी महत्त्व निर्धारण गर्न तथा विश्व सम्पदाको संरक्षण र व्यवस्थापन कार्यमा राज्य पक्षहरूलाई निर्देशित गर्नका लागि विकास गरिएका हुन् ।

९. विश्व सम्पदा सूचीमा रहेको सम्पत्तिमाथि गम्भीर एवं निश्चित प्रकारका खतराहरूको चुनौती आइपरेको खण्डमा समितिले त्यसलाई खतरामा रहेको विश्व सम्पदा सूचीको राख्नका लागि दृष्टिगत गर्न सक्दछ । सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने आधारको रुपमा रहेको त्यसको अनुपम विश्वव्यापी महत्त्व नष्ट भएको खण्डमा समितिले त्यस्तो सम्पत्तिलाई विश्व सम्पदा सूचीबाट हटाउनका लागि दृष्टिगत गर्न सक्दछ ।

## १.ग *विश्व सम्पदा महासन्धि*का राज्य पक्षहरू

१०. राष्ट्रहरूलाई *महासन्धि*को पक्षधर बन्नका लागि अभिप्रेरित गरिन्छ । अनुमोदन/स्वीकृति तथा प्रविष्टिसम्बन्धी नमूना दस्तावेजहरू अनुसूची १ मा समावेश गरिएका छन् । तिनका हस्ताक्षरित मूल प्रति यूनेस्कोको महानिर्देशकसमक्ष पठाउनुपर्दछ ।

११. *महासन्धि*का राज्य पक्षहरूको सूची निम्न वेभ ठेगानामा उपलब्ध छ : http://whc/unseco.org/en/stateparties

१२. विश्व सम्पदा सम्पत्तिको पहिचान, मनोनयन तथा संरक्षणमा स्थानीय व्यवस्थापकहरू, स्थानीय तथा क्षेत्रीय सरकार, स्थानीय समुदाय, गैर सरकारी संघ संगठन तथा अन्य इच्छुक पक्ष तथा साझेदारलगायत विविध सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गर्नका लागि *महासन्धि*मा आबद्ध राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ ।

१३. *महासन्धि*मा आबद्ध राज्य पक्षहरूले *महासन्धि*को कार्यान्वयनका लागि राष्ट्रिय केन्द्र(हरू) को रुपमा कार्य गर्ने सरकारी निकाय(हरू) को नाम तथा ठेगाना

सचिवालयमा पठाउनुपर्दछ, जसले गर्दा आवश्यकताअनुसार सचिवालयबाट गरिने सबै औपचारिक पत्राचार तथा दस्तावेजहरू ती राष्ट्रिय केन्द्र(हरू)मा पठाउन सकियोस्। त्यस्ता ठेगानाहरूको सूची निम्न वेभ ठेगानामा उपलब्ध छ : http://whc.unesco.org.en.statepartiesfocalpoints

राज्य पक्षहरूलाई यी सूचनाहरू देशव्यापी रुपमा प्रचार गर्नुका साथै त्यसलाई अद्यावधिक गर्न समेत अभिप्रेरित गरिन्छ।

१४. आफ्ना सांस्कृतिक तथा प्राकृतिक सम्पदाविद्हरूलाई नियमित अन्तरालमा सहभागी गराई *महासन्धि*को कार्यान्वयनको विषयमा छलफल गर्नगराउनका लागि राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ। उचित देखिएमा राज्य पक्षहरूले सल्लाहकार निकायका प्रतिनिधि तथा अन्य विशेषज्ञहरूलाई समेत सहभागी गराउन सक्नेछन्।

१५. सांस्कृतिक तथा प्राकृतिक सम्पदा अवस्थित देशको सार्वभौमिकताको पूर्ण सम्मान गर्दै यस्ता सम्पदाहरूको संरक्षणमा सहयोग गर्नुपर्ने अन्तर्राष्ट्रिय समुदायको सामुहिक सरोकारलाई *महासन्धि*मा आबद्ध राज्य पक्षहरूले बोध गर्दछन्। *विश्व सम्पदा महासन्धि*मा आबद्ध राज्य पक्षहरूका जिम्मेवारीहरू यस प्रकार रहेका छन्:

*विश्व सम्पदा महासन्धि*को धारा ६ (१)

क) आफ्नो भूभागभित्र रहेका सांस्कृतिक एवं प्राकृतिक सम्पदाको पहिचान, मनोनयन, सुरक्षा, संरक्षण, प्रस्तुतिका साथै त्यसलाई भविष्यका पुस्तामा हस्तान्तरण गर्ने कुरालाई सुनिश्चित गर्ने तथा यस्तो कार्यका लागि अनुरोध गर्ने राज्य पक्षहरूलाई सहयोग गर्ने;

*विश्व सम्पदा महासन्धि*को धारा ४ र ६(२)

ख) समुदायको जीवनमा सम्पदाको प्रयोजन स्थापित गर्ने सामान्य नीतिको अवलम्बन गर्ने;

*विश्व सम्पदा महासन्धि*को धारा ५

ग) सम्पदा संरक्षणको विषयलाई बृहत् योजना कार्यक्रमहरूमा आबद्ध गर्ने;

घ) सम्पदाको सुरक्षा, संरक्षण, तथा प्रस्तुतिका लागि सेवासुविधाको व्यवस्था गर्ने;

ङ) सम्पदालाई जोखिममा पार्ने खतराहरूलाई प्रतिशमन (counteract) गर्न सक्ने कामहरूको पहिचान गर्नका लागि वैज्ञानिक एवं प्राविधिक अध्ययनलाई विस्तार गर्ने;

च) सम्पदाको संरक्षणको लागि उपयुक्त कानूनी, वैज्ञानिक, प्राविधिक, प्रसाशकीय तथा आर्थिक उपायहरू अवलम्बन गर्ने;

छ) सम्पदाको सुरक्षा, संरक्षण, तथा प्रस्तुतिसम्बन्धी तालीमका लागि राष्ट्रिय वा क्षेत्रीय केन्द्रहरूको स्थापना वां विकासलाई टेवा दिने तथा यी क्षेत्रहरूमा गरिने वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन दिने;

ज) आफ्नो वा *महासन्धि*मा आबद्ध अन्य राज्य पक्षको सम्पदालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानि पुग्ने कुनै पनि उपाय नियतवश नअपनाउने;

*विश्व सम्पदा महासन्धि*को धारा ६(३)

झ) विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि उपयुक्त सम्पत्तिहरूको विवरणसूची विश्व सम्पदा समितिसमक्ष पेश गर्ने (जसलाई संभाव्य सूची

*विश्व सम्पदा महासन्धि*को

भनिएको छ); | धारा ११(१)

ञ) *महासन्धि*मा आबद्ध राज्य पक्षहरूको महासभाले तोकेबमोजिमको रकम नियमित रुपमा विश्व सम्पदा कोषमा बुझाउने; | *विश्व सम्पदा महासन्धि*को धारा १६(१)

ट) विश्व सम्पदा संरक्षणको लागि हुने अनुदानलाई सहजीकरण गर्न राष्ट्रिय, सार्वजनिक एवं निजी प्रतिष्ठानहरूको स्थापना गर्न अभिप्रेरित गर्ने; | *विश्व सम्पदा महासन्धि*को धारा १७

ठ) विश्व सम्पदा कोषको लागि आयोजित अन्तर्राष्ट्रिय अर्थ संकलन अभियानहरूमा सहायता प्रदान गर्ने; | *विश्व सम्पदा महासन्धि*को धारा १८

ड) आफ्ना नागरिकहरूद्वारा *महासन्धि*को धारा १ र २ ले परिभाषित गरेको सांस्कृतिक तथा प्राकृतिक सम्पदाप्रति गरिने सराहना एवं सम्मानलाई सुदृढ गर्नका लागि शैक्षिक एवं सूचनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र सम्पदामाथि रहेका खतराहरूको बारेमा सर्वसाधारणलाई सुसूचित गर्ने; | *विश्व सम्पदा महासन्धि*को धारा २७

ढ) *विश्व सम्पदा महासन्धि*को कार्यान्वयन तथा सम्पत्तिको संरक्षणको अवस्थाको सम्बन्धमा विश्व सम्पदा समितिलाई जानकारी दिने; | *विश्व सम्पदा महासन्धि*को धारा २९ । यो प्रस्ताव राज्य पक्षहरूको ११औँ महासभाद्वारा पारित प्रस्ताव (१९९७)

१६. राज्य पक्षहरूलाई विश्व सम्पदा समिति तथा यसका सहायक निकायहरूको सत्रहरूमा भाग लिनका लागि अभिप्रेरित गरिन्छ । | विश्व सम्पदा समितिको *कार्यविधिसम्बन्धी नियमहरू*को नियम ८.१

### १.घ ***विश्व सम्पदा महासन्धि*का राज्य पक्षहरूको महासभा**

१७. *विश्व सम्पदा महासन्धि*मा आबद्ध राज्य पक्षहरूको महासभा यूनेस्कोको महासम्मेलनको सत्रको दौरानमा बस्नेछ । महासभाले आफ्ना बैठकहरू यसको *कार्यविधिसम्बन्धी नियमहरू*बमोजिम व्यवस्थित गर्दछ, जुन निम्न वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/garules | *विश्व सम्पदा महासन्धि*को धारा ८(१), विश्व सम्पदा समितिको *कार्यविधिसम्बन्धी नियमहरू*को नियम ४९

१८. महासभाले सबै राज्य पक्षहरूलाई लागु हुने गरी विश्व सम्पदा कोषमा गर्नुपर्ने योगदानको समान प्रतिशतको एउटा मापदण्ड निर्धारण गर्दछ र विश्व सम्पदा समितिका सदस्यहरूको छनोट गर्दछ । महासभा तथा यूनेस्कोको महासम्मेलन दुवैले विश्व सम्पदा समितिबाट यसका गतिविधिहरूसम्बन्धी प्रतिवेदनहरू प्राप्त गर्दछन् । | *विश्व सम्पदा महासन्धि*को धारा ८(१), १६(१) तथा २९ एवं विश्व सम्पदा समितिको *कार्यविधिसम्बन्धी नियमहरू*को नियम ४९

### १.ङ **विश्व सम्पदा समिति**

१९. विश्व सम्पदा समितिमा २१ सदस्यहरू हुनेछन् र यसको बैठक कम्तिमा वर्षको एक पटक (जुन वा जुलाइमा) बस्दछ । यसले आफ्नो ब्युरोको स्थापना गर्दछ जसका बैठकहरू समितिका सत्रहरू बसेको समयमा आवश्यकताअनुसार सञ्चालन गरिन्छन् । समिति तथा यसको ब्यूरोको बनावटसम्बन्धी सामग्रीहरू निम्न वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/committeemembers | विश्व सम्पदा समितिलाई यसको सचिवालय, विश्व सम्पदा केन्द्रमार्फत सम्पर्क गर्न सकिनेछ ।

| | | |
|---|---|---|
| २०. | समितिले आफ्नो बैठक *कार्यविधिसम्बन्धी नियमहरू* बमोजिम सञ्चालन गर्दछ जुन निम्न वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/committeerules | *विश्व सम्पदा महासन्धिको* धारा ९(१) |
| २१. | समितिका सदस्यहरूको कार्यालयको कार्यकाल ६ वर्षको हुनेछ तर समतामूलक प्रतिनिधित्व एवं पालो-क्रमलाई सुनिश्चित गर्नका लागि महासभाले राज्य पक्षहरूलाई स्वैच्छिक रुपमा आफ्नो कार्यकाल ६ वर्षबाट ४ वर्षमा घटाउनका लागि आग्रह गर्दछ र त्यसपछिका कार्यकालमा नबस्नको लागि आह्वान गर्दछ । | *विश्व सम्पदा महासन्धिको* धारा ८(२) *विश्व सम्पदा महासन्धिमा* आबद्ध राज्य पक्षहरूको सातौं (१९८९), बाह्रौं (१९९९) तथा तेह्रौं (२००१) महासभाका प्रस्तावहरू । |
| २२. | महासभाभन्दा ठीक पहिले बस्ने समितिको सत्रले निर्णय गरेको खण्डमा केही सिटहरू विश्व सम्पदा सूचीमा कुनै पनि सम्पत्ति सूचीकृत नभएका राज्य पक्षहरूको लागि आरक्षित गर्न सकिनेछ । | राज्य पक्षहरूको महासभाको *कार्यविधिसम्बन्धी नियमहरूको* नियम १४.१ |

२३. समितिका निर्णयहरू यसका उद्देश्य र वैज्ञानिक पक्षहरूमा आधारित रहन्छन् र यसका तर्फबाट गरिने कुनै पनि मूल्याङ्कनहरू व्यवस्थित र जिम्मेवारीपूर्वक गरिनुपर्छ । त्यस्ता निर्णयहरू निम्न कुराहरूमा निर्भर रहन्छन् भन्ने समितिको मान्यता रहेको छः

क) सचेततापूर्वक तयार पारिएका दस्तावेजहरू,

ख) विस्तृत एवं एकरुपतायुक्त (thorough & consistent) कार्यविधिहरू,

ग) योग्य विशेषज्ञहरूद्वारा गरिने मूल्याङ्कन, र

घ) आवश्यकताअनुसार विज्ञ रेफ्रीहरूको प्रयोग ।

२४. राज्य पक्षहरूको सहयोगमा समितिले गर्ने मुख्य कार्यहरू यस प्रकार छन्:

| | |
|---|---|
| क) संभाव्य सूची तथा राज्य पक्षहरूले पेश गरेका मनोनयनका आधारमा *महासन्धि*अन्तर्गत संरक्षण गरिनुपर्ने अनुपम विश्वव्यापी महत्त्व भएका सम्पत्तिहरूको पहिचान गर्ने तथा त्यस्ता सम्पत्तिहरूलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने; | *विश्व सम्पदा महासन्धिको* धारा ११(२) |
| ख) प्रतिक्रियात्मक अनुगमन (अध्याय ४ हेर्नुहाला) तथा आवधिक प्रतिवेदन (अध्याय ५ हेर्नुहोला) को प्रक्रियामार्फत विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिहरूको संरक्षणको अवस्थाको जाँच गर्ने; | *विश्व सम्पदा महासन्धिको* धारा ११ (७) तथा २९ |
| ग) विश्व सम्पदा सूचीमा सूचीकृत कुन सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्ने वा त्यसबाट हटाउने भन्ने निर्णय गर्ने; | *विश्व सम्पदा महासन्धिको* धारा ११(४) तथा ११(५) |
| घ) कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीबाट हटाउनेसम्बन्धी निर्णय गर्ने (अध्याय ४ हेर्नुहोला); | |
| ङ) अन्तर्राष्ट्रिय सहायताका लागि प्राप्त अनुरोधहरूलाई स्वीकार गर्ने कार्यविधिलाई परिभाषित गर्ने र निर्णयमा पुग्नुअघि आवश्यक अध्ययन तथा परामर्श गर्ने (अध्याय ७ हेर्नुहोला); | *विश्व सम्पदा महासन्धिको* धारा २१(१) तथा २१(३) |

च) राज्य पक्षहरूलाई आफ्ना अनुपम विश्वव्यापी महत्त्वयुक्त सम्पत्तिहरूको संरक्षणमा सघाउनका लागि विश्व सम्पदा कोषको स्रोतसाधनलाई कसरी अधिकतम लाभ हुने तरिकाले प्रयोग गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्ने; *विश्व सम्पदा महासन्धि*को धारा १३(६)

छ) विश्व सम्पदा कोषलाई अभिवृद्धि गर्ने उपायहरूको खोजी गर्ने;

ज) यसका गतिविधिसम्बन्धी प्रतिवेदन हरेक दुई वर्षमा राज्य पक्षहरूको महासभा तथा यूनेस्कोको महासम्मेलनसमक्ष पेश गर्ने; *विश्व सम्पदा महासन्धि*को धारा २९(३) तथा विश्व सम्पदा समितिको *कार्यविधिसम्बन्धी नियमहरू*को नियम ४९

झ) *महासन्धि*को कार्यान्वयनको सम्बन्धमा आवधिक रुपमा पुनरावलोकन तथा मूल्याङ्कन गर्ने;

ञ) *कार्य-सञ्चालन निर्देशिका*को परिमार्जन र अनुमोदन गर्ने ।

२५. *महासन्धि*को कार्यान्वयलाई सहजीकरण गर्न समितिले रणनीतिक उद्देश्यहरू तय गर्दछ; विश्व सम्पदाहरूमाथि आइपर्ने नयाँ चुनातीहरूलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने कुरालाई सुनिश्चित गर्नका लागि समितिका लक्ष्य तथा उद्देश्यहरूलाई परिभाषित गर्न यी रणनीतिक उद्देश्यहरूलाई नियमित रुपमा पुनरावलोकन एवं परिमार्जन गरिन्छ । पहिलो "रणनीतिक अभिमुखीकरण" सन् १९९२ मा अवलम्बन गरिएको थियो जुन WHC-92/CONF.002/12 को अनुसूची २ मा समाविष्ट छ ।

२६. विद्यमान् रणनीतिक उद्देश्यहरू (जसलाई 5 C को रुपमा पनि बुझ्ने गरिन्छ) यस प्रकार छन्: सन् २००२ मा विश्व सम्पदा समितिले आफ्नो रणनीतिक उद्देश्यहरू परिमार्जन गरेको हो । विश्व सम्पदासम्बन्धी बुडापेस्ट घोषणा पत्र (२००२) http://whc.unesco. org/en/budapestdeclaration मा प्राप्त गर्न सकिनेछ ।

१. विश्व सम्पदा सूचीको **विश्वसनीयता** (Credibility) लाई सुदृढ गर्ने;

२. विश्व सम्पदा सम्पत्तिको प्रभावकारी **संरक्षण** (Conservation) लाई सुनिश्चित गर्ने;

३. राज्य पक्षहरूको प्रभावकारी **क्षमता अभिवृद्धि** (Capacity-Building) कार्यक्रमको विकासलाई प्रवर्द्धन गर्ने;

४. **सञ्चार** (Communication) को माध्यमबाट विश्व सम्पदाबारे जनचेतना बढाउने, सहभागिता तथा समर्थनमा अभिवृद्धि गर्ने;

५. *विश्व सम्पदा महासन्धि*को कार्यान्वयनमा **समुदाय** (Communities) को भूमिकालाई अभिवृद्धि गर्ने । निर्णय 31 COM 13B

## १.च विश्व सम्पदा समितिको सचिवालय (विश्व सम्पदा केन्द्र)

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फौँतन्वा
७५३५२ पेरिस ०७ एसपी, फ्रान्स
फोनः ३३ (०) १४५६८१५७१
फ्याक्सः ३३ (०) १४५६८५५७०
इमेलः wh-info@unesco.org
www: http://whc.unesco.org/

२७. विश्व सम्पदा समितिलाई यूनेस्कोको महानिर्देशकद्वारा नियुक्त गरिएको सचिवालयले सहायता गर्दछ। सचिवालयको काम हाल मूलतः यसै उद्देश्यले सन् १९९२ मा स्थापित विश्व सम्पदा केन्द्रले सम्हालेको छ। महानिर्देशकले विश्व सम्पदा केन्द्रको निर्देशकलाई समितिको सचिवको रुपमा तोकेको छ। सचिवालयले राज्य पक्षहरू तथा सल्लाहकार निकायहरूलाई सहयोग गर्नुको साथै तिनीहरूसँग सहकार्य गर्ने काम गर्दछ। सचिवालयले यूनेस्कोका अन्य क्षेत्र तथा स्थानीय कार्यालयहरूसँग निकट सम्पर्कमा रहेर कार्य गर्दछ।

*विश्व सम्पदा महासन्धिका* धारा १४

विश्व सम्पदा समितिको *कार्यविधिसम्बन्धी नियमहरू*को नियम ४३

अक्टुबर २००३ को २१ परिपत्र मध्यको १६औँ http://whc.unesco.org/circs/circ03-16e.pdf

२८. सचिवालयको मूलभूत कार्यहरू यस प्रकार छन् :

क) महासभा तथा समितिका बैठकहरूको आयोजना गर्ने;

*विश्व सम्पदा महासन्धिको* धारा १४.२

ख) विश्व सम्पदा समितिका निर्णयहरू तथा महासभाबाट पारित प्रस्तावहरूको कार्यान्वयन गर्ने तथा तिनको कार्यान्वयनको सम्बन्धमा जानकारी गराउने;

*महासन्धि*को धारा १४.२ तथा विश्व सम्पदासम्बन्धी बुडापेस्ट घोषणापत्र, २००३

ग) विश्व सम्पदा सूचीका लागि प्राप्त मनोनयनपत्रहरू ग्रहण गर्ने, दर्ता गर्ने, रित पुगे नपुगेको जाँच गर्ने, त्यसलाई संग्रहबद्ध गर्ने तथा सम्बन्धित सल्लाहकार निकायमा पठाउने;

घ) प्रतिनिधिमूलक, सन्तुलित तथा विश्वसनीय विश्व सम्पदा सूचीसम्बन्धी अन्तर्राष्ट्रिय रणनीतिको एउटा भागको रुपमा अध्ययन तथा गतिविधिहरूको समन्वय गर्ने;

ङ) आवधिक प्रतिवेदन कार्य सञ्चालन गर्ने तथा प्रतिक्रियात्मक अनुगमनको समन्वय गर्ने;

च) अन्तर्राष्ट्रिय सहायताको समन्वय गर्ने;

छ) विश्व सम्पदा सम्पत्तिको संरक्षण तथा व्यवस्थापनको लागि अतिरिक्त आर्थिक स्रोतसाधनहरूको परिचालन गर्ने;

ज) समितिका कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनमा राज्य पक्षहरूलाई

सहायता प्रदान गर्ने; र

झ) राज्य पक्षहरू, सल्लाहकार निकायहरू तथा सर्वसाधारणबीच सूचना प्रवाहको माध्यमबाट विश्व सम्पदा तथा *महासन्धि*को प्रवर्द्धन गर्ने;

२९. उल्लेखित गतिविधिहरू समितिका निर्णय तथा रणनीतिक उद्देश्यहरू एवं महासभाद्वारा पारित प्रस्ताव अनुरुप हुन्छन् र सल्लाहकार निकायहरूको निकट सहयोगमा यी कुराहरू सञ्चालन गरिन्छन् ।

## १.छ विश्व सम्पदा समितिको सल्लाहकार निकायहरू

३०. सांस्कृतिक सम्पत्तिको संरक्षण तथा जीर्णोद्धारसम्बन्धी अध्ययनका लागि अन्तर्राष्ट्रिय केन्द्र - इक्रोम (ICCROM), स्मारक तथा स्थलसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् - इकोमोस (ICOMOS) र विश्व संरक्षण संगठन - आइयूसीएन (IUCN) विश्व सम्पदा समितिका सल्लाहकार निकायहरू हुन् ।

*विश्व सम्पदा महासन्धि*को धारा ८.३

३१. सल्लाहकार निकायका भूमिकाहरू यस प्रकार छन्:

क) आफ्नो विज्ञताको क्षेत्रमा *विश्व सम्पदा महासन्धि*को कार्यान्वयनका बारेमा रायसुझाव दिने;

*विश्व सम्पदा महासन्धि*को धारा १३.७

ख) समितिका दस्तावेजहरू तथा बैठकका एजेण्डाहरू तयार गर्न र समितिका निर्णयहरू कार्यान्वयन गर्नमा सचिवालयलाई सहायता प्रदान गर्ने;

ग) प्रतिनिधिमूलक, सन्तुलित तथा विश्वसनीय विश्व सम्पदा सूचीको लागि अन्तर्राष्ट्रिय रणनीति, विश्वव्यापी तालीम रणनीति, आवधिक प्रतिवेदनको विकास तथा कार्यान्वयन गर्नमा तथा विश्व सम्पदा कोषको प्रभावकारी उपयोगलाई सुदृढ गर्नमा सहायता पुऱ्याउने;

घ) विश्व सम्पदा सम्पत्तिको संरक्षणको अवस्थाबारे अनुगमन गर्ने तथा अन्तर्राष्ट्रिय सहायतासम्बन्धी अनुरोधको पुनरावलोकन गर्ने;

*विश्व सम्पदा महासन्धि*को धारा १४.२

ङ) इकोमोस (ICOMOS) तथा आइयूसीएन (IUCN) को हकमा विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि मनोनित सम्पत्तिहरूको मूल्याङ्कन गर्ने र समितिसमक्ष मूल्याङ्कन प्रतिवेदन पेश गर्ने; र

च) सल्लाहकारको हैसियतले विश्व सम्पदा समिति तथा ब्यूरोको बैठकमा सहभागी हुने ।

*विश्व सम्पदा महासन्धि*को धारा ८.३

### इक्रोम (ICCROM)

३२. इक्रोम (सांस्कृतिक सम्पत्तिको संरक्षण तथा जीर्णोद्धारसम्बन्धी अध्ययनका लागि अन्तर्राष्ट्रिय केन्द्र - ICCROM) इटलीको रोममा मुख्य कार्यालय रहेको एक अन्तर्राष्ट्रिय अन्तरसरकारी संगठन हो । यूनेस्कोद्वारा सन् १९५६ मा स्थापित इक्रोमको काम विधानतः चल तथा अचल सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्वर्द्धनका लागि अनुसन्धान, अभिलेखीकरण, प्राविधिक सहायता, तालीम तथा

**इक्रोम (ICCROM)**

भिया दी माइकेल, १३ आई-००१५३ रोम, इटली,
फोनः ३९०६५८५५३१
फ्याक्सः ३९०६५८५५३३४९

जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु हो ।

इमेलः iccrom@iccrom.org
http://www.iccrom.org

३३. *महासन्धि*को सन्दर्भमा इक्रोम (ICCROM) का विशिष्ट भूमिकाहरू यस प्रकार छन् : सांस्कृतिक सम्पदासम्बन्धी तालीममा मुख्य साझेदार हुनु, विश्व सम्पदा सांस्कृतिक सम्पत्तिहरूको संरक्षणको अवस्थाको अनुगमन गर्नु, अन्तर्राष्ट्रिय सहायताको लागि राज्य पक्षहरूले पेश गर्ने अनुरोधको पुनरावलोकन गर्नु, क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिका लागि योगदान एवं सहयोग प्रदान गर्नु ।

**इकोमोस ICOMOS**

३४. इकोमोस (स्मारक तथा स्थलसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् - ICOMOS) पेरिस, फ्रान्समा मुख्य कार्यालय रहेको एक अन्तर्राष्ट्रिय गैर सरकारी संगठन हो । सन् १९६५ मा स्थापित यस संस्थाको मुख्य भूमिका वास्तुकला तथा पुरातात्विक सम्पदाहरूको संरक्षणमा सिद्धान्त, कार्यविधि र वैज्ञानिक तरिकाहरूलाई प्रवर्द्धन गर्नु हो । यसको कार्य सन् १९६४ मा पारित स्मारक तथा स्थलहरूको संरक्षण तथा जीर्णोद्धारसम्बन्धी अन्तर्राष्ट्रिय वडापत्र (भेनिस वडापत्र) का सिद्धान्तहरूमा आधारित रहन्छ ।

**इकोमोस (ICOMOS)**

४९-५१ रु दी ला फेडेरेसन
७५०१५ पेरिस, फ्रान्स
फोनः ३३(०)१४५६७६७७०
फ्याक्सः ३३(०)१४५६६०६२२ इमेलः secretariat@icomos.org
http:/www.icomos.org

३५. *महासन्धि*को सन्दर्भमा इकोमोस (ICOMOS) का विशिष्ट भूमिकाहरू यस प्रकार छन् : विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि मनोनित सम्पत्तिहरूको मूल्याङ्कन गर्नु, विश्व सम्पदा सांस्कृतिक सम्पत्तिहरूको संरक्षणको अवस्थाको अनुगमन गर्नु, अन्तर्राष्ट्रिय सहायताका लागि राज्य पक्षहरूले पेश गर्ने अनुरोधहरूको पुनरावलोकन गर्नु तथा क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिका लागि योगदान एवं सहयोग प्रदान गर्नु ।

**आइयूसीएन (IUCN)**

३६. आयूसीएन (IUCN) - विश्व संरक्षण संगठन (पहिलेको प्रकृति तथा प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि अन्तर्राष्ट्रिय संगठन) को स्थापना सन् १९४८ मा भएको हो र यसले राष्ट्रिय सरकार, गैर सरकारी संगठन तथा वैज्ञानिकहरूलाई विश्वव्यापी साझेदारीका लागि एकबद्ध गर्दछ । प्रकृतिको अखण्डता र विविधताको संरक्षण गर्न र प्रकृतिको कुनै पनि स्रोतसाधनको उपयोग समतामूलक र पर्यावरणीय रुपमा दिगो हुने गरी गर्ने कुरालाई सुनिश्चित गर्नका लागि संसारभरका समुदायहरूलाई प्रभावमा पार्नु, तिनलाई अभिप्रेरित र सहायता पुऱ्याउनु नै यस संस्थाको मिसन हो । आइयूसीएन (IUCN) को मुख्य कार्यालय स्वीट्जरल्याण्डको ग्लाण्डमा अवस्थित छ ।

**आइयूसीएन (IUCN)**

रु माभर्ने २८ सीएच- ११९६ ग्लाण्ड, स्वीट्जरल्याण्ड
फोनः ४१२२९९०००01
फ्याक्सः ४१२२९९९००१०
इमेलः mail@hq.iucn.org
http://www.iucn.org

३७. *महासन्धि*को सन्दर्भमा आइयूसीएन (IUCN) का विशिष्ट भूमिकाहरू यस प्रकार छन् : विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि मनोनयनमा परेका सम्पत्तिहरूको मूल्याङ्कन गर्नु, विश्व सम्पदा प्राकृतिक सम्पत्तिहरूको संरक्षणको अवस्थाको अनुगमन गर्नु, राज्य पक्षहरूले अन्तर्राष्ट्रिय सहायताको लागि पेश गरेका अनुरोधहरूको पुनरावलोकन गर्नु तथा क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिका लागि योगदान एवं सहयोग प्रदान गर्नु ।

**१.ज अन्य संगठनहरू**

३८. आफ्ना कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनमा सघाउनका लागि समितिले उपयुक्त सामर्थ्य तथा विज्ञता भएका अन्तर्राष्ट्रिय तथा गैर सरकारी संगठनहरूलाई आह्वान गर्न सक्दछ ।

## १.झ विश्व सम्पदा संरक्षणका साझेदारहरू

३९. मनोनयन, व्यवस्थापन तथा अनुगमनमा हुने साझेदारीको तौरतरिकाले विश्व सम्पदा सम्पत्तिको सुरक्षा तथा *महासन्धि*को कार्यान्वयनमा उल्लेख्य योगदान पुऱ्याउँछ ।

४०. विश्व सम्पदाको सुरक्षा र संरक्षणका साझेदारहरूमा विश्व सम्पदाको संरक्षण तथा व्यवस्थापनमा चासो राख्ने तथा त्यसमा सहभागी ती व्यक्ति एवं अन्य सरोकारवालाहरू, खासगरी स्थानीय समुदाय, सरकारी तथा गैर सरकारी एवं निजी संगठन तथा सम्पदाधनीहरू पर्दछन् ।

## १.ञ अन्य महासन्धि, सिफारिस एवं कार्यक्रमहरू

४१. समितिले यूनेस्कोका कार्यक्रम तथा यसका अन्य महासन्धिहरू तथा आफ्ना कामहरूको बीचमा निकट समन्वय कायम राख्दा हुने लाभहरूलाई बोध गर्दछ । सान्दर्भिक विश्वव्यापी संरक्षणका साधन, महासन्धि तथा कार्यक्रमहरूको लागि अनुच्छेद ४४ हेर्नुहोला ।

४२. विश्व सम्पदा समितिले सचिवालयको सहयोगमा *विश्व सम्पदा महासन्धि* तथा अन्य महासन्धिहरू, कार्यक्रम तथा सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय संगठनहरूको बीचमा हुने समुचित समन्वय तथा सूचनाको आदानप्रदान कार्यलाई सुनिश्चित गर्दछ ।

४३. समितिले सम्बद्ध महासन्धिअन्तर्गतका अन्तरसरकारी निकायका प्रतिनिधिहरूलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्दछ । त्यस्तै आमन्त्रण भएको खण्डमा अन्य अन्तरसरकारी निकायहरूको बैठकमा समितिले कुनै प्रतिनिधिलाई पर्यवेक्षणका लागि नियुक्त गर्न सक्दछ ।

४४. **सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी केही अन्तर्राष्ट्रिय महासन्धि तथा कार्यक्रमहरू**

**यूनेस्को महासन्धि तथा कार्यक्रमहरू:**

*द्वन्द्वको समयमा सांस्कृतिक सम्पत्तिको संरक्षणसम्बन्धी महासन्धि (१९५४)*
*पहिलो उपलेख (१९५४)*
*दोश्रो उपलेख (१९९९)*
*http://www.unesco.org/culture/laws/hague/html_eng/page1.shtml*

*सांस्कृतिक सम्पत्तिको अनाधिकृत आयात, निर्यात तथा स्वामित्व हस्तान्तरणमा प्रतिबन्ध तथा रोक लगाउने उपायसम्बन्धी महासन्धि (१९७०)*
*http://www.unesco.org/culture/laws/1970/html_eng/page1.shtml*

*विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि (१९७२)*
*http://www.unesco.org/whc/world_he.htm*

*अन्तर्जलीय सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि (२००१)*
*http://www.unesco.org/culture/laws/underwater/html_eng/convention.shtml*

*अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षासम्बन्धी महासन्धि (२००३)*
*http://unesdoc.unesco.org/images/0013/001325/132540e.pdf*

*मानव तथा जीवमण्डल कार्यक्रम*
*http://www.unesco.org/mab/*

***अन्य महासन्धिहरू***

*खासगरी जलपक्षी वासस्थानका रुपमा अन्तर्राष्ट्रिय महत्त्वयुक्त सिमसार क्षेत्रसम्बन्धी (रामसार) महासन्धि (१९७१)*
*http://www.ramsar.org/key_conv_e.htm*

*वन्य जीव तथा वनस्पतिका लोपोन्मुख प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (१९७३)*
*http://www.cites.org/eng/disc/text.shtml*

*बसाइसराइ गर्ने वन्य जन्तुका प्रजातिको संरक्षणसम्बन्धी महासन्धि (१९७९)*
*http://www.unep-wcmc.org/cms/cms_conv.htm*

*समुद्री कानूनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (१९८२)*
*http://www.un.org/Depts/los/convention_agreements/texts/unclos/closindx.htm*

*जैविक विविधतासम्बन्धी महासन्धि (१९९२)*
*http://www.biodiv.org/convention/articles.asp*

*चोरी भएका वा गैरकानूनी रुपमा निर्यात गरिएका सांस्कृतिक वस्तुहरूसम्बन्धी युनिड्रोइट महासन्धि (रोम १९९५)*
*http://www.unidroit.org/english/conventions/culturalproperty/c-cult.htm*

*मौसम परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (न्यूयोर्क १९९२)*
*http://unfccc.int/essential_background/convention/background/items/1350.php*

## २. विश्व सम्पदा सूची

### २.क विश्व सम्पदाको परिभाषा

सांस्कृतिक तथा प्राकृतिक सम्पदा

४५. सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई *विश्व सम्पदा महासन्धि*को धारा १ र २ मा परिभाषित गरिएका छन् ।

धारा १

*यस महासन्धिको प्रयोजनको लागि "सांस्कृतिक सम्पदा" भन्नाले देहायका कुराहरूलाई बुझ्नुपर्दछ :*

- *स्मारकहरू : इतिहास, कला तथा विज्ञानको दृष्टिकोणबाट अनुपम विश्वव्यापी महत्त्वयुक्त वास्तुकलाका कार्यहरू, मूर्तिकला तथा चित्रकला, पुरातात्विक प्रकृतिका वस्तु वा संरचनाहरू, अभिलेखहरू, गुफा निवास तथा विशेषताहरूका योगहरू,*

- *भवनका समूहहरू: वास्तुकला, तिनको एकरुपताको कारणले वा भूपरिदृश्यमा तिनको अवस्थितिका कारणले गर्दा इतिहास, कला तथा विज्ञानको दृष्टिकोणबाट अनुपम विश्वव्यापी महत्त्वयुक्त पृथक वा जोडिएका भवनहरूको समूह,*

- *स्थलहरू: ऐतिहासिक, कलात्मक, जातीय वा मानवशास्त्रीय दृष्टिकोणले अनुपम विश्वव्यापी महत्त्वयुक्त मानव सिर्जना वा मानव तथा प्रकृतिको संयुक्त सिर्जनालगायत पुरातात्विक स्थलहरू रहेका स्थानहरू ।*

धारा २

*यस महासन्धिको प्रयोजनको लागि "प्राकृतिक सम्पदा" भन्नाले देहायका कुराहरूलाई बुझ्नुपर्दछ :*

- *सौन्दर्य वा वैज्ञानिक दृष्टिकोणबाट अनुपम विश्वव्यापी महत्त्वयुक्त प्राकृतिक विशेषताहरू जसअन्तर्गत भौतिक एवं जैविक बनोट वा त्यस्तो बनोटका समूह समावेश रहन्छ;*

- *भौगर्भीय तथा भूसतही (geological & physiographical) बनोटहरू तथा स्पष्ट रुपमा सीमाङ्कित क्षेत्रहरू जसमा विज्ञान वा संरक्षणको दृष्टिकोणबाट अनुपम विश्वव्यापी महत्त्वयुक्त लोपोन्मुख जीव तथा वनस्पति प्रजातिका वासस्थान निहित रहन्छ;*

- *विज्ञान, संरक्षण वा प्राकृतिक सुन्दरताको दृष्टिकोणबाट अनुपम विश्वव्यापी महत्त्वयुक्त प्राकृतिक क्षेत्र वा स्पष्ट रुपमा सीमाङ्कित प्राकृतिक स्थल ।*

सांस्कृतिक तथा प्राकृतिक मिश्रित सम्पदा

४६. कुनै सम्पत्ति *महासन्धि*को धारा १ र २ मा उल्लेखित सांस्कृतिक तथा प्राकृतिक सम्पदाको परिभाषासँग आंशिक वा पूर्णतया मिल्न गएमा त्यस्तो सम्पत्तिलाई

"सांस्कृतिक तथा प्राकृतिक मिश्रित सम्पदा" को रुपमा स्वीकार गर्न सकिन्छ ।

<u>सांस्कृतिक भूपरिदृश्यहरू</u>

४७. सांस्कृतिक भूपरिदृश्य सांस्कृतिक सम्पत्तिहरू हुन् र *महासन्धि*को धारा १ मा व्यक्त गरिए झैं यसले "प्रकृति र मानवको संयुक्त सिर्जना" लाई जनाउँछ। यस्ता कुराहरू भौतिक प्रतिरोध (physical constraints) र/वा प्राकृतिक वातावारणले उपलब्ध गराएका अवसर तथा बाह्य वा आन्तरिक सामाजिक, आर्थिक एवं सांस्कृतिक शक्तिहरूको प्रभावमा कालक्रममा हुँदै आएको मानव समाज तथा बस्तीको उद्भवलाई झल्काउने उदाहरणहरू हुन् । अनुसूची ३

<u>चल सम्पदा</u>

४८. परिस्थितिवश स्थानान्तरण गर्न मिल्ने हुन गएका अचल सम्पदाहरूको मनोनयनलाई पनि स्वीकार गरिँदैन ।

<u>अनुपम विश्वव्यापी महत्त्व</u>

४९. अनुपम विश्वव्यापी महत्त्वले त्यस्तो सांस्कृतिक र/वा प्राकृतिक महत्त्वलाई जनाउँछ जुन यसको विशिष्टताको कारणले राष्ट्रिय परिधिभन्दा बाहिर समेत विस्तारित भई सारा मानव जगत्को वर्तमान एवं भविष्यका पुस्ताहरूका लागि समेत साझा महत्त्वको भएर रहेको हुन्छ। यसर्थ यस्तो महत्त्वले युक्त सम्पदाहरूको स्थायी संरक्षण गर्नु समग्र अन्तर्राष्ट्रिय जगत्को लागि अति महत्त्वपूर्ण कुरा हो। समितिले विश्व सम्पदा सूचीमा सम्पत्तिहरूको सूचीकरण गर्ने आधारहरूको निर्धारण गर्दछ ।

५०. "अनुपम विश्वव्यापी महत्त्व" भएका सांस्कृतिक र/वा प्राकृतिक सम्पत्तिहरूलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि मनोनयन पेश गर्न राज्य पक्षहरूलाई आह्वान गरिन्छ ।

५१. कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्दा समितिले अनुपम विश्वव्यापी महत्त्वको उक्ति (अनुच्छेद १५४ हेर्नुहोला) लाई अंगीकार गर्दछ , जुन त्यस प्रकारका सम्पत्तिको भविष्यमा गरिने प्रभावकारी संरक्षण तथा व्यवस्थापनको मुख्य आधार हुनेछ ।

५२. *महासन्धि*को प्रयोजन उच्च सरोकार, महत्त्व वा मूल्य भएका सबैजसो सम्पत्तिको सन्दर्भमा नभई, त्यसमध्येबाट छानिएका अन्तर्राष्ट्रिय दृष्टिकोणबाट सबैभन्दा अनुपम सम्पदाको सुरक्षालाई सुनिश्चित गर्नुमा निहित रहन्छ। राष्ट्रिय र/वा क्षेत्रीय रुपमा महत्त्वपूर्ण मानिएका सम्पत्तिहरू स्वतः विश्व सम्पदा सूचीमा सूचीकृत हुन्छन् भनी ठान्नु गलत हुनेछ ।

५३. समितिसमक्ष पेश गरिएको मनोनयनमा राज्य पक्षले आफ्नो स्रोतसाधनले भ्याएसम्म सम्बन्धित सम्पदाको संरक्षण गर्ने पूर्ण प्रतिबद्धतालाई दर्शाउनुपर्छ ।

त्यस्तो प्रतिबद्धता अनुपम विश्वव्यापी महत्त्व भएका त्यस्ता सम्पत्तिको संरक्षणको लागि अवलम्बन गरिने उपयुक्त नीतिगत, कानूनी, वैज्ञानिक, प्राविधिक, प्रशासनिक तथा आर्थिक उपायहरूको स्वरुपमा अगाडि आउनुपर्छ ।

## २.ख **प्रतिनिधिमूलक, सन्तुलित तथा विश्वसनीय विश्व सम्पदा सूची**

५४. समितिको २६औं सत्र (बुडापेस्ट, २००२) ले पारित गरेका चार रणनीतिगत उद्देश्यहरू अनुरुप हुने गरी प्रतिनिधिमूलक, सन्तुलित र विश्वसनीय विश्व सम्पदा सूचीलाई स्थापित गर्ने चाहना समितिले राख्दछ ।

विश्व सम्पदासम्बन्धी बुडापेस्ट घोषणा पत्र (२००२) http://whc.unesco.org/en/budapestdeclaration मा प्राप्त गर्न सकिनेछ ।

प्रतिनिधिमूलक, सन्तुलित र विश्वसनीय विश्व सम्पदा सूचीका लागि अन्तर्राष्ट्रिय रणनीति

५५. विश्व सम्पदा सूचीमा हुन सक्ने प्रमुख कमीकमजोरीहरूको पहिचान गरी तिनलाई हटाउनका लागि प्रतिनिधिमूलक, सन्तुलित र विश्वसनीय विश्व सम्पदा सूचीसम्बन्धी अन्तर्राष्ट्रिय रणनीतिको निर्माण गरिएको हो । यसका लागि धेरैभन्दा धेरै देशहरूलाई *महासन्धि*को राज्य पक्ष बन्न; अनुच्छेद ६२ मा उल्लेख गरिएजस्तै संभाव्य सूचीको विकास गर्न तथा विश्व सम्पदा सूचीमा सम्पत्तिलाई सूचीकृत गर्नका लागि मनोनयन पेश गर्न अभिप्रेरित गर्दै यसको उद्देश्य प्राप्त गरिन्छ । (http://whc.unesco.org/en/globalstrategy हेर्नुहोला)

"अन्तर्राष्ट्रिय रणनीति" र प्रतिनिधिमूलक विश्व सम्पदा सूचीसम्बन्धी विषयगत अध्ययनसम्बन्धी विशेषज्ञ बैठकको प्रतिवेदन (जुन २०-२२, १९९४) लाई विश्व सम्पदा समितिको १८औं सत्र (फुकेट, १९९४) ले पारित गरेको थियो ।

प्रारम्भमा अन्तर्राष्ट्रिय रणनीति सांस्कृतिक सम्पदाको सन्दर्भमा विकास गरिएको थियो । पछि विश्व सम्पदा समितिको अनुरोधमा रणनीतिलाई प्राकृतिक सम्पदा र मिश्रित सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई समेत समेट्ने गरी विस्तार गरियो ।

५६. राज्य पक्षहरू तथा सल्लाहकार निकायहरूलाई सचिवालय एवं अन्य साझेदारहरूसँगको सहयोगमा अन्तर्राष्ट्रिय रणनीतिको कार्यान्वयन प्रक्रियामा सहभागी हुन अभिप्रेरित गरिन्छ । यस प्रयोजनको लागि क्षेत्रीय तथा विषयनिष्ठ अन्तर्राष्ट्रिय रणनीतिसम्बन्धी बैठकहरू (thematic Global Strategy meetings) एवं तुलनात्मक तथा विषयनिष्ठ अध्ययनहरू सञ्चालन गरिन्छन् । यस प्रकारका बैठक तथा अध्ययनका निष्कर्षहरू राज्य पक्षहरूलाई संभाव्य सूची तथा मनोनयनको तयारीमा सघाउ पुऱ्याउनका लागि उपलब्ध गराइन्छन् । समितिसमक्ष पेश गरिएका विशेषज्ञ बैठकका प्रतिवेदन तथा अध्ययनहरू निम्न वेभ साइटमा उपलब्ध छन् : http://whc.unesco.org/en/globalstrategy

५७. विश्व सम्पदा सूचीमा सांस्कृतिक एवं प्राकृतिक सम्पदाको युक्तिसंगत सन्तुलन कायम गर्नका लागि गर्न सकिने सबै प्रयास गरिनुपर्छ ।

५८. विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि सम्पत्तिहरूको कूल संख्याको कुनै औपचारिक सीमा तोकिएको छैन ।

<u>अन्य उपायहरू</u>

५९. प्रतिनिधिमूलक, सन्तुलित एवं विश्वसनीय विश्व सम्पदा सूची कायम गर्नका लागि राज्य पक्षहरूलाई सूचीमा आफ्ना सम्पदाहरूको उचित प्रतिनिधित्व भए नभएको कुरामाथि विचार गर्न र यदि भएको भए निम्न उपाय अपनाई थप मनोनयन पेश गर्ने दरमा कमी ल्याउनका लागि अनुरोध गरिन्छ : राज्य पक्षहरूको महासभा (१९९९) द्वारा पारित प्रस्ताव

क) उनीहरूले तय गरेका शर्तबमोजिम स्वैच्छिक रुपमा आफ्ना मनोनयनहरूका बीचमा पर्याप्त अन्तराल कायम गरेर र/वा,

ख) कम प्रतिनिधित्व भएको वर्गमा पर्ने सम्पत्तिहरूलाई मात्र प्रस्ताव गरेर र/वा,

ग) आफूले पेश गर्ने प्रत्येक मनोनयनलाई आफ्नो सम्पदाको कम प्रतिनिधित्व भएको अन्य राज्य पक्षले पेश गर्ने मनोनयनसँग जोडेर र/वा

घ) स्वैच्छिक रुपमा नयाँ मनोनयनहरूलाई थाती राख्ने निर्णय गरेर ।

६०. विश्व सम्पदा सूचीमा आफ्ना अनुपम विश्वव्यापी महत्त्वयुक्त सम्पत्तिहरूको कम प्रतिनिधित्व भएका राज्य पक्षहरूलाई देहायबमोजिम अनुरोध गरिन्छ : राज्य पक्षहरूको १२औं महासभा (१९९९) द्वारा परित प्रस्ताव ।

क) आफ्नो संभाव्य सूची र मनोनयनपत्रको तयारीलाई प्राथमिकतामा दिने;

ख) प्राविधिक विज्ञताको आदानप्रदानको आधारमा क्षेत्रीय स्तरमा साझेदारिताका लागि पहल गरी त्यसको सुदृढीकरण गर्ने;

ग) आफ्नो विज्ञतामा एवं सम्पदाको सुरक्षा, जगेर्ना तथा व्यवस्थापनका लागि उत्तरदायी संस्थाहरूको प्राविधिक क्षमतामा अभिवृद्धि गर्नका लागि द्विपक्षीय एवं बहुपक्षीय सहयोगलाई प्रोत्साहन दिने; र

घ) विश्व सम्पदा समितिका सत्रहरूमा यथासंभव बढी सहभागी हुने ।

६१. समितिले देहायबमोजिमको संयन्त्र अवलम्बन गर्ने निर्णय गरेको छः निर्णय 24 COM VI2.3.3, 28 COM 13.1 र 7 EXT.COM 4B.1 29 COM 18A 31 COM 10

क) प्रत्येक ४ वर्षमा परीक्षण गर्ने हिसाबले, प्रत्येक राज्य पक्षको दुईवटासम्म रित पुगेका मनोनयनपत्र (जसमध्ये कम्तिमा एउटा मनोनयन प्राकृतिक सम्पत्तिसँग सम्बन्धित हुनुपर्नेछ) को जाँचबुझ गर्ने, तर राष्ट्रिय प्राथमिकता, इतिहास तथा भूगोलको हिसाबले प्राकृतिक वा सांस्कृतिकमध्ये कस्तो प्रकारको मनोनयन पेश गर्ने भन्ने निर्णय गर्ने जिम्मेवारी राज्य पक्षलाई नै दिने, र

ख) समितिको अघिल्लो सत्रमा स्थगित गरिएका तथा थप जानकारीका लागि पठाइएका मनोनयन, क्षेत्रफल विस्तार (सम्पत्तिको सीमाको सामान्य संशोधनबाहेक), अन्तरसीमा तथा क्रमिक मनोनयन समेत गरी एक वर्षमा अधिकतम ४५ वटासम्म मनोनयनहरूको पुनरावलोकन गर्ने सीमा तोक्ने,

ग) यदि वार्षिक अधिकतम ४५ मनोनयनको सीमाभन्दा बढी मनोनयन प्राप्त हुन आएमा देहायबमोजिमको प्राथमिकताक्रम तय गरिन्छ:

i) आफ्नो कुनै पनि सम्पत्ति सूचीकृत भइनसकेको राज्य पक्षले पेश गरेको सम्पत्तिको मनोनयन,

ii) आफ्नो तीनवटासम्म सम्पत्ति सूचीकृत भइसकेको राज्य पक्षले पेश गरेको सम्पत्तिको मनोनयन,

iii) अघिल्लो समयमा वार्षिक अधिकतम ४५ मनोनयनको सीमा र यी प्राथमिकताहरूका कारणले समावेश हुन नसकेका सम्पत्तिहरूको मनोनयन,

iv) प्राकृतिक सम्पदाको लागि सम्पत्तिको मनोनयन,

v) मिश्रित सम्पदाको लागि सम्पत्तिको मनोनयन,

vi) अन्तरसीमा/अन्तरदेशीय सम्पत्तिको मनोनयन,

vii) अफ्रिका, प्रशान्त क्षेत्र तथा क्यारेबियन क्षेत्रका राज्य पक्षहरूबाट प्राप्त हुने मनोनयन,

viii) विगत १० वर्षभित्र *विश्व सम्पदा महासन्धि*को अनुमोदन गर्ने राज्य पक्षहरूले पेश गरेको सम्पत्तिहरूको मनोनयन,

ix) विगत १० वर्ष वा त्यसभन्दा बढी समयदेखि कुनै पनि मनोनयन पेश नगरेका राज्य पक्षहरूले पेश गरेको सम्पत्तिहरूको मनोनयन,

x) यो प्राथमिकता प्रणाली अवलम्बन गर्दा अघिल्ला बुँदाहरूले नसमेट्ने मनोनयनहरूको सन्दर्भमा प्राथमिकता तोक्ने दोश्रो कुराको रुपमा विश्व सम्पदा केन्द्रले पूर्ण र रित पुगेका मनोनयनपत्रहरू प्राप्त गरेको मितिलाई उपयोग गरिन्छ ।

घ. अन्तरसीमा वा अन्तरदेशीय सम्पदाको क्रमिक मनोनयनको सन्दर्भमा सहराज्य पक्षहरू स्वयंले आपसी समझदारीमा कुन राज्य पक्षले उक्त मनोनयनको जिम्मेवारी लिने हो भन्ने छनोट गर्न सक्छन्; र त्यस मनोनयनलाई सो राज्य पक्षको अधिकतम वहन सीमाभित्र विशेष हिसाबले दर्ता गर्न सकिन्छ ।

समितिको ३५औं सत्र (सन् २०११) मा यो निर्णयको असरको मूल्याङ्कन गरिनेछ ।

## २.ग संभाव्य सूची

<u>कार्यविधि तथा ढाँचा</u>

*विश्व सम्पदा महासन्धि*को धारा १,२ तथा ११(१)

६२. संभाव्य सूची राज्य पक्षको भूभागभित्र अवस्थित र प्रत्येक राज्य पक्षले विश्व सम्पदा सूचीमा सूचीकृत गर्न उपयुक्त छ भनी ठानेको सम्पदाहरूको एउटा विवरणसूची हो । त्यसैले राज्य पक्षहरूले अनुपम विश्वव्यापी महत्त्व भएको भनी ठानेका र तिनलाई आगामी वर्षहरूमा मनोनयन गर्ने सोचाइ बनाएका सांस्कृतिक र/वा प्राकृतिक सम्पत्तिहरूको नामलाई संभाव्य सूचीमा समावेश

गर्नुपर्दछ ।

६३. राज्य पक्षको संभाव्य सूचीमा समावेश भइनसकेको सम्पत्तिलाई विश्व सम्पदा सूचीको मनोनयनको लागि स्वीकार गरिंदैन । निर्णय 24 COM अनु. VI.2.3.2

६४. क्षेत्रीय व्यवस्थापक, स्थानीय एवं क्षेत्रीय सरकार, स्थानीय समुदाय, गैर सरकारी संगठनहरू तथा अन्य इच्छुक पक्ष एवं साझेदारहरूलगायत विविध सरोकारवालाहरूको व्यापक सहभागितामा संभाव्य सूची तयार गर्न राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ ।

६५. राज्य पक्षहरूले संभाव्य सूचीहरू सचिवालयमा पेश गर्नुपर्दछ, यस्तो सूची कुनै मनोनयन पेश गर्नुभन्दा कम्तीमा एक वर्ष अगावै पेश गर्नुपर्दछ । कम्तीमा प्रत्येक दश वर्षमा आफूले पेश गरेको संभाव्य सूचीको पुनः परीक्षण गरी त्यसलाई पुनः पेश गर्न राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ ।

६६. राज्य पक्षहरूलाई संभाव्य सूची पेश गर्दा अङ्ग्रेजी वा फ्रेन्च भाषामा अनुसूची २ मा तोकिए बमोजिमको ढाँचामा सम्पत्तिको नाम, तिनको भौगोलिक अवस्थिति, सम्पत्तिहरूको संक्षिप्त विवरण तथा तिनको अनुपम विश्वव्यापी महत्त्वको औचित्य पुष्टि गर्ने आधार समेत खुलाई पेश गर्न अनुरोध गरिन्छ ।

६७. राज्य पक्षद्वारा तयार गरिएको आधिकारिक हस्ताक्षरयुक्त पूर्ण संभाव्य सूचीको मूल प्रति देहायको ठेगानामा पठाउनुपर्नेछ :

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फोँतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
फोनः ३३(०)१४५६८११३६
फ्याक्सः ३३(०) १४५६८५५७०
इमेलः wh-tentativelists@unesco.org

६८. राज्य पक्षहरूबाट पेश गरिएको संभाव्य सूची प्राप्त भइसकेपछि विश्व सम्पदा केन्द्रले सो दस्तावेज अनुसूची २ अनुरुप भए नभएको कुराको परीक्षण गर्दछ । सो दस्तावेज अनुसूची २ अनुरुप नभएको देखिएमा विश्व सम्पदा केन्द्रले त्यसलाई राज्य पक्षलाई फिर्ता पठाउँछ । सबै सूचनाहरू उपलब्ध गराइएको खण्डमा सचिवालयले संभाव्य सूचीलाई दर्ता गर्दछ र त्यसको जानकारी सम्बन्धित सल्लाहकार निकायमा पठाउँछ । संभाव्य सूचीहरूको सारांश प्रत्येक वर्ष समितिसमक्ष पेश गरिन्छ । सचिवालयले सम्बन्धित राज्य पक्षहरूसँग परामर्श गरी खासगरी सूचीकृत भएका सम्पत्ति तथा मनोनयनमा परेर पनि सूचीकृत नभएका सम्पत्तिहरू संभाव्य सूचीबाट हटाएर आफ्नो अभिलेखलाई अद्यावधिक गर्दछ । निर्णय 7 EXT.COM 4A

६९. राज्य पक्षहरूको संभाव्य सूचीको विवरण यस वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/tentativelists निर्णय 27 COM 8A

<u>योजना तथा मूल्याङ्कन कार्यको साधनको रुपमा संभाव्य सूचीहरू</u>

७०. संभाव्य सूचीहरूले भविष्यका मनोनयनहरूसम्बन्धी संकेत प्रदान गर्ने हुनाले राज्य पक्ष, विश्व सम्पदा समिति, सचिवालय तथा सल्लाहकार निकायहरूका लागि यो योजना तर्जुमासम्बन्धी एउटा उपयोगी एवं महत्त्वपूर्ण साधन हुन सक्छ ।

७१. विश्व सम्पदा सूचीमा छुटेका कुराहरू पहिचान गर्नको लागि इकोमोस (ICOMOS) र आइयूसीएन (IUCN) ले समितिको अनुरोधमा तयार गरेको विश्व सम्पदा सूची र संभाव्य सूची दुवैको विश्लेषणको अध्ययन गर्न राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ। यी विश्लेषणहरूले राज्य पक्षहरूलाई सम्भावित विश्व सम्पदा सम्पत्तिहरूको सम्बन्धमा विषय (themes), क्षेत्र (regions), भू-सांस्कृतिक समूहीकरण (geo-cultural groupings) तथा जैविक भौगोलिक प्रान्त (bio-geopgraphic provinces) जस्ता कुराहरूलाई तुलनात्मक रुपमा बुझ्न मद्दत गर्न सक्दछ ।

निर्णय 24 COM अनु. VI.2.3.2(ii) दस्तावेज WHC-04/28.COM/13.B I र II http://whc.unesco.org/archive/2 004/whc04-28com-13b1e.pdf र http://whc.unesco.org/archive/2 004/whc04-28com-13b2e.pdf

७२. यसका अतिरिक्त राज्य पक्षहरूलाई सल्लाहकार निकायहरूले सञ्चालन गरेका निश्चित विषयनिष्ठ अध्ययनहरू (अनुच्छेद १४७ हेर्नुहोला) हेर्नको लागि समेत अभिप्रेरित गरिन्छ। यी अध्ययनहरूमा राज्य पक्षहरूले पेश गरेका संभाव्य सूचीहरूको समीक्षा तथा संभाव्य सूचीहरूको एकरुपीकरणसम्बन्धी बैठकका प्रतिवेदनहरूको साथै सल्लाहकार निकाय एवं दक्ष संगठन तथा व्यक्तिहरूले सम्पन्न गरेका अन्य प्राविधिक अध्ययनहरूको जानकारी समेत समावेश भएका हुन्छन् । यससम्बन्धी सम्पन्न भइसकेका अध्ययनहरूको सूची यस वेभ ठेगानामा उपलब्ध छ : http://whc.unesco.org/en/globalstrategy

विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सम्पत्तिको मनोनयन गर्दा राज्य पक्षहरूले तयार गर्ने तुलनात्मक अध्ययन र विषयनिष्ठ अध्ययन फरक कुराहरू हुन् । (अनुच्छेद १३२ हेर्नुहोला)

७३. आफ्नो संभाव्य सूचीलाई क्षेत्रीय एवं विषयनिष्ठ स्तरमा एकरुपता प्रदान गर्नका लागि राज्य पक्षलाई अभिप्रेरित गरिन्छ। संभाव्य सूचीहरूको एकरुपीकरणको प्रक्रियामार्फत सल्लाहकार निकायहरूको सहयोगमा राज्य पक्षहरूले आफ्ना सूचीमा भएका कमी कमजोरीहरूको समीक्षा तथा साझा विषयहरूको पहिचान गर्न आआफ्ना संभाव्य सूचीहरूको मूल्याङ्कन सामूहिक रुपमा गर्दछन् । एकरुपीकरणको निष्कर्षस्वरुप सुधारिएको संभाव्य सूची, राज्य पक्षहरूबाट नयाँ मनोनयन (को प्रस्ताव) तथा मनोनयनपत्र तयार गर्नमा राज्य पक्षहरूका बीचमा सहयोगको आदानप्रदान जस्ता प्रतिफलहरू प्राप्त हुन सक्छन् ।

संभाव्य सूची तयार गर्नमा राज्य पक्षहरूलाई दिइने सहायता एवं क्षमता विकास (का प्रावधान)

७४. अन्तर्राष्ट्रिय रणनीति कार्यान्वयन गर्नका लागि राज्य पक्षहरूलाई संभाव्य सूचीको तयारी गर्ने, अद्यावधिक गर्ने र एकरुपीकरण गर्ने तथा मनोनयनको तयारी गर्ने कार्यमा उनीहरूलाई दक्षता दिलाउन र/वा त्यसको सुदृढीकरणमा सघाउन क्षमता विकास तथा तालीमसम्बन्धी सहयोगात्मक प्रयासको आवश्यकता पर्न सक्छ ।

७५. संभाव्य सूचीको तयारी गर्न, अद्यावधिक गर्न र एकरुपीकरण गर्नका लागि राज्य पक्षहरूले अन्तर्राष्ट्रिय सहायताको माग गर्न सक्दछन् । (अध्याय ७ हेर्नुहोला)

७६. सल्लाहकार निकाय तथा सचिवालयले मूल्याङ्कन मिसनहरूको अवसरलाई कम प्रतिनिधित्व भएका राष्ट्रहरूलाई संभाव्य सूची तथा मनोनयनपत्र तयार गर्ने

निर्णय 24 COM VI.2.3.5(ii)

विधिहरूमा सहयोग गर्नका निमित्त क्षेत्रीय तालीम कार्यशालाहरू सञ्चालन गर्नका लागि उपयोग गर्दछन् ।

## २.घ अनुपम विश्वव्यापी महत्त्वको परीक्षण गर्ने आधारहरू

पहिले यी आधारहरूलाई दुई फरक वर्गका रुपमा प्रस्तुत गरिएको थियो - आधार (i) देखि (vi) सम्म सांस्कृतिक सम्पदाका लागि र आधार (i) देखि (iv) सम्म प्राकृतिक सम्पदाका लागि । विश्व सम्पदा समितिको छैठौं विशिष्ट सत्रले दशवटै आधारहरूलाई एकबद्ध गर्ने निर्णय गऱ्यो । (निर्णय 6 EXT.COM 5.1)

७७. कुनै सम्पत्तिले तल उल्लेखित एक वा एकभन्दा बढी आधारहरू पूरा गर्दछ भने त्यस्तो सम्पत्तिलाई समितिले अनुपम विश्वव्यापी महत्त्व (अनुच्छेद ४९-५३ हेर्नुहोला) युक्त सम्पत्तिको रुपमा स्वीकार गर्न सक्नेछ। त्यसैले मनोनित सम्पत्तिहरू देहायका कुराहरूलाई पूरा गर्नुपर्दछ :

(i) मानवको सिर्जनात्मक प्रतिभाको उत्कृष्ट नमूनालाई प्रतिबिम्बित गर्नुपर्ने;

(ii) एउटा कालखण्ड वा विश्वको कुनै सांस्कृतिक क्षेत्रभित्र वास्तुशास्त्र वा प्रविधि, स्मारक कला, शहरी विकास, वा भूपरिदृश्य डिजाइनमा भएको विकासको बारेमा हुने मानवीय मूल्यमान्यताको महत्त्वपूर्ण आदानप्रदानलाई प्रदर्शित गर्नुपर्ने;

(iii) जीवित वा लुप्त सांस्कृतिक परम्परा वा सभ्यताको अद्वितीय वा कमसेकम उत्कृष्ट दसीलाई वहन गर्नुपर्ने;

(iv) मानव इतिहासको महत्वपूर्ण शृङ्खला (हरू) लाई प्रदर्शित गर्ने घर/भवन, वास्तुकलात्मक वा प्राविधिक यौगिक अथवा भूपरिदृश्यको प्रकारको उत्कृष्ट नमूनाका रुपमा रहनुपर्ने;

(v) विशेषगरी अपरिवर्तनीय रुपान्तरण (irreversible change) को प्रभावले क्षतिशील बन्न पुगेको संस्कृति (वा संस्कृतिहरू), अथवा वातावरणसँग मानवको अन्तर्क्रियालाई अभिव्यक्त गर्ने परम्परागत मानव बस्ती, भूउपयोग, वा समुद्रउपयोगको अनुपम नमूनाको रुपमा रहनुपर्ने;

(vi) अनुपम विश्वव्यापी महत्त्वका घटनाक्रम, जीवित परम्परा, विचार, आस्था अथवा कलात्मक तथा साहित्यिक रचनासँग प्रत्यक्ष वा देखिने गरी सम्बन्धित रहनुपर्ने (समितिले यस आधारलाई अन्य आधारहरूसँग गाभेर प्रयोग गर्नुपर्ने सुझाव दिएको छ)

(vii) उच्च कोटीको प्राकृतिक घटना वा विशिष्ट प्राकृतिक सुन्दरता तथा सौन्दर्यात्मक महत्त्व भएका क्षेत्रहरू समावेश भएको हुनुपर्ने;

(viii) जीवनको अभिलेख, भूबनोटको निर्माणमा निरन्तर चलिरहने उल्लेख्य भौगर्भीय प्रक्रियाहरू, वा उल्लेख्य भूतलीय वा भौतिकीय विशेषताहरूलगायत पृथ्वीको इतिहासका प्रमुख चरणहरूको प्रतिनिधित्व

गर्ने अनुपम उदाहरणका रुपमा रहनुपर्ने;

(ix) विद्यमान् पर्यावरणीय वा जैविक प्रक्रियाको विकास तथा थलीय, ताजा जलीय, तटीय तथा समुद्री पर्याप्रणाली तथा जीव एवं वनस्पति समुदायको उद्‌भव तथा विकासमा निरन्तर चलिरहने उल्लेख्य पर्यावरणीय तथा जैविक प्रक्रियाहरू दर्शाउने अनुपम उदाहरणको रुपमा रहनुपर्ने;

(x) विज्ञान तथा संरक्षणको दृष्टिले अनुपम विश्वव्यापी महत्त्व भएका लोपोन्मुख प्रजातिहरू समावेश हुने लगायतका जैविक विविधताको यथास्थानमा गरिने संरक्षणका लागि सर्वाधिक महत्त्वपूर्ण र उल्लेख्य प्राकृतिक वासस्थान समावेश भएको हुनुपर्ने ।

७८. अनुपम विश्वव्यापी महत्त्वयुक्त रहेको कुरा जनाउनका लागि सम्पत्तिले अखण्डता र/वा प्रामाणिकताका शर्तहरू पनि अनिवार्य रुपमा पूरा गर्नुपर्दछ र यसको जगेर्नालाई सुनिश्चित गर्नका लागि यसमा संरक्षण र व्यवस्थापनको यथोचित व्यवस्था पनि हुनुपर्दछ ।

## २.ङ. अखण्डता र/वा प्रामाणिकता

प्रामाणिकता

७९. आधार (i) देखि (vi) अन्तर्गत मनोनित सम्पत्तिले प्रामाणिकताको शर्त पूरा गर्नैपर्छ । प्रामाणिकतासम्बन्धी *नारा* दस्तावेज संलग्न रहेको अनुसूची ४ ले त्यस्ता सम्पत्तिहरूको प्रामाणिकताको परीक्षण गर्ने व्यावहारिक आधार प्रस्तुत गर्दछ, जसलाई तल उल्लेख गरिएको छ ।

८०. कुनै सम्पदामाथि रहेको महत्त्वलाई बुझ्न सक्ने क्षमता त्यस महत्त्वसम्बन्धी सूचनाका स्रोतहरू कति हदसम्म विश्वसनीय वा यथार्थपरक छन् भन्ने कुरामा आधारित रहन्छ । सांस्कृतिक सम्पदाको मौलिक तथा पछि अनावृत हुँदै जाने विशेषताहरू एवं तिनको अर्थको सम्बन्धमा यी सूचनाका स्रोतहरूको ज्ञान एवं बुझाइ प्रामाणिकताका सबै पक्षहरूको मूल्याङ्कन गर्ने आधार हुन् ।

८१. सांस्कृतिक सम्पदामा रहेको महत्त्वको मूल्याङ्कनको साथै सम्बन्धित सूचनाका स्रोतहरूको विश्वसनीयता संस्कृतिपिच्छे र एउटै संस्कृतिभित्रै पनि फरक फरक हुन सक्दछ । सांस्कृतिक सम्पदालाई प्रथमतः त्यसको आफ्नै सांस्कृतिक सन्दर्भमा राखेर हेर्नु र मूल्याङ्कन गर्नु नै सबै संस्कृतिप्रति सम्मान प्रकट गर्नु हो ।

८२. सांस्कृतिक सम्पदाको किसिम तथा त्यसको सांस्कृतिक सन्दर्भबमोजिम त्यसको सांस्कृतिक महत्त्व (मनोनयनका प्रस्तावित आधारहरूमा व्यक्त भएबमोजिम) निम्न विशेषताहरूको माध्यमले यथार्थपरक र विश्वसनीय तरिकाले अभिव्यक्त हुन्छ भने त्यस्ता सम्पत्तिहरूले प्रामाणिकताका शर्तहरू पूरा गरेको ठानिन्छ :

- स्वरुप तथा डिजाइन (form & design);
- सामग्री तथा तत्त्व (materials & substance);
- प्रयोग तथा प्रयोजन (use & function);
- परम्परा, प्रविधि तथा व्यवस्थापन प्रणालीहरू (traditions, techniques & management systems);

- अवस्थिति र परिवेश (location & setting);
- भाषा तथा अन्य स्वरुपका अमूर्त सम्पदाहरू (language & other forms of intangible heritage);
- मर्म र अनुभूति (spirit & feeling),
- अन्य आन्तरिक तथा बाह्य तत्त्वहरू (other internal & external factors)।

८३. मर्म र अनुभूति जस्ता विशेषताहरूका लागि प्रामाणिकताका शर्तहरू सहजै लागु गर्ने व्यावहारिक उपाय नहुन सक्छ तथापि यी कुराहरू सम्पत्तिको चरित्र वा स्थानको अनुभूतिका महत्त्वपूर्ण सूचकहरू हुन्, उदाहरणको लागि परम्परा तथा सांस्कृतिक निरन्तरतालाई कायम राख्ने समुदायहरू ।

८४. यी सबै स्रोतहरूको प्रयोगले मूल्याङ्कन गरिने सांस्कृतिक सम्पदाको निश्चित कलात्मक, ऐतिहासिक, सामाजिक तथा वैज्ञानिक आयामको विस्तार गर्नमा सघाउँछ । "सूचनाका स्रोतहरू" अन्तर्गत सांस्कृतिक सम्पदाको प्रकृति, मिहिनताहरू, अर्थ तथा इतिहासलाई बुझ्न संभव बनाउने सबै भौतिक, लिखित, मौखिक तथा लाक्षणिक स्रोतहरू पर्दछन् ।

८५. कुनै सम्पत्तिको मनोनयनको तयारीको क्रममा प्रामाणिकताका शर्तहरूलाई दृष्टिगत गर्दा राज्य पक्षले सर्वप्रथम प्रामाणिकताका सम्बन्धमा सान्दर्भिक सम्पूर्ण उल्लेख्य गुण/मर्म (attributes) हरूको पहिचान गर्नुपर्दछ । प्रामाणिकताको उक्तिले ती गुण/मर्म (attributes) हरूमा कुन हदसम्म प्रामाणिकताको गुण विद्यमान् छ, वा तिनले प्रामाणिकतालाई कुन हदसम्म झल्काउँछन् भन्ने कुराको मूल्याङ्कन गर्नुपर्दछ ।

८६. प्रामाणिकताको सम्बन्धमा पुरातात्त्विक अवशेष वा ऐतिहासिक भवनहरू वा क्षेत्रको पुनर्निर्माणलाई विशेष परिस्थितिमा मात्र औचित्यपूर्ण मानिन्छ । अनुमान (conjecture) का आधारमा नभई पूर्ण एवं विस्तृत अभिलेखन/नक्सांकनका आधारमा गरिने पुनर्निर्माणलाई मात्र स्वीकृति दिन सकिन्छ ।

<u>अखण्डता</u>

८७. विश्व सम्पदा सूचीमा सूचीकृत गरिनका लागि मनोनित सबै सम्पदाहरूले अखण्डताको शर्तलाई पालन गर्नुपर्दछ ।

८८. अखण्डता प्राकृतिक र/वा सांस्कृतिक सम्पदा एवं यसका गुणहरूको सम्पूर्णता र अक्षुण्णता (intactness) को एउटा मापदण्ड हो । त्यसैले अखण्डताका शर्तहरूको मूल्याङ्कन गर्दा सकेसम्म सम्पत्तिमा निम्न कुराहरू समेटिनुपर्दछः निर्णय 20 COM IX.13

क. यसको अनुपम विश्वव्यापी महत्त्वको संप्रेषण गर्नका लागि आवश्यक सबै तत्त्वहरू यसमा समावेश भएको हुनुपर्छ;

ख. सम्पत्तिको विशेषता झल्काउने गुण तथा प्रक्रियाहरूको पूर्ण अभिव्यक्तिलाई सुनिश्चित गर्न यो पर्याप्त आकारको हुनुपर्दछ;

ग. विकास र/वा बेवास्ताका प्रतिकूल असरबाट यो प्रभावित भएको हुनुपर्दछ ।

यो कुरा अखण्डताको उक्तिमा प्रस्तुत गरिनुपर्छ ।

८९. आधार (i) देखि (vi) अन्तर्गत मनोनित सम्पदाहरूको भौतिक तत्त्व (fabric) र/वा यसका महत्त्वपूर्ण विशेषताहरू राम्रो अवस्थामा हुनुपर्दछ र त्यसको क्षय हुने प्रक्रियाको असरमाथि नियन्त्रण गरिनुपर्दछ। सम्पत्तिले संप्रेषण गर्ने महत्त्वलाई पूर्णतया प्रकट गर्नका लागि आवश्यक तत्त्वहरूको उल्लेख्य अनुपात उक्त सम्पदामा निहित रहनुपर्दछ। सांस्कृतिक भूपरिदृश्य, ऐतिहासिक नगर वा अन्य जीवन्त सम्पत्तिहरूमा निहित सम्बन्धसूत्र (relationships) तथा गतिशील कार्यप्रयोजनहरू (dynamic functions) (जुन सम्पत्तिहरूको पृथक पहिचानका लागि आवश्यक कुराहरू हुन्) लाई पनि कायम राखिनुपर्छ।

आधार (i)-(vi) सम्म मनोनित सम्पदाका लागि अखण्डताका शर्तहरू लागु भएका उदाहरणहरू तयार गरिंदै छ।

९०. आधार (vii) देखि (x) अन्तर्गत मनोनित सम्पदाहरूको हकमा जैविक भौतिक प्रक्रिया तथा भूबनोटको अवस्था सापेक्षिक हिसाबले कायम रहनुपर्दछ। तथापि सबै क्षेत्र विशुद्ध स्थितिमा नरहने र तिनीहरू गतिशील अवस्थामा हुने र केही हदसम्म मानवीय सम्पर्कमा रहने कुरालाई स्वीकार गरिएको छ। परम्परागत समाज र स्थानीय समुदायमा हुने लगायतका मानव गतिविधिहरू प्रायश: प्राकृतिक क्षेत्रमा देखिन्छन्। यी गतिविधिहरू त्यस्तो क्षेत्रको अनुपम विश्वव्यापी महत्त्वसँग मेल खाने हुन सक्दछन् जहाँ तिनीहरू पर्यावरणीय रुपमा दिगो भएर रहन सक्छन्।

९१. यसका अतिरिक्त आधार (vii) देखि (x) अन्तर्गत मनोनित सम्पत्तिहरूको हकमा हरेक आधारका लागि अखण्डताका सम्बन्धित शर्तहरू तय गरिएका छन्।

९२. आधार (vii) अन्तर्गत प्रस्तावित सम्पत्ति अनुपम विश्वव्यापी महत्त्वयुक्त हुनुपर्दछ र यसमा सम्पत्तिको सुन्दरता कायम राख्नको लागि आवश्यक क्षेत्र समेटिएको हुनुपर्दछ। जस्तै कुनै सम्पदाको दृश्यगत महत्त्व (scenic value) कुनै झरनामा निर्भर रहेको छ भने त्यस्तो सम्पदाको सौन्दर्यलाई कायम राख्न यससँग अभिन्न रुपमा जोडिएको वहन क्षेत्र (catchment) तथा यसभन्दा तलको बेसीको भेग (downstream) समेत समावेश भएमा यसले अखण्डताका शर्तहरूलाई पूरा गर्न सक्दछ।

९३. आधार (viii) अन्तर्गत प्रस्तावित सम्पत्तिमा प्रमुख अन्तर्सम्बन्धित तथा अन्तर्आधारित (interrelated & interdependent) सबै वा अधिकांश तत्त्वहरू प्राकृतिक सम्बन्धसूत्रमा गाँसिएर रहनुपर्दछ। उदाहरणको लागि "हिम युग (ice age)" क्षेत्रमा हिम मैदान, हिमनदी आफै तथा कटानी शैली (cutting pattern), निक्षेपण (deposition) एवं उपनिवेशीकरण (colonization) (जस्तै धारदार हिमलहर (striations), हिउँले जम्मा गरेको माटो तथा चट्टान (moraines), वनस्पतीय शृङ्खलाको प्रारम्भिक चरणहरू आदि) का नमूनाहरू समावेश भएमा यसले अखण्डताका शर्तहरू पूरा गर्न सक्दछ; त्यस्तै ज्वालामुखीको सन्दर्भमा म्याग्माको शृङ्खला पूर्ण हुनुपर्छ र चारैतिर छरिने चट्टान (effusive rocks) का विविधताहरू र विस्फोटनको प्रकारलाई समेत देखाइएको हुनुपर्छ।

९४. आधार (ix) अन्तर्गत प्रस्तावित सम्पत्ति पर्याप्त आकारको हुनुको साथै त्यसमा रहेका पर्याप्रणाली तथा जैविक विविधताको दीर्घकालीन संरक्षणमा अत्यावश्यक प्रक्रियाका प्रमुख पक्षहरूलाई दर्शाउनका लागि आवश्यक तत्त्वहरू पनि संलग्न हुनुपर्दछ। उष्ण वर्षा वन (tropical rain forest) क्षेत्रको हकमा समुद्री सतहभन्दा माथिका उचाइमा भिन्नता पाइएमा, यसको भूबनोट तथा माटोको प्रकार, भूखण्डीय प्रणाली (patch system) तथा प्राकृतिक रुपमा उत्पन्न भइरहने भूखण्डहरूमा केही हदसम्मको विविधता रहेमा त्यसले अखण्डताका शर्तहरूलाई

पूरा गर्न सक्दछ; त्यस्तै कोरल रिफ (coral reef) को हकमा त्यहाँ भित्रिने पोषक तत्त्व तथा थिग्रावट (sediments) लाई नियमन गर्ने कुराहरू जस्तै समुद्री घाँस, म्यानग्रोभ वा अन्य नजिकैका पर्याप्रणालीहरू समावेश हुनुपर्दछ ।

९५. आधार (i) अन्तर्गत प्रस्तावित सम्पत्ति जैविक विविधताको संरक्षणका लागि सर्वाधिक महत्त्वपूर्ण सम्पत्ति हुनुपर्दछ । जैविक रुपमा धेरै नै विविधता भएको र/वा प्रतिनिधि सम्पदाले मात्र यो आधार पूरा गर्न सक्दछ । यस्तो सम्पत्तिमा सम्बद्ध जैविक-भौगोलिक प्रान्त (bio-geopgraphic province) तथा पर्याप्रणालीको व्यापक विविधतायुक्त जीव तथा वनस्पतीय विशेषताको संभारका लागि उचित वासस्थान समावेश हुनुपर्दछ । उदाहरणको लागि उष्ण घाँसे मैदान (tropical savannah) मा संयुक्त रुपमा उद्भव भएका शाकाहारी जनावर तथा बोटबिरुवाको पूर्ण योग रहेको छ भने यसले अखण्डताका शर्तहरूलाई पूरा गर्न सक्दछ; स्थानीय जीव तथा वनस्पतिलाई कायम राख्नका लागि द्वीप पर्याप्रणालीमा वासस्थानहरू आबद्ध हुनुपर्दछ; विविध प्रकारका प्रजातिहरू रहेको सम्पत्ति ती प्रजातिहरूको उचित संख्यालाई कायम राख्ने कुरालाई सुनिश्चित गर्नका लागि आवश्यक पर्ने अति संवेदनशील वासस्थानहरू समेत समावेश हुने गरी पर्याप्त रुपमा ठूलो आकारको हुनुपर्दछ; बसाइसराइ गर्ने प्रजाति, मौसमी प्रजनन तथा गुँड लगाउने, एवं बसाइसराइको मार्ग रहेको क्षेत्र कुनै पनि स्थानमा अवस्थित भएतापनि त्यसलाई यथोचित रुपमा सुरक्षित राखिनुपर्छ ।

## २.च संरक्षण तथा व्यवस्थापन

९६. विश्व सम्पदा सम्पत्तिको संरक्षण तथा व्यवस्थापन कार्यले त्यस्ता सम्पत्ति सूचीकृत हुँदा विद्यमान् अखण्डता तथा प्रामाणिकताको अवस्थालगायत त्यसको अनुपम विश्वव्यापी महत्त्वलाई कालान्तरसम्म कायम राख्ने वा त्यसको अभिवृद्धि गर्ने कुरालाई सुनिश्चित गर्नुपर्दछ । *कार्य-सञ्चालन निर्देशिका*मा उल्लेख भएअनुसार सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वलगायत त्यसको संरक्षणको सामान्य अवस्थाको विषयमा विश्व सम्पदा सम्पत्तिका लागि तय गरिएका अनुगमनका प्रक्रियाको संरचनाभित्र रहेर नियमित पुनरावलोकन गरिनुपर्छ । [१]

९७. विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको जगेर्नालाई सुनिश्चित गर्न सबैजसो सम्पत्तिसँग दीर्घकालीन कानूनी, नियमनकारी, संस्थागत र/वा परम्परागत संरक्षण तथा व्यवस्थापनको यथोचित व्यवस्थाहरू हुनुपर्दछ । यस प्रकारको सुरक्षाअन्तर्गत यथोचित हिसाबले निर्धारित सिमाना पनि संलग्न रहनुपर्दछ । त्यसैगरी राज्य पक्षहरूले मनोनित सम्पत्तिको सुरक्षाको लागि राष्ट्रिय, क्षेत्रीय, नगरपालिका स्तरमा र/वा परम्परागत रुपमा समेत सन्तोषजनक सुरक्षाको व्यवस्था रहेको देखाउनुपर्दछ । मनोनयन पेश गर्दा नै तिनीहरूले सम्पत्तिको सुरक्षाको लागि अपनाइने सुरक्षा व्यवस्था कसरी सञ्चालित हुन्छ भन्ने विषयमा स्पष्ट व्याख्यासहित उपयुक्त पाठ्यांश थप गर्नुपर्दछ ।

### संरक्षणको लागि कानूनी, नियमनकारी तथा करारीय उपायहरू

९८. राष्ट्रिय तथा स्थानीय तहका कानूनी तथा नियमनका उपायहरूले सम्पत्तिलाई

[१] *कार्य-सञ्चालन निर्देशिका*मा उल्लेखित अनुगमनका प्रक्रियाहरू भन्नाले प्रतिक्रियात्मक अनुगमन (अनुच्छेद १६९-१७६ हेर्नुहोला) र आवधिक प्रतिवेदन (अनुच्छेद १९९-२१० हेर्नुहोला) नै हुन् ।

जीवित राख्ने र यसको अनुपम विश्वव्यापी महत्त्व तथा अखण्डता र/वा प्रामाणिकतामाथि नकारात्मक प्रभाव पार्न सक्ने विकास तथा परिवर्तनहरूबाट यसलाई सुरक्षित राख्ने कुरालाई सुनिश्चित गर्नुपर्दछ। राज्य पक्षले त्यस्ता उपायहरूको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुपर्छ।

प्रभावकारी संरक्षणका लागि सिमानाहरूको व्यवस्था

९९. मनोनित सम्पत्तिको प्रभावकारी संरक्षणलाई स्थापित गर्न यसको सिमाना तोक्नु एउटा आवश्यक कुरा हो। सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्व तथा यसको अखण्डता र/वा प्रामाणिकताको पूर्ण अभिव्यक्तिलाई सुनिश्चित गर्नका लागि यसको सिमाना निर्धारण गरिनुपर्छ।

१००. आधार (i) देखि (vi) अन्तर्गत मनोनित भएका सम्पत्तिको हकमा सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको प्रत्यक्ष मूर्त अभिव्यक्तिको रुपमा रहेको सम्पूर्ण क्षेत्र र गुण/मर्म (attributes) हरूका साथै भविष्यमा गरिने शोधको संभावनाको दृष्टिले त्यस प्रकारको बुझाइमा योगदान दिने वा त्यसलाई अभिवृद्धि गर्ने संभावनायुक्त क्षेत्रलाई पनि समेट्ने गरी सम्बन्धित सम्पत्तिको सिमाना कोरिनुपर्छ।

१०१. आधार (vii) देखि (x) अन्तर्गत मनोनित सम्पदाहरूको सिमानाले वासस्थान, प्रजाति, प्रक्रिया वा घटनाहरूका लागि स्थानजनक आवश्यकता (spatial requirements) लाई संकेत गर्नुपर्दछ - यी कुराहरूले उक्त सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने आधार प्रदान गर्दछ। सम्पत्तिको साम्पदिक महत्त्वलाई मानव अतिक्रमण तथा मनोनित क्षेत्रबाहिर रहेको स्रोतको उपयोगका कारणले हुन सक्ने असरको प्रत्यक्ष प्रभावबाट बचाउनको लागि सम्पत्तिको सिमानाले अनुपम विश्वव्यापी महत्त्व भएको क्षेत्र लगत्तैको पर्याप्त भागलाई समेत समेट्नुपर्दछ।

१०२. मनोनित सम्पदाको सिमाना एक वा एकभन्दा बढी विद्यमान् वा प्रस्तावित संरक्षित क्षेत्र जस्तै राष्ट्रिय निकुञ्ज वा प्राकृतिक आरक्ष, जीवमण्डलीय आरक्ष (biosphere reserve) वा संरक्षित ऐतिहासिक क्षेत्रका सिमानाहरूसँग बाझिन सक्दछ। त्यस्ता संरक्षणका लागि स्थापित क्षेत्रहरूमा विभिन्न व्यवस्थापन क्षेत्रहरू पर्न सक्दछ तर तीमध्ये केहीले मात्र सूचीकरणका आधारहरूलाई पूरा गरेको हुन सक्छ।

सन्निकट क्षेत्रहरू

१०३. सम्पदाको समुचित सुरक्षाको लागि जहाँ आवश्यक पर्छ त्यहाँ पर्याप्त सन्निकट क्षेत्रको पनि व्यवस्था गर्नुपर्दछ।

१०४. सन्निकट क्षेत्र भनेको मनोनित सम्पत्तिको प्रभावकारी संरक्षणको लागि छुट्ट्याइएको सम्पत्तिलाई वरिपरिबाट घेरेर रहेको त्यस्तो क्षेत्र हो जसको प्रयोग तथा विकासमा वस्तुसंगत कानूनी र/वा चलनचल्तीका बन्देजहरू लगाइएको हुन्छ जसले संरक्षित सम्पत्तिलाई एक अतिरिक्त सुरक्षा घेरा प्रदान गर्दछ। यसअन्तर्गत मनोनित सम्पत्ति लगत्तैको परिवेश, महत्त्वपूर्ण दृश्य तथा त्यस्तो सम्पदाको भरथेग र सुरक्षाका लागि व्यावहारिक रुपमा महत्त्वपूर्ण अन्य क्षेत्र वा

विशेषताहरू पर्दछन्। हरेक स्थितिमा सन्निकट क्षेत्रले समेट्ने भूभाग उपयुक्त व्यवस्थामार्फत निर्धारण गरिनुपर्दछ। सन्निकट क्षेत्रको आकार, विशेषता, आधिकारिक प्रयोगका साथै सम्पदा तथा यसको सन्निकट क्षेत्रको सिमाना स्पष्टसँग देखाइएको नक्सासमेत मनोनयनका क्रममा पेश गरिनुपर्छ।

१०५. सन्निकट क्षेत्रले कसरी सम्पदाको सुरक्षा गर्दछ भन्ने कुराको स्पष्ट व्याख्या संलग्न हुनुपर्दछ।

१०६. सन्निकट क्षेत्र प्रस्ताव नगरिएको स्थितिमा किन सन्निकट क्षेत्र आवश्यक नपरेको हो भन्ने स्पष्ट विवरण पनि मनोनयनपत्रमा समावेश गरिनुपर्दछ।

१०७. यद्यपि सन्निकट क्षेत्र मनोनित सम्पदाको भाग होइन तापनि विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेपछि सन्निकट क्षेत्रको निर्माण वा त्यसमा गरिने कुनै पनि परिवर्तन विश्व सम्पदा समितिको स्वीकृतिमा सम्पत्तिको सिमानामा गरिने सामान्य संशोधनको विधि अपनाई गर्नुपर्दछ (अनुच्छेद १६४ र अनुसूची ११ हेर्नुहोला)। सामान्यतया विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेपछि सन्निकट क्षेत्रको निर्माण गरिनुलाई सिमानाको सामान्य संशोधनको रुपमा लिइन्छ।[२]

<u>व्यवस्थापन प्रणाली</u>

१०८. प्रत्येक मनोनित सम्पदामा यथोचित व्यवस्थापन योजना तथा अभिलिखित व्यवस्थापन प्रणाली निहित रहनुपर्दछ जसले उक्त सम्पदाको अनुपम विश्वव्यापी महत्त्वको संरक्षण, विशेषगरी सहभागितामूलक तरिकाले, कसरी गरिन्छ भन्ने कुरालाई किटान गर्नैपर्छ।

१०९. व्यवस्थापन प्रणालीको उद्देश्य वर्तमान एवं भावी पुस्ताका लागि मनोनित सम्पत्तिको प्रभावकारी सुरक्षालाई सुनिश्चित गर्नु हो।

११०. प्रभावकारी व्यवस्थापन प्रणाली मनोनित सम्पदाको किसिम, विशेषता तथा आवश्यकता एवं त्यसको सांस्कृतिक तथा प्राकृतिक सन्दर्भमा निर्भर रहन्छ। भिन्न सांस्कृतिक परिप्रेक्ष्य, उपलब्ध स्रोतसाधन तथा अन्य कुराहरूअनुसार व्यवस्थापन प्रणालीहरू पनि फरक हुन सक्दछ। यस्ता कुराहरूमा परम्परागत अभ्यास, विद्यमान् शहरी वा क्षेत्रीय योजनाका विधि तथा अन्य औपचारिक वा अनौपचारिक योजना नियन्त्रणसम्बन्धी संयन्त्रहरू पनि पर्न सक्तछ। कुनै पनि प्रस्तावित हस्तक्षेपका लागि असरको परीक्षण (impact assessment) गर्नु सम्पूर्ण विश्व सम्पदा सम्पत्तिका लागि अत्यावश्यक कुरा हो।

१११. माथि उल्लेखित विविधतालाई मान्यता दिँदै प्रभावकारी व्यवस्थापन प्रणालीमा निम्न साझा तत्त्वहरू समावेश गर्न सकिन्छ:

क. सम्पदाका सम्बन्धमा सम्पूर्ण सरोकारवालाहरूको साङ्गोपाङ्ग साझा अवधारणा,

ख. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा सुझाव संकलनको

[२] अन्तरदेशीय/अन्तरसीमा सम्पदाको हकमा गरिने कुनै पनि संशोधनका लागि सम्बन्धित सबै राज्य पक्षहरूको सहमति आवश्यक पर्दछ।

चक्र,

ग. प्रचलन (trends), परिवर्तन तथा प्रस्तावित हस्तक्षेपहरूको असरहरूको अनुगमन तथा परीक्षण

घ. साझेदार तथा सरोकारवालाहरूको संलग्नता,

ङ. आवश्यक स्रोत साधनको व्यवस्था,

च. क्षमता विकास,

छ. व्यवस्थापन प्रणालीले कसरी कार्य गर्दछ भन्ने कुराको आधिकारिक एवं पारदर्शी विवरण ।

११२. प्रभावकारी व्यवस्थापनअन्तर्गत मनोनित सम्पदाको सुरक्षा, संरक्षण तथा प्रस्तुतिका लागि अल्प, मध्य र दीर्घकालीन कार्यहरू पर्दछन् । कालक्रममा हुँदै आएको सम्पत्तिको उत्पत्तिलाई निर्देशित गर्न र तिनको अनुपम विश्वव्यापी महत्त्वका सबै पक्षहरूको संभारलाई सुनिश्चित गर्नका लागि योजना र व्यवस्थापनको एकीकृत तौरतरिकाको आवश्यकता पर्दछ । यस प्रकारको तौरतरिकाले सम्पदालाई मात्र नभई कुनै सन्निकट क्षेत्रलगायत अन्य बृहत् परिवेशलाई पनि समावेश गर्दछ ।

११३. यस अतिरिक्त, *महासन्धि*को कार्यान्वयनका सम्बन्धमा विश्व सम्पदा समितिले प्रतिक्रियात्मक अनुगमन (अनुच्छेद ४ हेर्नुहोला) तथा आवधिक प्रतिवेदनको प्रक्रिया (अनुच्छेद ५ हेर्नुहोला) को व्यवस्था गरेको छ ।

११४. क्रमिक सम्पत्तिको हकमा भिन्न भिन्न अङ्गहरूको समन्वयकारी व्यवस्थापनलाई सुनिश्चित गर्ने कुनै व्यवस्थापन प्रणाली वा संयन्त्रको आवश्यकता पर्दछ र यसलाई मनोनयनपत्रमा अभिलिखित गरिनुपर्दछ (अनुच्छेद १३७-१३९ हेर्नुहोला) ।

११५. केही परिस्थितिहरूमा सम्पत्तिको मनोनयन गरिँदा विश्व सम्पदा समितिको प्रयोजनका लागि उपयुक्त व्यवस्थापन योजना वा अन्य व्यवस्थापन प्रणाली पूर्णतः कार्यरुपमा विद्यमान् नरहेको हुन सक्छ । त्यस्तो अवस्थामा राज्य पक्षले कहिलेसम्म त्यस्तो व्यवस्थापन योजना वा प्रणाली कार्य रुपमा आउने हो र त्यसका लागि आवश्यक स्रोतसाधन कसरी परिचालन गर्ने हो भन्ने कुराको जानकारी गराउनुपर्दछ । राज्य पक्षले त्यस्तो व्यवस्थापन योजना तयार भई कार्य रुपमा नआउन्जेल त्यस क्षेत्रको व्यवस्थापनलाई कसरी निर्देशित गर्ने भन्ने कुरा दर्शाउने दस्तावेज पनि उपलब्ध गराउनुपर्दछ ।

११६. मनोनित सम्पत्तिमा अन्तर्निहित गुणहरू मानवीय गतिविधिका कारणले जोखिममा पर्न गए तापनि यदि तिनले अनुच्छेद ७८-९५ मा उल्लेख गरिए बमोजिमको प्रामाणिकता वा अखण्डताका आधार एवं शर्तहरू पूरा गर्दछन् भने आवश्यक सुधारात्मक उपायहरू समावेश गरिएको कार्ययोजना समेत मनोनयनका साथ पेश गर्नुपर्दछ । मनोनयन पेश गर्ने राज्य पक्षले पेश गरेका सुधारात्मक उपायहरू प्रस्तावित समयभित्र लागु गरिएन भने समितिले पारित गरेको कार्यविधिबमोजिम पेश गरिएको सम्पत्तिलाई सूचीबाट हटाउनेतर्फ विचार गर्नेछ (अध्याय ४.ग हेर्नुहोला) ।

११७. विश्व सम्पदा सम्पत्तिको प्रभावकारी व्यवस्थापनका गतिविधिहरू सञ्चालन गर्नका लागि राज्य पक्षहरू नै जिम्मेवार हुन्छन् । यस्तो गतिविधि राज्य पक्षले सम्पत्ति व्यवस्थापक, व्यवस्थापनका लागि अधिकारवाला निकाय तथा अन्य साझेदार तथा सम्पत्ति व्यवस्थापनका अन्य सरोकारवालाहरूसँग सहकार्य गर्दै सञ्चालन गर्नुपर्दछ ।

११८. आफ्नो विश्व सम्पदा क्षेत्र व्यवस्थापन योजना तथा तालीम रणनीतिको एउटा भागको रुपमा जोखिमविरुद्धको तयारीलाई समेत समावेश गर्न राज्य पक्षहरूलाई समितिले सिफारिस गर्दछ । निर्णय 28 COM 10B.4

दिगो उपयोग

११९. विश्व सम्पदा सम्पत्तिले पर्यावरणीय तथा सांस्कृतिक हिसाबले दिगो हुने र सम्बद्ध समुदायको जीवनस्तरमा योगदान पुऱ्याउन सक्ने विविध प्रकारका विद्यमान् तथा प्रस्तावित उपयोगहरूलाई समर्थन गर्न सक्नेछ । राज्य पक्ष तथा यसका साझेदारहरूले त्यस प्रकारका दिगो उपयोग वा अन्य कुनै परिवर्तनले सम्पदाको अनुपम विश्वव्यापी महत्त्वमा प्रतिकूल असर पुऱ्याउँदैन भन्ने कुरालाई सुनिश्चित गर्नुपर्दछ । केही सम्पदाको हकमा मानव उपयोग त्यति उपयुक्त नहुन सक्छ । विश्व सम्पदा सम्पत्तिमाथि लागु हुने नियमकानून, नीति तथा रणनीतिहरूले त्यसको दिगो सुरक्षा, संरक्षण, व्यवस्थापन तथा प्रस्तुतिका आवश्यक शर्तको रुपमा अनुपम विश्वव्यापी महत्त्वको सुरक्षालाई सुनिश्चित गर्नुको साथै प्राकृतिक र सांस्कृतिक सम्पदाको बृहत् संरक्षणलाई समर्थन र सम्पदासँग सम्बन्धित समुदाय तथा सरोकारवालाहरूको सक्रिय सहभागितालाई प्रवर्द्धन र प्रोत्साहन गर्नुपर्दछ ।

## ३. विश्व सम्पदा सूचीमा सम्पत्ति सूचीकृत गर्ने प्रक्रिया

### ३.क मनोनयनको तयारी

१२०. समितिले कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने पहिलो आधार भनेको मनोनयनसम्बन्धी दस्तावेज नै हो। मनोनयनपत्रमा सबै सान्दर्भिक सूचना समावेश गरिनुपर्दछ र ती कुराहरूलाई स्रोतसँग भिडाई रुजु गरिनुपर्दछ।

१२१. अनुसूची ३ ले विशेष प्रकारका सम्पत्तिहरूको मनोनयनपत्र तयार गर्नका लागि राज्य पक्षहरूलाई निर्देशन प्रदान गर्दछ।

१२२. सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न मनोनयनको तयारीको कार्य शुरु गर्नुभन्दा पहिले राज्य पक्षहरू अनुच्छेद १६८ मा उल्लेखित मनोनयनका चरणहरूका बारेमा जानकार हुनुपर्दछ।

१२३. सम्पत्तिको संभार गर्नमा राज्य पक्षसँगै स्थानीय जनसमुदायलाई समेत जिम्मेवार बनाउन मनोनयन प्रक्रियामा उनीहरूलाई सहभागी गराउनु पनि आवश्यक हुन्छ। क्षेत्र व्यवस्थापक, स्थानीय तथा क्षेत्रीय सरकार, स्थानीय समुदाय, गैर सरकारी संस्था तथा अन्य इच्छुक पक्षहरू लगायत विविध सरोकारवालाहरूको सहभागिताका साथ मनोनयनको तयारी गर्नका लागि राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ।

१२४. अध्याय ७.ङ. मा उल्लेख भएअनुसार राज्य पक्षहरूले मनोनयनको तयारीको लागि तयारीसम्बन्धी सहायता माग गर्न सक्दछन्।

१२५. राज्य पक्षहरूलाई सचिवालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ, जसले मनोनयन प्रक्रियाभरि सहायता उपलब्ध गराउन सक्दछ।

१२६. सचिवालयले देहायका कुराहरू समेत उपलब्ध गराउन सक्दछः

क. उपयोगी नक्सा, फोटोहरू एवं यी चीजहरू प्राप्त गर्न सकिने राष्ट्रिय निकायहरूको पहिचान गर्नमा सहयोग,

ख. सफल भएका मनोनयन, व्यवस्थापन एवं कानूनी प्रावधानहरूका उदाहरण,

ग. भिन्न प्रकारका सम्पत्तिहरू जस्तै सांस्कृतिक भूपरिदृश्य, शहर, नहर तथा सम्पदा मार्गको मनोनयनसम्बन्धी निर्देशिका (अनुसूची ३ हेर्नुहोला),

घ. क्रमिक तथा अन्तरसीमा सम्पत्तिको मनोनयनसम्बन्धी निर्देशिका (अनुच्छेद १३४-१३९ हेर्नुहोला)

१२७. (सचिवालयको) टिप्पणी तथा समीक्षाका लागि राज्य पक्षहरूले मनोनयनको मस्यौदा सचिवालयसमक्ष हरेक वर्ष **३० सेप्टेम्बर** सम्ममा पेश गर्न सक्छन् ( अनुच्छेद १६८ हेर्नुहोला)। यसरी मस्यौदा मनोनयन पेश गर्नु स्वैच्छिक कुरा हो।

१२८. मनोनयन **वर्षैभरि कुनै पनि बेला** पेश गर्न सकिन्छ, तर "रित पुगेका" (अनुच्छेद १३२ हेर्नुहोला) र फेब्रुवरी १[3] वा त्यसभन्दा अगाडि सचिवालयमा प्राप्त हुन आएका मनोनयनलाई मात्र विश्व सम्पदा समितिले त्यस लगत्तैको वर्षमा विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि स्वीकार गर्न सक्नेछ। समितिले राज्य पक्षहरूको संभाव्य सूचीमा संलग्न सम्पत्तिहरूको मनोनयनलाई मात्र जाँचबुझ गर्दछ (अनुच्छेद ६३ हेर्नुहोला)।

## ३.ख मनोनयनको ढाँचा र विषयवस्तु

१२९. विश्व सम्पदा सूचीमा सूचीकृत गरिने सम्पत्तिको मनोनयनपत्र अनुसूची ५ मा उल्लेखित ढाँचाबमोजिम तयार गरिनुपर्दछ।

१३०. उक्त ढाँचामा देहायका खण्डहरू समावेश गरिएका छन्:

१. सम्पत्तिको पहिचान

२. सम्पत्तिको विवरण

३. सूचीकरण गराउनुको औचित्य

४. संरक्षणको अवस्था तथा सम्पत्तिलाई प्रभाव पार्ने कुराहरू

५. संरक्षण तथा व्यवस्थापन

६. अनुगमन

७. दस्तावेज

८. जिम्मेवार अधिकारीहरूको सम्पर्क विवरण

९. राज्य पक्ष (हरू) को तर्फबाट हस्ताक्षर।

१३१. विश्व सम्पदा सूचीका लागि प्राप्त मनोनयनपत्रहरूलाई तिनको आवरण/स्वरुपभन्दा पनि तिनमा निहित विषयवस्तुको आधारमा मूल्याङ्कन गरिन्छ।

१३२. मनोनयनलाई **"रित पुगेको"** मान्नको लागि देहायका कुराहरू (अनुसूची ५ को ढाँचा हेर्नुहोला) पूरा भएको हुनुपर्दछ :

<u>१. सम्पत्तिको पहिचान:</u>

प्रस्ताव गरिएको सम्पत्तिको सिमाना मनोनित सम्पत्ति र कुनै सन्निकट क्षेत्र (यदि छ भने) का बीचमा द्विविधा नहुने किसिमले स्पष्टसँग देखाइएको हुनुपर्दछ (अनुच्छेद १०३-१०७ हेर्नुहोला)। कुन जमीन र/वा जल क्षेत्र मनोनित गरिएको हो भन्ने स्पष्ट छुट्टिने गरी नक्सा पर्याप्त विवरणयुक्त हुनुपर्दछ। उपलब्ध भएसम्म सम्पत्तिको सिमाना स्पष्ट देखिने आधिकारिक रुपमा अद्यावधिक गरी प्रकाशित गरिएको राज्य पक्षको टोपोग्राफिक नक्सा उपलब्ध गराइनुपर्दछ। यदि मनोनयनमा स्पष्टसँग देखाइएको सम्पत्तिको सिमाना संलग्न छैन भने त्यसलाई

[3] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ।

"अधुरो" मानिनेछ ।

२. सम्पत्तिको विवरण :

सम्पत्तिको विवरण अन्तर्गत सम्पत्तिको पहिचान तथा त्यसको इतिहास एवं विकासको विहंगावलोकन संलग्न हुनुपर्दछ । समेटिएका सबै अङ्गहरूको पहिचान गरिएको तथा तिनको व्याख्या गरिएको हुनुपर्दछ । खासगरी क्रमिक मनोनयनको प्रस्ताव गरिएको सन्दर्भमा प्रत्येक अङ्गहरूको व्याख्या स्पष्टसँग गरिएको हुनुपर्दछ ।

सम्पत्तिको इतिहास तथा विकासअन्तर्गत उक्त सम्पत्ति वर्तमान स्वरुपसम्म कसरी आइपुगेको हो र त्यसले कस्ता उल्लेख्य परिवर्तनहरू पार गरेर आएको हो भन्ने कुराको विवरण रहनुपर्दछ । यस जानकारीले उक्त सम्पत्तिले अनुपम विश्वव्यापी महत्त्वको आधार तथा अखण्डता र/वा आधिकारिताका शर्तहरू पूरा गरेको छ भन्ने जिकीरलाई समर्थन गर्न र त्यसलाई पुष्टि गर्ने आधार पेश गर्न आवश्यक पर्ने महत्त्वपूर्ण तथ्यहरू उपलब्ध गराउनुपर्छ ।

३. सूचीकरण गराउनुको औचित्य:

यस खण्डमा सम्पत्तिलाई जुन आधारअन्तर्गत (अनुच्छेद ७७ हेर्नुहोला) प्रस्ताव गरिएको हो ती आधारहरूका साथै ती प्रत्येक आधारहरू प्रयोग गर्नु पछाडिको तर्क स्पष्ट रुपमा उल्लेख गरिनुपर्दछ । ती आधारहरूअनुसार राज्य पक्षले तयार गरेको सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको प्रस्तावित उक्ति (अनुच्छेद ४९-५३ तथा १५५ हेर्नुहोला) ले किन उक्त सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत गर्न योग्य छ भन्ने कुरा स्पष्ट पार्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा विश्व सम्पदा सूचीमा भएका वा नभएका यस्तै प्रकारका अन्य सम्पत्तिहरूसँग सम्पत्तिको तुलनात्मक विश्लेषण पनि उपलब्ध गराइनुपर्दछ । तुलनात्मक विश्लेषणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा मनोनित सम्पत्तिको महत्त्वबारे उल्लेख गर्नुपर्दछ । अखण्डता र/वा प्रामाणिकताको उक्तिलाई पनि संलग्न गरिनुपर्छ जसले सम्पत्तिले अनुच्छेद ७८-९५ मा तोकिएका शर्तहरू कसरी पूरा गरेको छ भन्ने दर्शाउनुपर्छ ।

विश्व सम्पदा सूचीकृत गर्नका लागि कुनै सम्पदालाई राज्य पक्षले मनोनित गर्दा तयार गरेको तुलनात्मक विश्लेषणहरू र समितिको अनुरोधमा सल्लाहकार निकायले तयार गरेको विषयनिष्ठ अध्ययनहरू फरक फरक कुराहरू हुन् (तलको अनुच्छेद १४८)

निर्णय 7 EXT.COM 4A

४.संरक्षणको अवस्था र सम्पत्तिलाई प्रभाव पार्ने कुराहरू:

यस खण्डमा सम्पत्तिको संरक्षणको वर्तमान अवस्था (सम्पत्तिको भौतिक अवस्था तथा विद्यमान् संरक्षणका उपायहरू लगायतको सूचना समेत संलग्न हुने गरी) को यथार्थपरक जानकारी संलग्न हुनुपर्दछ । त्यस्तै सम्पत्तिलाई असर पुऱ्याउने कुराहरू (जोखिम समेत) पनि यसमा संलग्न गरिनुपर्छ । यस खण्डमा समाविष्ट सूचनामा मनोनित सम्पत्तिको संरक्षणको अवस्थाको सम्बन्धमा भविष्यमा गरिने अनुगमनका लागि आवश्यक पर्ने आधारभूत तथ्याङ्क समावेश रहन्छ ।

५. सुरक्षा तथा व्यवस्थापन:

सुरक्षा: खण्ड ५ मा सम्पत्तिको सुरक्षाका लागि सान्दर्भिक कानूनी, नियमनकारी, करारीय, योजनागत, संस्थागत र/वा परम्परागत उपायहरू संलग्न हुनुपर्छ तथा यसले सो सुरक्षा व्यवस्था कसरी सञ्चालित हुन्छ भन्ने बारेमा विस्तृत विश्लेषण उपलब्ध गराउनुपर्छ । कानूनी, नियमनकारी, करारीय, योजनागत र/वा संस्थागत लेख वा त्यस्ता लेखका सारांशहरू अङ्ग्रेजी वा फ्रेन्च भाषामा संलग्न

गरिनुपर्छ ।

व्यवस्थापनः यहाँ एउटा उपयुक्त व्यवस्थापन योजना वा अन्य व्यवस्थापन प्रणाली आवश्यक पर्दछ र मनोनयनको क्रममा सो पेश गरिनुपर्दछ। यसमा व्यवस्थापन योजना वा अन्य व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गरिने प्रतिबद्धताको समेत अपेक्षा गरिन्छ। दिगो विकासका सिद्धान्तहरूलाई व्यवस्थापन प्रणालीमा आबद्ध गरिनुपर्छ ।

व्यवस्थापन योजना वा अन्य व्यवस्थापन प्रणालीसम्बन्धी दस्तावेजको प्रति मनोनयनपत्रका साथ अनुसूचीमा समावेश गरिनुपर्छ। यदि व्यवस्थापन योजना अङ्ग्रेजी वा फ्रेन्चबाहेक अन्य भाषामा मात्र रहेको छ भने त्यसमा उल्लेखित प्रावधानहरूको विस्तृत विवरण अङ्ग्रेजी वा फ्रेन्च भाषामा अनुसूचीमा समावेश गरिनुपर्छ ।

व्यवस्थापन योजनाको विस्तृत विश्लेषण वा व्याख्या अथवा अभिलिखित व्यवस्थापन प्रणाली उपलब्ध गराइनुपर्छ ।

अनुच्छेद ११५ मा उल्लेख गरिए बमोजिम व्यवस्थापन योजना तयार नहुञ्जेल सम्पत्तिको व्यवस्थापनलाई निर्देशित गर्ने दस्तावेज पेश गरिएको खण्डमा बाहेक माथि उल्लेखित दस्तावेजहरू समावेश नभएको मनोनयनपत्रलाई अपूर्ण वा रित नपुगेको मानिन्छ ।

६. अनुगमनः

राज्य पक्षले सम्पदाको संरक्षणको अवस्था, त्यसमा असर पुऱ्याउने तत्त्वहरू, सम्पदाको संरक्षणका उपायहरू एवं तिनको आवधिक परीक्षण तथा जिम्मेवार अधिकारीको पहिचानको मूल्याङ्कन र परीक्षण गर्नका लागि विद्यमान् र/वा प्रस्तावित प्रमुख सूचकहरूलाई समावेश गर्नुपर्दछ ।

७. दस्तावेज

मनोनयनलाई पुष्टि गर्नका लागि आवश्यक सबै दस्तावेजहरू उपलब्ध गराइनुपर्दछ। माथि उल्लेखित कुराहरूका अतिरिक्त यसमा देहायका कुराहरू पनि समावेश हुनुपर्दछ : क) छपाइका लागि उपयुक्त गुणस्तरयुक्त फोटो ( कम्तिमा ३०० dpi भएको डिजिटल फोटो, र संभव भएमा, ३५ मिमि को स्लाइड, र जरुरी भएमा, - सहायक चलचित्र, भिडियो वा अन्य श्रव्यदृश्य सामग्री; र ख) फोटो/श्रव्यदृश्यात्मक विवरणसूची र त्यसको अधिकार प्रदान गर्ने सम्बन्धी फाराम (अनुसूची ५, बुँदा ७ क हेर्नुहोला)। मनोनयनको पाठ प्रिन्ट र इलेक्ट्रोनिक स्वरुप (विशेषगरी word र/वा .pdf फर्म्याट) दुवैमा पठाउनुपर्दछ।

८. जिम्मेवार अधिकारीहरूको सम्पर्क विवरणः

जिम्मेवार अधिकारीहरूको सम्पर्कसम्बन्धी विस्तृत विवरण उपलब्ध गराइनुपर्छ।

९. राज्य पक्षको तर्फबाट हस्ताक्षरः

राज्य पक्षको तर्फबाट अधिकारप्राप्त व्यक्तिको आधिकारिक हस्ताक्षरबाट मनोनयनपत्रलाई अन्तिम रुप दिइन्छ ।

१०. प्रिन्ट गरिएको दस्तावेजको आवश्यक प्रतिः

- सांस्कृतिक सम्पत्तिको मनोनयन (सांस्कृतिक भूपरिदृश्य बाहेक) : २ समरुप प्रति ।

- प्राकृतिक सम्पत्ति तथा सांस्कृतिक भूपरिदृश्यको मनोनयन : ३ समरुप प्रति ।
- मिश्रित सम्पत्तिको मनोनयन : ४ समरुप प्रति ।

११. कागजी तथा इलेक्ट्रोनिक फर्म्याटः

मनोनयन पत्रहरू A4 (वा "लेटर") आकारको कागज, तथा इलेक्ट्रोनिक स्वरुपमा (word र/वा .pdf फर्म्याट) मा पेश गर्न सकिन्छ ।

१२. पठाउनेः

राज्य पक्षले अङ्ग्रेजी वा फ्रेन्च भाषामा तयार गरिएको मनोनयनपत्र हस्ताक्षर गरी देहायको ठेगानामा पठाउन सक्नेछन् :

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फौंतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
फोनः ३३(०)१४५६८११३६
फ्याक्सः ३३(०) १४५६८५५७०
इमेलः wh-nominations@unesco.org

१३३. मनोनयनपत्रका साथ पेश गरिएका सबै सन्दर्भ सामग्रीहरू (नक्सा, योजना, फोटो सामग्री आदि) सचिवालयले राख्नेछ ।

## ३.ग फरक प्रकारका सम्पत्तिहरूको मनोनयनका लागि आवश्यक कुराहरू

अन्तरसीमा सम्पत्तिहरू

१३४. मनोनित सम्पत्ति यस प्रकारको हुन सक्छ : निर्णय 7 EXT.COM 4A

क. एउटै राज्य पक्षको भूभागभित्र पर्ने, वा

ख. सिमाना जोडिएका सबै राज्य पक्षहरूको भूभागभित्र पर्ने (अन्तरसीमा सम्पत्ति) ।

१३५. यथासंभव अन्तरसीमा मनोनयनलाई राज्य पक्षहरूले *महासन्धि*को धारा ११.३ बमोजिम हुने गरी संयुक्त रुपमा तयार गरी पेश गर्नुपर्दछ । सम्बद्ध राज्य पक्षहरूले अन्तरसीमा सम्पत्तिको सम्पूर्ण व्यवस्थापन हेर्नका लागि संयुक्त व्यवस्थापन समिति वा त्यस्तै प्रकृतिको कुनै निकायको स्थापना गर्नुपर्ने कुराको जोडदार सिफारिस गरिन्छ ।

१३६. एउटा राज्य पक्षमा अवस्थित विश्व सम्पदा सम्पत्तिलाई अन्तरसीमा सम्पत्तिको रुपमा विस्तार गर्नका लागि प्रस्ताव गर्न सकिनेछ ।

क्रमिक सम्पत्ति

१३७. क्रमिक सम्पदाअन्तर्गत स्पष्ट सूत्रबाट जोडिएका दुई वा दुईभन्दा बढी निम्न अङ्गहरू समावेश रहनेछन् :

(क) सम्बन्धित अङ्गहरूले इतिहासको कालक्रमभरि रहँदै आएको ऐतिहासिक, सामाजिक वा कार्यप्रयोजनपरक (functional) सम्बन्धलाई झल्काउनुपर्छ जसले सन्दर्भअनुसार भूपरिदृश्यात्मक, पर्यावरणीय, उत्पत्तिजनक (evolutionary) वा वासस्थानसम्बन्धी सम्बन्धसूत्रहरूलाई उजागर गर्दछन्

(ख) हरेक सम्बन्धित अङ्गले तात्त्विक, वैज्ञानिक, सहजतापूर्वक परिभाषित तथा बोधगम्य तरिकाले सम्पदाको समष्टिगत अनुपम विश्वव्यापी महत्त्वमा योगदान पुऱ्याउनुपर्छ र साथै तिनले अन्य कुराहरूभन्दा अमूर्त गुण/मर्म (attributes) हरूलाई समेत समेट्न सक्नुपर्छ। त्यसको फलस्वरुप प्राप्त हुने अनुपम विश्वव्यापी महत्त्व सजिलैसँग बुझ्न बुझाउन सकिने किसिमको हुनुपर्छ।

(ग) सम्बन्धित अङ्गहरूको चरम खण्डीकरण नहोस् भन्नका लागि सम्बन्धित अङ्गहरूको छनोटलगायत सम्पदाको मनोनयनको प्रक्रियाले सम्पदाको समग्र व्यवस्थापनगम्यता (manageability) र स्पष्टतालाई एकनाससँग समेट्नुपर्दछ (अनुच्छेद ११४ हेर्नुहोला) र यसो गर्दा ती अङ्गहरू खण्ड खण्डमा नभई समष्टिगत शृङ्खलाको रुपमा नै अनुपम विश्वव्यापी महत्त्वका हुन्छन् भन्ने कुरालाई पनि विचार गर्नुपर्दछ।

१३८. मनोनित क्रमिक सम्पत्ति यस प्रकारको हुन सक्दछः निर्णय 7 EXT.COM 4A

क. एउटै राज्य पक्षको भूभागभित्र रहेको (क्रमिक राष्ट्रिय सम्पत्ति)

ख. फरक फरक राज्य पक्षहरूको भूभागभित्र रहेको, जोडिएर रहनु जरुरी नभएको र सबै सम्बद्ध राज्य पक्षहरूको सहमतिमा मनोनित गरिएको (क्रमिक अन्तरदेशीय सम्पत्ति)।

१३९. एउटा वा धेरै राज्य पक्षहरूले पेश गर्ने क्रमिक मनोनयनलाई बहुचरणगत मनोनयनसम्बन्धी मूल्याङ्कनका लागि पेश गर्न सकिन्छ, तर यसका लागि मनोनित गरिने पहिलो सम्पत्ति आफैमा पनि अनुपम विश्वव्यापी महत्त्वयुक्त हुनुपर्दछ। बहुचरणतग मनोनयनका लागि क्रमिक मनोनयनको तयारी गरिरहेका राज्य पक्षहरूलाई आफ्नो मनसायका बारेमा समितिलाई सूचित गर्न अभिप्रेरित गरिन्छ जसले गर्दा यस विषयमा राम्रो योजना बनाउन सकियोस्।

## ३.घ मनोनयन दर्ता

१४०. राज्य पक्षहरूबाट मनोनयनपत्र प्राप्त भएपछि सचिवालयले उक्त मनोनयनपत्र प्राप्त भएको जानकारी गराउँछ, सो रित पुगे नपुगेको जाँच गर्दछ र त्यसलाई दर्ता गर्दछ। सचिवालयले रित पुगेका मनोनयनपत्रहरूलाई सम्बन्धित सल्लाहकार निकायमा मूल्याङ्कनको लागि पठाउँछ। सल्लाहकार निकायले आवश्यक ठानेको खण्डमा सचिवालयले राज्य पक्षहरूसँग थप जानकारीको माग गर्न सक्दछ। दर्ता गर्ने तथा मनोनयनको प्रक्रिया अघि बढाउनेसम्बन्धी समय तालिका अनुच्छेद १६८ मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

१४१. सचिवालयले प्राप्त भएका मनोनयनहरूको विषयमा तिनीहरू प्राप्त भएको मितिसहितको सूची, तिनीहरू "रित पुगेको" वा "रित नपुगेको" कुराको जानकारीका साथै अनुच्छेद १३२ बमोजिम कुन मितिमा ती मनोनयनलाई "रित पुगेको" भनी स्वीकार गरिएको हो भन्ने कुरा ठम्याएर समितिको प्रत्येक सत्रमा निर्णय 26 COM 14 र 28 COM 14B.57

पेश गर्दछ ।

१४२. मनोनयनपत्रको कारवाही सो पेश गरिएको समय र विश्व सम्पदा समितिको निर्णय हुने समयबीचका प्रक्रियागत चरणमार्फत अगाडि बढाइन्छ । सामान्यतया यो चरण वर्ष १ को फेब्रुवरीमा मनोनयनपत्र पेश गरिएको मितिदेखि वर्ष २ को जुनमा समितिले निर्णय गर्ने समयबीच डेढ वर्षको अवधिसम्म जारी रहन्छ ।

## ३.ङ सल्लाहकार निकायद्वारा मनोनयनको मूल्याङ्कन

१४३. सल्लाहकार निकायहरूले राज्य पक्षद्वारा मनोनित सम्पत्ति अनुपम विश्वव्यापी महत्त्वयुक्त छ छैन, त्यसले अखण्डता र/वा प्रामाणिकताका शर्तहरू एवं संरक्षण तथा व्यवस्थापनका आवश्यक मापदण्डहरू पूरा गरेको छ छैन भन्ने कुराको मूल्याङ्कन गर्दछन् । इकोमोस (ICOMOS) तथा आइयूसीएन (IUCN) को मूल्याङ्कन कार्यविधि तथा ढाँचाबारे अनुसूची ६ मा उल्लेख गरिएको छ ।

१४४. सांस्कृतिक सम्पदासम्बन्धी मनोनयनको मूल्याङ्कन इकोमोस (ICOMOS) ले गर्दछ ।

१४५. प्राकृतिक सम्पदासम्बन्धी मनोनयनको मूल्याङ्कन आइयूसीएन (IUCN) ले गर्दछ ।

१४६. "सांस्कृतिक सुन्दरता" को वर्गमा पर्ने सांस्कृतिक सम्पत्तिको मनोनयनको हकमा उचित देखिएमा आइयूसीएन (IUCN) सँगको परामर्शमा इकोमोस (ICOMOS) ले मूल्याङ्कन गर्दछ । मिश्रित प्रकारको सम्पदाको हकमा इकोमोस (ICOMOS) र आइयूसीएन (IUCN) ले संयुक्त रुपमा मूल्याङ्न गर्दछ ।

१४७. विश्व सम्पदा समितिले अनुरोध गरेअनुसार वा आवश्यकताअनुसार इकोमोस (ICOMOS) र आइयूसीएन (IUCN) ले प्रस्तावित विश्व सम्पदा सम्पत्तिको मूल्याङ्कन गर्न त्यसको क्षेत्रीय, अन्तर्राष्ट्रिय तथा विषयनिष्ठ सन्दर्भमा **विषयनिष्ठ अध्ययन** सञ्चालन गर्दछन् । यी अध्ययनहरूलाई राज्य पक्षहरूले पेश गरेको संभाव्य सूची, संभाव्य सूचीको एकरुपीकरणसम्बन्धी बैठकका प्रतिवेदनका साथै सल्लाहकार निकाय तथा अन्य योग्य संघ संस्था एवं व्यक्तिहरूले गरेका प्राविधिक अध्ययन प्रतिवेदनका कुराहरूले समेत सघाउ पुऱ्याउनुपर्छ । पहिले नै सम्पन्न भएका त्यस्ता अध्ययनहरू अनुसूची ३ को खण्ड ३ मा र सल्लाहकार निकायहरूको वेभ साइटमा प्राप्त गर्न सकिन्छ । यी अध्ययनहरू र विश्व सम्पदा सूचीमा मनोनयनका लागि राज्य पक्षहरूले गरको **तुलनात्मक अध्ययन** फरक कुराहरू हुन् (अनुच्छेद १३२ हेर्नुहोला) ।

**ICOMOS**

http://www.icomos.org/studies/

**IUCN**

http://www.iucn.org/themes/wcpa/pubs/Worldheritage.htm

१४८. इकोमोस (ICOMOS) तथा आइयूसीएन (IUCN) का मूल्याङ्कन तथा प्रस्तुति देहायका सिद्धान्तहरूबाट निर्देशित हुनुपर्दछ । मूल्याङ्कन तथा प्रस्तुतिले निम्न कुराहरू पूरा गरेको हुनुपर्छ :

निर्णय 28 COM 14B.57.3

क. *विश्व सम्पदा महासन्धि*, सान्दर्भिक *कार्य-सञ्चालन निर्देशिका* तथा समितिले आफ्ना निर्णयहरूमा तय गरेका अन्य नीतिहरूको परिपालना गरेको हुनुपर्दछ;

ख. आफ्नो मूल्याङ्कन वस्तुपरक, नियमबद्ध (rigorous) एवं वैज्ञानिक हुनुपर्दछ;

ग. व्यवसायिकताको सुव्यवस्थित मानकबाट सञ्चालित हुनुपर्दछ;

घ. मूल्याङ्कन एवं प्रस्तुति दुवैका लागि सचिवालयको सहमति रहेको मानक ढाँचा अवलम्बन गर्नुपर्छ, स्थलगत पुनरावलोकन गर्ने मूल्याङ्कनकर्ताको नाम पनि उल्लेख गर्नुपर्दछ;

ङ. सम्पत्तिमा अनुपम विश्वव्यापी महत्त्व निहित छ छैन, त्यसले अखण्डता र/वा आधिकारिकता, व्यवस्थापन योजना/प्रणाली एवं कानूनी सुरक्षाका शर्तहरू पूरा गरेको छ छैन भन्ने कुरा स्पष्ट रुपमा छुट्टाछुट्टै उल्लेख गर्नुपर्दछ;

च. राज्य पक्षको भूभागभित्र वा बाहिर रहेको त्यस्तै प्रकारको अन्य सम्पत्तिको संरक्षणको अवस्थालगायत सबै सान्दर्भिक आधारहरूसँग सापेक्षिक रुपमा तुलना गर्दै सम्बन्धित सम्पत्तिको मूल्याङ्कन व्यवस्थित तरिकाले गर्नुपर्दछ;

छ. सम्बद्ध मनोनयनका सम्बन्धमा समितिको निर्णय तथा अनुरोधलाई साभार लिइनुपर्दछ;

ज. राज्य पक्षले जुन वर्षका लागि मनोनयनपत्र पेश गरेको हो त्यस वर्षको २८ फेब्रुवरी भन्दा पछि (हुलाक टाँचाको मितिबाट पुष्टि भएअनुसार) प्राप्त हुन आएको कुनै पनि सूचनालाई स्वीकार वा समावेश गरिनु हुँदैन। अन्तिम मितिभन्दा कति पछि सूचना प्राप्त भएको हो र मूल्याङ्कनका लागि त्यसलाई समावेश नगरिएको बारेमा राज्य पक्षलाई जानकारी दिइनुपर्छ। यस अन्तिम मितिको नियमलाई कडाइका साथ पालना गरिनुपर्छ, र निर्णय 28 COM 14B.57.3

झ. सहयोग लिइएका सन्दर्भ सामग्रीहरूको सूचीमार्फत आफ्नो रायको औचित्य प्रष्ट्याउनुपर्दछ।

१४९. आफ्नो परीक्षणको मूल्याङ्कनपछि उब्जेका कुनै प्रश्न वा कुनै सूचनाका सम्बन्धमा थप जानकारीको लागि हरेक वर्षको **३१ जनवरी** सम्ममा राज्य पक्षलाई अनुरोध गरिपठाउन सल्लाहकार निकायहरूलाई अनुरोध गरिन्छ। निर्णय 7 EXT.COM 4B.1

१५०. आफूले पेश गरेको मनोनयनउपर सल्लाहकार निकायले गरेको मूल्याङ्कनमा फेला परेको कुनै तथ्यगत त्रुटिका बारेमा बेहोरा खुलाई राज्य पक्षले अध्यक्षलाई सम्बोधन गरी र सल्लाहकार निकायलाई बोधार्थ दिई गरेको पत्राचार समितिको सत्र शुरु हुनुभन्दा कम्तीमा १४ कार्यदिन पहिले नै अध्यक्षसमक्ष पेश भइसक्नुपर्छ। विश्व सम्पदा केन्द्र तथा सल्लाहकार निकायहरूसँगको परामर्शपछि उक्त पत्रमा कुनै कुराको सिफारिस/वकालत नभई तथ्यगत त्रुटिलाई मात्र सम्बोधन गरिएको छ भन्ने कुराप्रति अध्यक्षले सन्तुष्टि व्यक्त गरेको खण्डमा त्यसलाई कामकाजी भाषामा समितिका सदस्यहरूलाई वितरण गरिन्छ र मूल्याङ्कन प्रस्तुत गरिसकेपछि अध्यक्षले उक्त पत्र पढेर सुनाउन सक्नेछन्। यदि पत्रमा तथ्यगत त्रुटिका साथै कुनै कुराको सिफारिस/वकालत भएको खण्डमा तथ्यगत त्रुटि रहेको अंशलाई मात्र वितरण गरिनेछ। निर्णय 7 EXT.COM 4B.1

१५१. इकोमोस (ICOMOS) तथा आइयूसीएन (IUCN) ले आफ्नो सिफारिस निम्न तीन समूहअन्तर्गत दिनेछन् :

क. कुनै शर्तविना **सूचीकरणको लागि सिफारिस** गरिएको सम्पत्ति;

ख. सूचीकरणको लागि **सिफारिस नगरिएको** सम्पत्ति;

ग. **थप जानकारीका लागि पठाउने वा स्थगन गर्ने** सिफारिस गरिएका

मनोनयनहरू ।

### ३.च मनोनयन फिर्ता

१५२. मनोनयनमाथि छलफल गर्न तय गरिएको समितिको सत्र शुरु हुनुभन्दा अघि कुनै पनि समयमा राज्य पक्षले आफूले पेश गरको **मनोनयन फिर्ता** लिन सक्दछ। राज्य पक्षले आफ्नो मनोनयन फिर्ता लिन चाहेको बारेमा सचिवालयलाई लिखित रुपमा जानकारी गराउनुपर्दछ। यदि राज्य पक्षले चाहेमा सम्पत्तिको मनोनयन पुनः पेश गर्न सक्नेछ, जसलाई अनुच्छेद १६८ मा उल्लेख गरिएका कार्यविधि तथा समय तालिका बमोजिम नयाँ मनोनयनको रुपमा अङ्गीकार गरिनेछ।

### ३.छ विश्व सम्पदा समितिको निर्णय

१५३. विश्व सम्पदा समितिले कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने वा नगर्ने, त्यसलाई थप परामर्शको लागि पठाउने वा स्थगन गर्ने भन्ने निर्णय गर्दछ।

सूचीकरण

१५४. कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने निर्णय गर्दा समितिले सल्लाहकार निकायहरूको निर्देशनमा सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको उक्तिलाई पारित गर्दछ।

१५५. सम्पदाको अनुपम विश्वव्यापी महत्त्वको उक्तिमा उक्त सम्पदामा अनुपम विश्वव्यापी महत्त्व रहेको छ भन्ने समितिको निर्क्यौलको सारांश पनि समावेश हुनुपर्दछ र यसो गर्दा अखण्डता वा प्रामाणिकता एवं कार्यरुपमा रहेका सुरक्षा तथा व्यवस्थापनका स्थितिहरूको मूल्याङ्कन र सुरक्षा तथा व्यवस्थापन गर्नुपर्ने शर्तलगायत उक्त सम्पदा कुन कुन आधारअर्न्तगत सूचीकृत भएको हो भन्ने कुराको पहिचान पनि हुनुपर्दछ। अनुपम विश्वव्यापी महत्त्वको उक्ति नै उक्त सम्पदाको भावी सुरक्षा तथा व्यवस्थापनको आधार हो।

१५६. सूचीकृत गर्ने समयमा समितिले विश्व सम्पदा सम्पत्तिको सुरक्षा तथा व्यवस्थापनसम्बन्धी अन्य सिफारिसहरू समेत गर्न सक्दछ।

१५७. समितिले अनुपम विश्वव्यापी महत्त्वको उक्ति (का साथै ती आधारहरू जसअन्तर्गत उक्त सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो) लाई आफ्नो प्रतिवेदन तथा प्रकाशनहरूमा समेत समावेश गर्दछ।

सूचीकृत नगर्ने निर्णय

१५८. यदि समितिले कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत **गर्न नहुने** निर्णय गरेको छ भने विशेष परिस्थितिहरूमा बाहेक त्यस्तो मनोनयनपत्र समितिमा पुनः पेश गरिंदैन। यस्ता विशेष परिस्थितिहरूभित्र नयाँ कुराहरूको खोज, सम्पत्तिको बारेमा नयाँ वैज्ञानिक सूचना, वा साबिक मनोनयनमा पेश नगरिएका फरक आधार आदि पर्दछन्। यस्तो अवस्थामा नयाँ मनोनयनपत्र पेश गर्न सकिनेछ।

मनोनयनलाई थप जानकारीको लागि पठाउने

१५९. समितिले मनोनयनका बारेमा **थप जानकारी**का लागि राज्य पक्षलाई पठाउने भनी निर्णय गरेको अवस्थामा त्यस्तो मनोनयन समितिको आउँदो सत्रमा जाँचबुझका लागि पुनः पेश गर्न सकिनेछ। जुन वर्ष समितिले जाँचबुझ गरोस् भन्ने अपेक्षा गरिएको हो, सोही वर्षको **फेब्रुवरी १**[४] सम्ममा थप जानकारी सचिवालयमा पेश भइसक्नुपर्छ। त्यसलाई सचिवालयले मूल्याङ्कनको लागि तत्काल सम्बन्धित सल्लाहकार निकायमा पठाउँछ। समितिको पहिलो निर्णय भएको मितिले तीन वर्षभित्र पनि यसरी परामर्शका लागि पठाइएको मनोनयन पुनः समितिसमक्ष पेश गरिएन र त्यसपश्चात अनुच्छेद १६८ मा तोकिएको कार्यविधि तथा समय तालिकाअनुसार जाँचबुझका लागि पेश गरिएको खण्डमा त्यसलाई नयाँ मनोनयन मानिनेछ।

मनोनयन स्थगन

१६०. कुनै मनोनयनको गहन परीक्षण वा अध्ययन गर्न वा त्यसमा राज्य पक्षद्वारा तात्त्विक परिमार्जन गर्नका लागि समितिले मनोनयनलाई हालका लागि **स्थगित गर्ने** निर्णय गर्न सक्दछ। यसरी स्थगित गरिएको मनोनयनलाई राज्य पक्षले आगामी कुनै वर्ष पेश गर्ने निर्णय गरेको खण्डमा उक्त मनोनयन **फेब्रुवरी १**[५] सम्ममा सचिवालयमा पेश भइसक्नुपर्छ। यस्तो मनोनयनलाई सम्बन्धित सल्लाहकार निकायले अनुच्छेद १६८ मा उल्लेखित कार्यविधि एवं समयतालिका बमोजिम डेढ वर्षको मूल्याङ्कन चरण (full year & a half cycle of evaluation) अन्तर्गत पुनः मूल्याङ्कन गर्नेछ।

## ३.ज आपातकालीन रुपमा अघि बढाउनुपर्ने मनोनयन

१६१. सम्बन्धित सल्लाहकार निकायको मतअनुसार कुनै सम्पत्ति जसले विश्व सम्पदा सूचीमा सूचीकृत हुने आधारहरू **निर्विवाद रुपमा** पूरा गरेको छ र जसले प्राकृतिक घटना वा मानवीय गतिविधिका कारणले क्षति बेहोरेको वा गम्भीर वा निश्चित जोखिमको सामना गरेको छ भने त्यस्तो सम्पत्तिको हकमा साबिकको समयतालिका र मनोनयनपत्र दाखिला गर्ने र प्रक्रिया अघि बढाउने सम्बन्धमा रित पुऱ्याउनुपर्ने बाध्यताहरू लागु हुँदैनन्। त्यस्ता मनोनयनपत्रहरूको प्रक्रिया आपातकालीन हिसाबले अघि बढाइन्छ र त्यसलाई विश्व सम्पदा सूची र खतरामा रहेको विश्व सम्पदा सूची दुवैमा एकसाथ सूचीकृत गरिन्छ। (अनुच्छेद १७७-१९१ हेर्नुहोला)

१६२. आपातकालीन रुपमा मनोनयनको प्रक्रिया अघि बढाउने कार्यविधि यसअनुसार रहेको छः

क) कुनै राज्य पक्षले आपातकालीन रुपमा प्रक्रिया अघि बढाउने अनुरोध गर्दै मनोनयनपत्र पेश गर्न सक्दछ। राज्य पक्षले त्यस्तो सम्पत्ति संभाव्य सूचीमा पहिले नै वा तत्काल समावेश गर्नुपर्दछ।

[४] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ।

[५] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ।

ख) त्यस्तो मनोनयनपत्रमा देहायका कुराहरू उल्लेख गर्नुपर्दछ :

१. सम्पत्तिको विवरण र पहिचान;
२. तोकिएको आधारबमोजिम सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको औचित्य;
३. अखण्डता र/वा आधिकारिताको औचित्य;
४. त्यसको संरक्षण तथा व्यवस्थापन प्रणालीको विवरण;
५. सम्पत्तिको क्षति वा खतराको प्रकृति तथा गम्भीरतालगायत आपातकालीन अवस्था र सम्पत्तिलाई जोगाउनका लागि समितिले तत्काल कारवाही अघि बढाउनु आवश्यक रहेको कुरासहितको विस्तृत विवरण ।

ग) सचिवालयले सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्व, आपतकालीन अवस्था, क्षति र/वा खतराको प्रकृतिको मूल्याङ्कनको लागि अनुरोध गर्दै मनोनयनपत्रलाई तत्काल सम्बन्धित सल्लाहकार निकायमा पठाउँछ । सम्बन्धित सल्लाहकार निकायले उपयुक्त ठानेमा स्थलगत भ्रमण सञ्चालन गर्नु आवश्यक पर्न सक्दछ ।

घ) सम्बन्धित सल्लाहकार निकायले कुनै सम्पत्तिको हकमा सूचीकरणका आधारहरू र शर्तहरू (माथि क) हेर्नुहोला) **निर्विवाद रुपमा** पालन भएको भनी निर्क्यौल गरेको खण्डमा, उक्त मनोनयनलाई जाँचबुझको लागि समितिको आउँदो सत्रको एजेन्डाको रुपमा राखिनेछ ।

ङ) मनोनयनपत्रको पुनरावलोकन गर्दा समितिले निम्न कुराहरूलाई समेत ख्याल राख्नेछ :

१. खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने;
२. मनोनयनलाई रित पुगेको बनाउनका लागि अन्तर्राष्ट्रिय सहायता प्रदान गर्ने; र
३. सूचीकरणपश्चात यथासंभव छिटो र आवश्यकताअनुसार समिति तथा सम्बद्ध सल्लाहकार निकायले अनुगमन मिसनहरू पठाउने ।

## ३.झ सिमाना, सूचीकरणको औचित्य पुष्टि गर्न प्रयोग गरिएका आधार वा विश्व सम्पदा सम्पत्तिको नाममा गरिने संशोधन

<u>सिमानाहरूको सामान्य संशोधन (Minor Modifications)</u>

१६३. सम्पत्तिमा पनि खासै ठूलो प्रभाव नपार्ने र यसको अनुपम विश्वव्यापी महत्त्वमा पनि असर नगर्ने गरी हुने परिवर्तन सामान्य परिवर्तन हो ।

१६४. राज्य पक्षले विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेको सम्पदाको सिमानामा सामान्य संशोधन गर्ने चाहेमा समितिमा सो कुराको जानकारी सचिवालयमार्फत **फेब्रुवरी १**[६] भित्र प्राप्त भइसक्नुपर्छ र यस प्रकारको संशोधनलाई सामान्य संशोधनको रुपमा लिन सकिन्छ वा सकिँदैन भन्ने राय सचिवालयले सम्बन्धित सल्लाहकार निकायबाट लिनेछ । तत्पश्चात सचिवालयले सल्लाहकार समितिको निर्क्यौललाई विश्व सम्पदा समितिसमक्ष पेश गर्दछ । समितिले त्यस्तो

[६] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ ।

संशोधनलाई स्वीकृत गर्न सक्नेछ वा त्यसलाई सम्पदाको सिमानामा गरिएको उल्लेख्य संशोधन हो भनी सिमानाको उल्लेख्य संशोधनको रुपमा लिन सक्नेछ जुन अवस्थामा नयाँ मनोनयनको प्रक्रियामा जानुपर्ने हुन्छ ।

सिमानाहरूको उल्लेख्य संशोधन (Significant Modifications)

१६५. राज्य पक्षले विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेको सम्पत्तिको सिमानाको संशोधन उल्लेख्य रुपमा गर्न चाहेमा राज्य पक्षले यस प्रस्तावलाई एउटा नयाँ मनोनयनको रुपमा पेश गर्नुपर्नेछ । यस प्रकारको पुनः मनोनयन **फेब्रुवरी १**[७] सम्ममा पेश भइसक्नुपर्छ .र यसको मूल्याङ्कन अनुच्छेद १६८ मा तोकिएको कार्यविधि एवं समयतालिकाअनुसार डेढ वर्षको मूल्याङ्कन चरण (full year & a half cycle of evaluation) अन्तर्गत गरिन्छ । यो प्रावधान सम्पदा क्षेत्रको क्षेत्रफल विस्तारका साथै क्षेत्रफल कटौतीका सम्बन्धमा समेत लागु हुनेछ ।

विश्व सम्पदा सूचीमा सूचीकरणको औचित्य पुष्टि गर्न लिइएका आधारहरूमा गरिने संशोधन

१६६. राज्य पक्षले साबिकको सूचीकरणमा प्रयोग गरिएकोभन्दा बढी, कम वा फरक आधारहरूअन्तर्गत सम्पत्तिलाई सूचीकरण गराउन चाहेमा यसलाई नयाँ मनोनयनको रुपमा आफ्नो अनुरोध पेश गर्नुपर्दछ । यस्तो पुनः मनोनयन **फेब्रुवरी १**[८] सम्ममा पेश भइसक्नुपर्छ र यसको मूल्याङ्कन अनुच्छेद १६८ मा तोकिएको कार्यविधि एवं समयतालिकाअनुसार डेढ वर्षको मूल्याङ्कन चरण (full year & a half cycle of evaluation) अन्तर्गत गरिनेछ । यसरी सिफारिस गरिएको सम्पत्तिको मूल्याङ्कन नयाँ आधारअन्तर्गत मात्र गरिनेछ र अतिरिक्त आधारहरूको कसीमा असफल भएता पनि उक्त सम्पत्ति विश्व सम्पदा सूचीमा कायम रहिरहनेछ ।

विश्व सम्पदा सूचीमा रहेको सम्पत्तिको नाममा गरिने संशोधन

१६७. राज्य पक्षले[९] विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेको सम्पत्तिको नाममा संशोधन गर्न समितिको स्वीकृतिका लागि अनुरोध गर्न सक्दछ । नाममा संशोधन गर्नेसम्बन्धी निवेदन **समितिको बैठक सञ्चानल हुनुभन्दा कम्तीमा तीन महिनाअगाडि** नै सचिवालयमा प्राप्त भइसक्नुपर्छ ।

## ३.ञ समय तालिका – सिंहावलोकन

**१६८. समयतालिका** **कार्यविधि**

---

[७] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ ।

[८] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ ।

[९] अन्तरदेशीय/अन्तरसीमा सम्पदाको हकमा गरिने कुनै पनि संशोधनका लागि सम्बन्धित सबै राज्य पक्षहरूको सहमति आवश्यक पर्दछ ।

**<u>३० सेप्टेम्बर (वर्ष १ भन्दा अगाडि)</u>**

सचिवालयले राज्य पक्षहरूबाट मस्यौदा मनोनयनपत्र प्राप्त गर्ने स्वैच्छिक अन्तिम मिति

**<u>१५ नोभेम्बर (वर्ष १ भन्दा अगाडि)</u>**

सचिवालयले मनोनयनपत्र पेश गर्ने राज्य पक्षलाई मनोनयनपत्र रित पुगेको नपुगेकोबारे जानकारी गराउने र यदि रित नपुगेको भएमा त्यसलाई पूर्ण बनाउनका लागि आवश्यक पर्ने सूचनाबारे जानकारी गराउने ।

**<u>१ फेब्रुवरी वर्ष १</u>**

मूल्याङ्कनका लागि सम्बन्धित सल्लाहकार निकायमा पठाइने रित पुगेका मनोनयनपत्र सचिवालयमा प्राप्त भइसक्नुपर्ने अन्तिम मिति ।

मनोनयनपत्र १७:०० GMT बजेसम्म वा अन्तिम मिति सप्ताहान्तमा परेको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT बजेसम्म प्राप्त भइसक्नुपर्छ ।

यस मितिभन्दा पछि प्राप्त हुन आएका मनोनयनपत्रहरूलाई आगामी (वर्षका) चरणहरूमा परीक्षण गरिनेछ ।

**<u>१ फेब्रुवरी - १ मार्च, वर्ष १</u>**

दर्ता गर्ने, रित पुगे नपुगेको कुराको परीक्षण गर्ने तथा सम्बन्धित सल्लाहकार निकायमा पठाउने ।

सचिवालयले प्रत्येक मनोनयन दर्ता गर्नेछ, मनोनयनपत्र पेश गर्ने राज्य पक्षलाई दर्ता गरिएको कुराको जानकारी दिनेछ र यसको विषयवस्तुको विवरण राख्नेछ । सचिवालयले मनोनयनपत्र रित पुगेको नपुगेको कुराको जानकारी राज्य पक्षलाई दिनेछ ।

रित नपुगेका मनोनयनपत्र (अनुच्छेद १३२ हेर्नुहोला) मूल्याङ्कनको लागि सम्बन्धित सल्लाहकार निकायमा पठाइँदैन । यदि मनोनयनपत्रको रित पुगेको छैन भने त्यसलाई पूर्ण बनाउनका लागि आवश्यक पर्ने सूचना आगामी (वर्षको) चरणमा मूल्याङ्कन गराउने गरी त्यस लगत्तैको वर्षको फेब्रुवरी १ को अन्तिम मितिभित्र पेश गर्ने सुझाव सम्बन्धित राज्य पक्षलाई दिइन्छ ।

रित पुगेका मनोनयनपत्रहरूलाई सम्बन्धित सल्लाहकार निकायमा मूल्याङ्कनको लागि पठाइन्छ ।

**<u>१ मार्च वर्ष १</u>**

सचिवालयले मनोनयनपत्र प्राप्त भएको, रित पुगेको नपुगेको तथा सो फेब्रुवरी १ भित्र प्राप्त

| | |
|---|---|
| | भएको भन्ने कुराको जानकारी राज्य पक्षलाई दिने अन्तिम मिति |
| <u>मार्च वर्ष १ - मे वर्ष २</u> | सल्लाहकार निकायद्वारा मूल्याङ्कन गर्ने । |
| <u>३१ जनवरी वर्ष २</u> | सम्बन्धित सल्लाहकार निकायले आवश्यकताअनुसार राज्य पक्षसँग मुल्याङ्कनको दौरानमा तथा ३१ जनवरी वर्ष २ भन्दा अगावै थप सूचना पेश गर्न अनुरोध गर्न सक्नेछ । |
| <u>३१ मार्च वर्ष २</u> | राज्य पक्षले सल्लाहकार निकायले माग गरेको थप सूचना सचिवालयमार्फत पेश गर्ने अन्तिम मिति ।<br><br>अनुच्छेद १३२ मा उल्लेख भए बमोजिम थप सूचनाको प्रिन्ट र इलेक्ट्रोनिक ढाँचाको प्रति समान संख्यामा सचिवालयमा पेश गर्न सकिनेछ । यदि पेश गरिएका थप सूचनामा साबिक मनोनयनमा रहेको मुख्य अंशमा कुनै संशोधन भएको छ भने पुरानो र नयाँको बीचमा द्विविधा हटाउनको लागि राज्य पक्षले यी परिवर्तनहरूलाई साबिक मनोनयनको संशोधित संस्करणमा पेश गर्न सक्नेछ । परिवर्तन भएको कुरा स्पष्ट रुपमा चिनिने हुनुपर्दछ । नयाँ संस्करणको इलेक्ट्रोनिक प्रति (सिडी वा डिस्केट) सँगै कागजी प्रति पनि संलग्न हुनुपर्नेछ । |
| <u>विश्व सम्पदा समितिको वार्षिक सत्रभन्दा ६ हप्ता अगाडि, वर्ष २</u> | विश्व सम्पदा समिति तथा राज्य पक्षलाई बुझाउनको लागि सम्बन्धित सल्लाहकार निकायले आफ्नो मूल्याङ्कन तथा सिफारिस सचिवालयलाई हस्तान्तरण गर्दछ । |
| <u>विश्व सम्पदा समितिको वार्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा १४ कार्य दिन अगाडि, वर्ष २</u> | राज्य पक्षहरूद्वारा तथ्यगत त्रुटिलाई सच्याउने ।<br><br>सल्लाहकार निकायले गरेको मूल्याङ्कनमा आफूले कुनै तथ्यगत त्रुटि भेट्टाएको खण्डमा राज्य पक्षले उक्त तथ्यगत त्रुटिलाई खुलाई समितिको बैठक शुरु हुनुभन्दा कम्तिमा १४ कार्य दिन पहिले समितिको अध्यक्षलाई सम्बोधन गरी र सल्लाहकार निकायलाई बोधार्थ दिई पत्राचार गर्न सक्नेछ । |
| <u>विश्व सम्पदा समितिको वार्षिक सत्र (जुन/जुलाइ), वर्ष २</u> | समितिले मनोनयनमाथि जाँचबुझ गरी निर्णय गर्दछ । |

| | |
|---|---|
| **विश्व सम्पदा समितिको सत्रको लगत्तै** | राज्य पक्षलाई जानकारी दिने ।<br><br>समितिले जुन जुन राज्य पक्षको मनोनयनपत्रको जाँचबुझ गरी निर्णय गरेको हो ती सबैलाई समितिको सान्दर्भिक निर्णयबारे अवगत गराइन्छ ।<br><br>कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने भनी समितिले निर्णय गरे लगत्तै सचिवालयले सम्बन्धित राज्य पक्ष एवं क्षेत्र व्यवस्थापकलाई सूचीकृत सम्पत्तिको नक्सा र अनुपम विश्वव्यापी महत्त्वको उक्ति (प्रयोग भएका आधारहरूको साभार संलग्न गर्नका लागि) उपलब्ध गराउँदै पत्राचार गर्दछ । |
| **विश्व सम्पदा समितिको सत्रको लगत्तै** | प्रत्येक वर्ष समितिको वार्षिक सत्र सम्पन्न भए लगत्तै सचिवालयले विश्व सम्पदाको अद्यावधिक सूची प्रकाशित गर्दछ ।<br><br>विश्व सम्पदा सूचीमा सूचीकृत गराउनका लागि आफ्नो सम्पत्ति मनोनित गराएका राज्य पक्षहरूको नाम निम्न शीर्षकको सूचीमा प्रकाशित गरी प्रस्तुत गरिन्छः "*महासन्धि*बमोजिम सम्पत्तिको मनोनयन पेश गर्ने राष्ट्र" । |
| **विश्व सम्पदा समितिको सत्र समापन भए लगत्तैको अर्को महिना** | समितिले विश्व सम्पदा समितिका सबै निर्णयहरू समावेश भएको प्रकाशित प्रतिवेदन सबै राज्य पक्षहरूलाई पठाउँछ । |

## ४. विश्व सम्पदा सम्पत्तिको संरक्षण अवस्थाको अनुगमनसम्बन्धी प्रक्रिया

### ४.क प्रतिक्रियात्मक अनुगमन

प्रतिक्रियात्मक अनुगमनको परिभाषा

१६९. प्रतिक्रियात्मक अनुगमन सचिवालय, यूनेस्कोका अन्य क्षेत्र तथा सल्लाहकार निकायहरूले खतरामा रहेका विश्व सम्पदा सम्पत्तिको संरक्षणको अवस्थाबारे समितिलाई पेश गर्ने प्रतिवेदन हो। यसका लागि राज्य पक्षहरूले कुनै विशेष परिस्थिति सिर्जना भएमा वा सम्पत्तिको संरक्षणको अवस्थामा असर पार्न सक्ने कार्यहरू सञ्चालन गरिएको हरेक स्थितिमा निश्चित प्रतिवेदन र असरसम्बन्धी अध्ययन फेब्रुवरी १ सम्ममा सचिवालयलमार्फत समितिसमक्ष पेश गर्नुपर्दछ। प्रतिक्रियात्मक अनुगमनलाई अनुच्छेद १७७-१९१ बमोजिम खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत तथा त्यसमा सूचीकृत गरिनुपर्ने सम्पत्तिको सन्दर्भमा पनि दृष्टिगत गरिन्छ। प्रतिक्रियात्मक अनुगमनलाई अनुच्छेद १९२-१९८ मा तोकिए बमोजिम सम्पत्तिलाई अन्ततः विश्व सम्पदा सूचीबाट हटाउने कार्यविधिका सन्दर्भमा पनि दृष्टिगत गरिन्छ।

प्रतिक्रियात्मक अनुगमनको उद्देश्य

१७०. प्रतिक्रियात्मक अनुगमन प्रक्रिया अवलम्बन गर्दा खासगरी कुनै पनि सम्पत्तिलाई सूचीबाट हटाउनुपर्ने स्थिति नआओस् भन्नका लागि संभावित सबै उपायहरू अवलम्बन गरिनुपर्छ धारणा समितिले राख्दछ र यस सम्बन्धमा राज्य पक्षलाई यथासंभव प्राविधिक सहायता प्रदान गर्न समिति सदा तत्पर रहन्छ।

*महासन्धि*को धारा ४ :

"यस महासन्धिमा आबद्ध प्रत्येक राज्य पक्षले धारा १ र २ मा उद्धृत र आफ्नो भूभागमा अवस्थित सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति तथा भावी पुस्तामा त्यसको हस्तान्तरणलाई सुनिश्चित गर्ने प्राथमिक दायित्व सम्बन्धित राज्य पक्षकै हुनेछ भन्ने कुरालाई बोध गर्नेछ ... "

१७१. राज्य पक्षले सल्लाहकार निकाय (जसलाई समितिको तर्फबाट विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको संरक्षणका लागि सञ्चालन गरिएका कार्यहरूको प्रगतिका बारेमा अनुगमन गर्न तथा त्यससम्बन्धी प्रतिवेदन पेश गर्नका लागि भनिएको छ) लाई सहयोग गर्नुपर्दछ भनी समितिले सुझाव दिन्छ।

राज्य पक्षहरू र/वा अन्य स्रोतबाट प्राप्त सूचना

१७२. *महासन्धि*अन्तर्गत संरक्षित क्षेत्रभित्र सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वमा असर पार्न सक्ने खालका प्रमुख जीर्णोद्धार वा नवनिर्माण कार्य सञ्चालन गर्ने वा त्यसको अधिकार प्रदान गर्नेसम्बन्धी राज्य पक्षहरूको मनशायको विषयमा सचिवालयमार्फत विश्व सम्पदा समितिलाई जानकारी गराउनका लागि समितिले *महासन्धि*मा आबद्ध राज्य पक्षहरूलाई आह्वान गर्दछ। त्यस्तो सूचना यथासंभव

छिटो (उदाहरणको लागि विशेष परियोजनाको आधारभूत मस्यौदा तयार हुनुभन्दा अगावै) तथा उल्ट्याउन कठिन हुने कुनै निर्णय हुनुभन्दा अगावै उपलब्ध गराउनुपर्दछ, जसले गर्दा (समयमै) समितिले सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको पूर्णतः संरक्षणलाई सुनिश्चित गर्नका लागि उपयुक्त समाधान पहिल्याउनमा सहयोग गर्न सक्दछ ।।

१७३. समितिले विश्व सम्पदा सम्पत्तिको संरक्षणको अवस्थाको पुनरालोकन गर्ने मिसनको प्रतिवेदनमा देहायका कुराहरू समावेश गर्नका लागि अनुरोध गर्दछ: निर्णय 27 COM 7B.106.2

क) जोखिमहरूको संकेत वा विश्व सम्पदा समितिसमक्ष पेश गरिएको पछिल्लो प्रतिवेदनपश्चात सम्पत्तिको संरक्षणमा भएको उल्लेख्य सुधार,

ख) सम्पत्तिको संरक्षणको अवस्थाका सम्बन्धमा विश्व सम्पदा समितिको अघिल्लो बैठकको निर्णयको विषयमा भएको अनुगमन,

ग) अनुपम विश्वव्यापी महत्त्व, अखण्डता र/वा प्रामाणिकता (जसका लागि उक्त सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो) माथिको कुनै जोखिम वा क्षति वा तिनको नाश भएको बारेको सूचना ।

१७४. यदि सूचीकृत सम्पत्ति गम्भीर रुपमा क्षय हुँदै गइरहेको वा प्रस्तावित समयभित्र कुनै आवश्यक सुधारात्मक उपाय अवलम्बन नगरिएको भन्ने सूचना सचिवालयले सम्बन्धित राज्य पक्षबाट नभई कुनै अन्य स्रोतबाट प्राप्त गरेको खण्डमा सचिवालयले सम्बन्धित राज्य पक्षसँग परामर्श गरी उक्त सूचनाको स्रोत र विषयवस्तुको बारेमा पुष्टि गर्दछ र यससम्बन्धमा टिप्पणीको लागि अनुरोध गर्दछ ।

<u>विश्व सम्पदा समितिको निर्णय</u>

१७५. प्राप्त सूचनाका सम्बन्धमा आफ्नो धारणा पेश गर्न सचिवालयले सम्बन्धित सल्लाहकार निकायलाई अनुरोध गर्दछ ।

१७६. प्राप्त सूचनालाई राज्य पक्ष तथा सल्लाहकार निकायहरूको टिप्पणी समेत संलग्न गरी प्रत्येक सम्पत्तिको संरक्षणको अवस्थासम्बन्धी प्रतिवेदनका रुपमा समितिसमक्ष पेश गरिन्छ, जसका लागि देहाय बमोजिमका एक वा एकभन्दा बढी चरणहरू पार गर्नु पर्ने हुन सक्छ :

क) यसले सम्पत्तिको क्षय गम्भीर रुपमा नभएको र थप कारवाही आवश्यक नपर्ने निर्णय गर्न सक्दछ;

ख) समितिले सम्पत्ति गम्भीर रुपमा क्षय भएको तर पुनर्स्थापना गर्न भने असम्भव नभएको ठहर गरेको अवस्थामा, राज्य पक्षले उचित समयावधिभित्र त्यस्तो सम्पत्तिको पुनर्स्थापनाका लागि आवश्यक उपाय अपनाउँछ भने समितिले त्यस्तो सम्पत्ति सूचीमा कायमै राख्ने निर्णय गर्न सक्दछ । यदि राज्य पक्षले सम्पत्तिको पुनर्स्थापनासम्बन्धी कामका लागि प्राविधिक सहयोगको माग नभइसकेको भए त्यस्तो सहयोगको अनुरोध गर्न राज्य पक्षलाई प्रस्ताव गर्दै समितिले विश्व सम्पदा कोषअर्न्तगत सम्पत्तिको पुनर्स्थापनाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने निर्णय पनि गर्न सक्दछ;

ग) अनुच्छेद १७७ देखि १८२ सम्म उल्लेखित शर्त तथा आधारहरू पूरा भएको अवस्थामा अनुच्छेद १८३ देखि १८९ मा तोकिएको प्रक्रियाबमोजिम समितिले त्यस्तो सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा समावेश गर्ने निर्णय गर्न सक्दछ;

घ) सम्पत्तिको क्षय सम्पत्तिलाई सूचीकृत गर्दाको समयमा विद्यमान् विशेषताहरू पुर्नस्थापित गर्न नै नसकिने गरी नाश भएको हदसम्म भएको पुष्टि भएको खण्डमा समितिले त्यस्तो सम्पत्तिलाई सूचीबाट हटाउने निर्णय गर्न सक्दछ । त्यस्तो कारवाही गर्नुभन्दा अगाडि सचिवालयले सम्बन्धित राज्य पक्षलाई त्यसको जानकारी गराउँछ । राज्य पक्षले यस सम्बन्धमा गरेको टिप्पणी समितिको जानकारीमा ल्याइन्छ;

ङ). माथि क), ख), ग) तथा घ) मा उल्लेख गरिएका कदम चाल्न समितिसमक्ष प्राप्त सूचना पर्याप्त नभएको खण्डमा समितिले सम्बन्धित राज्य पक्षसँग परामर्श गरी सम्पत्तिको वर्तमान अवस्था, सम्पत्तिमाथिको जोखिम एवं त्यसको पर्याप्त रुपमा जीर्णोद्धार/पुनरुत्थान गर्न सकिने संभावना पहिल्याउनका लागि आवश्यक काम गर्न र त्यसको प्रतिवेदन समितिसमक्ष पेश गर्न सचिवालयलाई अख्तियारी दिने निर्णय गर्न सक्दछ; त्यस्तो उपायअन्तर्गत सत्यतथ्य पत्ता लगाउने वा विशेषज्ञसँग परामर्श गर्ने कार्यहरू पर्न सक्छ । कुनै आपातकालीन कारवाही आवश्यक पर्ने स्थितिमा समितिले आवश्यक आपातकालीन वित्तीय सहायताका लागि विश्व सम्पदा कोषबाट अर्थ विनियोजनको स्वीकृति दिन सक्दछ ।

## ४.ख खतरामा रहेको विश्व सम्पदा सूची

<u>सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्नेसम्बन्धी निर्देशिका</u>

१७७. सम्पत्तिमा निम्न अवस्था विद्यमान् भएमा *महासन्धि*को धारा ११, अनुच्छेद ४ बमोजिम समितिले कुनै सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सक्नेछ :

क) उक्त सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत भएको;

ख) उक्त सम्पत्ति गम्भीर र निश्चित जोखिममा रहेको;

ग) उक्त सम्पत्तिको संरक्षणको लागि विशेष कारवाहीको आवश्यकता रहेको;

घ) उक्त सम्पत्तिका लागि *महासन्धि*अन्तर्गत सहायता माग गरिएको; केही परिस्थितिमा सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राखिएको संदेशसहित सम्पत्तिको विषयमा आफ्नो सरोकार व्यक्त गर्दै पठाइएको संदेश मात्र पनि सहायतास्वरुप अति प्रभावकारी हुन सक्छ भन्ने विचार समितिले राख्दछ र यस्तो सहायताका लागि समितिको कुनै पनि सदस्य वा सचिवालयले अनुरोध गर्न सक्दछ ।

<u>सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्ने आधारहरू</u>

१७८. *महासन्धि*को धारा १ तथा २ मा परिभाषित भएअनुसारको विश्व सम्पदा सम्पत्तिमा तल उल्लेखित दुईमध्ये कुनै एक विषयमा कम्तिमा एउटा अवस्था विद्यमान् भएमा समितिले उक्त सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा

सूचीमा समावेश गर्न सक्दछ ।

१७९. <u>**सांस्कृतिक सम्पत्ति**</u>को हकमाः

क) <u>ठम्याइएको खतरा</u>ः जब सम्पत्तिले निश्चित तथा पुष्टि भएको आसन्न खतराको सामना गर्नुपर्दछ । जस्तैः

i) सामग्रीहरूको गम्भीर क्षय;

ii) संरचना र/वा सजावटका वस्तुहरूको गम्भीर क्षय;

iii) वास्तुशास्त्रीय वा नगर विकाससम्बन्धी स्पष्टतामा भएको गम्भीर क्षय;

iv) शहरी वा ग्रामीण स्थान अथवा प्राकृतिक वातावारणको गम्भीर क्षय;

v) ऐतिहासिक प्रामाणिकताको उल्लेख्य नाश;

vi) सांस्कृतिक महत्त्वको उल्लेख्य नाश ।

ख) <u>संभावित खतरा</u>ः जब सम्पत्तिले आफूमा अन्तर्निहित विशेषताहरूलाई क्षयीकरण गर्ने जोखिमहरूको सामना गर्नुपर्दछ । जस्तै :

i) सम्पत्तिको सुरक्षा स्तरमा गिरावट आउने गरी कानूनी स्थितिमा भएको संशोधन;

ii) संरक्षण नीतिको अभाव;

iii) क्षेत्रीय योजनासम्बन्धी परियोजनाहरूका जोखिमपूर्ण असरहरू;

iv) नगर विकास योजनाका जोखिमपूर्ण असरहरू;

v) सशस्त्र द्वन्द्व चर्किनु वा त्यसको जोखिम;

vi) मौसमी, भौगोलिक, वा अन्य वातावरणीय तत्त्वहरूको जोखिमपूर्ण असरहरू ।

१८०. <u>**प्राकृतिक सम्पत्ति**</u>को हकमाः

क) <u>ठम्याइएको खतरा</u>ः जब सम्पत्तिले निश्चित तथा पुष्टि भएको आसन्न खतराको सामना गर्नुपर्दछ जस्तैः

i) प्राकृतिक कारण जस्तै रोग वा मानव सिर्जित समस्या जस्तै शिकार आदिका कारणले लोपोन्मुख प्रजाति वा अनुपम विश्वव्यापी महत्त्व (जसको लागि उक्त सम्पदाको सुरक्षालाई कानूनी रुपमा स्थापित गरिएको हो) भएका अन्य प्रजातिको संख्यामा देखिएको गम्भीर गिरावट;

ii) मानव बस्ती, सम्पत्तिको महत्त्वपूर्ण भाग जलमग्न हुने गरी भएको जलाशयको निर्माण, किटनाशक विषादी तथा मलखादको प्रयोगलगायत औद्योगिक तथा कृषि विकास, प्रमुख सार्वजनिक कार्यहरू, खानी सञ्चालन, जनसंख्या, वन फँडानी, दाउरा संकलनजस्ता गतिविधिका कारणले सम्पत्तिको प्राकृतिक सुन्दरता वा त्यसको वैज्ञानिक महत्त्वमा

भएको गम्भीर क्षय;

iii) सम्पत्तिको अखण्डतालाई जोखिममा पार्न सक्ने गरी सीमाक्षेत्र वा खोलामाथिका भूभाग (upstream areas) मा भएको मानव अतिक्रमण ।

ख) संभावित खतरा: जब सम्पत्तिले आफूमा अन्तर्निहित विशेषताहरूलाई क्षयीकरण गर्ने मुख्य जोखिमहरूको सामना गर्नुपर्दछ । जस्तै :

i) उक्त क्षेत्रको कानूनी सुरक्षाको स्थितिमा भएको संशोधन;

ii) सम्पदाभित्र अवस्थित योजनावद्ध पुर्नवास वा विकास परियोजना वा तिनको अवस्थितिले सम्पत्तिलाई हुन सक्ने जोखिम,

iii) सशस्त्र द्वन्द्व चर्किनु वा त्यसको जोखिम;

iv) व्यवस्थापन योजना तथा व्यवस्थापन प्रणालीको अभाव वा अपर्याप्तता वा त्यसको पूर्ण कार्यान्वयन नभएको अवस्था;

v) मौसमी, भौगोलिक, वा अन्य वातावरणीय तत्त्वहरूको जोखिमपूर्ण असरहरू ।

१८१. यस अतिरिक्त, जोखिम र/वा सम्पदाको अखण्डतामाथि तिनको क्षतिकारक असरहरू भनेको मानवीय प्रयासले सच्याउन सकिने कुराहरू नै हुन् । सांस्कृतिक सम्पत्तिको हकमा प्राकृतिक तथा मानव सिर्जित दुवै समस्याका चुनौतीहरू रहन सक्छन् भने प्राकृतिक सम्पत्तिको हकमा मुख्य चुनौती मानव सिर्जित हुन्छन् र कमै अवस्थामा मात्र प्राकृतिक कारण (जस्तै महामारी) हरूले सम्पत्तिको अखण्डतामाथि खतरा निम्त्याउँछन् । केही अवस्थाहरूमा जोखिम र/वा सम्पदाको अखण्डतामाथि तिनको क्षतिकारक असरहरूलाई प्रशासनिक वा कानूनी कारवाहीबाट पनि सच्याउन सकिन्छ जस्तै कुनै ठूलो सार्वजनिक निर्माण परियोजना खारेज गरेर वा कानूनी अवस्थामा सुधार गरेर ।

१८२. कुनै पनि सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्ने निर्णय गर्दा समितिले निम्न पुरक तथ्यहरूलाई पनि दृष्टिगत गर्न सक्दछ :

क) सबै कुराहरूलाई सन्तुलनमा राखी सरकारले गरेका ती निर्णयहरू जसले विश्व सम्पदा सम्पत्तिलाई प्रभाव पार्दछ । सम्पत्तिमा खतरा उत्पन्न हुनुभन्दा पहिले नै पेश गर्न सकिएको खण्डमा विश्व सम्पदा समितिले दिएको सल्लाह नै प्रायशः निर्णायक हुन्छ ।

ख) खासगरी ठम्याइएको खतराको सन्दर्भमा सम्पत्तिको भौतिक वा सांस्कृतिक क्षयलाई त्यसको तीव्रताअनुसार छुट्टाछुट्टै मूल्याङ्कन गरिनुपर्दछ ।

ग) अन्य कुराहरूभन्दा पनि सम्पत्तिमाथिको संभावित खतराका सम्बन्धमा निम्न कुराहरूलाई ख्याल राख्नुपर्दछ :

i) सम्पत्ति अवस्थित रहेको सामाजिक तथा आर्थिक संरचनाको सामान्य विकासक्रमअनुसार खतराको मूल्याङ्कन गरिनुपर्दछ,

ii) केही खतराहरूको मूल्याङ्कन प्रायः असम्भव हुन्छ - जस्तै सशस्त्र द्वन्द्वको चुनौती - सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिहरूमा तिनले

पुऱ्याउन सक्ने असर,

iii) केही खतराहरू आसन्न प्रकृतिका हुँदैनन्, तिनलाई केवल आकलन मात्र गर्न सकिन्छ जस्तै जनसंख्या वृद्धि ।

घ) अन्त्यमा, समितिले मूल्याङ्कन गर्दा सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिलाई खतरा पार्न सक्ने कुनै अज्ञात वा अनपेक्षित कारणहरूलाई पनि ख्याल राख्नुपर्दछ ।

सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्ने कार्यविधि

१८३. सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा राख्दा समितिले यथासंभव सम्बन्धित राज्य पक्षहरूसँग परामर्श गरी सुधारात्मक उपायमुखी कार्यक्रमको विकास गरी त्यसलाई पारित गर्दछ ।

१८४. अघिल्लो अनुच्छेदमा उल्लेख भएबमोजिमका सुधारात्मक उपायमुखी कार्यक्रमहरू विकास गर्नका लागि यथासंभव सम्बन्धित राज्य पक्षको सहयोगमा सम्पत्तिको वर्तमान अवस्था, सम्पत्तिमाथिका खतराहरू एवं अवलम्बन गर्न सकिने सुधारात्मक उपायको उपयोगितालाई पहिल्याउन समितिले सचिवालयलाई अनुरोध गर्दछ । त्यस अलावा समितिले सम्पदा स्थलको भ्रमण गरी जोखिमको स्वरुप र स्तरको मूल्याङ्कन गर्न र अवलम्बन गरिनुपर्ने उपाय समेत प्रस्ताव गर्नका लागि सम्बद्ध सल्लाहकार निकाय वा अन्य संगठनहरूबाट योग्य अवलोकनकर्ताहरूलाई मिसनमा पठाउने निर्णय गर्न सक्दछ ।

१८५. राज्य पक्ष, सल्लाहकार निकाय तथा अन्य संगठनहरूको समुचित टिप्पणीसहित प्राप्त सूचनालाई सचिवालयले समितिको ध्यानाकर्षणका लागि पेश गर्दछ ।

१८६. समितिले प्राप्त सूचनाहरूको जाँचबुझ गर्दछ र सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत गर्नेसम्बन्धी निर्णय गर्दछ । त्यस्तो निर्णय दुई तिहाइ सदस्यको उपस्थितिमा मतदान गरी बहुमतले गरिन्छ । त्यसपछि समितिले सुधारात्मक योजनाका कार्यक्रम तय गर्दछ । त्यस्तो कार्यक्रमको तत्काल कार्यान्वयनका लागि सम्बद्ध राज्य पक्षलाई प्रस्ताव गरिन्छ ।

१८७. *महासन्धि*को धारा ११.४ बमोजिम, समितिले आफ्नो निर्णयको बारेमा सम्बन्धित राज्य पक्षलाई जानकारी दिनुपर्दछ र त्यसबारे तत्काल सार्वजनिक सूचना जारी गर्नुपर्दछ ।

१८८. सचिवालयले खतरामा रहेको विश्व सम्पदा सूचीमा रहेको सम्पत्तिहरूको अद्यावधिक सूची प्रकाशन गर्दछ, जुन निम्न वेभ साइटमा उपलब्ध छ : http://whc.unesco.org/en/danger

१८९. समितिले विश्व सम्पदा कोषको एक निश्चित उल्लेख्य अंश खतरामा रहेको विश्व सम्पदा सूचीमा रहेको सम्पत्तिहरूको संभावित सहयोगको निम्ति छुट्याउँछ ।

खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको संरक्षणको अवस्थाको नियमित पुनरावलोकन

१९०. समितिले खतरामा रहेको विश्व सम्पदा सूचीमा रहेका सम्पत्तिहरूको संरक्षणको अवस्थाबारे वार्षिक रुपमा पुनरावलोकन गर्दछ। त्यस्तो पुनरावलोकनमा समितिले आवश्यक ठहऱ्याएको अनुगमनका कार्यविधि एवं विज्ञहरूको मिसनजस्ता कुराहरू समावेश हुन सक्छ ।

१९१. यी नियमित पुनरावलोकनहरूको आधारमा समितिले राज्य पक्षसँग परामर्श गरी देहायका विषयमा के गर्ने भन्ने निर्णय गर्न सक्दछ :

क) सम्पत्तिको संरक्षणको लागि अतिरिक्त उपायहरू आवश्यक पर्छ वा पर्दैन,

ख) सम्पत्तिमाथि कुनै जोखिम नरहेको खण्डमा त्यसलाई खतरामा रहेको विश्व सम्पदा सूचीबाट हटाउने,

ग) जुन विशेषताका कारणले कुनै सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो ती विशेषताहरू सो सम्पत्तिबाट हराउने हदसम्म सम्पत्तिको क्षय भएको खण्डमा उक्त सम्पत्तिलाई अनुच्छेद १९२ देखि १९८ मा उल्लेखित कार्यविधिबमोजिम खतरामा रहेको विश्व सम्पदा सूची तथा विश्व सम्पदा सूची दुवैबाट हटाउनका लागि दृष्टिगत गर्ने ।

## ४.ख सम्पत्तिलाई अन्ततः विश्व सम्पदा सूचीबाट हटाउनेसम्बन्धी कार्यविधि

१९२. निम्न स्थितिहरूमा कुनै सम्पत्तिलाई विश्व सम्पदा सूचीबाट हटाउनको लागि समितिले तलका कार्यविधि अवलम्बन गर्दछ :

क. जुन विशेषताका कारणले कुनै सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो ती विशेषताहरू त्यस सम्पत्तिबाट हराउने हदसम्म सम्पत्तिको क्षय भएको अवस्थामा, र

ख. मानवीय कारणले कुनै विश्व सम्पदा क्षेत्रमा अन्तर्निहित गुण त्यसको मनोनयनकै समयमा जोखिममा परेको र राज्य पक्षले त्यति बेला तोके बमोजिमको आवश्यक सुधारात्मक उपायहरू प्रस्तावित समयभित्र कायान्वयन नगरेको अवस्थामा (अनुच्छेद ११६ हेर्नुहोला) ।

१९३. विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्ति गम्भीर रुपमा क्षय भएको र प्रस्तावित समयभित्र आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गरिएको छैन भने उक्त सम्पत्ति अवस्थित रहेको देशले त्यसको सूचना सचिवालयलाई दिनुपर्दछ ।

१९४. सचिवायलयले त्यस्तो सूचना सम्बन्धित राज्य पक्षभन्दा अन्य कुनै स्रोतबाट प्राप्त गरेको खण्डमा उक्त सूचनाको स्रोत र विषयवस्तुका बारेमा सम्बन्धित राज्य पक्षसँग परामर्श गरी पुष्टि गर्दछ र त्यसको बारेमा धारणा माग गर्दछ ।

१९५. सचिवालयले प्राप्त सूचनामा आफ्नो धारणा पेश गर्न सम्बन्धित सल्लाहकार निकायलाई अनुरोध गर्दछ ।

१९६. समितिले उपलब्ध सबै सूचनाको जाँचबुझ गरी निर्णय गर्दछ। *महासन्धि*को धारा १३(८) बमोजिम गरिने त्यस्तो निर्णय दुई तिहाइ सदस्यको उपस्थितिमा मतदान गरी बहुमतले गरिन्छ। राज्य पक्षसँग सम्बन्धित विषयमा परामर्श नगरी समितिले कुनै पनि सम्पत्तिलाई सूचीबाट हटाउने निर्णय गर्दैन ।

१९७. समितिको निर्णयका बारेमा राज्य पक्षलाई जानकारी दिइन्छ र यस निर्णयबारे समितिले तुरुन्तै सार्वजनिक सूचना जारी गर्दछ ।

१९८. समितिको निर्णयले विश्व सम्पदा सूचीमा कुनै संशोधन हुने भएमा सो संशोधनका बारेमा पछि प्रकाशित हुने अद्यावधिक सूचीमा उल्लेख गरिन्छ ।

## ५. *विश्व सम्पदा महासन्धि*को कार्यान्वयनसम्बन्धी आवधिक प्रतिवेदन

### ५.क उद्देश्यहरू

१९९. *महासन्धि*को कार्यान्वयनका लागि आफूले अवलम्बन गरेको कानूनी तथा प्रशासनिक प्रावधानहरूका साथै आफ्नो भूभागमा अवस्थित विश्व सम्पदा सम्पत्तिको संरक्षणको अवस्थासम्बन्धी प्रतिवेदन विश्व सम्पदा समितिमार्फत यूनेस्कोको महासम्मेलनमा पेश गर्न राज्य पक्षहरूलाई अनुरोध गरिन्छ।

*विश्व सम्पदा महासन्धि*को धारा २९ तथा राज्य पक्षहरूको महासभाको ११औं बैठक (१९९७) तथा यूनेस्कोको महासम्मेलनको २९औं सत्रद्वारा पारित प्रस्ताव।

२००. राज्य पक्षले सल्लाहकार निकाय तथा सचिवालयसमक्ष विज्ञको सुझावका लागि अनुरोध गर्न सक्दछ र सचिवालयले (सम्बन्धित राज्य पक्षसँगको समझदारीमा) विज्ञको थप सुझावका लागि समेत अधिकार प्रदान गर्न सक्छ।

२०१. आवधिक प्रतिवेदनले देहायका चार उद्देश्य प्राप्तिका लागि सघाउ पुऱ्याउँछ :

क) राज्य पक्षहरूद्वारा गरिएको *विश्व सम्पदा महासन्धि*को कार्यान्वयनको मूल्याङ्कन प्रस्तुत गर्ने,

ख) विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको संभार भइरहेको छ छैन भन्ने कुराको मूल्याङ्कन गर्ने,

ग) परिवर्तित परिस्थिति तथा सम्पत्तिको संरक्षणको अवस्थाको अभिलेख राख्न विश्व सम्पदा सम्पत्तिको अद्यावधिक सूचना उपलब्ध गराउने,

घ) राज्य पक्षहरूका बीचमा क्षेत्रीय सहयोग तथा *महासन्धि* तथा विश्व सम्पदा संरक्षणको कार्यान्वयनसम्बन्धी सूचना एवं अनुभवको आदानप्रदानसम्बन्धी संयन्त्र उपलब्ध गराउने।

२०२. सूचीकृत सम्पत्तिको प्रभावकारी दीर्घकालीन संरक्षणका साथै *महासन्धि*को कार्यान्वयनको विश्वसनीयतामा अभिवृद्धि गर्नको लागि आवधिक प्रतिवेदनको महत्त्व अपरिहार्य छ।

### ५.ख कार्यविधि तथा ढाँचा

२०३. विश्व सम्पदा समितिले :

निर्णय 22 COM VI.7

क) अनुसूची ७ मा उल्लेख भएबमोजिम ढाँचा एवं विवरणात्मक टिप्पणी पारित गऱ्यो,

ख) राज्य पक्षहरूलाई हरेक ६ वर्षमा आवधिक प्रतिवेदन पेश गर्न अनुरोध गऱ्यो,

ग) निम्न तालिकाबमोजिम राज्य पक्षहरूले पेश गरेका आवधिक प्रतिवेदनहरू क्षेत्रगत रुपमा अध्ययन गर्ने निर्णय गऱ्यो,

| क्षेत्र | तल उल्लेखित साललगायत त्यस सालसम्म सूचीकृत सम्पत्तिको मूल्याङ्कन | समितिद्वारा मूल्याङ्कन गरिने साल |
|---|---|---|
| अरब राज्यहरू | १९९२ | डिसेम्बर २००० |
| अफ्रिका | १९९३ | डिसेम्बर २००१/जुलाई २००२ |
| एशिया तथा प्रशान्त क्षेत्र | १९९४ | जुन-जुलाई २००३ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन क्षेत्र | १९९५ | जुन -जुलाई २००४ |
| युरोप तथा उत्तर अमेरिका | १९९६/१९९७ | जुन-जुलाई २००५/२००६ |

घ) माथि ग) मा उल्लेखित समयतालिकाभित्र राज्य पक्षहरू, प्रतिस्पर्धी संघसंस्थाहरू तथा उपलब्ध विज्ञहरूसमेतको उपयोग गरी आवधिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा क्षेत्रीय रणनीति तयार गर्न सचिवालय र सल्लाहकार निकायलाई संयुक्त रुपमा अनुरोध गऱ्यो ।

२०४. माथि उल्लेखित क्षेत्रीय रणनीतिले सम्बन्धित क्षेत्रका विशिष्ट गुणहरूलाई सम्बोधन गर्नुपर्दछ र खासगरी अन्तरसीमा सम्पत्तिको सन्दर्भमा राज्य पक्षहरूका बीचमा समन्वय एवं तालमेलको प्रवर्द्धन गर्नुपर्दछ। ती क्षेत्रीय रणनीतिहरूको विकास र कार्यान्वयनका सन्दर्भमा सचिवालयले राज्य पक्षहरूसँग परामर्श गर्दछ ।

२०५. आवधिक प्रतिवेदनको पहिलो ६ वर्षे चरणपश्चात प्रत्येक क्षेत्रलाई माथि उल्लेखित तालिकाको क्रमबमोजिम पुनः मूल्याङ्कन गरिन्छ। ६ वर्षे चक्र लगत्तै नयाँ चक्र शुरु हुनुभन्दा अगाडि आवधिक प्रतिवेदन पेश गर्ने संयन्त्रको मूल्याङ्कन तथा परिमार्जनका लागि केही समय विराम हुन सक्छ ।

२०६. राज्य पक्षले तयार गर्ने आवधिक प्रतिवेदनको ढाँचामा दुईवटा खण्डहरू समाहित हुन्छन् :

समितिको २२औं सत्र (क्योटो १९९८) ले यो ढाँचा पारित गरेको हो र यो सन् २००६ मा आवधिक प्रतिवेदनको प्रथम चरण सकिएपछि पुनः परिमार्जन हुन सक्दछ। यसकारण यस ढाँचामा परिमार्जन गरिएको छैन ।

क. खण्ड १ ले राज्य पक्षहरूले *महासन्धि*को कार्यान्वयनका लागि अवलम्बन गरेका कानूनी तथा प्रशासनिक प्रावधानहरू तथा सञ्चालन गरेका अन्य कार्यहरूका साथै यस क्षेत्रमा हासिल भएका अनुभवको विषयमा सम्बोधन गर्दछ। यसले खासगरी *महासन्धि*का विशेष धाराहरूमा उल्लेखित साधारण दायित्वहरूलाई समेट्दछ ।

ख. खण्ड २ ले सम्बन्धित राज्य पक्षको भूभागमा अवस्थित निश्चित विश्व सम्पदा सम्पत्तिको संरक्षणको अवस्थालाई सम्बोधन गर्दछ। यो खण्ड प्रत्येक विश्व सम्पदा सम्पत्तिको हकमा रित पुऱ्याई भर्नुपर्दछ ।

विवरणात्मक टिप्पणीहरू अनुसूची ७ मा ढाँचासहित दिइएका छन् ।

२०७. सूचनाको व्यवस्थापनलाई सहज बनाउनको लागि राज्य पक्षहरूलाई अङ्ग्रेजी वा फ्रेन्च भाषामा इलेक्ट्रोनिकका साथै प्रिन्ट प्रति देहायको ठेगानामा पेश गर्नका लागि अनुरोध गरिन्छ :

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फौंतन्वा

७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
फोनः ३३(०)१४५६८१५७१
फ्याक्सः ३३(०)१४५६८५५७०
इमेलः wh-info@unesco.org

**५.ग मूल्याङ्कन तथा अनुगमन**

२०८. सचिवालयले राष्ट्रिय प्रतिवेदनहरूलाई विश्व सम्पदा सम्पत्तिको क्षेत्रीय अवस्था विषयक प्रतिवेदनको स्वरुपमा एकत्रित गर्दछ, जसको इलेक्ट्रोनिक प्रति ( http://whc.unesco.org/en/publications वेभ साइटमा) र कागजी प्रतिहरू ( विश्व सम्पदासम्बन्धी दस्तावेजका शृङ्खलाहरू) पनि उपलब्ध छन् ।

२०९. विश्व सम्पदा समितिले आवधिक प्रतिवेदनमा उठाइएका मुद्दाहरूलाई गम्भीरतापूर्वक पुनरावलोकन गर्दछ र त्यसबाट उत्पन्न हुने कुराहरूको विषयमा सम्बन्धित क्षेत्रका राज्य पक्षहरूलाई सल्लाह प्रदान गर्दछ ।

२१०. सम्बन्धित राज्य पक्षहरूसँगको परामर्शमा समितिले आफ्नो रणनीतिक उद्देश्यअनुरुप तयार गरिने दीर्घकालीन अनुगमनका क्षेत्रीय कार्यक्रमको विकास गर्न र त्यसलाई दृष्टिगत गर्नका लागि सल्लाहकार निकायसहित सचिवालयसमक्ष अनुरोध गरेको छ । यी कुराहरूले त्यस क्षेत्रमा विश्व सम्पदाका आवश्यकताहरूलाई झल्काउँदै अन्तर्राष्ट्रिय सहायतालाई सहजीकरण गर्नुपर्दछ । समितिले रणनीतिक उद्देश्य र अन्तर्राष्ट्रिय सहायताबीचको प्रत्यक्ष सम्बन्धलाई सुनिश्चित गर्नका लागि सहयोग गर्ने कुरा पनि अभिव्यक्त गऱ्यो ।

## ६. *विश्व सम्पदा महासन्धिलाई* हुने सहयोगलाई प्रोत्साहन गर्ने

### ६.क उद्देश्यहरू

*विश्व सम्पदा महासन्धिको* धारा २७

२११. उद्देश्यहरू निम्नअनुसार छन् :

क) क्षमता विकास तथा अनुसन्धान कार्यलाई बढावा दिने,

ख) सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण गर्नुपर्ने आवश्यकतासम्बन्धी सर्वसाधारणको चेतना, बुझाइ तथा सराहनामा अभिवृद्धि गर्ने,

ग) समुदायको जीवनमा विश्व सम्पदाको उपयोगितालाई बढाउने,

*विश्व सम्पदा महासन्धिको* धारा ५(क)

घ) सम्पदाको सुरक्षा तथा प्रस्तुतिमा स्थानीय तथा राष्ट्रिय नागरिकहरूको सहभागितामा अभिवृद्धि गर्ने ।

### ६.ख क्षमता विकास तथा अनुसन्धान

२१२. समितिका रणनीतिक उद्देश्यसम्मत हुने गरी राज्य पक्षको क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिको विकास होस् भन्ने अपेक्षा समितिले राखेको छ ।

विश्व सम्पदासम्बन्धी बुडापेस्ट घोषणापत्र (२००२)

विश्वव्यापी तालीम रणनीति:

२१३. विश्व सम्पदाको संरक्षण, सम्वर्द्धन तथा प्रस्तुतिका लागि उच्चस्तरीय सीप तथा बहुविधायुक्त तौरतरिकाको आवश्यकता पर्दछ भन्ने कुरालाई मनन गर्दै समितिले विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाका लागि विश्वव्यापी तालीम रणनीति अवलम्बन गरेको हो । विश्वव्यापी तालीम रणनीतिको प्राथमिक लक्ष्य *महासन्धिको* असल कार्यान्वयनका लागि विविध कर्ताहरूमा आवश्यक सीपको विकास होस् भन्ने कुरालाई सुनिश्चित गर्नु हो । दोहोरोपनलाई हटाई रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न समितिले प्रतिनिधि, सन्तुलित र विश्वसनीय विश्व सम्पदा सूचीको निम्ति अन्तर्राष्ट्रिय रणनीति एवं आवधिक प्रतिवेदनजस्ता अन्य पहलहरूसँग यसलाई जोड्ने कुरालाई सुनिश्चित गर्दछ । समितिले वार्षिक रुपमा तालीमका सान्दर्भिक मुद्दाहरूको पुनरावलोकन, तालीमका आवश्यकताहरूको जाँचबुझ, तालीमका पहलसम्बन्धी वार्षिक प्रतिवेदनहरूको पुनरावलोकन गर्नुका साथै भविष्यमा हुने तालीमसम्बन्धी पहलका लागि सुझावहरू दिनेछ ।

विश्व सम्पदा समितिको २५औं सत्र (हेलसिन्की, फिनल्याण्ड २००१) ले विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदासम्बन्धी अन्तर्राष्ट्रिय रणनीति पारित गरेको हो । (दस्तावेज WHC-01/CONF.208/24 को अनसूची १० हेर्नुहोला)

राष्ट्रिय तालीम रणनीति तथा क्षेत्रीय सहयोग

२१४. राज्य पक्षहरूलाई सबै तहमा रहेका आफ्ना पेशाकर्मी तथा विशेषज्ञहरू पर्याप्त रुपमा तालीमप्राप्त छन् भन्ने कुरा सुनिश्चित गर्न अभिप्रेरित गरिन्छ । यसका लागि राज्य पक्षहरूलाई राष्ट्रिय तालीम रणनीतिको विकास गर्न र तालीमका लागि हुने क्षेत्रीय सहयोगलाई आफ्नो रणनीतिको एउटा भाग बनाउन समेत अभिप्रेरित गरिन्छ ।

अनुसन्धान

२१५. *महासन्धिको* प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने अनुसन्धानका क्षेत्रहरूमा समितिले अन्तर्राष्ट्रिय सहयोगको विस्तार र समन्वय गर्दछ। राज्य पक्षहरूलाई पनि अनुसन्धानको लागि स्रोतसाधन उपलब्ध गराउन अनुरोध गरिन्छ किनकि विश्व सम्पदा सम्पत्तिको पहिचान, व्यवस्थापन तथा अनुगमनको लागि ज्ञान तथा बुझाइ आधारभूत कुराहरू हुन्।

अन्तर्राष्ट्रिय सहायता

२१६. राज्य पक्षहरूले विश्व सम्पदा कोषबाट तालीम तथा अनुसन्धान सहयोगको लागि अनुरोध गर्न सक्दछन् (अध्याय ७ हेर्नुहोला)।

## ६.ग **चेतना अभिवृद्धि तथा शिक्षा**

जनचेतना अभिवृद्धि गर्ने

२१७. विश्व सम्पदाको संरक्षणको लागि जनचेतना अभिवृद्धि गर्न राज्य पक्षहरूलाई अनुरोध गरिन्छ। खासगरी उनीहरूले विश्व सम्पदा सम्पत्तिको उपाधिलाई यथोचित रुपमा चिह्नित तथा प्रवर्द्धन गरिएको छ भन्ने कुरालाई सुनिश्चित गर्नुपर्दछ।

२१८. *महासन्धिको* बारेमा जनचेतना बढाउने तथा विश्व सम्पदालाई खतरामा पार्न सक्ने जोखिमहरूको बारेमा सर्वसाधारणलाई जानकारी प्रदान गर्ने उद्देश्य भएका कार्यक्रमको विकास गर्नमा सचिवालयले राज्य पक्षलाई सहयोग प्रदान गर्दछ। अन्तर्राष्ट्रिय सहायतामार्फत स्थलमै गरिने प्रवर्द्धनात्मक तथा शैक्षिक परियोजनाहरूको तयारी र कार्यान्वयन गर्ने सम्बन्धमा समितिले राज्य पक्षहरूलाई सल्लाह प्रदान गर्दछ। सल्लाहकार निकाय तथा राज्यका उपयुक्त निकायहरूलाई पनि त्यस्ता कार्यक्रमहरूका बारेमा सल्लाह सुझाव दिन आग्रह गरिन्छ।

शिक्षा

२१९. विश्व सम्पदा समितिले शैक्षिक सामग्री, गतिविधि तथा कार्यक्रमको विकासलाई प्रोत्साहन र सहयोग गर्दछ।

अन्तर्राष्ट्रिय सहायता

२२०. संभव भएसम्म विद्यालय, विश्वविद्यालय, संग्रहालय तथा अन्य स्थानीय एवं राष्ट्रिय शैक्षिक निकायहरूको सहभागितामा विश्व सम्पदासँग सम्बन्धित शैक्षिक कार्यक्रमहरूको विकास गर्न राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ।

*विश्व सम्पदा महासन्धिको* धारा २७.२

२२१. यूनेस्कोको शिक्षा क्षेत्र तथा अन्य साझेदारहरूसँग मिलेर सचिवालयले विश्वभरका माध्यमिक विद्यालयहरूमा प्रयोग गर्नका लागि “युवाहरूको हातमा विश्व सम्पदा” नामक विश्व सम्पदासम्बन्धी शैक्षिक सामग्रीको उत्पादन तथा प्रकाशन गर्दछ। यो सामग्री अन्य शैक्षिक तहका लागि पनि उपयोगी छ।

“युवाहरूको हातमा विश्व सम्पदा” http://whc.unesco.org/education/index.htm मा

उपलब्ध छ।

२२२. जनचेतना अभिवृद्धि तथा शैक्षिक गतिविधि वा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने प्रयोजनका लागि राज्य पक्षहरूले विश्व सम्पदा कोषबाट अन्तर्राष्ट्रिय सहायताको अनुरोध गर्न सक्दछन्।

## ७.  विश्व सम्पदा कोष तथा अन्तर्राष्ट्रिय सहायता

### ७.क  विश्व सम्पदा कोष

२२३. विश्व सम्पदा कोष यूनेस्कोको आर्थिक नियमावलीका प्रावधानसम्मत हुने गरी *महासन्धि*ले स्थापना गरेको एउटा कोष हो। *महासन्धि*मा आबद्ध राज्य पक्षहरूबाट प्राप्त हुने अनिवार्य तथा स्वैच्छिक (आर्थिक) योगदान तथा कोषको नियमावलीबमोजिम प्राप्त हुने अन्य स्रोत नै कोषका स्रोतहरू हुन् ।

*विश्व सम्पदा महासन्धि*को धारा १५

२२४. कोषका लागि प्रतिपादित आर्थिक नियमावलीहरू दस्तावेज WHC/7 मा समावेश गरिएका छन् जुन निम्न वेभ साइटमा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/financialregulations

### ७.ख  अन्य प्राविधिक तथा वित्तीय स्रोतको परिचालन तथा *विश्व सम्पदा महासन्धि*को सहयोगार्थ गरिने साझेदारीहरू

२२५. विश्व सम्पदा कोषलाई यथासंभव अन्य स्रोतबाट अर्न्तराष्ट्रिय सहायताको लागि प्राप्त अतिरिक्त कोष परिचालन गर्न प्रयोग गरिनुपर्छ ।

२२६. विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको लागि अन्तर्राष्ट्रिय सहायता अभियान तथा यूनेस्कोका अन्य परियोजनाको निमित्त विश्व सम्पदा कोषमा भएका (आर्थिक) योगदानहरूलाई *महासन्धि*को खण्ड ५ बमोजिम तथा अभियान वा परियोजना सञ्चालनका लागि स्थापित प्रारुपबमोजिम मात्र अन्तर्राष्ट्रिय सहायताको रुपमा स्वीकार गर्ने र प्रयोग गर्ने निर्णय समितिले गरेको छ ।

२२७. विश्व सम्पदा कोषमा जम्मा गर्नुपर्ने अनिवार्य आर्थिक योगदानका अतिरिक्त पनि *महासन्धि*लाई सहयोग उपलब्ध गराउन राज्य पक्षहरूलाई अनुरोध गरिन्छ। यस प्रकारको स्वैच्छिक सहयोग विश्व सम्पदा कोषमा अतिरिक्त आर्थिक योगदान प्रदान गरेर वा सम्पत्तिको लागि प्रत्यक्ष वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याएर गर्न सकिन्छ ।

*विश्व सम्पदा महासन्धि*को धारा १५(३)

२२८. यूनेस्कोले सञ्चालन गरेको र विश्व सम्पदाको संरक्षणका लागि लक्षित अन्तर्राष्ट्रिय अर्थ संकलन अभियानमा सहभागी हुन राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ ।

२२९. यस्ता अभियान तथा विश्व सम्पदा सम्पत्तिका लागि सञ्चालित यूनेस्को परियोजनाहरूमा योगदान पुऱ्याउन चाहने राज्य पक्षहरू तथा अन्यलाई त्यस प्रकारको योगदान विश्व सम्पदा कोषका माध्यमबाट गर्न अभिप्रेरित गरिन्छ ।

२३०. विश्व सम्पदा संरक्षणका प्रयासमा सघाउन अर्थ संकलन गर्ने उद्देश्य भएका राष्ट्रिय, सार्वजनिक तथा निजी प्रतिष्ठान वा संस्थाहरूको स्थापनालाई प्रवर्द्धन गर्न राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ ।

*विश्व सम्पदा महासन्धि*को धारा १७

२३१. विश्व सम्पदा संरक्षणको निमित्त वित्तीय एवं प्राविधिक स्रोतसाधनको परिचालनका लागि सचिवालयले सहयोग गर्दछ। यसको लागि विश्व सम्पदा समितिले जारी गरेको निर्णय एवं निर्देशिका तथा यूनेस्कोका नियमसम्मत हुने

गरी सचिवालयले सार्वजनिक एवं निजी संस्थाहरूसँग साझेदारीको विकास गर्दछ ।

२३२. सचिवालयले विश्व सम्पदा कोषको पक्षमा गरिने बाह्य अर्थ संकलन कार्य नियमन गर्नको लागि "निजी अतिरिक्त आर्थिक स्रोतहरूसँग यूनेस्कोले गर्ने सहयोगसम्बन्धी निर्देशिकाहरू" तथा "निजी कोष परिचालन गर्ने निर्देशिका तथा संभावित साझेदारहरूको छनोट गर्ने आधारहरू" लाई उद्धृत गर्नुपर्दछ । यी दस्तावेजहरू निम्न वेभ साइटमा उपलब्ध छन् : http://whc.unesco.org/en/privatefunds

## ७.ग अन्तर्राष्ट्रिय सहायता

२३३. *महासन्धि*ले राज्य पक्षको आफ्नो भूभागमा अवस्थित विश्व सम्पदा सूचीमा सूचीकृत भएका वा सूचीकृत हुने संभावना भएका उपयुक्त विश्व प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणको लागि राज्य पक्षहरूलाई अन्तर्राष्ट्रिय सहायता उपलब्ध गराउँदछ । राष्ट्रिय स्तरमा पर्याप्त स्रोतसाधन जुटाउन नसकेको अवस्थामा अन्तर्राष्ट्रिय सहायतालाई विश्व सम्पदा तथा संभाव्य सूचीमा रहेका सम्पत्तिको संरक्षण तथा व्यवस्थापनका लागि राष्ट्रिय स्तरका प्रयासहरूको परिपूरकको रुपमा हेरिनुपर्दछ ।

*विश्व सम्पदा महासन्धि*को धारा १३ (१ र २) तथा १९-२६ हेर्नुहोला ।

२३४. अन्तर्राष्ट्रिय सहायता मुख्यतया *विश्व सम्पदा महासन्धि*अन्तर्गत स्थापित विश्व सम्पदा कोषमार्फत उपलब्ध गराइन्छ । समितिले अन्तर्राष्ट्रिय सहायताका लागि चाहिने बजेटको निर्धारण प्रत्येक दुई दुई वर्षमा गर्दछ ।

*विश्व सम्पदा महासन्धि*को खण्ड VI

२३५. समितिले राज्य पक्षहरूको अनुरोधअनुरुप अन्तर्राष्ट्रिय सहायताको प्रकारका लागि समन्वय र विनियोजन गर्दछ । यस प्रकारका अन्तर्राष्ट्रिय सहायतालाई प्राथमिकताक्रममा संक्षिप्त रुपमा निम्न तालिकामा देखाइएको छ : :

निर्णय 30 COM 14A

(क) आपातकालीन सहायता,

(ख) तयारीको लागि सहायता,

(ग) संरक्षण तथा व्यवस्थापनका लागि सहायता (तालीम तथा अनुसन्धान, प्राविधिक सहायता तथा प्रवर्द्धन तथा शिक्षासम्बन्धी सहायतासमेत संलग्न हुने गरी)

## ७.घ अन्तर्राष्ट्रिय सहायताका सिद्धान्त र प्राथमिकताहरू

२३६. खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको लागि प्रदान गरिने अन्तर्राष्ट्रिय सहायतालाई प्राथमिकता दिइनेछ । खतरामा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको लागि गरिने सहायता सुनिश्चित गर्न विश्व सम्पदा कोषबाट हुने सहयोगको उल्लेख्य हिस्सा छुट्ट्याउने गरी समितिले निश्चित बजेटरेखा निर्धारण गरेको छ ।

*विश्व सम्पदा महासन्धि*को धारा १३(१)

२३७. विश्व सम्पदा कोषमा बुझाउनु पर्ने अनिवार्य वा स्वैच्छिक योगदान भुक्तानी गर्न बाँकि भएका राज्य पक्षहरू अन्तर्राष्ट्रिय सहायता प्राप्त गर्नका लागि योग्य हुने छैनन्, तर यो व्यवस्था आपातकालीन सहयोगको अनुरोधको लागि भने लागु

निर्णय 13 COM XII.34

हुँदैन ।

२३८. आफ्नो रणनीतिक उद्देश्यलाई सहयोग पुऱ्याउनको लागि समितिले क्षेत्रीय कार्यक्रमहरूले तय गरेका प्राथमिकताहरू अनुरुप हुने गरी अन्तर्राष्ट्रिय सहायता उपलब्ध गराउँदछ । यी कार्यक्रमहरूलाई आवधिक प्रतिवेदनपछिका गतिविधिका रुपमा अवलम्बन गरिन्छन् र आवधिक प्रतिवेदनमा पहिचान गरिएका राज्य पक्षको आवश्यकताको आधारमा समितिले नियमित रुपमा यिनीहरूको पुनरावलोकन गर्दछ (अध्याय ५ हेर्नुहोला) । निर्णय 26 COM 17.2, 26 COM 20 / 26 COM 25.3

२३९. माथि अनुच्छेद २३६-२३८ मा उल्लेख गरिएका प्राथमिकताका आतिरिक्त अन्तर्राष्ट्रिय सहायता प्रदान गर्नेसम्बन्धी समितिको निर्णयमा देहायका कुराहरूले पनि प्रभाव पार्दछ :

क) त्यस्तो सहायताले उत्प्रेरणादायी तथा बहुगुणित प्रभाव (catalytic and multiplier effect) पार्न सक्दछ ("बीज पूँजी") एवं अन्य स्रोतमार्फत वित्तीय तथा प्राविधिक सहयोगको प्रवर्द्धन गर्न सक्दछ,

ख) कस्तो किसिमको राज्य पक्षबाट अन्तर्राष्ट्रिय सहायता माग भएको छ: निर्णय 31 COM 18B

- अल्प विकसित मुलुक वा संयुक्त राष्ट्र संघीय आर्थिक सामाजिक परिषद्को विकास नीतिसम्बन्धी समितिले परिभाषित गरेबमोजिमको न्युन आययुक्त अर्थतन्त्र भएको देश,
- विश्व बैंकले परिभाषित गरेबमोजिमको निम्न मध्यम आय भएको देश,
- विकासोन्मुख सानो द्वीप राष्ट्र , वा
- द्वन्द्वपश्चातको अवस्थामा रहेको राज्य पक्ष;

ग) विश्व सम्पदा सम्पत्तिको लागि सुरक्षात्मक उपाय अपनाउनुपर्ने हतारो,

घ) उक्त क्रियाकलापप्रति सहयोग पाउने राज्य पक्षको कानूनी, प्रशासनिक र यदि सम्भव छ भने वित्तीय प्रतिबद्धता छ छैन,

ङ) समितिले निर्क्यौल गरेको रणनीतिक उद्देश्यलाई विस्तार गर्नमा उक्त क्रियाकलापले कस्तो प्रभाव पार्छ, *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद २६

च) प्रतिक्रियात्मक अनुगमन प्रक्रिया र/वा क्षेत्रीय आवधिक प्रतिवेदनको विश्लेषणको माध्यमबाट पहिचान गरिएको समस्यालाई उक्त क्रियाकलापले कुन हदसम्म सम्बोधन गर्दछ, निर्णय 20 COM XII

छ) वैज्ञानिक अनुसन्धानको सन्दर्भमा त्यस्ता क्रियाकलापहरूको उदाहरणीय मूल्य र कम खर्चिलो संरक्षण विधिको विकास

ज) क्रियाकलापको खर्च तथा आशातीत परिणाम, र

झ) विशेषज्ञहरूको तालीम तथा सर्वसाधारण दुवैको प्रयोजनका लागि शैक्षिक

महत्त्व भएको ।

२४०. सांस्कृतिक तथा प्राकृतिक सम्पदाका लागि आर्थिक स्रोत विनियोजन गर्दा सन्तुलन कायम गरिन्छ । यस प्रकारको सन्तुलनको पुनरावलोकन तथा यससम्बन्धी निर्णय समितिले नियमित रुपमा र विश्व सम्पदा समितिको अध्यक्षले हरेक द्विवर्षीय अवधिको अन्तिम ३ महिनामा गर्ने गर्दछ ।

कूल अन्तर्राष्ट्रिय सहयोग बजेटको ६५ प्रतिशत रकम सांस्कृतिक सम्पत्तिको लागि र बाँकी ३५ प्रतिशत रकम प्राकृतिक सम्पत्तिको लागि छुट्ट्याइएको छ ।

निर्णय 31 COM 18B

## ७.ङ. संक्षिप्त तालिका

२४१.

| अन्तर्राष्ट्रिय सहायताको प्रकार | उद्देश्य | प्रति अनुरोधबमोजिमको बजेट सीमा | आवेदन पेश गर्ने अन्तिम मिति | स्वीकृत गर्ने अधिकारी |
|---|---|---|---|---|
| आपातकालीन सहायता | गम्भीर क्षतिबाट प्रभावित वा आकस्मिक, अनपेक्षित घटनाक्रमले क्षतिग्रस्त वा क्षति हुने आसन्न जोखिममा रहेका *खतरामा रहेको विश्व सम्पदा सूची* तथा *विश्व सम्पदा सूची*मा सूचीकृत सम्पत्तिहरूले सामना गर्नुपर्ने निश्चित वा संभावित खतराहरूलाई सम्बोधन गर्नको लागि यस सहयोगको माग गर्न सकिन्छ । यस्ता घटनाक्रममा जमीनको स्खलन, व्यापक आगलागी, विस्फोट, बाढी, युद्धलगायत मानव सिर्जित विपद्हरू पर्दछन् । यस सहयोगले सडन, प्रदूषण वा क्षयको क्रमिक प्रक्रियाका कारणले हुने नोक्सानी वा ह्रासका सम्बन्धमा सरोकार राख्दैन । यसले स्पष्टतः विश्व सम्पदा सम्पत्तिको संरक्षणसम्बन्धी आपातकालीन अवस्थालाई सम्बोधन गर्दछ (निर्णय 28 COM 10B 2.c हेर्नुहोला) । आवश्यक परेको खण्डमा यो कुरा एउटै राज्य पक्षअन्तर्गत रहेका एकभन्दा बढी विश्व सम्पदा सम्पत्तिको लागि पनि उपलब्ध गराउन सकिन्छ (निर्णय 6 EXT.COM 15.2 हेर्नुहोला) । बजेटको उच्चतम् सीमा एउटा विश्व सम्पदा सम्पत्तिअनुरुप रहनेछ ।<br><br>यस्तो सहयोग निम्न कुराहरूको निमित्त माग गर्न सकिनेछ :<br><br>(१) सम्पत्तिको जतनका लागि आपातकालीन उपाय अवलम्बन गर्नु परेमा,<br><br>(२) सम्पत्तिको लागि आपातकालीन योजना बनाउनु परेमा, | ५००० अमेरिकी डलरसम्म<br><br>५००१ देखि ७५००० अमेरिकी डलरसम्म<br><br>७५००० अमेरिकी डलरभन्दा माथि । | कुनै पनि समय<br><br>कुनै पनि समय<br><br>१ फेब्रुवरी | विश्व सम्पदा केन्द्रको निर्देशक<br><br>समितिको अध्यक्ष<br><br>समिति |

| | | | | |
|---|---|---|---|---|
| तयारीका लागि सहायता | यस प्रकारको सहायता निम्न कुराहरूको निमित्त माग गर्न सकिनेछ:<br>(१) विश्व सम्पदा सूचीमा सूचीकृत गराउनका लागि उपयुक्त रहेका सम्पत्तिहरूको राष्ट्रिय संभाव्य सूची तयार गर्न वा त्यसलाई अद्यावधिक गर्न,<br>(२) एउटै भू-सांस्कृतिक क्षेत्र भित्रको राष्ट्रिय संभाव्य सूचीहरूको एकरुपीकरणको निमित्त बैठकहरू आयोजना गर्न,<br>(३) सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि मनोनयनको तयारी गर्न (यस अन्तर्गत समान किसिमका अन्य सम्पत्तिहरूसँगको तुलनात्मक विश्लेषणको तयारी पनि गर्नुपर्दछ (अनुसूची ५ को ३.ग हेर्नुहोला)) ।<br>(४) विश्व सम्पदा सम्पत्तिको लागि तालीम तथा अनुसन्धानसम्बन्धी सहायता एवं प्राविधिक सहयोगको अनुरोध तयार गर्ने ।<br>विश्व सम्पदा सूचीमा आफ्नो सम्पदाको प्रतिनिधित्व नभएका वा कम प्रतिनिधित्व भएका राज्य पक्षले गर्ने तयारीसम्बन्धी सहायताको अनुरोधलाई प्राथमिकता दिइनेछ । | ५०० अमेरिकी डलरसम्म<br><br>५००१ देखि ३०,००० अमेरिकी डलरसम्म | कुनै पनि समय<br><br>कुनै पनि समय | विश्व सम्पदा केन्द्रको निर्देशक<br><br>समितिको अध्यक्ष |
| संरक्षण तथा व्यवस्थापनका लागि सहायता<br>(तालीम तथा अनुसन्धानसम्बन्धी सहायता, प्राविधिक सहयोगसम्बन्धी सहायता तथा प्रवर्द्धन तथा शिक्षासम्बन्धी सहायतासमेत संलग्न हुने गरी) | यस्तो सहायता को अनुरोध निम्न कुराको लागि गर्न सकिन्छ :<br>(१) समूहगत तालीमलाई जोड दिँदै विश्व सम्पदाको पहिचान, अनुगमन, व्यवस्थापन तथा प्रस्तुतिको क्षेत्रमा रहेका सबै तहका कर्मचारी एवं विशेषज्ञहरूको तालीमका लागि,<br>(२) विश्व सम्पदा सम्पत्तिलाई लाभदायक वैज्ञानिक अनुसन्धानका लागि,<br>(३) विश्व सम्पदा सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा प्रस्तुतिसम्बन्धी वैज्ञानिक तथा प्राविधिक समस्याहरूको अध्ययनका लागि,<br>नोटः यूनेस्कोबाट प्रदान गरिने व्यक्तिगत तालीम कोर्ससम्बन्धी सहयोगको लागि गरिने अनुरोध सचिवालयबाट उपलब्ध हुने "छात्रवृत्तिका लागि निवेदन"को मानक फाराम भरी पेश गर्नुपर्नेछ ।<br>(४) खतरामा रहेको विश्व सम्पदा सूची तथा विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा प्रस्तुतिको निमित्त विज्ञ, प्राविधिक तथा सिपालु श्रमिकको व्यवस्था गर्नका लागि,<br>(५) खतरामा रहेको विश्व सम्पदा सूची तथा विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको संरक्षण, | नं. (१) देखि (६) अन्तर्गतको अनुरोधको लागि मात्र:<br>५,००० अमेरिकी डलरसम्म<br>५००१ देखि ३०,००० अमेरिकी डलरसम्म<br>३०,००० अमेरिकी डलरभन्दा माथि | नं. (१) देखि (६) अन्तर्गतको अनुरोधको लागि मात्र:<br>कुनै पनि समय<br>कुनै पनि समय<br>१ फेब्रुवरी | नं. (१) देखि (६) अन्तर्गतको अनुरोधको लागि मात्र:<br>विश्व सम्पदा केन्द्रको निर्देशक<br>समितिको अध्यक्ष<br>समिति |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन तथा प्रस्तुतिको लागि राज्य पक्षलाई आवश्यक पर्ने उपकरणको आपूर्तिका लागि,<br><br>(६) खतरामा रहेको विश्व सम्पदा सूची तथा विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा प्रस्तुतिसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्नको लागि दीर्घकालमा भुक्तानी गर्न सकिने गरी कम ब्याजमा वा बिना ब्याजमा कर्जा उपलब्ध गराउनका लागि,<br><br>(७) क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा कार्यक्रम, गतिविधि तथा बैठकहरू सञ्चालन गर्नका लागि, जसले :<br>- सम्बन्धित क्षेत्रभित्रका देशहरूमा *विश्व सम्पदा महासन्धि*को बारेमा चासो सिर्जना गर्नमा सहयोग गर्न सक्दछ,<br>- *विश्व सम्पदा महासन्धि*को प्रयोगमा सक्रिय सहभागिताको अभिवृद्धि गर्न *महासन्धि*को कार्यान्वयनसम्बन्धी विभिन्न मुद्दाहरूको विषयमा व्यापक जनचेतना सिर्जना गर्न सक्दछ,<br>- अनुभव आदानप्रदानको माध्यम हुन सक्दछ,<br>- विश्व सम्पदा संरक्षणको लाभका लागि खासगरी युवा वर्गको सहभागिता हुने भएमा सहशिक्षा, सूचना तथा प्रवर्द्धनात्मक क्रियाकलापहरूलाई उत्प्रेरित गर्न सक्दछ | नं. (७) र (८) अन्तर्गतको अनुरोधको लागि मात्रः<br><br>५,००० अमेरिकी डलरसम्म<br><br>५००१ देखि १०,००० अमेरिकी डलरसम्म | नं. (७) र (८) अन्तर्गतको अनुरोधको लागि मात्रः<br><br>कुनै पनि समय<br><br>कुनै पनि समय | नं. (७) र (८) अन्तर्गतको अनुरोधको लागि मात्रः<br><br>विश्व सम्पदा केन्द्रको निर्देशक<br><br>समितिको अध्यक्ष |
| | (८) राष्ट्रिय तहमाः<br>- खासगरी युवा वर्गको बीचमा *विश्व सम्पदा महासन्धि*लाई अझ बढी परिचित गराउन वा *महासन्धि*को धारा १७ बमोजिम विश्व सम्पदासम्बन्धी राष्ट्रिय संगठन निर्माण गर्न खास बैठकहरूको आयोजना गर्नका लागि,<br>- खासगरी युवाहरूको माझमा कुनै निश्चित सम्पत्तिको लागि नभई *महासन्धि* एवं विश्व सम्पदा सूचीको सामान्य प्रवर्द्धनको लागि शैक्षिक एवं सूचना सामग्रीहरू (जस्तै ब्रोसर, प्रकाशन, प्रदर्शनी, चलचित्र, मल्टिमिडिया सामग्रीहरू) को तयारी एवं छलफल गर्नका लागि । | | | |

## ७.च कार्यविधि एवं ढाँचा

२४२. अन्तर्राष्ट्रिय सहायताको लागि अनुरोध पेश गर्ने सबै राज्य पक्षहरूलाई अनुरोधसम्बन्धी अवधारणा बनाउने, योजना बनाउने र त्यसको विस्तार गर्ने क्रममा सचिवालय एवं सल्लाहकार निकायसँग परामर्श गर्न अभिप्रेरित गरिन्छ ।

राज्य पक्षहरूको कामलाई सहज बनाउनको लागि, अनुरोध भइआएको खण्डमा, अन्तर्राष्ट्रिय सहायताको लागि गरिएका अनुरोधहरूको सफल नमूनाहरू उपलब्ध गराउन सकिन्छ ।

२४३. अन्तर्राष्ट्रिय सहायताको लागि आवेदन फाराम अनुसूची ८ मा दिइएको छ र आवेदनको किसिम, रकम, पेश गर्ने अन्तिम मिति एवं स्वीकृत गर्ने जिम्मेवार अधिकारीहरूसम्बन्धी संक्षिप्त तालिका अध्याय ७.ङ.मा दिइएको छ ।

२४४. यूनेस्कोको लागि राष्ट्रिय आयोग, यूनेस्कोको लागि राज्य पक्षको तर्फबाट स्थायी प्रतिनिधि र/वा उपयुक्त सरकारी वा विभागीय अधिकारीद्वारा हस्ताक्षरित अङ्ग्रेजी वा फ्रेन्च भाषामा लेखिएको आवेदन देहायको ठेगानामा पठाउन सकिनेछः

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फौँतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
फोन ३३ (०) १ ४५६८ १२७६
फ्याक्स ३३ (०) १ ४५६८ ५५७०
इमेलः wh-intassistance@unesco.org

२४५. अन्तर्राष्ट्रिय सहायतासम्बन्धी आवेदन राज्य पक्षले इलेक्ट्रोनिक पत्राचारमार्फत पनि पेश गर्न सक्नेछ तर त्यसको साथमा आधिकारिक रुपमा हस्ताक्षर गरिएको प्रतिसमेत संलग्न हुनुपर्दछ वा विश्व सम्पदा केन्द्रको http://whc.unesco.org वेभ साइटमा दिइएको ढाँचामा अनलाइन भरी पेश गर्न सकिनेछ ।

२४६. यस आवेदन फाराममा माग गरिएका सबै सूचनाहरू भर्नु आवश्यक हुन्छ । उपयुक्त वा आवश्यक भएमा आवेदनका साथ अतिरिक्त सूचना, प्रतिवेदन आदि समेत पेश गर्न सकिनेछ ।

## ७.छ अन्तर्राष्ट्रिय सहायतासम्बन्धी आवेदनको मूल्याङ्कन तथा स्वीकृति

२४७. अन्तर्राष्ट्रिय सहायताका लागि राज्य पक्षले पेश गर्ने अनुरोध रित पुगेको खण्डमा सचिवालयले सल्लाहकार निकायहरूको सहयोग लिई ५००० अमेरिकी डलरभन्दा माथिको सहयोगको लागि प्राप्त अनुरोधहरूको प्रक्रिया निम्न तरिकाले यथासमयमा अघि बढाउनेछ ।

२४८. ५००० अमेरिकी डलरसम्म वा सोबराबरको सहयोगको लागि भएको अनुरोधबाहेक सांस्कृतिक सम्पदाका सम्बन्धमा परेका अन्य सबै अन्तर्राष्ट्रिय सहायताको अनुरोधलाई इकोमोस तथा इक्रोमले मूल्याङ्कन गर्दछ । निर्णय 13 COM XII.34 निर्णय 13 COM 18.B

२४९. ५००० अमेरिकी डलरसम्म वा सोबराबरको सहयोगको लागि भएको अनुरोधबाहेक मिश्रित सम्पदाका सम्बन्धमा परेका अन्य सबै अन्तर्राष्ट्रिय सहायताको अनुरोधलाई इकोमोस, इक्रोम र आइयूसीएनले मूल्याङ्कन गर्दछ । निर्णय 13 COM 18.B

२५०. ५००० अमेरिकी डलरसम्म वा सोबराबरको सहयोगको लागि भएको अनुरोधबाहेक प्राकृतिक सम्पदाका सम्बन्धमा परेका अन्य सबै अन्तर्राष्ट्रिय निर्णय 13 COM 18.B

सहायताको अनुरोधलाई आइयूसीएनले मूल्याङ्कन गर्दछ ।

२५१. मूल्याङ्कनका लागि सल्लाहकार निकायहरूले प्रयोग गर्ने आधारहरू अनुसूची ९ मा उल्लेख गरिएका छन् । निर्णय 13 COM 18.B

२५२. ७५००० अमेरिकी डलरसम्म वा सोबराबरको आपातकालीन सहायताका लागि भएको अनुरोधबाहेक ५००० अमेरिकी डलरभन्दा बढीको अन्तर्राष्ट्रिय सहायताको अनुरोधहरूलाई विश्व सम्पदा समितिको क्षेत्रीय एकाइ तथा सल्लाहकार निकायको प्रतिनिधिगण र संभव भएमा अध्यक्ष, वा उपाध्यक्ष सम्मिलित समूहले मूल्याङ्कन गर्दछ, जसको बैठक अध्यक्ष र/वा समितिको कारवाहीभन्दा पहिले कम्तिमा वर्षको दुईपटक बस्दछ । आवेदनलाई अध्यक्षको स्वीकृतिको लागि जुनसुकै समयमा पनि सचिवालयसमक्ष पेश गर्न सकिन्छ जसलाई अध्यक्षले उचित मूल्याङ्कनपश्चात स्वीकृति दिनेछ । ७५००० अमेरिकी डलरसम्म वा सोबराबरको आपातकालीन सहायताका लागि भएको अनुरोधलाई सल्लाहकार निकायको राय लिएर प्रतिनिधिगणको मूल्याङ्कनबिना नै विश्व सम्पदा समितिको अध्यक्षको स्वीकृतिका लागि पेश गर्न सकिनेछ । निर्णय 13 COM 18.B

२५३. अध्यक्षको आफ्नै देशले पेश गरेको अनुरोध स्वीकृत गर्ने अधिकार अध्यक्षलाई दिइएको छैन । यस कुराको जाँचबुझ समितिले गर्दछ ।

२५४. समितिको स्वीकृतिका लागि प्राप्त हुने सबै अनुरोधहरू फेब्रुवरी १ वा त्यसभन्दा अगावै सचिवालयमा प्राप्त भइसक्नुपर्दछ । ती अनुरोधहरू समितिको आउँदो सत्रमा समितिसमक्ष पेश गरिन्छ ।

## ७.ज करारीय व्यवस्था

२५५. पहिले नै स्वीकृत गरिएको अनुरोधमा उल्लेख भएको कार्ययोजना तथा बजेट विनियोजनअनुरुप स्वीकृत गरिएको अन्तर्राष्ट्रिय सहायताको कार्यान्वयनका लागि यूनेस्को तथा सम्बद्ध राज्य पक्ष वा त्यसको प्रतिनिधिबीच यूनेस्कोको नियमसम्मत हुने गरी सम्झौता गरिन्छ ।

## ७.झ अन्तर्राष्ट्रिय सहायताको मूल्याङ्कन तथा अनुगमन

२५६. अन्तर्राष्ट्रिय सहायताका लागि हुने अनुरोधको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन कार्य गतिविधिहरू सम्पन्न भएको तीन महिनाभित्र गरिन्छ । सल्लाहकार निकायहरूसँगको सहकार्यमा सचिवालयले यस्ता मूल्याङ्कनका परिणामहरूको संकलन र संग्रह गर्दछ र यसलाई समितिले नियमित रुपमा परीक्षण गर्दछ ।

२५७. अन्तर्राष्ट्रिय सहायताको प्रभावकारिताको मूल्याङ्कन गर्न तथा यसका प्राथमिकताहरूलाई पुनर्परिभाषित गर्नको लागि समितिले अन्तर्राष्ट्रिय सहायताको कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमनहरूको पुनरावलोकन गर्दछ ।

## ८. विश्व सम्पदा चिह्न

### ८.क प्रस्तावना

२५८. समितिको दोश्रो सत्र (सन् १९७८, वासिङ्गटन) ले विश्व सम्पदा चिह्नलाई पारित गरेको थियो, जसको डिजाइन माइकल वलीफले गरेका थिए। यो चिह्न सांस्कृतिक तथा प्राकृतिक सम्पदाबीचको अन्तरनिर्भरताको प्रतीक हो : घनिष्ठतापूर्वक जोडिएका वर्ग र वृत्तमा बीचको वर्ग मानवनिर्मित स्वरुप हो भने वृत्तले प्रकृतिको प्रतिनिधित्व गर्दछ। चिह्न विश्व जस्तै गोलो छ र साथै यो संरक्षणको प्रतीक पनि हो। यो *महासन्धि*को प्रतीक हो, यसले राज्य पक्षहरूद्वारा गरिने *महासन्धि*को पालना गर्ने कुरालाई जनाउँछ र विश्व सम्पदा सूचीमा सूचीकृत गरिएका सम्पत्तिहरूलाई चिनाउनमा मद्दत गर्दछ। यो चिह्न *महासन्धि*का बारेमा सार्वजनिक सूचनासँग सम्बन्धित छ र यो *महासन्धि*को विश्वसनीयता र प्रतिष्ठाको औपचारिक स्वीकारोक्ती पनि हो। सबभन्दा महत्त्वपूर्ण कुरा यसले विश्वव्यापी महत्त्वको प्रतिनिधित्व गर्दछ, जसको पक्षमा *महासन्धि* लागिपरेको छ।

२५९. प्रयोग, प्राविधिक संभावना तथा कलात्मक पक्षको आधारमा कलाकारद्वारा प्रस्तावित चिह्नलाई कुनै पनि रङ वा नापमा प्रयोग गर्न सकिने निर्णय समितिले गऱ्यो। चिह्नमा जहिले पनि "WORLD HERITAGE . PATRIMOINE MONDIAL" भन्ने वाक्य हुनुपर्दछ। PATRIMONIO MUNDIAL भन्ने शब्दले ओगटेको स्थानमा त्यस्तो चिह्न प्रयोग हुने देशको राष्ट्रिय भाषामा अनुवाद गरी प्रयोग गर्न सकिनेछ।

२६०. चिह्नको अनुचित प्रयोग रोकी यसलाई सर्वत्र देखिने-देखाइने कुराबाट हुने लाभलाई सुनिश्चित गर्नका लागि, समितिको २२ औं सत्र (क्योटो, सन् १९९८) ले तलका अनुच्छेदहरूमा उल्लेख भएबमोजिमको "विश्व सम्पदा चिह्न प्रयोगका लागि निर्देशिका तथा सिद्धान्तहरू" पारित गऱ्यो।

२६१. चिह्नको सम्बन्धमा *महासन्धि*मा केही उल्लेख नभए तापनि, सन् १९७८ मा पारित भए पश्चात, *महासन्धि*ले संरक्षण गरेका तथा विश्व सम्पदा सूचीमा सूचीकृत गरिएका सम्पत्तिहरूको पहिचान गर्नको लागि समितिले यसको प्रयोगलाई प्रोत्साहन दिँदै आएको छ ।

२६२. विश्व सम्पदा चिह्नको प्रयोगलाई निर्धारण गर्ने तथा यसलाई कसरी प्रयोग गर्ने भन्नेसम्बन्धी नीति निर्देशन दिने जिम्मेवारी विश्व सम्पदा समितिमा निहित छ ।

२६३. समितिको २६ औं सत्रबाट (बुढापेस्ट, सन् २००२) माग भएबमोजिम, विश्व सम्पदा चिह्न, "विश्व सम्पदा"को नाम तथा तिनका व्युत्पत्ति (derivatives) हरूलाई अहिले औद्योगिक सम्पत्तिको संरक्षणका लागि पेरिस *महासन्धि*को धारा ६ अन्तर्गत दर्ता गरिँदैछ र यसर्थ तिनीहरू संरक्षित भएका छन् । निर्णय 26 COM 15

२६४. (विश्व सम्पदा) चिह्नमा आर्थिक उपार्जन गर्ने संभावना पनि छ, जसलाई त्यससँग सम्बन्धित सामानहरूको बजार मूल्य अभिवृद्धि गर्न पनि प्रयोग गर्न सकिन्छ । *महासन्धि*को उद्देश्य विस्तार गर्नका लागि र विश्वभरि *महासन्धि*को ज्ञानलाई फैलाउनमा गरिने चिह्नको प्रयोग तथा त्यसको गलत, अनुपयुक्त तथा अनाधिकृत व्यापारिक वा अन्य प्रयोजनका लागि गरिने दुरुपयोगका बीचमा सन्तुलन कायम गर्नु आवश्यक छ ।

२६५. चिह्न प्रयोगको निर्देशिका र सिद्धान्त तथा गुणस्तर नियन्त्रणका प्रारुपहरू प्रवर्द्धकीय कार्यहरूमा हुने सहकार्यको लागि अवरोध बन्नु हुँदैन । चिह्न प्रयोगका सम्बन्धमा पुनरावलोकन तथा निर्णय गर्नका लागि जिम्मेवार अधिकारीहरूका लागि निर्णय गर्ने आधारको आवश्यकता पर्दछ ।

## ८.ख. प्रयुक्तता

२६६. यहाँ प्रस्तावित निर्देशिका तथा सिद्धान्तले तलका प्रयोगकर्ताहरूले गर्ने सबै प्रस्तावित प्रयोगलाई समेट्दछ

क. विश्व सम्पदा केन्द्र;

ख. यूनेस्कोको प्रकाशन कार्यालय तथा अन्य यूनेस्को कार्यालयहरू;

ग. प्रत्येक राज्य पक्षहरूमा *महासन्धि* कार्यान्वयन गर्नका लागि जिम्मेवार एजेन्सी वा राष्ट्रिय आयोगहरू;

घ. विश्व सम्पदा सम्पत्तिहरू;

ङ. विशेषगरी मूलतः व्यापारिक उद्देश्यका लागि सञ्चालित अन्य करारीय पक्षहरू ।

## ८.ग राज्य पक्षहरूका जिम्मेवारीहरू

२६७. *महासन्धि*मा आबद्ध राज्य पक्षहरूले आफ्नो देशका कुनै पनि समूहद्वारा वा समितिले स्पष्टतः मान्यता नदिएको कुनै पनि उद्देश्यका निम्ति चिह्नको प्रयोग गर्न रोक लगाउनका लागि सबै किसिमका उपायहरू अपनाउनुपर्छ । (यस सन्दर्भमा) राज्य पक्षहरूलाई राष्ट्रिय नियमकानूनका साथै ट्रेड मार्क कानूनको

पनि पूर्ण प्रयोग गर्न प्रोत्साहित गरिन्छ ।

## ८.घ विश्व सम्पदा चिह्नको उपयुक्त प्रयोगमा अभिवृद्धि गर्ने

२६८. विश्व सम्पदा सूचीमा सूचीकृत भएका सम्पत्तिहरूमा यूनेस्कोको लोगो तथा ( विश्व सम्पदा) चिह्न संयुक्त रुपमा अङ्कित गर्नुपर्दछ, तथापि त्यस्ता चिह्नहरू राख्दा सम्बन्धित सम्पत्तिको शोभालाई बिगार्ने गरी राखिनु हुँदैन ।

विश्व सम्पदा सूचीमा सम्पत्ति सूचीकृत भएको स्मृतिमा प्लाकको निर्माण

२६९. विश्व सम्पदा सूचीमा सम्पत्ति सूचीकृत भइसकेपछि, राज्य पक्षले सूचीकरण भएको स्मृतिमा अनुकूल समय हेरी प्लाकलाई प्रतिस्थापित गर्नुपर्दछ । यस्तो प्लाक सम्बन्धित देशको सर्वसाधारण र विदेशी पर्यटकलाई त्यस सम्पदामा अन्तराष्ट्रिय समुदायले अङ्गीकार गरेको विशेष महत्त्व निहित छ भन्ने कुराको जानकारी गराउनका लागि डिजाइन गरिन्छ । अर्को शब्दमा, त्यस्तो सम्पत्ति अनुपम हुनुका साथै कुनै एक देशको लागि मात्र नभई सम्पूर्ण विश्वको लागि नै रुचिको विषय हुन पुगेको कुरा झल्किन्छ । तथापि यस्ता प्लाकहरूका थप उपयोगहरू छन् - सर्वसाधारणलाई *विश्व सम्पदा महासन्धि*को विषयमा जानकारी गराउनु वा कम्तिमा विश्व सम्पदाको अवधारणा तथा विश्व सम्पदा सूचीको विषयमा जानकारी गराउनु ।

२७०. **त्यस्ता प्लाकको निर्माणका लागि समितिले निम्नलिखित निर्देशिकाहरू प्रस्तुत गरेको छ :**

क) आगन्तुकहरूले सजिलै देख्ने गरी र सम्पत्तिलाई बिरुप नगर्ने गरी प्लाकलाई राखिनुपर्दछ;

ख) प्लाकमा विश्व सम्पदा चिह्न राखिनुपर्दछ;

ग) प्लाकको लेखमा सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको विषयमा उल्लेख हुनुपर्छ; यस अर्थमा यहाँ सम्पत्तिको अनुपम विशेषताको बारेमा संक्षिप्त परिचय दिनु उपयोगी हुन सक्छ । राज्य पक्षले चाहेमा विश्व सम्पदासम्बन्धी विभिन्न प्रकाशनहरूमा वा विश्व सम्पदासम्बन्धी प्रदर्शनीहरूमा सचिवालयवाट प्राप्त गर्न सकिने विवरणहरूलाई प्रयोग गर्न सक्छन्;

घ) त्यस्तो लेखले *विश्व सम्पदा महासन्धि* तथा खासगरी विश्व सम्पदा सूची तथा त्यसमा सूचीकृत भएर अन्तराष्ट्रिय मान्यता प्राप्त गरेको कुराको साभार लिनुपर्दछ (तथापि उक्त सम्पत्तिलाई समितिको कुन सत्रमा सूचीकृत गरिएको हो भन्ने कुरा उल्लेख गर्नुपर्ने आवश्यकता छैन); धेरै विदेशी आगन्तुकहरू आउन सक्ने सम्पत्तिका लागि लेखलाई विभिन्न भाषाहरूमा तयार गर्नु उपयुक्त हुन सक्छ ।

२७१. उदहारणको लागि समितिले निम्न लेखलाई प्रस्ताव गरेको छ :

"(सम्पत्तिको नाम) लाई *विश्व संस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि*अन्तर्गतको विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ । यस सूचीमा सूचीकरण गरिनुले सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिमा अनुपम विश्वव्यापी महत्त्व रहेको कुरालाई सुनिश्चित गर्दछ, जसको संरक्षण सम्पूर्ण

मानवजातिको लाभको लागि गरिनुपर्छ ।"

२७२. त्यसपश्चात लेखमा सम्बन्धित सम्पत्तिको संक्षिप्त वर्णन राख्न सकिन्छ ।

२७३. यसको अतिरिक्त, राष्ट्रिय अधिकारीले पनि चिह्नको विस्तृत प्रयोग गर्नका लागि विश्व सम्पदा सम्पत्तिहरूलाई प्रोत्साहन दिनुपर्दछ । जस्तै : तिनका लेटरहेड, पर्चा तथा कर्मचारीको पोशाकहरूमा ।

२७४. *विश्व सम्पदा महासन्धि* तथा विश्व सम्पदा सम्पत्तिसम्बन्धी सूचना सामग्री बनाउने अधिकार दिइएको तेश्रो पक्षले चिह्नलाई स्पष्ट देखिने गरी राख्नुपर्दछ । तिनीहरूले निश्चित वस्तुको लागि भिन्दै चिह्न वा लोगो बनाउनु हुँदैन ।

### ८.ङ विश्व सम्पदा चिह्न प्रयोगका सिद्धान्तहरू

२७५. (विश्व सम्पदा) चिह्नको प्रयोगको सम्बन्धमा निर्णय गर्दा जिम्मेवार अधिकारीहरूलाई आइन्दा निम्न बमोजिमको सिद्धान्तहरू प्रयोग गर्न निवेदन गरिन्छ :

क) *महासन्धि*को प्रवर्द्धन गर्नका लागि प्राविधिक र कानूनी हिसाबले संभव भएसम्म स्वीकृत भइसकेका वा अवलम्बन भइसकेका *महासन्धि*सँग तात्त्विक रुपमा आबद्ध सबै परियोजनाका लागि चिह्नको प्रयोग गरिनुपर्छ ।

ख) चिह्न प्रयोगलाई स्वीकृत गर्ने निर्णय यससँग सम्बन्धित वस्तुको बजारमा ल्याइने परिमाण वा त्यसबाट हुने आशातीत आर्थिक लाभमाथि नभई वस्तुको गुणस्तर तथा विषयवस्तुमाथि आधारित रहनुपर्दछ । चिह्न प्रयोगको स्वीकृतिको मुख्य आधार भनेको विश्व सम्पदाका सिद्धान्त तथा मान्यतासँग सम्बद्ध प्रस्तावित उत्पादनको शैक्षिक, वैज्ञानिक, सांस्कृतिक वा कलात्मक महत्त्व नै हुनुपर्दछ । कप, टि–सर्ट, पिन तथा अन्य पर्यटकीय स्मारिकाजस्ता न्यून वा शुन्य शैक्षिक महत्त्व भएका उत्पादनहरूमा नियमित हिसाबले चिह्न प्रयोगको लागि स्वीकृति दिइनु हुँदैन । समितिका बैठकहरू वा प्लाकको अनावरण गरिने समारोहहरू जस्ता विशेष अवसरहरूमा यस नीतिको अपवादलाई स्थान दिन सकिन्छ ।

ग) चिह्न प्रयोगलाई आधिकारिक मान्यता दिने कुनै पनि निर्णय पूर्ण रुपमा द्विअर्थीरहित तथा प्रत्यक्ष एवं अर्थपूर्ण रुपमा अभिव्यक्त *विश्व सम्पदा महासन्धि*का उद्देश्य तथा मान्यतासम्मत हुनुपर्दछ ।

घ) यी सिद्धान्तहरूबमोजिम अधिकार दिइएको अवस्थामा बाहेक व्यापारिक निकायहरूले आफ्नो उत्पादनमा विश्व सम्पदाको सहयोगको लागि भनी प्रत्यक्ष रुपमा चिह्नको प्रयोग गर्ने कुरालाई नाजायज ठानिनेछ । तथापि कुनै पनि व्यक्ति, संस्था, वा कम्पनीलाई विश्व सम्पदा सम्पत्तिहरूसँग सम्बन्धित उपयुक्त प्रकाशन वा उत्पादन गर्न सक्ने कुरालाई समितिले मान्यता दिएको छ तर विश्व सम्पदा चिह्नअन्तर्गत त्यसो गर्ने औपचारिक विशेषाधिकार समितिलाई मात्र हुनेछ जसले यस कुराको अभ्यास निर्देशिका तथा सिद्धान्तमा भएको व्यवस्थाबमोजिम गर्नेछ ।

ङ) अन्य करारीय पक्षहरूलाई चिह्न प्रयोग गर्न दिने अधिकार सामान्यतया त्यस्तो प्रस्तावित प्रयोगले विश्व सम्पदा सम्पत्तिहरूलाई प्रत्यक्ष रुपमा सम्बोधन गर्ने खण्डमा मात्र दिइनुपर्छ । त्यस्तो प्रयोगलाई सम्बन्धित देशका

राष्ट्रिय अधिकारीहरूले स्वीकृति दिइसकेपछि मात्रै मान्यता प्रदान गर्न सकिन्छ ।

च) वैज्ञानिक विषय वा संरक्षणका विधिहरूमाथिको साधारण गोष्ठी र/वा कार्यशालाजस्ता कुनै निश्चित विश्व सम्पदा सम्पत्ति संलग्न नभएको वा तिनीहरू प्रधान विषय नभएको स्थितिमा यस्ता निर्देशिका तथा सिद्धान्तबमोजिम स्पष्ट स्वीकृति लिएर मात्र (चिह्न) प्रयोगको स्वीकृति दिन सकिन्छ। त्यस्तो प्रयोगको लागि गरिने निवेदनमा प्रस्तावित प्रयोगले *महासन्धि*को कामलाई कसरी अभिवृद्धि गर्न सक्छ भन्ने कुरा पनि संलग्न गरिनुपर्छ ।

छ) विशेष परिस्थितिमा तथा सबै वा कुनै विशेष विश्व सम्पदा सम्पत्तिलाई स्पष्ट लाभ हुने कुरा दर्शाउन सकेको खण्डमा बाहेक सामान्यतया व्यापारिक उद्देश्यका लागि सञ्चालित ट्राभल एजेन्सी, हवाइसेवा, वा कुनै पनि प्रकारका व्यवसायलाई चिह्न प्रयोगको स्वीकृति दिइनु हुँदैन। त्यस्तो प्रयोगको निवेदनको लागि यी निर्देशिका तथा सिद्धान्तबमोजिमको स्वीकृति तथा सम्बन्धित देशका राष्ट्रिय अधिकारीहरूको सहमति आवश्यक पर्दछ ।

सचिवालयले ट्राभल एजेन्सी वा अन्य त्यस्तै कम्पनीहरूवाट चिह्नको प्रयोगको बदलामा वा आर्थिक पारिश्रमिकको नाममा कुनै पनि विज्ञापन, यात्रा, वा अन्य प्रवर्द्धकीय लाभ लिनु हुँदैन ।

ज) कुनै आर्थिक लाभ हुने देखिएमा विश्व सम्पदा कोषले त्यस्तो लाभको न्यायोचित अंश प्राप्त गरेको कुरालाई सुनिश्चित गर्दै परियोजनाको सञ्चालनबारे तथा कोषको आयको प्रबन्धबारे भएको सहमति संलग्न रहेको करार वा अन्य सम्झौतालाई सचिवालयले टुङ्गो लगाउनुपर्दछ । व्यापारिक प्रयोगजन्य सबै अवस्थामा, सचिवालय वा अन्य अनुगमनकर्ताले आवश्यकताअनुसार कुनै पहलका निम्ति लगाएको कर्मचारी समय तथा नियुक्त गरेको कर्मचारीसम्बद्ध न्यूनतमभन्दा माथिका कुनै पनि खर्च चिह्न प्रयोगको अधिकारका लागि निवेदन पेश गर्ने पक्षले नै बेहोर्नुपर्दछ ।

आफ्ना सम्पत्तिहरू वा विश्व सम्पदा कोषले आर्थिक लाभको न्यायोचित अंश पाउँछ भन्ने कुरालाई सुनिश्चित गर्न र परियोजनाको सञ्चालनबारे र कुनै पनि लाभको वितरणबारे गरिने सहमतिलाई अभिलिखित गर्न राष्ट्रिय अधिकारीहरूलाई पनि आह्वान गरिन्छ ।

झ) यदि सचिवालयले कुनै वस्तुको वितरणलाई आवश्यक ठानेको खण्डमा त्यस वस्तुको उत्पादनका लागि प्रायोजकहरूको आवश्यकता भएमा कम्तिमा साझेदार वा साझेदारहरूको छनोट "निजी अतिरिक्त आर्थिक स्रोतहरूसँग यूनेस्कोले गर्ने सहयोगसम्बन्धी निर्देशिकाहरू" तथा "निजी कोष परिचालन गर्ने निर्देशिका तथा संभावित साझेदारहरूको छनोट गर्ने आधारहरू" तथा समितिले तोकेको कुनै अन्य आर्थिक उपार्जनसम्बन्धी निर्देशिकासम्मत हुनुपर्दछ । त्यस्ता सामग्रीहरूको आवश्यकताको बारेमा लिखित स्पष्टीकरण तथा औचित्य प्रस्तुत गर्नुपर्दछ जसका लागि समितिले निर्धारण

"निजी अतिरिक्त आर्थिक स्रोतहरूसँग यूनेस्कोले गर्ने सहयोगसम्बन्धी निर्देशिकाहरू" (निर्णय 149 EX/Dec. 7.5 को अनुसूची) र "निजी कोष परिचालन गर्ने निर्देशिका र संभावित साझेदारहरूको छनोट गर्ने आधारहरू" (निर्णय 156

गरेबमोजिमको स्वीकृति चाहिन्छ । EX/Dec. 9.4 को अनुसूची)

## ८.च विश्व सम्पदा चिह्न प्रयोगको अधिकार प्रदान गर्ने कार्यविधि

राष्ट्रिय अधिकारीहरूको साधारण सम्झौता

२७६. राष्ट्रिय वा अन्तर्राष्ट्रिय परियोजनाअन्तर्गत एकै राष्ट्रिय भूभागमा अवस्थित विश्व सम्पदा सम्पत्तिहरू मात्र संलग्न रहेको खण्डमा राष्ट्रिय अधिकारीहरूले चिह्न प्रयोगको अधिकार कुनै एक राष्ट्रिय निकायलाई दिन सक्दछ। राष्ट्रिय अधिकारीको निर्णय निर्देशिका तथा सिद्धान्तहरूबाट निर्दिष्ट हुनुपर्दछ ।

२७७. चिह्न प्रयोग कार्यको व्यवस्थापन गर्ने अधिकारीहरूको नाम तथा ठेगाना उपलब्ध गराउन राज्य पक्षहरूलाई आह्वान गरिन्छ ।

१४ अप्रिल १९९९ को सूचना पत्र

http://whc.unesco.org/circs/circ99-4e.pdf

विषयवस्तुको गुणस्तर नियन्त्रण गर्नुपर्नेसम्बन्धी सम्झौता

२७८. चिह्न प्रयोगको अधिकारका लागि पेश गरिने अन्य कुनै निवेदनले निम्न कार्यविधि अपनाउनुपर्छ :

क) चिह्नको प्रयोगको उद्देश्य, त्यसको अवधि तथा भूभागीय मान्यता दर्शाउँदै विश्व सम्पदा केन्द्रको निर्देशकलाई सम्बोधन गर्दै पेश गरिएको निवेदन ।

ख) विश्व सम्पदा केन्द्रको निर्देशकलाई निर्देशिका तथा सिद्धान्तहरूको आधारमा चिह्नको प्रयोग गर्न दिने अधिकार हुन्छ । निर्देशिका तथा सिद्धान्तहरूले सम्बोधन नगरेका वा पर्याप्त रुपमा सम्बोधन नगरेका विषयहरूको हकमा निर्देशकले त्यस्तो विषयलाई सभापतिसमक्ष रायसुझावका लागि सुम्पन्छ जसले फेरि कुनै कठिन परिस्थितिमा अन्तिम निर्णय लिन यससम्बन्धी रायसुझावको लागि समितिलाई सुम्पन सक्दछ। चिह्नको आधिकारिक प्रयोगबारेको वार्षिक प्रतिवेदन विश्व सम्पदा समितिसमक्ष पेश गरिन्छ ।

ग) अनिश्चित कालका लागि व्यापक रुपमा वितरण गरिने महत्त्वपूर्ण सामग्रीहरूमा चिह्न प्रयोगको अधिकार प्रदान गर्ने कुरा उत्पादकले सम्बन्धित देशहरूसँग परामर्श लिने प्रतिबद्धता तथा उनीहरूको भूभागमा अवस्थित सम्पत्तिहरूलाई व्याख्या गर्ने लेख तथा चित्रहरूको विषयमा ( सचिवालयलाई फरक नपर्ने गरी) स्वीकृति प्राप्त गर्ने कुरा, र त्यसो गरेको प्रमाण पेश गर्ने कुरामा निर्भर रहन्छ । त्यस्तो स्वीकृत गर्नुपर्ने लेख या त समितिको कुनै एक आधिकारिक भाषामा वा सम्बन्धित देशको भाषामा उपलब्ध गराउनुपर्दछ । चिह्न प्रयोगको अधिकार तेश्रो पक्षलाई प्रदान गर्न राज्य पक्षहरूले प्रयोग गर्ने नमूना मस्यौदा निम्न बमोजिमको रहेको छ ।

विषयवस्तु स्वीकृति फाराम:

(**जिम्मेवार राष्ट्रिय निकायको नाम**), (देशको नाम) को भूभागमा अवस्थित विश्व सम्पदा सम्पत्तिहरूसँग सम्बन्धित लेख तथा चित्रहरूको विषयवस्तु स्वीकृत गर्न औपचारिक रुपमा तोकिएको जिम्मेवार निकायले यस उपरान्त (**उत्पादकको नाम**) ले (**सम्पत्तिको नाम**) विश्व सम्पदा सम्पत्ति(हरू) का लागि पेश गरेका लेख तथा चित्रहरूलाई (**स्वीकृत गरेको छ**) (**निम्न**

**बमोजिमको परिवर्तन गर्नका लागि भएको अनुरोधअनुरुप परिवर्तन गरी पेश गरिएको हुनाले स्वीकृत गरेको छ) (अस्वीकृत गरेको छ)**

(लागु नहुने सबै प्रविष्टि हटाउनुहोला, र आवश्यकताअनुसार लेखको सच्चाइएको प्रति वा सच्चाइएका कुराहरूको हस्ताक्षरित सूची उपलब्ध गराउनुहोला)

नोटहरू:

लेखको प्रत्येक पानामा जिम्मेवार राष्ट्रिय अधिकारीको लघु हस्ताक्षर गर्न सुझाव दिइन्छ ।

विषयवस्तुको स्वीकृतिका लागि राष्ट्रिय अधिकारीहरूलाई सो प्राप्त गरेको एक महिनाभित्रको समय दिइन्छ, यसपश्चात जिम्मेवार राष्ट्रिय अधिकारीले लिखित रुपमा लामो समयको माग गरेको खण्डमा बाहेक विषयवस्तुलाई स्वीकृत गरिएको रहेछ भनी उत्पादकहरूले अघोषित रुपमा ठान्नेछन् ।

राष्ट्रिय अधिकारीसमक्ष त्यस्तो लेख समितिको दुई आधिकारिक भाषाहरूमध्ये एकमा वा दुई पक्षहरूको अनुकूलतामा जुन देशमा सम्पत्ति अवस्थित छ त्यस देशको आधिकारिक भाषामा (वा कुनै एक आधिकारिक भाषामा) उपलब्ध गराइनुपर्दछ ।

घ) निवेदन जाँचबुझ गरी ठीक ठहऱ्याएपछि सचिवालयले साझेदारसँग सम्झौता कायम गर्न सक्छ ।

ङ) विश्व सम्पदा केन्द्रको निर्देशकले चिह्नको प्रस्तावित प्रयोग ठीक छैन भनी ठहऱ्याएको खण्डमा सचिवालयले निवेदन गर्ने पक्षलाई यस निर्णयको विषयमा लिखित रुपमा सूचित गर्दछ ।

## ८.छ गुणस्तरमा नियन्त्रण गर्न सक्ने राज्य पक्षहरूको अधिकार

२७९. चिह्न प्रयोगको अधिकार राज्य पक्षले यो चिह्न आबद्ध रहने सामग्रीको गुणस्तरमा नियन्त्रण गर्नुपर्ने शर्तसँग अन्तर्सम्बन्धित रहन्छ ।

क) आफ्नो भूभागमा अवस्थित सम्पत्तिहरूको सम्बन्धमा विश्व सम्पदा चिह्न अङ्कित गरी वितरण गरिने सामग्रीको विषयवस्तु (चित्र तथा लेख) लाई स्वीकृत गर्ने अधिकार केवल *महासन्धि*मा आबद्ध भएका राज्य पक्षहरूलाई मात्र छ ।

ख) कानूनी रुपमा चिह्नलाई संरक्षण प्रदान गर्ने राज्य पक्षहरूले यस्ता प्रयोगहरूको पुनरावलोकन पनि गर्नुपर्दछ ।

ग) अन्य राज्य पक्षहरूले प्रस्तावित प्रयोगहरूको पुनरावलोकनका लागि चयन गर्न वा रायसुझावका लागि त्यस्ता प्रस्तावहरूलाई सचिवालयसमक्ष सुम्पन सक्छन् । उचित राष्ट्रिय अधिकारीलाई तोक्नका लागि तथा प्रस्तावित प्रयोगहरूको पुनरावलोकन गर्न वा अनुचित प्रयोगहरूको पहिचान गर्नका लागि सचिवालय इच्छुक छ कि भनी सूचित गर्नका लागि राज्य पक्षहरू जिम्मेवार हुन्छन् । सचिवालयले जिम्मेवार राष्ट्रिय अधिकारीहरूको सूची राख्दछ ।

## ९. सूचनाका स्रोतहरू

### ९.क सचिवालयले संग्रहबद्ध गरेको सूचना

२८०. सचिवालयले विश्व सम्पदा समिति तथा *विश्व सम्पदा महासन्धि*का राज्य पक्षहरूको महासभाका सबै दस्तावेजहरूको सूचनाभण्डार (database) तयार पार्दछ । यो सूचनाभण्डार (database) यस वेभ ठेगानामा पाउन सकिन्छ :

http://whc.unesco.org/en/statutorydoc

२८१. सचिवालयले राज्य पक्षबाट प्राप्त भएका संभाव्य सूचीका प्रतिहरू, विश्व सम्पदाका मनोनयनपत्रहरूका साथै नक्साका प्रतिहरू तथा सान्दर्भिक सूचनाहरू यथासंभव कागजी तथा विद्युतीय दुवै माध्यममा संग्रहबद्ध गरिने कुरालाई सुनिश्चित गर्दछ। सचिवालयले सल्लाहकार निकायले तयार पारेका अन्य दस्तावेजहरू, राज्य पक्षबाट प्राप्त कुनै पनि चिट्ठीपत्र तथा प्रतिवेदनहरू (प्रतिक्रियात्मक अनुगमन तथा आवधिक प्रतिवेदनसहित) तथा सचिवालय एवं विश्व सम्पदा समितिबाट प्राप्त हुन आएका चिट्ठीपत्र तथा सामग्रीलगायत सूचीकृत सम्पदासँग सम्बन्धित सबै सान्दर्भिक सूचनाहरूलाई संग्रहबद्ध गर्ने प्रबन्ध पनि मिलाउँछ ।

२८२. संग्रहबद्ध गरिएका सामग्रीहरूलाई लामो समयसम्म सुरक्षित हुने गरी उपयुक्त तरिकाले राखिन्छ। आवश्यकताअनुसार कागजी तथा विद्युतीय प्रति राख्ने प्रावधानको पनि व्यवस्था गरिन्छ। राज्य पक्षहरूबाट माग भइआएबमोजिमको प्रति उपलब्ध गराउने प्रावधानको पनि व्यवस्था गरिन्छ ।

२८३. समितिद्वारा विश्व सम्पदा सूचीमा सूचीकृत गरिएका सम्पत्तिहरूको मनोनयनपत्रलाई छलफलका लागि उपलब्ध गराइन्छ। राज्य पक्षहरूलाई पनि मनोनयनपत्रको प्रति आफ्नो वेभ ठेगानामा राखी सचिवालयलाई त्यसको जानकारी गराउन आग्रह गरिन्छ। मनोनयनपत्रको तयारीमा रहेका राज्य पक्षहरूले त्यस्तो सूचनालाई आफ्नो भूभागभित्रका सम्पत्तिहरूको पहिचान गर्न तथा आफ्नो मनोनयनलाई परिष्कृत गर्नका लागि निर्देशिकाको रुपमा प्रयोग गर्न सक्छन् ।

२८४. प्रत्येक मनोनयनको सन्दर्भमा सल्लाहकार निकायले गरेको मूल्याङ्कन तथा प्रत्येक मनोनयनसम्बन्धी समितिको निर्णय यस वेभ ठेगानामा पाउन सकिन्छ :

http://whc.unesco.org/en/advisorybodies

### ९.ख विश्व सम्पदा समितिका सदस्यहरू तथा अन्य राज्य पक्षहरूलाई विशेष सूचना

२८५. सचिवालयले दुईवटा विद्युतीय पत्राचार सूचीहरू (electronic mailing lists) सञ्चालन गर्दछ : एउटा समितिका सदस्यहरूका लागि (wh-committee@unesco.org) तथा अर्को सबै राज्य पक्षहरूका लागि (wh-states@unesco.org) । यस्ता सूचीहरूको निर्माणका लागि सबै उपयुक्त इमेल ठेगानाहरू उपलब्ध गराउन राज्य पक्षहरूसँग अनुरोध गरिन्छ। राज्य पक्षहरूलाई सूचित गर्ने परम्परागत माध्यमलाई विस्थापित नगरी त्यसलाई सहयोग पुर्‍याउने यस्ता विद्युतीय पत्राचार सूचीहरूले दस्तावेजहरूको

उपलब्धता, बैठकको समयतालिकामा भएको परिवर्तन, तथा समितिका सदस्य एवं अन्य राज्य पक्षहरूलाई सम्बन्धित विषयका सूचनाहरू ठीक ठीक समयमा संप्रेषण गर्नमा सचिवालयलाई मद्दत गर्दछ ।

२८६. राज्य पक्षहरूलाई पठाइएका सूचनापत्रहरू यस वेभ ठेगानामा पाउन सकिन्छ :

http://who.unesco.org/en/circularletters

प्रतिबन्धित पहुँच (restricted access) मार्फत सार्वजनिक वेभ ठेगानासँग जोडिएको अर्को वेभ ठेगाना सचिवालयले सञ्चालन गर्दछ र त्यसमा समितिका सदस्य, अन्य राज्य पक्ष तथा सल्लाहकार निकायहरूप्रति लक्षित विशेष सूचनाहरू रहेका छन् ।

२८७. सचिवालयले समितिका निर्णयहरू तथा राज्य पक्षहरूको महासभाका प्रस्तावहरूको सूचनाभण्डार (database) पनि कायम गर्दछ । तिनीहरू यस वेभ ठेगानामा पाउन सकिन्छ : निर्णय 28 COM 9

http://whc.unesco.org/en/decisions

## ९.ग. सर्वसाधारणलाई उपलब्ध हुने सूचना तथा प्रकाशनहरू

२८८. सचिवालयले विश्व सम्पदा सम्पत्ति तथा अन्य सान्दर्भिक विषयसम्बन्धी *सर्वसाधारणका लागि उपलब्ध* तथा *प्रतिलिपि अधिकारमुक्त* भनी अङ्कित गरेको सूचनामा पहुँचको यथासंभव व्यवस्था गर्दछ ।

२८९. विश्व सम्पदासम्बन्धी विषयहरूसँग सम्बन्धित सूचना सचिवालयको वेभ ठेगाना (http://whc.unesco.org), सल्लाहकार निकायहरूको वेभ ठेगाना तथा पुस्तकालयमा पनि पाउन सकिन्छ। वेभमा पाउन सकिने सूचनाभण्डार (database) को सूची तथा सम्बन्धित वेभ ठेगानाका लिङ्कहरू सन्दर्भसूचीमा राखिएका छन् ।

२९०. सचिवालयले विश्व सम्पदा सूची, खतरामा रहेको विश्व सम्पदाका सूची, विश्व सम्पदा सम्पत्तिहरूको संक्षिप्त विवरण, विश्व सम्पदासम्बन्धी दस्तावेजको शृङ्खला (paper series), समाचारपत्रहरू, सन्दर्भ पुस्तिका तथा सूचना पुस्तिकाका साथै विभिन्न प्रकारका विश्व सम्पदासम्बन्धी प्रकाशनहरू प्रकाशित गर्दछ । यसका साथै, खासगरी विशेषज्ञ तथा सर्वसाधारणलाई लक्षित गरी अन्य सूचना सामग्रीहरू पनि बनाइन्छ। विश्व सम्पदासम्बन्धी प्रकाशनका सूचीहरू सन्दर्भसूचीमा वा यस वेभ ठेगानामा पनि प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/publications

यस्ता सूचना सामग्रीहरू सर्वसाधारणलाई सिधै वा राज्य पक्ष वा विश्व सम्पदाका साझेदारहरूद्वारा स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संजालमार्फत वितरण गरिन्छ ।

# अनुसूचीहरू

# ANNEXES

**अनुमोदन/स्वीकृतिसम्बन्धी नमूना दस्तावेज**

सन् १९७२ को नोभेम्बर १६ मा सम्पन्न यूनेस्कोको १७ औं सत्रले विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी *महासन्धि* पारित गरेको थियो;

त्यसैले ................................................... सरकार उपरोक्त *महासन्धि*लाई, त्यसमा अन्तर्निहित प्रावधानहरूलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्न स्वीकार गर्दै,

☐ अनुमोदन गर्दछ

☐ अङ्गीकार गर्दछ

जहाँका साक्षीहरूको रोहवरमा म यो दस्तावेजमा हस्ताक्षर गर्दछु:

इति सम्वत् .............महिना .................गते................बार......................

छाप

राष्ट्र प्रमुख,
प्रधानमन्त्री वा
विदेश मन्त्रीको हस्ताक्षर

- अनुमोदन/स्वीकृतिसम्बन्धी नमूना दस्तावेज यूनेस्को विश्व सम्पदा केन्द्रबाट तथा निम्न वेभ साइटमा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/modelratification
- रित पुगेको फारामको हस्ताक्षरित सक्कल प्रति, संभव भएसम्म अङ्ग्रेजी वा फ्रेन्च भाषामा गरिएको आधिकारिक अनुवादसहितको दस्तावेज यस ठेगानामा पठाउनुपर्नेछ : महानिर्देशक, यूनेस्को, ७ प्लास द फोँतन्वा, ७५३५२ पेरिस ०७ एसपी, फ्रान्स ।

**प्रविष्टिको नमूना दस्तावेज**

सन् १९७२ को नोभेम्बर १६ मा सम्पन्न यूनेस्कोको १७ औँ सत्रले विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी *महासन्धि* पारित गरेको थियो;

त्यसैले ................................................... सरकार उपरोक्त *महासन्धि*लाई, त्यसमा अन्तर्निहित प्रावधानहरूलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्न स्वीकार गर्दै,

☐ अनुमोदन गर्दछ

☐ अङ्गीकार गर्दछ

जहाँका साक्षीहरूको रोहवरमा म यो दस्तावेजमा हस्ताक्षर गर्दछु:

इति सम्वत् .............महिना .................गते................बार.......................

छाप

राष्ट्र प्रमुख,
प्रधानमन्त्री वा
विदेश मन्त्रीको हस्ताक्षर

- अनुमोदन/स्वीकृतिसम्बन्धी नमूना दस्तावेज यूनेस्को विश्व सम्पदा केन्द्रबाट तथा निम्न वेभ साइटमा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/modelratification
- रित पुगेको फारामको हस्ताक्षरित सक्कल प्रति, संभव भएसम्म अङ्ग्रेजी वा फ्रेन्च भाषामा गरिएको आधिकारिक अनुवादसहितको दस्तावेज यस ठेगानामा पठाउनुपर्नेछ : महानिर्देशक, यूनेस्को, ७ प्लास द फाँतन्वा, ७५३५२ पेरिस ०७ एसपी, फ्रान्स ।

**संभाव्य सूची पेश गर्ने ढाँचा**

**राज्य पक्षः** **पेश गरिएको मितिः**

प्रस्ताव तयार गर्ने :

नामः इमेलः
ठेगानाः फ्याक्सः
संस्थाः फोनः

**सम्पत्तिको नामः**

**राज्य, प्रान्त वा क्षेत्रः**

**अक्षांश तथा देशान्तर, वा UTM निर्देशांकः**

**विवरणः**

**अनुपम विश्वव्यापी महत्वको औचित्य**

**पूरा गरिएका आधारहरू** (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७७ हेर्नुहोला) :

(प्रस्तावित आधारहरूसँग मिल्ने कोष्ठमा चिनो लगाउनुहोस् र प्रत्येकको प्रयोगको औचित्य तल पेश गर्नुहोस्)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (i) | (ii) | (iii) | (iv) | (v) | (vi) | (vii) | (viii) | (ix) | (x) |

**प्रामाणिकता र/वा अखण्डताका उक्तिहरू** (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७८ देखि ९५ सम्म हेर्नुहोला):

**समान किसिमका अन्य सम्पत्तिसँगको तुलनाः**

- संभाव्य सूची पेश गर्ने ढाँचा यूनेस्को विश्व सेवा केन्द्रको निम्न वेभ साइटमा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/tentativelists
- संभाव्य सूचीको तयारीसम्बन्धी थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ६२ देखि ६७ मा प्राप्त गर्न सकिनेछ ।
- रित पुऱ्याएर तयार गरिएको संभाव्य सूचीको नमूना निम्न वेभ साइटमा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/tentativelists
- राज्य पक्षहरूद्वारा पेश गरिएका सबै संभाव्य सूची निम्न वेभ साइटमा उपलब्ध छन् : http://whc.unesco.org/en/tentativelists
- रित पुगेको फारामको हस्ताक्षरित सक्कल प्रति, संभव भएसम्म अङ्ग्रेजी वा फ्रेन्च भाषामा गरिएको आधिकारिक अनुवादसहितको दस्तावेज यस ठेगानामा पठाउनुपर्नेछ : महानिर्देशक, यूनेस्को, ७ प्लास द फोँतन्वा, ७५३५२ पेरिस ०७ एसपी, फ्रान्स ।
- यस्तो विवरण इलेक्ट्रोनिक ढाँचा (डिस्केट वा सीडी) मा वा wh-tentativelists@unesco.org ठेगानामा इमेल गरेर समेत पेश गर्नका लागि राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ ।

**भविष्यका क्रमिक अन्तरदेशीय तथा अन्तरसीमा मनोनयनका लागि संभाव्य सूची पेश गर्ने ढाँचा**

| | |
|---|---|
| राज्य पक्षः | पेश गरेको मितिः |
| दस्तावेज तयार गर्ने[१०]: | |
| नामः | इमेलः |
| शीर्षकः | |
| ठेगानाः | फ्याक्सः |
| संस्थाः | फोनः |

| | |
|---|---|
| १.क | भविष्यमा गरिने क्रमिक अन्तरदेशीय तथा अन्तरसीमा मनोनयनको नाम[११] : |
| १.ख | अन्य सहभागी राज्य पक्षहरू : |

| | |
|---|---|
| १.ग | सम्बन्धित राष्ट्रभित्र पर्ने अङ्ग(हरू)को नाम(हरू) : |
| १.घ | राज्य, प्रान्त वा क्षेत्र : |
| १.ङ | अक्षांश तथा देशान्तर, वा युनिभर्सल ट्रान्सभर्स मर्केटर **UTM** बिन्दुहरू : |

| | |
|---|---|
| २.क | भविष्यमा गरिने क्रमिक अन्तरदेशीय/अन्तरसीमा मनोनयनको संक्षिप्त विवरण[१२] : |
| २.ख | सम्बन्धित अङ्ग(हरू)को विवरणः |
| ३. | भविष्यमा हुने समष्टिगत मनोनयनको अनुपम विश्वव्यापी महत्त्व[१३] को औचित्य<br>(विश्व सम्पदा सूचीमा सूचीकृत हुन योग्य समष्टिगत भावी मनोनयनको महत्त्वको प्रारम्भिक पहिचान) |

[१०] बुँदा १.ख मा उल्लेख गरिएका सबै राज्य पक्षहरूले आआफ्नो दस्तावेज पेश गरेको खण्डमा मात्र यो दस्तावेज मान्य हुनेछ।

[११] यस बुँदामा लिखित वर्णन सम्बन्धित सबै राज्य पक्षहरूले सोही क्रमिक, अन्तरदेशीय/अन्तरसीमा सम्पदाको मनोनयनका लागि पेश गरेका दस्तावेजहरूमा लिखित वर्णनसँग समान हुनुपर्छ।

[१२] अन्तरदेशीय/अन्तरसीमा सम्पदाको हकमा गरिने कुनै पनि संशोधनका लागि सम्बन्धित सबै राज्य पक्षहरूको सहमति आवश्यक पर्दछ।

| | |
|---|---|
| ३.क | **पालन भएका आधारहरू**[१४] (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७७ हेर्नुहोला):<br>(प्रस्तावित आधारहरूसँग मिल्ने कोष्ठमा चिनो लगाउनुहोस् र प्रत्येकको प्रयोगको औचित्य तल पेश गर्नुहोस्) |

| (i) | (ii) | (iii) | (iv) | (v) | (vi) | (vii) | (viii) | (ix) | (x) |
|---|---|---|---|---|---|---|---|---|---|

| | |
|---|---|
| ३.ख | **प्रामाणिकता र/वा अखण्डताका उक्तिहरू** (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७९-९५ हेर्नुहोला): |
| ३.क.१ | **समष्टिगत भावी मनोनयनको हकमा अङ्गहरूको छनोटको औचित्य** |
| ३.ख.२ | **अन्य समान सम्पदाहरूसँग गरिएको तुलना**[१५] :<br>(यस तुलनाले विश्व सम्पदा सूचीमा सूचीकृत भएका वा नभएका अन्य सम्पदाहरूसँगका समानताहरूको रुपरेखा प्रस्तुत गर्नुपर्दछ, र साथै यसले भावी मनोनयनमा किन विशिष्ट गुण रहेको छ भन्ने कुरा पनि प्रस्तुत गर्नुपर्दछ ।) |

[१३] अन्तरदेशीय/अन्तरसीमा सम्पदाको हकमा गरिने कुनै पनि संशोधनका लागि सम्बन्धित सबै राज्य पक्षहरूको सहमति आवश्यक पर्दछ ।

[१४] अन्तरदेशीय/अन्तरसीमा सम्पदाको हकमा गरिने कुनै पनि संशोधनका लागि सम्बन्धित सबै राज्य पक्षहरूको सहमति आवश्यक पर्दछ ।

[१५] अन्तरदेशीय/अन्तरसीमा सम्पदाको हकमा गरिने कुनै पनि संशोधनका लागि सम्बन्धित सबै राज्य पक्षहरूको सहमति आवश्यक पर्दछ ।

**विशेष प्रकारका सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नेसम्बन्धी निर्देशिका**[१]

इकोमोस (ICOMOS) द्वारा जारी विषयनिष्ठ अध्ययनहरू (thematic studies) को सूची तलको ठेगानामा उपलब्ध छ :
http://www.icomos.org/studies

आयूसीएन (IUCN) द्वारा जारी विषयनिष्ठ अध्ययनहरू (thematic studies) को सूची तलको ठेगानामा उपलब्ध छ :
http://www.iucn.org/about/work/programmes/wcpa_worldheritage/wheritage_pub/

**परिचय**

१. यस अनुसूचीले राज्य पक्षहरूलाई विश्व सम्पदा सूचीमा सम्पत्तिहरूको सूचीकरणका लागि मनोनयन तयार गर्ने कार्यमा मार्गदर्शन गर्न निश्चित प्रकारका सम्पत्तिसम्बन्धी सूचना प्रदान गर्दछ। निम्न सूचना संलग्न रहेको निर्देशिकालाई *कार्य-सञ्चालन निर्देशिका*को अध्याय २ सँग जोडेर प्रयोग गरिनुपर्दछ, जसमा विश्व सम्पदा सूचीमा सम्पत्तिहरूको सूचीकरण गर्ने आधारहरू समावेश रहेका छन् ।

२. सांस्कृतिक भूपरिदृश्य, नगर, नहर तथा मार्गजस्ता विषयहरूमा विज्ञहरूको बैठकका निष्कर्षहरूलाई समितिले अवलम्बन गरेको छ (तल उल्लेखित खण्ड क) ।

३. प्रतिनिधिमूलक, सन्तुलित तथा विश्वसनीय विश्व सम्पदा सूचीको लागि अन्तर्राष्ट्रिय रणनीतिको संरचनाभित्र रही विश्व सम्पदा समितिको अनुरोधमा सञ्चालन भएका विज्ञहरूका अन्य बैठकहरूको प्रतिवेदनहरू खण्ड ख मा साभार गरिएका छन् ।

४. सल्लाहकार निकायहरूले गरेका विभिन्न तुलनात्मक तथा विषयनिष्ठ अध्ययनहरू खण्ड ग मा समेटिएका छन् ।

**क. सांस्कृतिक भूपरिदृश्य, शहर, नहर तथा मार्गहरू**

५. विश्व सम्पदा समितिले विभिन्न निश्चित प्रकारका सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिहरूको पहिचान एवं निर्धारण गरेको छ र ती सम्पत्तिहरू विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि मनोनित हुँदा तिनीहरूको मूल्याङ्कनलाई सहज बनाउन निश्चित निर्देशिकाहरू पनि पारित गरेको छ। यसअन्तर्गत हालसम्म निम्न विधाहरू समेटिएका छन्, तथापि भविष्यमा अन्य विधाहरू थपिँदै जाने संभावना पनि खुलै छ :

क. सांस्कृतिक भूपरिदृश्य;
ख. ऐतिहासिक शहर तथा शहरी केन्द्रहरू;
ग. सम्पदा नहरहरू;
घ. सम्पदा मार्गहरू ।

**सांस्कृतिक भूपरिदृश्य**[२]

[१] समितिले भविष्यमा अन्य प्रकारका सम्पत्तिका सम्बन्धमा थप मार्गनिर्देशिकाहरू बनाउन सक्नेछ ।

## परिभाषा

६. सांस्कृतिक भूपरिदृश्य सांस्कृतिक सम्पत्तिहरू हुन् र *महासन्धि*को धारा १ मा व्यक्त गरिए झैं यसले “प्रकृति र मानवको संयुक्त रचना” लाई जनाउँछ। यस्ता कुराहरू भौतिक प्रतिरोध र/वा आफ्नो प्राकृतिक वातावारणले उपलब्ध गराएका अवसरहरू तथा बाह्य वा आन्तरिक सामाजिक, आर्थिक एवं सांस्कृतिक शक्तिहरूको प्रभावमा युगौंयुगदेखि हुँदै आएको मानव समाज तथा बस्तीको उद्भवलाई झल्काउने उदाहरणहरू हुन्।

७. तिनको छनोट तिनको अनुपम विश्वव्यापी महत्त्व एवं स्पष्ट रुपमा परिभाषित भू-सांस्कृतिक क्षेत्रमा तिनको प्रतिनिधित्वको आधारमा र त्यस्ता क्षेत्रका अत्यावश्यक तथा विशिष्ट सांस्कृतिक तत्त्वहरूलाई प्रतिबिम्बित गर्न सक्ने तिनको क्षमताका आधारमा गरिनुपर्छ।

८. “सांस्कृतिक भूपरिदृश्य” भन्ने शब्दले मानवजगत् र यसको प्राकृतिक वातावरणबीचका अन्तर्क्रियाहरूको प्रकटीकरणको विविधतालाई समेट्दछ।

९. सांस्कृतिक भूपरिदृश्यले प्रायः तिनीहरू अवस्थित प्राकृतिक वातावरणको चरित्र र सीमाको ख्याल राख्दै दिगो भूउपयोगका निश्चित विधिहरू तथा प्रकृतिसँगको निश्चित भावनात्मक सम्बन्धलाई झल्काउँछ। सांस्कृतिक भूपरिदृश्यको संरक्षणले दिगो भू-उपयोगको आधुनिक तरिकामा योगदान पुऱ्याउन सक्दछ र भूपरिदृश्यमा निहित प्राकृतिक महत्त्वलाई कायम राख्न वा अभिवृद्धि गर्न सक्दछ। भूउपयोगको परम्परागत स्वरुपको निरन्तरताले विश्वका विभिन्न क्षेत्रहरूमा रहेका जैविक विविधतालाई सघाउ पुऱ्याउँछ। तसर्थ जैविक विविधतालाई कायम राख्नका लागि परम्परागत सांस्कृतिक भूपरिदृश्यको सुरक्षा गर्नु सहयोगी साबित हुन सक्छ।

## परिभाषा र वर्गहरू

१०. सांस्कृतिक भूपरिदृश्य मुख्यतया तीन वर्गका छन्, जुन निम्नअनुसार छन् :

(i) सबैभन्दा सजिलै पहिचान गर्न सकिने भनेको स्पष्ट रुपमा चिनिने **मानिसले डिजाइन वा रचना गरेको भूपरिदृश्य** हो। सौन्दर्यवर्द्धनलाई ध्यानमा राखेर बनाइएका र प्रायशः (तर सदैव होइन) धार्मिक वा अन्य स्मारक भवन तथा यौगिकहरूसँग जोडिएका बगैँचा वा पार्कक्षेत्रहरू यसभित्र पर्दछन्।

(ii) दोश्रो वर्गमा **जैविक रुपमा (organically) उद्भव भएको भूपरिदृश्य** पर्दछ। यो मूलतः सामाजिक, आर्थिक, प्रशासनिक र/वा धार्मिक निर्देशको परिणाम हो र यसको वर्तमान स्वरुपको विकास यसको प्राकृतिक वातावरणअनुरुप त्यससँग आबद्ध भएर भएको हो। यस्ता भूपरिदृश्यहरूले विकासक्रमको प्रक्रियालाई आफ्ना स्वरुप तथा अङ्ग विशेषताहरूमा प्रतिबिम्बित गर्दछन्। तिनीहरूका दुई उप-प्रकारहरू छन् :

- अवशेष (वा जीवाश्म) भूपरिदृश्य जसमा विकासक्रमको प्रक्रियाको अवसान विगतको कुनै एक समयमा अचानक वा कुनै कालखण्डभित्र भएको छ। तथापि यसका महत्त्वपूर्ण विशिष्ट गुणहरू अहिलेसम्म पनि भौतिक रुपमा देख्न भने सकिन्छ।

- निरन्तरता पाइरहेको भूपरिदृश्य जसले परम्परागत जीवनशैलीसँग निकटस्थ समकालीन समाजमा सक्रिय सामाजिक भूमिका निर्वाह गर्दछ र जसमा विकासक्रमको प्रक्रिया निरन्तर

[२] यो मस्यौदा सांस्कृतिक भूपरिदृश्यसम्बन्धी विज्ञहरूको समूहद्वारा तयार पारिएको थियो (ला पिटेट पिएरे, २४, फ्रान्स, २४-२६ अक्टुबर सन् १९९२) (WHC-92/CONF .202/10/Add हेर्नुहोला)। उक्त मस्यौदालाई पछि विश्व सम्पदा समितिले आफ्नो सोह्रौ बैठकबाट कार्य-सञ्चालन निर्देशिकामा समाहित गर्न स्वीकृत गरेको थियो (सान्ता फे १९९२) (WHC-92/CONF .002/12 हेर्नुहोला)।

चलिरहेको हुन्छ । साथै यसले कालक्रममा भएको आफ्नो उद्भवसम्बन्धी महत्त्वपूर्ण तात्त्विक प्रमाणलाई समेत प्रतिबिम्बित गर्दछ ।

(iii) अन्तिम वर्ग भनेको **आबद्ध सांस्कृतिक भूपरिदृश्य** हो । यस प्रकारको भूपरिदृश्यलाई विश्व सम्पदा सूचीमा सूचीकरण गर्नुको औचित्यलाई त्यसको भौतिक सांस्कृतिक प्रमाण (जुन कुरा गौण वा अनुपस्थित पनि हुन सक्दछ) भन्दा पनि प्राकृतिक तत्त्वहरूको सबल धार्मिक, कलात्मक वा सांस्कृतिक आबद्धताको गुणद्वारा पुष्टि गर्न सकिन्छ ।

**विश्व सम्पदा सूचीमा सांस्कृतिक भूपरिदृश्यको सूचीकरण**

११. सांस्कृतिक भूपरिदृश्यलाई कुन हदसम्म विश्व सम्पदा सूचीमा सूचीकरण गर्ने भन्ने कुरा त्यसको प्रयोजनशीलता (functionality) तथा बोधगम्यता (intelligibility) सँग सम्बन्धित रहन्छ । कुनै पनि सन्दर्भमा, छानिएको नमूनाले प्रतिबिम्बित गर्ने सांस्कृतिक भूपरिदृश्यको समग्रतालाई पर्याप्त रुपमा प्रतिनिधित्व गर्नका लागि यो यथोचित आकारको हुनुपर्दछ । सांस्कृतिक रुपमा महत्त्वपूर्ण यातायात तथा सञ्चार सञ्जालको प्रतिनिधित्व गर्ने लामो आकारको क्षेत्रलाई समेट्ने सम्भावनालाई पनि छुटाउनु हुँदैन ।

१२. संरक्षण र व्यवस्थापनसम्बन्धी सामान्य शर्तहरू सांस्कृतिक भूपरिदृश्यका हकमा समेत समान रुपमा लागु हुनेछ । सांस्कृतिक तथा प्राकृतिक दुवै भूपरिदृश्यमा प्रतिबिम्बित सबै खाले महत्त्वहरूप्रति उत्तिकै ध्यान दिनु महत्त्वपूर्ण रहन्छ । मनोनयपत्र स्थानीय समुदायसँगको सहकार्य तथा पूर्ण स्वीकृतिमा तयार गरिनुपर्दछ ।

१३. कार्य-सञ्चालन निर्देशिकाको अनुच्छेद ७७ मा व्यवस्था गरिएका शर्तहरूका आधारमा विश्व सम्पदा सूचीमा समाविष्ट "सांस्कृतिक भूपरिदृश्य" को विधाको व्यवस्थाले सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिका शर्तहरूका आधारमा सूचीकरणको क्रममा रहेका विशिष्ट महत्त्वयुक्त सम्पत्तिको संभावनालाई पनि समेट्दछ । (अनुच्छेद ४६ मा उल्लेखित मिश्रित सम्पत्तिको परिभाषा हेर्नुहोला) । त्यस्तो अवस्थामा तिनीहरूको अनुपम विश्वव्यापी महत्त्वको औचित्यलाई दुवै आधारहरूबमोजिम पुष्टि गरिनुपर्दछ ।

**ऐतिहासिक शहर तथा शहरी केन्द्रहरू**[३]

**परिभाषा तथा वर्गहरू**

१४. विश्व सम्पदा सूचीमा सूचीकृत हुनका लागि योग्य शहरी भवनका समूह निम्न तीन वर्गअन्तर्गत पर्दछन्:

(i) **हाल कुनै बसोबास नरहेका शहरहरू** जसले अतीतको विषयमा अपरिवर्तित पुरातात्त्विक प्रमाण उपलब्ध गराउँछन्; यिनीहरूले सामान्यतया प्रामाणिकताका शर्तलाई पालन गर्दछन् र यिनीहरूको संरक्षणको अवस्थालाई सापेक्षिक रुपमा सजिलै नियन्त्रण गर्न सकिन्छ;

(ii) **हालसम्म पनि बसोबास रहेका ऐतिहासिक शहरहरू** जुन यिनको आफ्नै प्रकृतिले गर्दा सामाजिक आर्थिक तथा सांस्कृतिक परिवर्तनबाट प्रभावित भई विकसित भएका हुन् र भविष्यमा पनि यसरी नै निरन्तर विकसित भइरहनेछन् - यो यस्तो प्रकारको अवस्था हो जसले तिनको प्रामाणिकताको मूल्याङ्कनलाई कठिन बनाउँछ र संरक्षणसम्बन्धी कुनै पनि नीतिलाई समस्यामा पार्न सक्दछ;

(iii) **बीसौं शताब्दीका नयाँ शहरहरू** जसमा विरोधाभासजनक रुपमा भए पनि माथिका दुई वर्गहरूसँग केही समानताहरू छन् : तिनका मौलिक शहरी संगठनहरूलाई स्पष्ट रुपमा पहिचान गर्न सकिने र

[३] यो अंश समितिको ८औं सत्रमा भएको छलफलपश्चात कार्य-सञ्चालन निर्देशिकाको जनवरी १९८७ संस्करणमा पनि संलग्न गरिएको थियो (ब्युनर्स आयर्स, १९८४) सो छलफल ऐतिहासिक शहरहरूको विषयमा परामर्श गर्न आयोजित विज्ञहरूको बैठकको निष्कर्षमाथि गरिएको थियो । ५ देखि ७ सेप्टेम्बर १९८४ मा पेरिसमा बसेको यो बैठक इकोमोस (ICOMOS) द्वारा आयोजना गरिएको थियो ।

तिनको प्रामाणिकतालाई पनि स्वीकार गर्न सकिने भए तापनि तिनको विकास मूलतः अनियन्त्रित भएको कारणले तिनको भविष्य भने अनिश्चित छ ।

**विश्व सम्पदा सूचीमा ऐतिहासिक शहर तथा शहरी केन्द्रहरूको सूचीकरण**

१५. ऐतिहासिक शहर तथा शहरी केन्द्रहरूको महत्त्वको परीक्षण निम्न कुराहरूका आधारमा गर्न सकिन्छ :

(i) **हाल कुनै बसोबास नरहेका शहरहरू**

हाल कुनै बसोबास नरहेका शहरहरूको मूल्याङ्कनमा सामान्यतया पुरातात्त्विक सम्पत्तिसँग सम्बन्धितबाहेक अन्य कुनै विशेष समस्या आइपर्दैन : बिछट्ट र उदाहरणीय विशेषतालाई सम्बोधन गर्ने आधारहरूको परिणामस्वरुप विशुद्ध शैली, तिनीहरूमा रहेका स्मारकहरूको सघनता, तथा यदाकदा तिनको महत्त्वपूर्ण ऐतिहासिक आबद्धताका लागि चिनिने भवनका समूहहरूको छनोट गर्ने निष्कर्षमा पुगियो । अभिन्न एकाइको रुपमा सूचीकृत हुनु पुरातात्त्विक स्थलहरूको लागि महत्त्वपूर्ण कुरा हो । लोप भइसकेका शहरहरूको बहुपक्षीय तथा जटिल कार्यसम्पादनका लागि स्मारकहरूको एउटा समूह वा भवनहरूको सानो समूह मात्र पर्याप्त हुँदैन; यथासंभव त्यस्ता शहरहरूका अवशेषहरूलाई समग्र रुपमा तिनकै प्राकृतिक परिवेशसहित संरक्षण गरिनुपर्दछ ।

(ii) **बसोबासयुक्त ऐतिहासिक शहरहरू**

बसोबासयुक्त ऐतिहासिक शहरहरूको सन्दर्भमा धेरै समस्याहरू छन् जुन मूलतः तिनको शहरी तत्त्व urban fabric (जुन धेरैजसो अवस्थामा औद्योगिक युगको शुरुवातसँगै गम्भीर रुपमा बिथोलिएको हो) को नाजुकता तथा यी शहरहरूको सेरोफेरोको शहरीकरण हुने गतिका कारणले गर्दा उत्पन्न हुन्छन् । सूचीकरणयोग्य हुनको लागि यी शहरहरूले विश्व सम्पदा सूचीमा सांस्कृतिक सम्पत्तिहरूको सूचीकरणको आधार (vi) (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७७ (vi) हेर्नुहोला) अन्तर्गत तिनले विगतमा निभाएका भूमिकाको बौद्धिक आधारमा वा ऐतिहासिक प्रतीकको रुपमा तिनको महत्त्वका आधारमा मात्र नभई तिनको वास्तुशास्त्रीय महत्त्वको हिसाबले पनि मान्यता प्राप्त गर्नुपर्दछ । सूचीमा सूचीकृत गरिन योग्य हुनको लागि तिनको स्थानगत संगठन (spatial organization), संरचना, सामग्री, स्वरुप वा यथासंभव भवनहरूको समूहको कार्यप्रयोजनले यस सम्पत्तिको मनोनयनलाई प्रस्तुत गर्ने त्यो सभ्यता वा त्यसका पुस्ताहरूलाई प्रतिबिम्बित गर्नुपर्दछ । यहाँ चार वटा वर्गहरूको पहिचान गर्न सकिन्छ :

(क) निश्चित कालखण्ड वा संस्कृतिको परिचायकको रुपमा रहेका शहरहरू जो करिब करिब पुरै संरक्षित छन् र जो पछिल्ला विकास कार्यहरूबाट पनि मूलतः अप्रभावित रहेका छन् । यहाँ सूचीकृत हुने सम्पत्ति भनेको समग्र शहरलगायत यसको आसपासको क्षेत्र पनि हो जसको पनि संरक्षण गरिनुपर्दछ ।

(ख) केही विशेषतायुक्त शैलीबाट विकसित भएका शहरहरू जसले यदाकदा विशिष्ट प्राकृतिक परिवेशका बीचमा रहेर आफ्नो स्थानगत संगठन (spatial organization) तथा संरचनालाई संरक्षण गर्दछ जुन यिनको इतिहासका क्रमिक चरणहरूका विशिष्ट गुणहरू हुन् । यहाँ स्पष्टसँग खुट्ट्याइएको ऐतिहासिक खण्डले समकालीन वातावरणभन्दा बढी ग्राह्यता पाउँछ ।

(ग) "ऐतिहासिक केन्द्रहरू" जसले प्राचीन शहरको जत्तिकै क्षेत्रलाई समेट्दछन् र जो अहिले आधुनिक शहरभित्र आबद्ध भएका छन् । यहाँ त्यस सम्पत्तिको सही सीमालाई विशद ऐतिहासिक आयाममा निर्धारण गरिनु आवश्यक छ र त्यसको सेरोफेरोको लागि उपयुक्त प्रावधान पनि बनाइनुपर्दछ ।

(घ) ती खण्ड, क्षेत्र वा पृथक एकाइहरू जसले आफ्नो अवशिष्ट स्थितिमा लोप भएको ऐतिहासिक शहरको विशेषताहरूको स्पष्ट प्रमाण उपलब्ध गराउँछन् । यस्तो अवस्थामा बाँकी रहेका क्षेत्र तथा भवनहरू विगतको समग्र स्थितिको पर्याप्त दसीको रुपमा रहनुपर्दछ ।

ऐतिहासिक केन्द्र एवं ऐतिहासिक क्षेत्रहरूलाई स्मारकीय महत्त्व भएका प्राचीन भवनहरूको बहुलता रहेको स्थानमा मात्र सूचीकृत गरिनुपर्दछ जसले विशिष्ट गुण भएका शहरहरूको चरित्रलाई प्रत्यक्षतः इङ्गित गर्दछ । शहरी तत्त्व urban fabric हरू ठम्याउन नसकिने गरी हराइसकेको कुनै शहरको छनक शंकास्पद तरिकाले दिने थुप्रै छुट्टिएका तथा असम्बन्धित भवनहरूको मनोनयनलाई प्रोत्साहन दिइनु हुँदैन ।

तथापि सीमित स्थानमा अवस्थित रहे पनि शहरी योजनाको इतिहासमा अहम् भूमिका खेल्ने सम्पत्तिको सन्दर्भमा गरिने मनोनयन भने स्वीकार्य हुन सक्छ । त्यस्तो अवस्थामा सूचीकृत गरिने भनेको स्मारकहरूको समूह हो र शहरको उल्लेख उक्त सम्पत्ति अवस्थित स्थानको रुपमा मात्र संयोगवश गरिएको हो भन्ने कुरालाई मनोनयन प्रक्रियाले स्पष्ट पार्नुपर्दछ । त्यसैगरी यदि गम्भीर रुपमा ह्रासोन्मुख वा शहरी क्षेत्रलाई पर्याप्त रुपमा प्रतिबिम्बित नगर्ने परिवेशमा कुनै स्पष्ट अनुपम विश्वव्यापी महत्त्व भएको भवन अवस्थित छ भने त्यसलाई शहरको कुनै विशेष सन्दर्भ नजोडिकन अवश्यमेव सूचीकृत गरिनुपर्दछ ।

(iii) **बीसौं शताब्दीका नयाँ शहरहरू**

बीसौं शताब्दीका नयाँ शहरहरूको गुणस्तरको मूल्याङ्कन गर्न कठिन छ । तीमध्ये कुन चाहिँ समकालीन शहरी योजनाको लागि उत्कृष्ट दृष्टान्त बन्न सक्दछ भन्ने कुरा इतिहासले मात्र बताउन सक्दछ । विशेष परिस्थितिमा बाहेक यस्ता शहरसम्बन्धी फाइलको परीक्षणलाई स्थगित गर्न सकिन्छ ।

वर्तमान अवस्थामा, कुनै संभावित विकासलाई व्यवस्थापन गर्न सक्ने स्थितिमा रहेका साना वा मध्यमस्तरका शहरी क्षेत्रलाई विश्व सम्पदा सूचीमा गरिने सूचीकरणलाई प्राथमिकता दिन सकिन्छ जबकि ठूला महानगरको हकमा तिनलाई पूर्णतः सूचीकरण गर्ने सन्तोषजनक आधारको रुपमा रहने पर्याप्त पूर्ण सूचना तथा दस्तावेजहरू उपलब्ध हुन नसक्ने हुनाले तिनलाई यस्तो प्राथमिकतामा राख्न सकिँदैन ।

विश्व सम्पदा सूचीमा कुनै शहरको सूचीकरणले त्यसको भविष्यमा पार्ने प्रभावलाई दृष्टिगत गर्दा यस प्रकारका प्रविष्टिहरूलाई विशेष परिस्थितिमा मात्र अपनाइनुपर्छ । सूचीमा सूचीकृत हुनु भनेको नै भवनहरूको समूह एवं त्यसको वातावरणको सुरक्षाका लागि चहिने कानूनी तथा प्रशासनिक उपायहरू अवलम्बन गरिसकिएको छ भन्ने बुझ्नुपर्छ । सम्बन्धित जनसमुदायहरूलाई सुसूचित बनाई जागरुक बनाउनु पनि अत्यावश्यक छ किनभने तिनीहरूको सक्रिय सहभागिताविना कुनै पनि संरक्षण योजना अव्यावहारिक हुन्छ ।

**नहर सम्पदा**

१६. "नहर"को अवधारणाको सम्बन्धमा नहर सम्पदासम्बन्धी विज्ञहरूको बैठकको प्रतिवेदन[४] (क्यानाडा, सेप्टेम्बर १९९४) मा विस्तृत चर्चा गरिएको छ ।

**परिभाषा**

१७. नहर भनेको मानव निर्मित पानीको मार्ग हो । यो कुरा सारभूत रुपमा वा सांस्कृतिक सम्पत्तिभित्रको यस विधाको प्रतिनिधित्व गर्ने विशिष्ट दृष्टान्तका रुपमा इतिहास वा प्रविधिको दृष्टिकोणबाट अनुपम

[४] "नहर सम्पदा"माथि विज्ञहरूको बैठक (क्यानाडा, १५-१९ सेप्टेम्बर १९९४) (दस्तावेज WHC-94/CONF.003/INF.10 हेर्नुहोला) जसमाथि विश्व सम्पदा समितिको १९ औं सत्रमा छलफल भयो (बर्लिन, जर्मनी, १९९५) (दस्तावेज WHC-95/CONF.203/16 हेर्नुहोला)

विश्वव्यापी महत्त्वयुक्त विषय हुन सक्दछ । नहर एउटा स्मारकीय रचना, लामो सांस्कृतिक भूपरिदृश्यलाई जनाउने विशेषता, वा जटिल सांस्कृतिक भूपरिदृश्यको एउटा अभिन्न अङ्ग पनि हुन सक्दछ ।

**विश्व सम्पदा सूचीमा नहर सम्पदाको सूचीकरण**

१८. प्रामाणिकता भन्ने कुरा समष्टिमा महत्त्वहरू तथा तिनको बीचमा रहने सम्बन्धमाथि निर्भर रहन्छ । सम्पदाको रुपमा नहरको एउटा विशिष्ट गुण भनेको कालक्रममा भएको यसको उद्‌भव हो । यसको प्रयोग विभिन्न समयमा कसरी भएको थियो र यसमा कस्ता सम्बद्ध प्राविधिक परिवर्तनहरू भए भन्ने कुरासँग यो जोडिएको हुन्छ । यिनै परिवर्तनहरू कुन हदसम्म भए भन्ने कुराले नै सम्पदा तत्त्वको निर्माण गर्दछ ।

१९. नहरको प्रामाणिकता र ऐतिहासिक व्याख्याअन्तर्गत वास्तविक सम्पत्ति (*महासन्धि*को विषय), संभावित चल सम्पत्ति (डुंगा, अस्थायी जलविहारका सामान) तथा आबद्ध संरचनाहरू (जस्तै पुल आदि) तथा भूपरिदृश्यका बीचमा रहने सम्बन्धलाई समेट्दछ ।

२०. नहरको महत्त्व तल उल्लेख गरिएबमोजिमका प्राविधिक, आर्थिक, सामाजिक तथा भूपरिदृश्यात्मक कुराहरूको आधारमा परीक्षण गर्न सकिन्छ :

(i) **प्रविधि**

नहरले विभिन्न प्रयोजनहरूका लागि कार्य गरेको हुन्छ, जस्तै सिंचाइ, जलविहार, रक्षा, जलशक्ति, बाढी नियन्त्रण, ढल निकास एवं जल आपूर्ति । तलका प्रविधि क्षेत्रहरू उल्लेख्य हुन सक्छन् :

(क) जलमार्गको मार्गबद्धता तथा जलरोधन (lining & waterproofing);
(ख) अन्य क्षेत्रको वास्तुकला तथा प्रविधिका तुलनीय संरचनागत तत्त्वहरूसँग साभार लिइएको यसको मार्गको इन्जिनियरिङ्ग संरचना;
(ग) निर्माण विधिमा अत्याधुनिकताको विकास; र
(घ) प्रविधिको हस्तान्तरण

(ii) **अर्थतन्त्र**

नहरले विभिन्न तरिकाबाट अर्थतन्त्रमा योगदान पुऱ्याउँछ, जस्तै आर्थिक विकास तथा सामान तथा मानिसहरूको परिवहनको सन्दर्भमा । ठूला ठूला कार्गोको प्रभावकारी ओसारपसारका लागि नहरहरू पहिलो मानवनिर्मित मार्गहरू हुन् । सिंचाइमा हुने प्रयोगको माध्यमबाट नहरहरूले आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् र निरन्तर खेलिरहनेछन् । यहाँ निम्न कुराहरू महत्त्वपूर्ण छन् :

क) राष्ट्र निर्माण;
ख) कृषि विकास;
ग) औद्योगिक विकास;
घ) धन उपार्जन;
ङ) अन्य क्षेत्र तथा उद्योगहरूमा प्रयोग गरिने इन्जिनियरिङ्ग सीपको विकास,
च) पर्यटन ।

(iii) **सामाजिक पक्षहरू**

नहरको निर्माण र तिनको सञ्चालनद्वारा निरन्तर सामाजिक प्रभावहरू परिरहेको हुन्छ : :

क) सामाजिक तथा सांस्कृतिक प्रतिफल दिने गरी पुँजीको पुनःवितरण, र

ख) मानिसहरूको हलचल तथा सांस्कृतिक समूहहरूका बीचमा हुने अन्तर्क्रिया ।

(iv) **भूपरिदृश्य**

यस प्रकारका ठूला इन्जिनियरिङ्ग रचनाको असर प्राकृतिक भूपरिदृश्यमा पर्दछ र निरन्तर परिरहनेछ। सम्बद्ध औद्योगिक गतिविधि एवं बसोबासको परिवर्तनशील शैलीले भूपरिदृश्यको स्वरुप र शैलीमा मूर्त परिवर्तनहरू ल्याउँछन् ।

**सम्पदा मार्ग**

२१. "मार्ग" वा सांस्कृतिक यात्रामार्गहरूको अवधारणाका बारेमा "हाम्रो सांस्कृतिक सम्पदाको अङ्गको रुपमा मार्गहरू" विषयक विज्ञहरूको बैठकमा छलफल गरिएको थियो (म्याड्रिड, स्पेन, नोभेम्बर १९९४)[५] ।

**परिभाषा**

२२. सम्पदा मार्गको अवधारणालाई सम्पन्न र उर्वर हिसाबले दर्शाइएको छ जसले आपसी समझदारी, इतिहास प्रतिको बहुल तौरतरिका (plural approach) तथा शान्तिको संस्कृति सबै सञ्चालित हुन सक्ने लाभकारी संरचना उपलब्ध गराउँछ ।

२३. सम्पदा मार्ग मूर्त तत्त्वहरूबाट बनेको हुन्छ जसको सांस्कृतिक महत्त्व देशहरू वा क्षेत्रहरूका बीचमा हुने आदानप्रदान एवं बहुआयामिक संवादबाट झल्किन्छ र यसले कुनै स्थान र समयमा मार्गमा हुने यात्रासम्बन्धी अन्तर्क्रियालाई इंगित गर्दछ ।

**विश्व सम्पदा सूचीमा सम्पदा मार्गको सूचीकरण**

२४. सम्पदा मार्गलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने कि नगर्ने भन्ने कुरा निर्धारण गर्न निम्न बुँदाहरूलाई ख्याल गरिनुपर्दछ :

(i) अनुपम विश्वव्यापी महत्त्व हुनुपर्ने शर्तलाई दृष्टिगत गरिनुपर्दछ ।

(ii) सम्पदा मार्गको अवधारणा :

- स्थान तथा समयमा **निरन्तरता** प्राप्त गर्दै हुने यात्राको गतिमयता (dynamics of movement) तथा **आदानप्रदान** को अवधारणामा (idea of exchanges) आधारित रहन्छ;
- ले **समग्रता**लाई सम्बोधन गर्दछ जसअन्तर्गत मार्गको समूल महत्त्व यसका एकाइहरू, जसका माध्यमबाट यसले आफ्नो सांस्कृतिक महत्त्व प्राप्त गरेको छ, को योगभन्दा बढ्ता रहन्छ
- **देशहरू वा क्षेत्रहरू बीच**को आदानप्रदान र संवादलाई उजागर गर्दछ,
- यसका धार्मिक, व्यापारिक, प्रशासनिक वा अन्य कुनै पनि प्रमुख प्रयोजनको विकास गर्ने र त्यसमा थप गर्ने विभिन्न पक्षहरू समावेश हुने हुँदा यो अवधारणा **बहुआयामिक** छ ।

(iii) सम्पदा मार्गलाई निश्चित र गतिशील प्रकारको सांस्कृतिक भूपरिदृश्यको रुपमा लिन सकिन्छ, हालैका छलफलहरूले तिनलाई *कार्य-सञ्चालन निर्देशिका* भित्र स्वीकार गर्न प्रेरित गरेको छ ।

---

[५] "हाम्रो सांस्कृतिक सम्पदाको अङ्गको रुपमा मार्गहरू"माथि विज्ञहरूको बैठक (म्याड्रिड, २४-२५ नोभेम्बर १९९४) (दस्तावेज WHC-94/CONF.003/INF.13 हेर्नुहोला) जसमाथि विश्व सम्पदा समितिको १९ औं सत्रमा छलफल भयो (बर्लिन, १९९५) (दस्तावेज WHC-95/CONF.203/16 हेर्नुहोला)

(iv) सम्पदा मार्गको पहिचान सबलता तथा मूर्त तत्त्वहरूको संग्रहमा आधारित रहन्छ, जुन कुरा आफै मार्गको महत्त्वको प्रमाण हो ।

(v) प्रामाणिकताका शर्तहरू यसको महत्त्व र सम्पदा मार्गको निर्माणमा सहयोगी अन्य तत्त्वहरूको आधारमा लागु गरिनुपर्दछ । यस कुराले मार्गको अवधि, र आजभोलि त्यसको कति प्रयोग हुन्छ भन्ने कुराको साथै प्रभावित जनसमुदायको विकाससम्बन्धी जायज अपेक्षाहरूलाई पनि ख्याल गर्नुपर्दछ ।

यी बुँदाहरूलाई मार्गको प्राकृतिक संरचना तथा यसको अमूर्त एवं प्रतीकात्मक आयामभित्र स्वीकार गरिनेछ ।

## विज्ञान र प्रविधि

*विश्व सम्पदा महासन्धि*ले सम्पदाको परिभाषामा विज्ञानलाई उद्धृत गरेको छ । धारा १ ले 'सांस्कृतिक सम्पदा'लाई इतिहास, कला वा विज्ञानका दृष्टिले अनुपम विश्वव्यापी महत्त्वयुक्त स्मारक, भवनहरूको समूह र/वा स्थलहरू भनी परिभाषित गरेको छ । धारा २ ले 'प्राकृतिक सम्पदा'लाई विज्ञानका दृष्टिले अनुपम विश्वव्यापी महत्त्वयुक्त बनोट, भौगर्भीय एवं भौतिकीय निर्माण तथा स्थलहरू भनी परिभाषित गरेको छ ।

### विज्ञान र प्रविधिका परिभाषाहरू

'विज्ञान' लाई ऐतिहासिक, परम्परागत, स्थानीय र/वा समकालीन ज्ञानपद्धति निहित रहेको कुराको रुपमा बुझ्न सकिन्छ । सामान्यतया यिनमा प्रकृतिको अवलोकनमा आधारित सांकेतिक विचारहरू तथा वर्णनका विधिहरू संलग्न रहन्छन् वा यसमा आफैमा तर्कसंगत तथा वस्तुसंगत, ग्राह्य बनाउन सकिने, तथा थप अवलोकनहरूका माध्यमबाट परिमार्जन एवं गलत साबित गर्न सकिने निष्कर्षमुखी खोजहरू पनि संलग्न रहन सक्छ ।

'प्रविधि'लाई वस्तुगत सामग्री तथा प्राविधिक यौगिकको निर्माणमा रुपान्तरित हुने वैज्ञानिक ज्ञानको व्यावहारिक उपयोगको रुपमा बुझ्न सकिन्छ ।

### विज्ञान तथा प्रविधिसँग सम्बन्धित सम्पदालाई विश्व सम्पदा सूचीमा गरिने सूचीकरण

निश्चित स्थानहरूमा निहित महत्त्वमा केन्द्रित रहने *विश्व सम्पदा महासन्धि*को सन्दर्भमा विज्ञान र प्रविधिमा भएका विकासहरू स्थलहरूमा विद्यमान् भौतिक प्रमाणहरूका माध्यमबाट अभिव्यक्त गर्न सकिन्छ । विश्व सम्पदा सूचीमा सूचीकृत हुनका लागि त्यस्ता प्रमाणहरूले प्रामाणिकता र/वा अखण्डताका शर्तलगायत अनुपम विश्वव्यापी महत्त्वको एक वा एकभन्दा बढी आधारहरू पूरा गरेको हुनुपर्छ ।

विज्ञान तथा प्रविधिसँग सम्बन्धित सम्पदा विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि उपयुक्त छ कि छैन भन्ने कुरा निर्धारण गर्दा दुई महत्त्वपूर्ण कुरालाई ख्याल राखिनुपर्छ :

i) अनुपम विश्वव्यापी महत्त्वयुक्त हुनु पर्ने आवश्यकतालाई निश्चित तवरले बुझाउने

ii) महत्त्वपूर्ण वैज्ञानिक तथा प्राविधिक उपलब्धिहरूलाई दर्शाउने क्षेत्रहरू छुट्ट्याउने

आधार (vi) अन्तर्गत विज्ञान र/वा प्रविधिसम्बद्ध स्थलहरूको संभावित सूचीकरणका सन्दर्भमा निम्न पाँच सिद्धान्तहरूलाई ख्याल राखिनुपर्छ :

क) आधार (vi) लाई वैज्ञानिक सम्पदासमेत समाविष्ट हुने गरी व्याख्या गर्न सकिन्छ ।

ख) यस विषयमा आधार (vi) को आफ्नै स्पष्ट प्रभुत्व रहे तापनि विश्व सम्पदा समितिले सबै प्रकारका सम्पदाका सन्दर्भमा यस आधारलाई औचित्य पुष्टिको एकमात्र आधारको रुपमा प्रयोग

गरिने कुरामाथि प्रतिबन्ध लगाएको छ । सामान्यतया र विशेषगरी आधार (vi) लाई अन्य एक वा एकभन्दा बढी आधारहरूका साथमा प्रयोग गरिनुपर्छ ।

ग) आधार (vi) अन्तर्गत हुने मनोनयनले स्थलका मूर्त गुणहरूसँगको बलियो सम्बन्धसूत्रलाई जनाउनुपर्छ । सबै सम्पदा स्थलहरूको हकमा विचारको प्रतिपादन गर्ने व्यक्तिमाथि मात्र नभई स्थलको गुणहरूमा झल्किने सम्पदामा निहित विचारमाथि पनि जोड दिइनुपर्दछ ।

घ) आधार (vi) लाई स्थलको विज्ञानसम्बद्ध महत्त्वलाई झल्काउनका लागि प्राकृतिक स्थलहरूका लागि पनि प्रयोग गर्न सकिन्छ ।

ङ) विज्ञान र/वा प्रविधिसम्बद्ध सम्पदाको सन्दर्भमा आधार (vi) आफैलाई मात्र प्रयोग गर्न सकिने संभावनाका केही उदाहरणहरू अपवादस्वरुप रहन सक्छन् ।

*विश्व सम्पदा महासन्धिका* लागि मूर्त सम्पदाका रुपमा रहेका, विश्वव्यापी महत्त्वयुक्त महान् उपलब्धिहरू अनावृत भएका र केही हदसम्म कायम रहेका भौतिक स्थलहरूमाथि जोड रहनुपर्छ । त्यस्ता मूर्त प्रमाणहरू जीवित अवस्थामा रहनुपर्दछ जो भूपरिदृश्य, तथा प्राकृतिक बनोट, भवन, अवयव तथा वस्तुहरूका रुपमा रहन सक्छन् ।

मौलिक वैज्ञानिक अन्तर्ज्ञानपछाडिको मूर्त सन्दर्भ पनि महत्त्वपूर्ण हुन्छ ।

हरेक मनोनयनलाई छुट्टाछुट्टै परीक्षण गरिनु परे तापनि जोड भने विश्वव्यापी महत्त्वको उल्लेखनीय आधारभूत विकासको प्रादुर्भाव भएको स्थान वा स्थानहरूको समूहमाथि रहनुपर्दछ ।

*विश्व सम्पदा महासन्धिका* लागि प्रामाणिकता तथा अखण्डताका सिद्धान्तहरू अपरिहार्य छन् । वैज्ञानिक तथा प्राविधिक सम्पदाका हकमा केही विशेष परिस्थितिमा सम्पदा स्थलमा श्रद्धापूर्वक पुनर्निर्माण गरिएका वस्तुहरू रहन सक्ने संभावना भने जीवितै रहन्छ ।

**मनोनयनपश्चातका कुरा**

वैज्ञानिक र/वा प्राविधिक विश्व सम्पदा सम्पत्तिसम्बन्धी शिक्षा तथा व्याख्या विशेष महत्त्वपूर्ण कुरा हुन् ।

यस विषयमा गरिने जनचेतना अभिवृद्धि कार्यक्रमलाई अन्य कुराहरूभन्दा पनि भिन्दाभिन्दै स्थलहरूको वैज्ञानिक सम्पदा, त्यस्ता स्थलहरूको व्यवस्थापन तथा संरक्षण, वैज्ञानिक सम्पदाको महत्त्व तथा दिगो विकासजस्ता साझा सरोकार इत्यादि विषयहरूको आदानप्रदान गर्ने संयन्त्रको रुपमा लिइनुपर्छ ।

यस विषयमा गरिने जनचेतना अभिवृद्धि कार्यक्रमलाई औचित्यका आधारमा विज्ञानको समग्र आयामलाई बढावा दिने अन्य अन्तर्राष्ट्रिय कार्यक्रम तथा पहलहरूसँग जोड्न सकिन्छ ।

## २. क्षेत्रीय एवं विषयनिष्ठ विशेषज्ञ बैठकको प्रतिवेदन

२५. विश्व सम्पदा समितिले प्रतिनिधिमूलक, सन्तुलित एवं विश्वसनीय विश्व सम्पदा सूचीसम्बन्धी अन्तर्राष्ट्रिय रणनीतिको संरचनाभित्र रहेर विभिन्न प्रकारका सम्पत्तिहरूमाथि थुप्रै क्षेत्रीय एवं विषयनिष्ठ विशेषज्ञ बैठकको लागि अनुरोध गरेको छ । मनोनयन तयार गर्ने क्रममा यी बैठकहरूका निचोडहरूले राज्य पक्षहरूलाई निर्देशित गर्न सक्दछ । विश्व सम्पदा समितिसमक्ष पेश गरिएका विज्ञहरूको बैठकको प्रतिवेदनहरू निम्न वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ : http://whc.unesco.org/en/globalstrategy

## ३. सल्लाहकार निकायले गरेका विषयनिष्ठ एवं तुलनात्मक अध्ययन

२६. सांस्कृतिक तथा प्राकृतिक सम्पत्तिहरूको मनोनयनको मूल्याङ्कन गर्ने आफ्नो जिम्मेवारी पूरा गर्न सल्लाहकार निकायहरूले प्रायः साझेदार संगठनहरूसँग मिलेर आफ्नो मूल्याङ्कनको सन्दर्भका लागि फरक विषयगत क्षेत्रहरूमा तुलनात्मक एवं विषयनिष्ठ अध्ययनहरू सञ्चालन गरेका छन् ।

यी प्रतिवेदनहरूमध्ये धेरैजसो तिनको सम्बन्धित वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ, जुन देहायबमोजिम छन्:

पृथ्वीको भौगर्भिक इतिहास - विश्व सम्पदा जीवाश्म स्थलको मनोनयनको मूल्याङ्नका लाीग सन्दर्भगत संरचना (नोभेम्बर १९९६)

अन्तर्राष्ट्रिय नहर सम्पदा सूची (१९९६)
http://www.icomos.org/studies/canals-toc.htm

विश्व सम्पदा पुलहरू (१९९६)
http://www.icomos.org/studies/bridges.htm

विश्व सम्पदा सूचीमा रहेका वन संरक्षित क्षेत्रहरूको एक अन्तर्राष्ट्रिय सिंहावलोकन (सेप्टेम्बर १९९७)
http://www.unep-wcmc.org/wh/reviews/forests/

विश्व सम्पदा सूचीमा रहेका सिमसार एवं समुद्री सरंक्षित क्षेत्रहरूको अन्तर्राष्ट्रिय सिंहावलोकन (सेप्टेम्बर १९९७)
http://www.unep-wcmc.org/wh/reviews/wetlands/

विश्व प्राकृतिक सम्पदा स्थलको मानवीय उपयोग (सेप्टेम्बर १९९७)
http://www.unep-wcmc.org/wh/reviews/human/

होमिनिड जीवाश्म स्थल (१९९७)
http://www.icomos.org/studies/hominid.htm

ल्याटिन अमेरिकाका शहरी वास्तुशास्त्रीय सम्पदा (१९९८)
http://www.icomos.org/studies/latin-towns.htm

Les Theatres et les Amphitheatres antiques (1999)
http://www.icomos.org/studies/theatres.htm

विश्व सम्पदा स्थलको रुपमा रेलमार्गहरू (१९९९)
http://www.icomos.org/studies/railways.htm

जैविक विविधताको दृष्टिले विशेष महत्त्व भएका विश्व सम्पदा सूचीमा संरक्षित क्षेत्रहरूको विश्वव्यापी सिंहावलोकन (नोभेम्बर २०००)
http://www.unep-wcmc.org/wh/reviews/

Les villages ouvriers comme éléments du patrimoine de l'industrie (2001)
http://www.icomos.org/studies/villages-ouvriers.htm
भौगर्भिक विश्व सम्पदाका लागि अन्तर्राष्ट्रिय रणनीति (फेब्रुवरी २००२)

दक्षिणी अफ्रिकाको पत्थर-कला स्थलहरू (२००२)
http://www.icomos.org/studies/sarockart.htm

***विश्व सम्पदा महासन्धि*को सन्दर्भमा प्रामाणिकता**

## परिचय

यस अनुसूचीमा सन् १९९४ को नोभेम्बर १ देखि ६ सम्म जापानको *नारा*मा सम्पन्न *विश्व सम्पदा महासन्धि*को सन्दर्भमा प्रामाणिकतासम्बन्धी *नारा* सम्मेलनका ४५ सहभागीद्वारा तयार गरिएको प्रामाणिकतासम्बन्धी *नारा* दस्तावेजलाई यहाँ पुनः प्रस्तुत गरिएको छ। *नारा* सम्मेलन यूनेस्को, इक्रोम (ICCROM) तथा इकोमोस (ICOMOS)सँगको सहकार्यमा आयोजना गरिएको थियो ।

विश्व सम्पदा समितिको १८औँ सत्र (फुकेट, थाइल्याण्ड १९९४) ले *नारा* बैठकको प्रामाणिकतासम्बन्धी प्रतिवेदनको अध्ययन गरेको थियो (हेर्नुहोस WHC-94/CONF.003/16)

त्यसपछिका क्रमिक बैठकहरूले *विश्व सम्पदा महासन्धि*को सन्दर्भमा प्रामाणिकताको अवधारणालाई अझ समृद्ध बनाउँदै लग्यो । (*कार्य-सञ्चालन निर्देशिका*को सन्दर्भ सामग्री हेर्नुहोला) ।

## १. प्रामाणिकतासम्बन्धी *नारा* दस्तावेज

**प्रस्तावना,**

१. *नारा* (जापान) मा भेला भएका हामी विज्ञहरू जापानी अधिकारीहरूले समयमै यो मञ्च उपलब्ध गराएर देखाएको उदारता र बौद्धिक साहसप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छौं; यस मञ्चबाट हामीले संरक्षणको क्षेत्रमा रहेको परम्परागत सोचाइलाई चुनौती दिने र संरक्षणको अभ्यासमा संस्कृति र सम्पदाको विविधताप्रतिको सम्मानलाई अझ बढाउने दिशामा हाम्रो क्षितिजलाई फराकिलो पार्ने तरिका तथा उपायहरूको विषयमा छलफल गर्न सक्ने भएका छौं,

२. हामी, विश्व सम्पदा सूचीका लागि प्रस्तावित सांस्कृतिक सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको परीक्षण गर्दा सारा समाजको सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताको पूर्ण सम्मान हुने गरी त्यसको प्रामाणिकताको परीक्षण गर्ने पद्दति अपनाउनुपर्छ भन्ने विश्व सम्पदा समितिको इच्छालाई छलफलको महत्त्वपूर्ण रुपरेखाको रुपमा स्वीकार गर्दछौं,

३. प्रामाणिकतासम्बन्धी *नारा* दस्तावेजको अवधारणा सन् १९६४ को भेनिस वडापत्रको भावनाअनुरुप आएको हो । यो दस्तावेज समकालीन विश्वमा सांस्कृतिक सम्पदाका सम्बन्धमा बढिरहेको चासो र सरोकारको सन्दर्भमा उक्त वडापत्रमा आधारित रही त्यसलाई विस्तार गर्ने गरी निर्माण भएको हो ,

४. विश्वव्यापीकरण र एकरुपीकरणको बढ्दो मारमा परेको, र सांस्कृतिक पहिचानलाई यदाकदा उग्र राष्ट्रियतावाद एवं अल्पसंख्यकहरूको संस्कृतिमाथिको दमनमार्फत खोजिने यो विश्वमा संरक्षणका अभ्यासहरूमा प्रामाणिकताको अवधारणाले पुऱ्याउने अत्यावश्यक योगदान भनेको मानवजगत्को सामूहिक स्मृतिलाई स्पष्ट र आलोकित पार्नु नै हो ।

**सांस्कृतिक विविधता र सम्पदाको विविधता**

५. हाम्रो विश्वमा रहेको संस्कृति र सम्पदामा विद्यमान् विविधता सम्पूर्ण मानवजगत्को आध्यात्मिक र बौद्धिक सम्पन्नताको अद्वितीय स्रोत हो। हाम्रो विश्वमा रहेको सांस्कृतिक तथा सम्पदाको विविधताको संरक्षण तथा संवर्द्धनलाई मानव विकासको एउटा महत्त्वपूर्ण पक्षको रुपमा प्रवर्द्धन गरिनुपर्दछ।

६. सांस्कृतिक सम्पदाको विविधता कुनै काल र स्थानमा विद्यमान् रहन्छ र यसले अरुको संस्कृति र तिनीहरूको आस्था एवं विश्वासका सबै पक्षप्रतिको सम्मान गरिनुपर्ने कुरालाई अघि सार्दछ। सांस्कृतिक

मूल्यमान्यतामा विरोधाभास उत्पन्न भएको अवस्थामा सांस्कृतिक विविधताप्रति गरिने सम्मानले सबै पक्षको सांस्कृतिक मूल्यमान्यताको वैधानिकताको बोध गर्नुपर्ने कुरालाई अघि सार्दछ ।

७. सबै संस्कृति तथा समाज तिनीहरूको सम्पदाको निर्माण गर्ने मूर्त र अमूर्त अभिव्यक्तिका निश्चित स्वरुप र माध्यमहरूमा गढेर रहेको हुन्छ र यी कुराहरूको सम्मान गरिनुपर्दछ ।

८. कुनै एकको सांस्कृतिक सम्पदा सबैको सांस्कृतिक सम्पदा हो भन्ने यूनेस्कोको आधारभूत सिद्धान्तलाई जोड दिनु आवश्यक छ । सांस्कृतिक सम्पदा र यसको व्यवस्थापनप्रतिको जिम्मेवारी प्रथमतः यसको सिर्जना गर्ने समुदायमा र त्यसपछि यसको हेरचाह गर्नेमा निहित रहन्छ । तथापि यी जिम्मेवारीहरूका अतिरिक्त सांस्कृतिक सम्पदाहरूको संरक्षणको निमित्त निर्माण गरिएको अन्तर्राष्ट्रिय वडापत्र तथा *महासन्धि*हरूप्रतिको स्वीकारोक्तिले पनि त्यसले स्थापित गरेका सिद्धान्त र जिम्मेवारीहरू निभाउनुपर्ने दायित्व सिर्जना गर्दछ । प्रत्येक समुदायको लागि आफ्नो र अन्य सांस्कृतिक समुदायहरूका आवश्यकताहरूको बीचमा सन्तुलन कायम राख्नु अत्यन्तै महत्त्वपूर्ण छ तर यस कुराले तिनको आधारभूत सांस्कृतिक मूल्यमान्यतामा भने आँच पुऱ्याउनु हुँदैन ।

**मूल्यमान्यता र प्रामाणिकता** (Values & Authenticity)

९. सबै स्वरुप र सबै ऐतिहासिक कालखण्डका सांस्कृतिक सम्पदाको संरक्षण सो सम्पदामा रहेको महत्त्वमा आधारित रहन्छ । यी मान्यताहरूलाई बुझ्ने हाम्रो क्षमता आंशिक रुपमा सो महत्त्वसम्बन्धी सूचनाका स्रोतहरूलाई कति हदसम्म विश्वसनीय वा यथार्थपरक मान्ने भन्ने कुरामा निर्भर रहन्छ । सांस्कृतिक सम्पत्तिको मूल विशेषता एवं त्यसपछि अनावृत हुँदै जाने विशेषताहरूसम्बन्धी सूचनाका स्रोतहरूको ज्ञान र बुझाइ उक्त सम्पदाको प्रामाणिकताका सबै पक्षहरूको मूल्याङ्कन गर्ने आवश्यक आधारहरू हुन् ।

१०. यस प्रकारले ग्रहण गरिएको र भेनिस वडापत्रमा निर्धारण गरिएको प्रामाणिकताको अवधारणा सम्पदाको महत्त्वका सम्बन्धमा आवश्यक योग्यता मापक qualifying factor हो । प्रामाणिकताको बुझाइले सांस्कृतिक सम्पदाको वैज्ञानिक अध्ययन, संरक्षण तथा जीर्णोद्धार योजनाका साथै *विश्व सम्पदा महासन्धि*अन्तर्गत प्रयोग हुने सूचीकरणको कार्यविधिमा र अन्य सांस्कृतिक सम्पदाको विवरणसूचीका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ ।

११. सांस्कृतिक सम्पत्तिमा निहित महत्त्वका साथै सम्बद्ध सूचनाको विश्वसनीयतासम्बन्धी मूल्याङ्कन संस्कृतिपिच्छे र अझ एउटै संस्कृतिमा पनि फरक फरक हुन्छ । त्यसैले महत्त्व र प्रामाणिकताको मूल्याङ्कन निश्चित (fixed) आधारअन्तर्गत गरिनु संभव हुँदैन । अर्कोतर्फ, सबै संस्कृतिलाई सम्मानजनक व्यवहार गर्नका लागि सबै सम्पदा सम्पत्तिहरूलाई तिनीहरू अवस्थित सांस्कृतिक परिवेशअन्तर्गत मूल्याङ्कन गरिनुपर्छ ।

१२. त्यसकारण प्रत्येक संस्कृतिभित्र सम्पदाको महत्त्वको विशेष प्रकृति तथा सम्बद्ध सूचनाको स्रोतको विश्वसनीयता र सत्यतालाई मान्यता दिनु धेरै महत्त्वपूर्ण र अत्यावश्यक छ ।

१३. सांस्कृतिक सम्पदाको प्रकृति, यसको सांस्कृतिक परिवेश तथा कालक्रममा भएको यसको उद्भवको प्रामाणिकतासम्बन्धी मूल्याङ्कन विविध प्रकारका सूचनाका स्रोतहरूको महत्त्वसँग सम्बन्धित रहन सक्दछ । स्रोतका पक्षहरूमा स्वरुप तथा डिजाइन, सामग्री तथा तत्त्व, प्रयोग एवं प्रयोजन, परम्परा एवं प्रविधि, अवस्थिति र परिवेश, र मर्म एवं अनुभूतिका साथै अन्य भित्री तथा बाह्य कुराहरू समावेश हुन सक्दछ । यी स्रोतहरूको प्रयोगले परीक्षण गरिने सांस्कृतिक सम्पदाको विशेष कलात्मक, ऐतिहासिक, सामाजिक तथा वैज्ञानिक आयामहरूको विस्तारपूर्वक वर्णन गर्ने वातावरण तयार गर्दछ ।

**परिशिष्ट १: अनुगमनको लागि सुझावहरू (हर्ब स्टोभलद्वारा प्रस्तावित)**

१. सांस्कृतिक तथा सम्पदासम्बन्धी विविधताप्रति सम्मानजनक व्यवहार गर्ने सन्दर्भमा केही निश्चित स्मारक तथा स्थलहरूको प्रामाणिकतालाई परिभाषित गर्ने र त्यसको निर्धारण गर्ने प्रयत्न गर्दा यान्त्रिक सूत्र वा

स्थापित कार्यविधिको बलात् प्रयोगलाई निरुत्साहित गर्ने विवेकपूर्ण प्रयास आवश्यक हुन्छ ।

२. संस्कृति र सम्पदाको विविधताप्रति सम्मानजनक व्यवहार हुने किसिमले प्रामाणिकताको निर्धारण गर्ने प्रयासहरूमा संस्कृतिहरूलाई तिनका आफ्नै प्रकृति र आवश्यकताबमोजिम विश्लेषणात्मक प्रक्रिया तथा साधनहरूको विकास गर्नमा प्रोत्साहित गर्ने तौरतरिकाको आवश्यकता पर्दछ । त्यस्ता तौरतरिकाहरूमा थुप्रै पक्षहरू समान हुन सक्छन् :

- प्रामाणिकता मूल्याङ्कनमा बहुविधायुक्त सहकार्य तथा उपलब्ध हुने सबै विज्ञता र ज्ञानको उपयुक्त उपयोग समावेश हुने कुरालाई सुनिश्चित गर्ने प्रयासहरू ,
- निश्चित स्मारक एवं स्थलहरूमा (सम्पदाको) महत्त्वले संस्कृति र यसका चासोहरूको विविधताको साँच्चै नै प्रतिनिधित्व गरेको छ भन्ने कुरालाई सुनिश्चित गर्ने प्रयासहरू,
- भविष्यमा गरिने कारवाही तथा अनुगमनको व्यावहारिक निर्देशिकाको रुपमा स्मारक तथा स्थलहरूको प्रामाणिकतालाई स्पष्टतापूर्वक अभिलिखित गर्ने प्रयास,
- बदलिँदो मूल्यमान्यता र परिस्थितिअनुरुप प्रामाणिकताको मूल्याङ्कनहरूलाई अद्यावधिक गर्ने प्रयास ।

३. (सम्पत्तिमा निहित) महत्त्वप्रति सम्मानजनक व्यवहार हुने कुरालाई सुनिश्चित गर्ने प्रयासहरू र यस्ता प्रयासहरूको निर्धारणमा यथासंभव ती महत्त्वका सम्बन्धमा बहुविधायुक्त र सामुदायिक सहमति जुटाउने प्रयासहरू समावेश रहन्छन् भन्ने कुरा विशेष महत्त्वपूर्ण छन् ।

४. प्रत्येक संस्कृतिको विविधता र मूल्यमान्यताप्रति विश्वव्यापी सम्मान र बुझाइमा अभिवृद्धि गर्नका लागि सांस्कृतिक सम्पदाको संरक्षणमा चासो राख्ने सबै पक्षका बीचमा अन्तर्राष्ट्रिय सहयोगको विकास गर्ने र त्यसलाई सहज बनाउने तौरतरिकाहरू अपनाइनुपर्दछ ।

५. मानवजगत्को साझा सम्पदाको संरक्षणमा प्रामाणिकतालाई समावेश गर्नुको व्यावहारिक महत्त्वलाई अभिवृद्धि गर्ने सम्बन्धमा विश्वका विभिन्न क्षेत्र एवं संस्कृतिमा यस संवादलाई निरन्तरता दिँदै विस्तार गर्नु एउटा पूर्व शर्त हो ।

६. अतीतका अवशेषहरूको जगेर्ना गर्ने ठोस उपायहरू निकाल्नका लागि सम्पदाको यस आधारभूत आयामको बारेमा सर्वसाधारणका बीचमा चेतना जगाउनु अति आवश्यक रहन्छ । यसको अर्थ सांस्कृतिक सम्पत्ति आफैले प्रतिनिधित्व गरेको महत्त्वको बुझाइमा व्यापक रुपमा विकास गर्नुका साथै समकालीन समाजमा त्यस्ता स्मारक तथा स्थलहरूले निर्वाह गर्ने भूमिकाप्रति सम्मान प्रकट गर्नु पनि हो ।

**परिशिष्ट २: परिभाषा**

संरक्षणः सांस्कृतिक सम्पदालाई बुझ्न, यसको इतिहास एवं अर्थलाई जान्न, यसको सामग्रीको जगेर्ना तथा आवश्यकताअनुसार यसको प्रस्तुति, जीर्णोद्धार तथा अभिवृद्धिलाई सुनिश्चित गर्नका लागि हुने सबै प्रयासहरू (सांस्कृतिक सम्पदाअन्तर्गत विश्व सम्पदा *महासन्धिको* धारा १ मा उल्लेख भएबमोजिम स्मारक, भवनहरूको समूह तथा सांस्कृतिक मूल्य भएका स्थलहरू भन्ने बुझिन्छ) ।

सूचनाका स्रोतहरू : सम्पूर्ण लिखित, मौखिक तथा लाक्षणिक स्रोत सामग्री, जसले सांस्कृतिक सम्पदाको प्रकृति, मिहिनता, अर्थ तथा इतिहासका बारेमा जान्न सघाउ पुऱ्याउँछ ।

**२. प्रामाणिकतासम्बन्धी सन्दर्भ सामग्री क्रमानुसार**

*नारा*मा भएको प्रामाणिकतासम्बन्धी छलफलको लागि आधार तयार गर्न सघाउने *नारा* बैठक अघिका

प्रकाशनहरू निम्नअनुसार छन् :

लार्सन, नट इनर, *विशेषतः जापानको सन्दर्भमा काठबाट बनेका ऐतिहासिक भवनहरूको प्रामाणिकतासम्बन्धी एक टिप्पणी, विश्व सम्पदा महासन्धि*का लागि प्रासङ्गिक दस्तावेजहरू, इकोमोस (ICOMOS), डिसेम्बर १९९२

लार्सन, नट इनर, *प्रामाणिकता र जीर्णोद्धार : जापानमा वास्तुकलाको संरक्षण,* नर्वेजियन इन्स्टिच्यूट अफ टेक्नोलोजी, अंक १-२, १९९३

जनवरी ३१ देखि फेब्रुवरी २, १९९४मा बर्गन, नर्वेमा सम्पन्न *नारा* बैठकको तयारी बैठक :

लार्सन, नट इनर र मर्सटिन, निल्स (सं.), *विश्व सम्पदा महासन्धि तयारी कार्यशालाको सन्दर्भमा प्रामाणिकतासम्बन्धी सम्मेलन,* बर्गन, नर्वे, ३१ जनवरी देखि २ फेब्रुवरी १९९४, तपीर, फोरलाग, ट्रोन्डेइम १९९४ ।

*नारा* बैठक, १-६ नोभेम्बर १९९४, नारा, जापानः

सम्पादक समूहकासाथ लार्सन, नट इनर (जोकिलेतो, लेमाईर, मसुदा, मर्सटिन, स्टोभल), *विश्व सम्पदा महासन्धिको सन्दर्भमा प्रामाणिकतासम्बन्धी नारा सम्मेलन,* नारा जापान, १-६ नोभेम्बर १९९४, यूनेस्को- विश्व सम्पदा केन्द्र, जापानको सांस्कृतिक मामिला निकाय, इक्रोम (ICCROM) र इकोमोस (ICOMOS) द्वारा प्रकाशित कारवाहीहरू, १९९४

*नारा* बैठकमा संसारभरका विभिन्न २६ मुलुक एवं अन्तर्राष्ट्रिय संगठनहरूबाट गरी ४५ जना विशेषज्ञहरू भेला भएका थिए । उनीहरूले पेश गरेका कार्यपत्रहरू माथि उल्लेखित दस्तावेजहरूमा समाहित छन्, त्यस्तै *नारा* दस्तावेज १२ जना सहभागीहरूको कार्य समूहले तयार गरेको थियो र त्यसलाई रेमण्ड लेमाइर र हर्ब स्टोभलले सम्पादन गरेका थिए । कारवाहीसम्बन्धी यो दस्तावेजले इकोमोस (ICOMOS) का सदस्य तथा अन्यलाई नारा दस्तावेजका मुद्दाहरूमाथि भएका छलफलहरूलाई विश्वका अन्य क्षेत्रहरूमा विस्तार गर्नका लागि आह्वान गरेको थियो ।

*नारा* बैठकपछिका महत्त्वपूर्ण क्षेत्रीय बैठकहरू (जनवरी २००५ सम्मका)

*प्रामाणिकता र अनुगमन, अक्टुबर १७-२२, १९९५, केस्की क्रम्लोभ, चेक गणतन्त्र, इकोमोस (ICOMOS) युरोपीय सम्मेलन, १९९५ ।*

सन् १९९५ अक्टुबर १७ देखि २२ मा चेक गणतन्त्रको केस्की क्रम्लोभमा आयोजित इकोमोस (ICOMOS) को युरोपीय सम्मेलनमा १४ देशबाट प्राप्त हुन आएका प्रामाणिकतासम्बन्धी अवधारणाको प्रयोगका सम्बन्धमा राष्ट्रिय धारणा राख्नका लागि इकोमोस (ICOMOS) का १८ युरोपीय सदस्यहरू भेला भएका थिए । प्रस्तुतिहरूको संश्लेषणले संरक्षणका समस्याहरूका लागि यथार्थपरक, विवेकी र इमान्दार तौरतरिकालाई सुनिश्चित गर्ने उपायका रुपमा हामीले संरक्षणका समस्याहरूमा प्रयोग गर्ने विश्लेषणात्मक प्रक्रियाहरूमा प्रामाणिकताको महत्त्वलाई आत्मसात गऱ्यो र सांस्कृतिक भूपरिदृश्य र शहरी परिवेशमा प्रामाणिकतासम्बन्धी विश्लेषणलाई उपयुक्त गरिकाले प्रयोग गर्नका लागि गतिशील संरक्षणको मान्यतालाई सबल बनाउनुपर्ने कुरामा जोड दिएको थियो ।

*सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापनमा प्रामाणिकतासम्बन्धी अन्तरअमेरिकी गोष्ठी, अमेरिका/इकोमोस (ICOMOS) , दी गेट्टी कन्जरभेसन इन्स्टिच्यूट, सान आन्तोनियो, टेक्सास १९९६*

सन् १९९६ को मार्चमा सान आन्तोनियो, टेक्सास, अमेरिकामा आयोजित प्रामाणिकतासम्बन्धी यस बैठकमा *नारा* अवधारणालाई लागु गर्ने विषयमा छलफल गर्नका लागि उत्तर, मध्य तथा दक्षिण अमेरिकाको इकोमोस (ICOMOS) राष्ट्रिय समितिबाट आएका सहभागीहरू भेला भएका थिए । बैठकले सान आन्तोनियो घोषणापत्रलाई पारित गरेको थियो, जसले प्रामाणिकता र पहिचान, इतिहास, सामग्री, सामाजिक मूल्यमान्यता,

गतिशील एवं स्थिर स्थलहरू, अख्तियारी (stewardship) र अर्थतन्त्रबीचको सम्बन्धको बारेमा छलफल गरेको थियो र यसमा (स्थलको) *सही महत्त्व, अखण्डता, सन्दर्भ, पहिचान, प्रयोग र प्रयोजन*लाई प्रतिबिम्बित गर्नका लागि प्रामाणिकताका "दसीहरू" अघि सार्ने सुझावहरूका साथै स्थलका विविध प्रकारहरूका हकमा लागु हुने सुझावहरू पनि समावेश थियो ।

साउमा-फोरेरो, गालिया, (सम्पादक), अफ्रिकी सन्दर्भमा प्रामाणिकता र अखण्डताः विज्ञको बैठक, बृहत् जिम्बाब्वे, जिम्बाब्वे, २६-२९ मे २०००, यूनेस्को विश्व सम्पदा केन्द्र, पेरिस २००१ ।

विश्व सम्पदा केन्द्रले आयोजना गरेको बृहत् जिम्बाब्वे बैठक (२६-२९ मे २०००) ले अफ्रिकी सन्दर्भमा प्रामाणिकता र अखण्डता दुवै विषयमा ध्यानाकृष्ट गरेको थियो । अठारजना वक्ताहरूले सांस्कृतिक तथा प्राकृतिक दुवै सम्पदाहरूको व्यवस्थापनमा उत्पन्न हुने मुद्दाहरूलाई दृष्टिगत गरेका थिए । बैठकको परिणामस्वरुप माथि उल्लेखित प्रकाशनहरू अगाडि आए, जसमा बैठकका सहभागीहरूले दिएका सिफारिसहरू समावेश गरिएका छन् । त्यसमा दिइएका सिफारिसहरूमा प्रामाणिकतालाई दर्शाउने विशेषताहरूमा *व्यवस्थापन प्रणाली, भाषा तथा अमूर्त सम्पदाका अन्य स्वरुपहरू* लाई पनि समावेश गरिनुपर्ने सुझावहरू पनि रहेका छन् र त्यसमा दिगो सम्पदा व्यवस्थापन प्रक्रियामा स्थानीय समुदायको स्थान हुनुपर्ने कुरामा जोड दिइएको थियो ।

<u>*विश्व सम्पदा महासन्धि*को सन्दर्भमा पुनर्निर्माण छलफलहरू (जनवरी २००५ सम्मको):</u>

*क्षेत्रीय सम्मेलनद्वारा पारित सांस्कृतिक सम्पदाको सम्बन्धमा प्रामाणिकता र ऐतिहासिक पुनर्निमाणसम्बन्धी रिगा वडापत्र,* रिगा, २४ अक्टुबर २०००, यूनेस्को-विश्व सम्पदा केन्द्रको लागि लाट्भियाको राष्ट्रिय आयोग, इक्रोम (ICCROM) ।

इन्सर्टि मेडिसि, एलेना एवं हर्ब स्टोभल, *सांस्कृतिक सम्पदाको सम्बन्धमा प्रामाणिकता र ऐतिहासिक पुनर्निर्माण, क्षेत्रीय सम्मेलन, रिगा, लाट्भिया,* अक्टुबर २३-२४, २०००: सारांश प्रतिवेदन, यूनेस्को-विश्व सम्पदा केन्द्र, पेरिस, इक्रोम (ICCROM), रोम २००१

स्टोभल, हर्ब, *सांस्कृतिक सम्पदाको सम्बन्धमा प्रामाणिकता र ऐतिहासिक पुनर्निमाणसम्बन्धी रिगा वडापत्र, रिगा, लाट्भिया, अक्टुबर २०००, पुरातात्त्विक स्थलहरूको संरक्षण र व्यवस्थापन,* अंक ४, संख्या ४, २००१

*विश्व सम्पदा शहरहरूमा ऐतिहासिक पुनर्निर्माणका विकल्पहरू,* तालिन, १६-१८ मे २००२, तालिन सांस्कृतिक सम्पदा विभाग, यूनेस्कोको लागि इस्टोनिया राष्ट्रिय आयोग, इस्टोनिया राष्ट्रिय सम्पदा बोर्ड ।

**सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पेश गरिने मनोनयनको ढाँचा**

**यो ढाँचा २ फेब्रुवरी, २००५ भन्दा पछि पेश गरिने सबै मनोनयनका लागि प्रयोग गरिनुपर्दछ**

- मनोनयनको ढाँचा निम्न वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ :

  http/whc.unesco.org/en/nominationform

- मनोनयनको तयारीसम्बन्धी थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को खण्ड ३ मा प्राप्त गर्न सकिनेछ।

- रित पुगेको मनोनयन फारामको हस्ताक्षरित सक्कल प्रति अङ्ग्रेजी वा फ्रेन्च भाषामा यस ठेगानामा पठाउनुपर्नेछ :

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फौँतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
टेलिफोन : ३३ (०)१४५६८१५७१
फ्याक्सः ३३(०)१४५६८५५७०
इमेलः wh-nominationas@unesco.org

## कार्यकारी सारांश

**राज्य पक्षहरूद्वारा उपलब्ध गराइने यस सूचनालाई विश्व सम्पदा समितिको निर्णयानुसार सचिवालयले अद्यावधिक गर्ने गर्दछ। तत्पश्चात कुन आधारमा सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो भन्ने कुरा निश्चित गर्दै यस सूचनालाई पुनः राज्य पक्षलाई प्रेषित गरिन्छ।**

| | |
|---|---|
| **राज्य पक्ष** | |
| **राज्य, प्रान्त वा क्षेत्र** | |
| **सम्पत्तिको नाम** | |
| **नजिकको अर्को क्षेत्रको भौगोलिक निर्देशांक** | |
| **मनोनित सम्पत्तिको सिमाना**(हरू) **को लिखित विवरण** | |
| **A4** (वा "लेटर") **साइजमा सिमाना तथा सन्निकट क्षेत्र** (यदि छ भने) **समेत देखिने गरी मनोनित सम्पत्तिको नक्सा** | **A4** (वा "लेटर") **साइजको नक्सा संलग्न गर्नुहोस्** |
| **औचित्य**<br>**अनुपम विश्वव्यापी महत्त्वको उक्ति** (त्यस्तो विवरणमा मनोनित सम्पत्तिमा निहित के कुरालाई अनुपम विश्वव्यापी महत्त्वको रुपमा स्वीकार गर्ने भन्ने कुरा उल्लेख गरिनुपर्दछ) | |
| **सम्पत्ति मनोनयनको आधार** (आधारलाई बुँदागत रुपमा उल्लेख गर्ने) (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७७ हेर्नुहोला) | |
| **अनुपम विश्वव्यापी महत्त्वको उक्तिको मस्यौदा** ( करिब १-२ पेजको ढाँचामा, यस विवरणले मनोनित सम्पदामा निहित अनुपम विश्वव्यापी महत्त्व केलाई मान्ने भन्ने कुरालाई स्पष्ट गर्नुपर्छ) | अनुच्छेद १५५ अनुसार, अनुपम विश्वव्यापी महत्त्वको उक्तिमा निम्न कुराहरू समाहित भएको हुनुपर्दछः<br>क) सारसंक्षेप<br>ख) आधारहरूको औचित्य<br>ग) (सबै सम्पत्तिको हकमा) अखण्डताको उक्ति<br>घ) आधार (i) देखि (vi) अन्तर्गत मनोनित भएका सम्पदाका लागि प्रामाणिकताको उक्ति<br>ङ) सुरक्षा र व्यवस्थापन गर्नु पर्ने शर्तहरू<br><br>अनुसूची १० को ढाँचा हेर्नुहोला |
| **आधिकारिक स्थानीय संस्था/निकायको नाम तथा सम्पर्क सूचना** | संगठनः<br>ठेगानाः<br>फोनः<br>फ्याक्सः<br>इमेलः<br>वेभ साइटः |

## विश्व सम्पदा सूचीमा सूचीकृत हुने सम्पत्तिहरू

द्रष्टव्य : मनोनयन तयार गर्दा राज्य पक्षले यस ढाँचालाई यसमा लेखिएको विवरणात्मक टिपोटको भागलाई मेटेर प्रयोग गर्नुपर्दछ ।

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| **१. सम्पत्तिको पहिचान** | खण्ड २ का साथसाथै यो खण्ड पनि मनोनयनको सबभन्दा महत्त्वपूर्ण खण्ड हो । यस खण्डले सम्पत्ति कहाँ अवस्थित छ र भौगोलिक रुपमा कसरी परिभाषित भएको छ भन्ने कुरा समितिलाई स्पष्ट पार्नुपर्दछ । क्रमिक मनोनयनयको हकमा जोडिएका अङ्ग तथा क्षेत्र (यदि फरक अङ्गको लागि फरक छ भने), निर्देशांक, इलाका तथा सन्निकट क्षेत्रलाई दर्शाउने तालिका संलग्न गर्नुहोस् । अङ्गहरूको बीचमा भिन्नता दर्शाउने अन्य कुराहरू पनि थप्न सकिनेछ (पृष्ठ सन्दर्भ वा नक्सा, संख्या आदि) । |
| **१.क. देश (र राज्य पक्ष यदि फरक हो भने)** | |
| **१.ख. राज्य, प्रान्त वा क्षेत्र** | |
| **१.ग. सम्पत्तिको नाम** | यो सम्पत्तिको आधिकारिक नाम हो जुन विश्व सम्पदा सम्पत्तिसम्बन्धी प्रकाशित सामग्रीमा प्रयोग गरिनेछ । यो संक्षिप्त हुनुपर्दछ । यसलाई अन्तर तथा विराम चिह्न समेत गरी २०० अक्षरमा नबढाई लेख्नुहोस् ।<br><br>क्रमिक मनोनयनको हकमा (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद १३७-१४० हेर्नुहोला) सम्पत्तिको **यौगिक**को नाम उल्लेख गर्नुहोस् (जस्तै फिलिपिन्सको बारोक चर्च) । क्रमिक मनोनयनको अङ्गहरूको नाम उल्लेख गर्नुपर्दैन, जसलाई तालिकाको १.घ. तथा १.छ. बुँदाको भागको रुपमा समावेश गर्नुपर्दछ । |
| **१.घ. नजिकको अर्को क्षेत्रसँगको भौगोलिक निर्देशांक** | यस भागमा (नजिकको अर्को क्षेत्रको आधारमा) अक्षांश र देशान्तर निर्देशांक वा मनोनित सम्पत्तिको लगभग केन्द्रको (१० मिटरसम्म नजिकको) यूटीएम निर्देशांक उल्लेख गर्नुहोस् । अन्य निर्देशांक प्रणाली उल्लेख गरिरहनुपर्दैन । यदि कुनै द्विविधा भएमा कृपया सचिवालयमा सम्पर्क गर्नुहोला ।<br><br>क्रमिक मनोनयनको हकमा, (सम्पत्तिको) हरेक अङ्गको नाम, त्यसको क्षेत्र (वा सन्दर्भअनुसार नजिकको शहर) र त्यसको केन्द्रको भौगोलिक निर्देशांकसमेत दर्शाउने तालिका दिनुहोस् । भौगोलिक निर्देशांकको ढाँचाको उदाहरण:<br><br>उ ४५°०६'०५" प १५°३७'५६" वा<br>यूटीएम क्षेत्र १८ पूर्वोत्तर: ५४५६७०<br>उत्तरोत्तर: ४५८६७५० |

| पहिचान संख्या | अङ्गको नाम | क्षेत्र(हरू)/जिल्ला(हरू) | केन्द्रको भौगोलिक निर्देशांक | सम्पदाको मनोनित अङ्गको क्षेत्रफल (हेक्टर) | सन्निकट क्षेत्रको क्षेत्रफल (हेक्टर) | नक्सा संख्या |
|---|---|---|---|---|---|---|
| ००१ | | | | | | |
| ००२ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ००३ | | | | | | |
| ००४ | | | | | | |
| इत्यादि | | | | | | |
| कूल क्षेत्रफल (हेक्टरमा) | | | | हे | हे | |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| **१.ङ. मनोनित सम्पत्ति तथा सन्निकट क्षेत्रको सिमाना देखिने नक्सा तथा योजना** | स्केल तथा मिति उल्लेख गरी निम्न कुराको सूची मनोनयनको अनुसूचीमा समावेश गर्नुहोस् :<br><br>(i) मनोनित सम्पत्ति सबै देखाइएको उपलब्ध भएसम्म ठूलो स्केलको टोपोग्राफिकल नक्साको सक्कल प्रति । त्यसमा मनोनित सम्पत्ति तथा सन्निकट क्षेत्रको सिमाना स्पष्ट रुपमा देखाइएको हुनुपर्दछ। यसै नक्सामा वा संलग्न अन्य कुनै नक्सामा मनोनित सम्पदाका लागि लाभकारी विशेष कानूनी संरक्षण भएका अन्य क्षेत्रका सीमाहरूको अभिलेख पनि समावेश भएको हुनुपर्दछ। क्रमिक मनोनयनको लागि थुप्रै नक्साहरू आवश्यक पर्न सक्दछ (५.१.घ को तालिका हेर्नुहोला)। नजिकका बस्तीहरू, भवनहरू तथा मार्गहरू जस्ता टोपोग्राफिकल कुराहरूको पहिचान हुने गरी उपलब्ध गराइएको नक्सा यथासंभव ठूलो र व्यावहारिक स्केलमा हुनुपर्दछ - यसले गर्दा सिमानाभित्र, त्यसको छेवैमा वा त्यसैमाथि हुने कुनै पनि प्रस्तावित विकासका असरहरूको स्पष्ट मूल्याङ्कन गर्न संभव हुन्छ।<br><br>नक्साहरूमा रेखाङ्कित सीमारेखाको मोटाइलाई विशेष ख्याल राख्नुपर्छ - मोटा रेखाहरूले सम्पदाको वास्तविक सीमारेखाको बुझाइमा द्विअर्थीपना ल्याउन सक्छ।<br><br>नक्सा निम्न वेभ साइटबाट पनि प्राप्त गर्न सकिनेछ : http:/whc.unesco.org/en/mapagencies<br><br>यदि टोपोग्राफिकल नक्सा उपयुक्त स्केलमा पाउन सकिएन भने त्यसको सट्टामा अन्य नक्सा पनि संलग्न गर्न सकिन्छ। सबै नक्साहरूमा सबै निर्देशांकहरू समावेश भई दुई छेउका कम्तीमा तीनवटा बिन्दुहरूबाट भौगोलिक अवस्थिति निर्धारण गर्न सकिने किसिमको हुनुपर्दछ। नक्साहरू नकाटिएको हुनुपर्दछ र तिनमा स्केल, दिशा, प्रक्षेपण, आधारबिन्दु datum, सम्पत्तिको नाम तथा मिति देखाइनुपर्दछ। नक्सालाई यथासंभव नपट्याई बेरेर पठाइनुपर्दछ।<br><br>यथासंभव भौगोलिक सूचनाहरूलाई भौगोलिक सूचना प्रणाली (Geographic Information System) मा आबद्ध गर्नका लागि उपयुक्त हुने किसिमले डिजिटल स्वरुपमा पठाउनका लागि अभिप्रेरित गरिन्छ। यस्तो अवस्थामा सिमाना (मनोनित सम्पत्ति तथा सन्निकट क्षेत्र) को रेखाङ्कन यथासंभव ठूलो स्केलमा भेक्टर स्वरुपमा पेश गरिनुपर्दछ। यस विकल्पको सम्बन्धमा थप जानकारीका लागि सचिवालयमा सम्पर्क गर्न राज्य पक्षहरूलाई आह्वान गरिन्छ।<br><br>(ii) राज्य पक्षभित्र सम्पत्तिको अवस्थिति दर्शाउने स्थानसूचक नक्सा (location map),<br><br>(iii) योजना तथा सम्पत्तिको छुट्टा छुट्टै विशेषता दर्शाउने गरी विशेष हिसाबले तयार गरिएका नक्साहरू सहयोगी साबित हुन सक्छन्, र तिनलाई अनुसूचीमा समावेश गर्न सकिन्छ। |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| | सल्लाहकार निकाय तथा विश्व सम्पदा समितिसमक्ष प्रतिलिपि पेश गर्ने तथा प्रस्तुतिकरण गर्ने कुरालाई सहज बनाउन मूल नक्सालाई A4 (वा लेटर) साइजमा सानो बनाई त्यसको डिजिटल प्रति समेत मनोनयनका साथ संलग्न गर्नुपर्दछ।<br><br>सन्निकट क्षेत्र प्रस्ताव नगरिएको अवस्थामा मनोनित सम्पत्तिको उचित सुरक्षाको लागि किन सन्निकट क्षेत्र आवश्यक नपरेको हो भन्ने कुराको विवरण समेत मनोनयनमा समावेश गर्नुपर्दछ। |
| **१.च. मनोनित सम्पत्तिको क्षेत्रफल** (हे.) **र सन्निकट क्षेत्रको क्षेत्रफल** (हे.)<br><br>मनोनित सम्पत्तिको क्षेत्र : ________ हे.<br><br>सन्निकट क्षेत्र : ________________ हे.<br><br>कूल: ________________________ हे. | क्रमिक मनोनयन (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद १३७-१४० हेर्नुहोला) को हकमा सम्बद्ध भागहरूको नाम, क्षेत्र (यदि फरक अङ्को लागि फरक छ भने) र क्षेत्रफल तथा सन्निकट क्षेत्र दर्शाउने तालिका संलग्न गर्नुपर्दछ।<br><br>क्रमिक मनोनयन तालिका मनोनयन गरिएका फरक क्षेत्र तथा सन्निकट क्षेत्र(हरू) को आकार देखाउन समेत प्रयोग गर्नुपर्दछ। |
| **२. विवरण** | |
| **२.क. सम्पत्तिको विवरण** | यो खण्ड मनोनयन गरिने मितिमा (विद्यमान्) मनोनित सम्पत्तिको विवरणबाट शुरु गर्नुपर्दछ। यसअन्तर्गत सम्पत्तिका सबै उल्लेख्य विशेषताहरू संलग्न हुनुपर्दछ।<br><br>सांस्कृतिक सम्पत्तिको हकमा यस खण्डको विवरणले उक्त सम्पत्ति सांस्कृतिक रुपमा महत्त्वपूर्ण छ भन्ने कुरालाई समेट्नुपर्दछ। यसअन्तर्गत कुनै भवन वा भवनहरूको समूह एवं तिनको वास्तुशास्त्रीय शैली, निर्माण मिति, सामग्री आदिसम्बन्धी विवरण पर्न सक्दछ। यस खण्डमा ( सम्पत्ति)को परिवेशको महत्त्वपूर्ण पक्ष जस्तै बगैंचा, पार्क आदिको समेत विवरण समावेश हुनुपर्दछ। उदाहरणको लागि पत्थर कला स्थलको विवरणमा पत्थर कलाका साथै आसपासको भूपरिदृश्यलाई पनि समावेश गरिनुपर्दछ। ऐतिहासिक शहर वा जिल्लाको हकमा प्रत्येक भवनको व्याख्या गर्नु आवश्यक छैन तर महत्त्वपूर्ण सार्वजनिक भवनहरूको वर्णन छुट्टाछुट्टै गरिनुपर्दछ र क्षेत्रको योजना वा लेआउट (layout) , सडकको शैली street pattern जस्ता कुराहरूको विवरण समेत उल्लेख गरिनुपर्दछ।<br><br>प्राकृतिक सम्पत्तिको हकमा महत्त्वपूर्ण भौतिक विशेषता, भौगर्भिक अवस्था, वासस्थान, प्रजाति तथा जनसंख्याको आकार तथा अन्य महत्त्वपूर्ण पर्यावरणीय विशेषता तथा प्रक्रियाहरूको बारेमा उल्लेख गरिनुपर्दछ। व्यावहारिक भएको खण्डमा प्रजातिहरूको सूची उपलब्ध गराइनुपर्दछ र लोपोन्मुख वा आदिवासी जन्तुवनस्पतिहरूको उपस्थितिको विषयलाई उजागर गरिनुपर्दछ। प्राकृतिक स्रोतसाधनहरूको दोहन गरिएको स्तर र तरिकाको विषयमा पनि उल्लेख गरिनुपर्दछ।<br><br>सांस्कृतिक भूपरिदृश्यको हकमा माथि उल्लेखित सबै पक्षहरूको विषयमा विवरण उपलब्ध गराउनु आवश्यक छ। मानव र प्रकृति बीचको अन्तर्क्रियालाई विशेष ध्यान दिइनुपर्दछ।<br><br>खण्ड १ (सम्पत्तिको पहिचान) मा पहिचान गरिएका सबै मनोनित सम्पत्तिको व्याख्या गरिनुपर्दछ। क्रमिक मनोनयन (*कार्य-सञ्चालन* |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| | *निर्देशिका*को अनुच्छेद १३७-१४० हेर्नुहोला) को हकमा सबै पक्षहरूको छुट्टाछुट्टै व्याख्या गरिनुपर्छ । |
| **२.ख. इतिहास र विकास** | सम्पत्ति अहिलेको स्वरुप तथा अवस्थामा कसरी आइपुगेको हो र यसको हालको संरक्षणको इतिहाससलगायत यसले भोगेका मुख्य परिवर्तनका बारेमा उल्लेख गर्नुहोस् ।<br><br>यसअन्तर्गत स्मारकहरू, स्थल, भवन वा भवनहरूको समूहको सन्दर्भमा तिनीहरूको निर्माणका चरणहरूको बारेमा पनि केही कुरा समावेश हुनुपर्दछ । निर्माण सम्पन्न भए यता कुनै मुख्य परिवर्तन, भत्काउने काम वा पुनःनिर्माण भएको भए त्यसको पनि वर्णन गर्नुपर्दछ ।<br><br>प्राकृतिक सम्पत्तिको हकमा, दिइने विवरणले सम्पत्तिको विकासक्रमलाई प्रभावित तुल्याएका महत्त्वपूर्ण ऐतिहासिक वा प्राग ऐतिहासिक घटनाहरूलाई समेट्नुपर्दछ र यसले उक्त सम्पत्ति र मानवजगत् बीचको अन्तर्क्रियाको वर्णन पनि गर्नुपर्दछ । यसअन्तर्गत शिकार, माछा पालन वा कृषिका लागि सम्पत्ति वा यसका प्राकृतिक स्रोतसाधनको प्रयोगमा आएको परिवर्तन र मौसमी परिवर्तन, बाढी, भूकम्प वा अन्य प्राकृतिक कारणले भएका परिवर्तनहरू पर्दछन् ।<br><br>सांस्कृतिक भूपरिदृश्यको सन्दर्भमा पनि यस्ता सूचनाहरूको आवश्यकता पर्दछ, जसअन्तर्गत उक्त क्षेत्रमा भएका मानव गतिविधिको इतिहासका सबै पक्षहरू समेटिनुपर्दछ । |
| **३. सूचीकरणको औचित्य** [१] | औचित्यलाई निम्न खण्डहरूमा पुष्टि गरिनुपर्छ ।<br><br>यस खण्डले सम्बन्धित सम्पत्ति किन "अनुपम विश्वव्यापी महत्त्व"युक्त छ भन्ने स्पष्ट पार्नुपर्छ ।<br><br>मनोनयनको यो पुरै खण्ड *कार्य-सञ्चालन निर्देशिका*का मागहरूलाई सम्बोधन हुने गरी सावधानीपूर्वक लेखिनुपर्छ । यस खण्डमा सम्पत्तिको वा यसको व्यवस्थापनको विषयमा अन्य खण्डमा उल्लेख भइसकेको विस्तृत विवरण पुनः दिइरहनु पर्दैन अपितु यसले सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको परिभाषाका लागि सान्दर्भिक प्रमुख विषयहरूलाई संप्रेषण गर्नुपर्दछ । |
| **३.१.क सारसंक्षेप** | सारसंक्षेपमा देहायका कुराहरू संलग्न रहनुपर्दछ : (i) तथ्यगत सूचनाको सारांश र (ii) गुणहरूको सारांश । तथ्यगत सूचनाको सारांशले भौगोलिक तथा ऐतिहासिक सन्दर्भ र सम्पदाका प्रमुख कुराहरूलाई दर्शाउँछ । गुणहरूको सारांशले निर्णयकर्ता तथा सर्वसाधारणलाई कायम राख्नुपर्ने अनुपम विश्वव्यापी महत्त्वको विषयमा अवगत गराउँछ, र यसमा सम्पदाको संभावित अनुपम विश्वव्यापी महत्त्वलाई दर्शाउने गुण/मर्म (attributes) हरूको सारांशलगायत त्यसको सुरक्षा, व्यवस्थापन र अनुगमन गर्नुपर्ने आवश्यकता पनि समावेश हुनुपर्छ । मनोनयनको औचित्य पुष्टि गर्नका लागि यी सारांशहरू उल्लेखित आधारअनुरुप हुनुपर्दछ । यसर्थ सारसंक्षेपले मनोनयन तथा प्रस्तावित सूचीकरणका लागि समग्र उपयुक्तता (rationale) लाई प्रस्तुत गर्दछ । |

[१] अनुच्छेद १३२ र १३३ पनि हेर्नुहोला

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| **३.१.ख आधारहरू जसअन्तर्गत सूचीकरणको प्रस्ताव गरिएको छ** (र यी आधारअन्तर्गत सूचीकरण गर्नुको औचित्य) | *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७७ हेर्नुहाला<br><br>उद्धृत गरिएका प्रत्येक आधारहरूको लागि भिन्दाभिन्दै औचित्य प्रस्तुत गर्नुहोला ।<br><br>सम्पदाको मनोनयनमा प्रयोग गरिएको आधारलाई त्यसले कसरी पूरा गरेको छ भन्ने कुरालाई दर्शाउनुहोस् (आवश्यकताअनुसार मनोनयनको "वर्णन" र "तुलनात्मक अध्ययन"का खण्डहरूको पनि साभार लिन सकिन्छ तर तिनको अंशलाई दुरुस्त नक्कल भने गर्नु हुँदैन) र हरेक आधारका लागि सान्दर्भिक गुण/मर्म (attributes) को वर्णन गर्नुहोस् । |
| **३.१.ग अखण्डताको उक्ति** | अखण्डताको उक्तिले *कार्य-सञ्चालन निर्देशिका*को खण्ड २.घ मा उल्लेखित अखण्डताका शर्तहरूलाई सम्पदाले पालन गरेको छ भन्ने कुरालाई दर्शाउनुपर्छ - त्यस खण्डमा यी शर्तहरूलाई अझ विस्तारमा वर्णन गरिएको छ ।<br><br>*कार्य-सञ्चालन निर्देशिका*ले सम्पदाले देहायका कुराहरूलाई कुन हदसम्म पूरा गरेको छ भन्ने कुराको मूल्याङ्कन गर्नुपर्ने आवश्यकतालाई अगाडि सार्दछ:<br><br>- त्यसको अनुपम विश्वव्यापी महत्त्वलाई झल्काउनका लागि आवश्यक सबै तत्त्वहरू समावेश भएको हुनुपर्ने,<br><br>- सम्पदाको महत्तालाई झल्काउने कुरा तथा प्रक्रियाहरूको पूर्ण प्रतिनिधित्व हुने कुरालाई सुनिश्चित गर्न उक्त सम्पदा पर्याप्त आकारको हुनुपर्ने,<br><br>- विकास र/वा बेवास्ताका नकारात्मक असरहरूबाट प्रभावित भएको हुनुपर्ने (अनुच्छेद ८८)<br><br>*कार्य-सञ्चालन निर्देशिका*ले विश्व सम्पदाका विभिन्न आधारहरूका सम्बन्धमा निश्चित निर्देशिका उपलब्ध गराउँछ - यी आधारहरूलाई बुझ्नु जरुरी छ (अनुच्छेद ८९-९५) |
| **३.१.घ आधार (i) देखि (vi) अन्तर्गतका मनोनयनका लागि प्रामाणिकताको उक्ति** | प्रामाणिकताको उक्तिले *कार्य-सञ्चालन निर्देशिका*को खण्ड २.घ मा उल्लेखित प्रामाणिकताका शर्तहरूलाई सम्पदाले पालन गरेको छ भन्ने कुरालाई दर्शाउनुपर्छ - त्यस खण्डमा यी शर्तहरूलाई अझ विस्तारमा वर्णन गरिएको छ ।<br><br>यस खण्डले मनोनयनको खण्ड ४ मा (र संभवत अन्य खण्डहरूमा पनि) विस्तृत रुपमा संलग्न गर्न सकिने सूचनाहरूको सारांश प्रस्तुत गर्नुपर्दछ, तर ती खण्डहरूमा संलग्न गरिएका तपसिलका कुराहरूको पुनरावृत्ति भने गर्नु हुँदैन ।<br><br>प्रामाणिकताको शर्त सांस्कृतिक सम्पत्ति तथा 'मिश्रित' सम्पत्तिको सांस्कृतिक पक्षको हकमा मात्र लागु हुनेछ ।<br><br>*कार्य-सञ्चालन निर्देशिका*अनुसार 'सम्पदाको सांस्कृतिक महत्त्व ( प्रस्तावित मनोनयनका आधारहरूमा प्रस्तुत भएअनुसार) विविध प्रकारका गुण/मर्म (attributes) हरूको माध्यमले इमान्दारीपूर्वक र विश्वसनीय तरिकाले अभिव्यक्त भएको खण्डमा उक्त सम्पदाले प्रामाणिकताको शर्त |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| | पूरा गरेको ठानिन्छ' (अनुच्छेद ४२)।<br><br>देहाय बमोजिमका गुण/मर्म (attributes) हरूले अनुपम विश्वव्यापी महत्त्वलाई संप्रेषण वा अभिव्यक्त गर्न सक्दछ भन्ने सुझाव *कार्य-सञ्चालन निर्देशिका*ले दिएको छ :<br><br>- स्वरुप र डिजाइन;<br>- सामग्री र तत्त्व;<br>- प्रयोग र उपयोगिता;<br>- परम्परा, तरिका तथा व्यवस्थापन प्रणालीहरू;<br>- अवस्थिति र परिवेश;<br>- भाषा र अन्य प्रकारका अमूर्त सम्पदा;<br>- मर्म र भाव; तथा<br>- अन्य आन्तरिक/बाह्य कुराहरू |
| **३.१.ङ सुरक्षा तथा व्यवस्थापन गर्नुपर्ने शर्तहरू** | सम्पदाको अनुपम विश्वव्यापी महत्त्वको संभार कालान्तरसम्म हुनेछ भन्ने कुरालाई सुनिश्चित गर्न सुरक्षा र व्यवस्थापन गर्नुपर्ने शर्तहरूलाई कसरी पूरा गरिएको छ भन्ने कुरालाई यस खण्डले प्रस्तुत गर्नुपर्छ। यसभित्र सुरक्षा र व्यवस्थापनका लागि समग्र संरचनाको तपसिल तथा सम्पदाको सुरक्षाका लागि निश्चित दीर्घकालीन अपेक्षाको पहिचान दुवै संलग्न रहनुपर्छ।<br><br>यस खण्डले मनोनयनको खण्ड ५ मा (र संभवत खण्ड ४ र ६ मा पनि) विस्तृत रुपमा संलग्न गर्न सकिने सूचनाहरूको सारांश प्रस्तुत गर्नुपर्दछ, तर ती खण्डहरूमा संलग्न गरिएका तपसिलका कुराहरूको पुनरावृत्ति भने गर्नु हुँदैन।<br><br>यस खण्डको विवरणले सबभन्दा पहिले सुरक्षा र व्यवस्थापनसम्बन्धी संरचनाको रुपरेखा प्रस्तुत गर्नुपर्दछ। यसभित्र संलग्न रहने आवश्यक सुरक्षा संयन्त्र, व्यवस्थापन प्रणाली र/वा व्यवस्थापन योजनाहरू (हाल कार्य रुपमा रहेका वा स्थापित गर्नुपर्ने अवस्थामा रहेका) ले अनुपम विश्वव्यापी महत्त्वलाई वहन गर्ने गुण/मर्म (attributes) को सुरक्षा र संरक्षण गर्नेछ र सम्पदामाथिको खतरा तथा त्यसको क्षतिशीलतालाई सम्बोधन गर्नेछ। यसमा सबल र प्रभावकारी कानूनी सुरक्षाको उपस्थिति, स्पष्ट रुपमा अभिलिखित एक व्यवस्थापन प्रणालीलगायत प्रमुख सरोकारवाला वा उपयोग गर्ने समूहसँगको सम्बन्ध, पर्याप्त कर्मचारी तथा आर्थिक स्रोतसाधन, (सान्दर्भिक भएअनुसार) प्रस्तुतिसम्बन्धी प्रमुख शर्तहरू, तथा प्रभावकारी र प्रतिक्रियात्मक अनुगमन समावेश हुन सक्दछ।<br><br>दोश्रो कुरा, यस खण्डले सम्पदाको सुरक्षा र व्यवस्थापनमा आइपर्ने दीर्घकालीन चुनौतीलाई बोध गर्नुपर्दछ र तिनको सम्बोधन गर्ने कुरालाई कसरी दीर्घकालीन रणनीतिमा आबद्ध गर्न सकिन्छ भन्ने कुरालाई पनि व्यक्त गर्नुपर्दछ। यहाँ सम्पदामाथिका प्रमुख खतरा र/वा क्षतिशीलता तथा प्रस्तुत गरिएका प्रामाणिकता र/वा अखण्डतामा भएका नकारात्मक परिवर्तनहरूलाई उद्धृत गर्दै सुरक्षा र व्यवस्थापन कार्यले यी क्षतिशीलता तथा खतराहरूलाई कसरी सम्बोधन गर्नेछ र कुनै पनि प्रतिकूल परिवर्तनहरूलाई कसरी न्यूनीकरण गर्नेछ भन्ने कुरालाई अगाडि सार्नु सान्दर्भिक हुनेछ।<br><br>विश्व सम्पदा समितिले स्वीकार गरेको औपचारिक भनाइका रुपमा यस खण्डको अनुपम विश्वव्यापी महत्त्वको उक्तिले सम्पदाको दीर्घकालीन सुरक्षा र व्यवस्थापनका लागि राज्य पक्षले व्यक्त गर्ने सबभन्दा महत्त्वपूर्ण |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| | प्रतिबद्धतालाई संप्रेषण गर्नुपर्दछ । |
| **३.२ तुलनात्मक विश्लेषण** | विश्व सम्पदा सूचीमा सूचीकृत भएका वा नभएका अन्य समान किसिमका सम्पत्तिसँग सम्बन्धित सम्पत्तिको तुलना गरिनुपर्दछ। यस प्रकारको तुलनाले अन्य सम्पत्ति र मनोनित सम्पदाका बीचमा के के समानताहरू छन् भन्ने कुराको रुपरेखा प्रस्तुत गर्दै मनोनित सम्पदा के कारणले विशिष्ट रहेको छ भन्ने कुरालाई पनि प्रकट गर्नुपर्दछ। यस प्रकारको तुलनात्मक विश्लेषण राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै सन्दर्भमा मनोनित सम्पदाको महत्त्वको व्याख्या गर्ने दिशातर्फ लक्षित हुनुपर्दछ। (अनुच्छेद १३२ हेर्नुहोला)<br><br>यस प्रकारको तुलनात्मक विश्लेषण गर्नुको उद्देश्य (विश्व सम्पदा) सूचीमा सँधै नयाँ कुराको गुञ्जायस रहन्छ भन्ने कुरा देखाउनु नै हो - यसका लागि विद्यमान् विषयनिष्ठ अध्ययन (thematic studies) हरूको प्रयोग गरेर र क्रमिक सम्पत्तिहरूको हकमा त्यसका अङ्गहरूको छनोटको औचित्य पुष्टि गरेर सो कुरा दर्शाउन सकिन्छ। |
| **३.३ अनुपम विश्वव्यापी महत्त्वको प्रस्तावित उक्ति** | अनुपम विश्वव्यापी महत्त्वको उक्ति विश्व सम्पदा समितिले कुनै सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने समयमा पारित गरेको औपचारिक उक्ति हो। विश्व सम्पदा समितिले कुनै सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न स्वीकृति दिएपछि यसले अनुपम विश्वव्यापी महत्त्वको उक्तिप्रति पनि स्वीकृति जनाउँछ जसले उक्त सम्पदा किन अनुपम विश्वव्यापी महत्त्वयुक्त ठानिएको छ, यसले सान्दर्भिक आधारहरू, अखण्डता तथा (सांस्कृतिक सम्पत्तिको हकमा) प्रामाणिकताका शर्तहरूलाई कसरी पूरा गरेको छ र पछिसम्म यसको अनुपम विश्वव्यापी महत्त्वलाई कायम राख्न यसको सुरक्षा र व्यवस्थापन गर्नुपर्ने शर्तहरूलाई यसले कसरी पूरा गरेको छ भन्ने कुरालाई संक्षेपमा अभिव्यक्त गर्दछ।<br><br>अनुपम विश्वव्यापी महत्त्वका उक्तिहरू सटिक हुनुपर्दछ र मानक ढाँचामा प्रस्तुत गरिनुपर्छ। तिनले सम्पदाको महत्ताको विषयमा जनचेतना अभिवृद्धि गर्नमा, त्यसको संरक्षणको अवस्थाको मूल्याङ्कनलाई निर्देशित गर्नमा र सुरक्षा तथा व्यवस्थापन कार्यलाई सुसूचित गर्नमा सहयोग पुऱ्याउनुपर्छ। समितिले यसलाई पारित गरिसकेपछि अनुपम विश्वव्यापी महत्त्वको उक्तिलाई सम्पदा स्थलमा र यूनेस्को विश्व सम्पदा केन्द्रको वेभसाइटमा प्रदर्शित गरिन्छ।<br><br>अनुपम विश्वव्यापी महत्त्वको उक्तिका प्रमुख खण्डहरू निम्नअनुसार छन् :<br><br>क) सारसंक्षेप<br>ख) आधारहरूको औचित्य<br>ग) अखण्डताको उक्ति (सबै सम्पदाहरूका लागि)<br>घ) आधार (i) देखि (vi) अन्तर्गत मनोनित भएका सम्पदाहरूको लागि प्रामाणिकताको उक्ति<br>ङ) सुरक्षा र व्यवस्थापन गर्नुपर्ने शर्तहरू |
| **४. संरक्षणको अवस्था र सम्पत्तिलाई असर पार्ने तत्त्वहरू** | |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| **४.क. संरक्षणको वर्तमान अवस्था** | यस खण्डअन्तर्गत प्रस्तुत गरिने सूचनाबाट भविष्यमा मनोनित सम्पत्तिको अनुगमन गर्नको लागि आवश्यक आधारभूत तथ्याङ्कको निर्माण हुन्छ। यस खण्डअन्तर्गत सम्पत्तिको भौतिक अवस्था, सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वमाथिको कुनै खतरा तथा सम्पत्तिको संरक्षणका उपायहरूका बारेमा सूचना उपलब्ध गराइनुपर्छ (अनुच्छेद १३२ हेर्नुहोला)।<br><br>उदाहरणको लागि कुनै ऐतिहासिक शहर वा क्षेत्रमा ठूलो वा सामान्य मर्मतको आवश्यकता पर्ने भवन, स्मारकहरू वा अन्य संरचनाहरूका साथै कुनै भर्खरै सम्पन्न भएको वा आसन्न प्रमुख मर्मत परियोजनाको स्केल र अवधि पनि उल्लेख गर्नुपर्दछ।<br><br>प्राकृतिक सम्पत्तिको हकमा प्रजातीय प्रचलन (species trends) वा पर्याप्रणालीको अखण्डतासम्बन्धी तथ्याङ्क उपलब्ध गराइनुपर्छ। सम्पत्तिको मनोनयनलाई भविष्यमा सम्पत्तिको अवस्थामा आएका परिवर्तनको तुलनात्मक पहिचान गर्नको लागि प्रयोग गरिने हुनाले यी कुराहरू महत्त्वपूर्ण छन्।<br><br>सम्पत्तिको संरक्षणको अवस्थाको अनुगमन गर्नका लागि प्रयोग गरिने सूचक तथा तथ्याङ्कीय आधारको लागि खण्ड ६ हेर्नुहोला। |
| **४.ख. सम्पत्तिलाई असर पार्ने तत्त्वहरू** | यस खण्डमा सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वलाई असर पार्ने वा त्यसलाई खतरामा पार्ने सबै कुराहरूसम्बन्धी सूचना समावेश गरिनुपर्दछ। यसमा ती समस्याहरूको समाधानको क्रममा आइपर्ने समस्याहरूको बारेमा पनि उल्लेख गर्नुपर्दछ। यस खण्डमा सुझाइएका कुराहरू सबै सम्पत्तिका लागि उपयोगी नहुन सक्छन्। तिनीहरू सांकेतिक मात्र हुन् र हरेक निश्चित सम्पत्तिको लागि सान्दर्भिक कुराहरू पहिचान गर्नमा राज्य पक्षहरूलाई सघाउ पुऱ्याउने उद्देश्यले मात्र प्रस्तुत गरिएका हुन्। |
| **(i) विकासका चापहरू** (**जस्तै अतिक्रमण, अनुकूलन, कृषि, खानी आदि**) | सम्पत्तिमा असर पुऱ्याउने विभिन्न प्रकारका विकासका चापहरूको वर्गीकरण गर्ने जस्तै भत्काउने कार्य, पुनर्निर्माण वा नयाँ निर्माणका लागि दवाब; नयाँ उपयोगको लागि विद्यमान् भवनहरूको अनुकूलन adaptation जसले त्यसको प्रामाणिकता वा अखण्डतालाई हानि पुऱ्याउन सक्दछ; अतिक्रमणमय कृषिकार्य, वन वा चरन क्षेत्र वा कमजोर व्यवस्थापन भएको पर्यटन वा अन्य प्रयोगका कारणले गर्दा हुने वासस्थानको संशोधन वा त्यसको नाश; अनुपयुक्त वा दिगो नहुने तरिकाले गरिएको प्राकृतिक स्रोतसाधनको दोहन, खानीको कारणले भएको क्षति; सम्पत्ति तथा तिनको परिवेशलाई हानि पुऱ्याउनका लागि सम्पत्तिभित्र वा त्यसको छेउछाउमा जनसंख्याका नयाँ बिन्दुहरूको निर्माण गर्दै प्राकृतिक पर्यावरणीय प्रक्रियालाई अवरोध गर्न सक्ने गरी भएको स्थानीय प्रजातिहरूको प्रविष्टि। |
| **(ii) वातावरणीय दवाबहरू** (**जस्तै प्रदूषण, मौसम परिवर्तन, मरुभूमीकरण आदि**) | भवनको तत्त्व fabric, जीव वा वनस्पतिलाई प्रभाव पार्ने वातावरणीय क्षयका मुख्य स्रोतहरूको सूची तथा सारांश दिनुहोस्। |
| **(iii) प्राकृतिक प्रकोप वा जोखिम तयारी - भूकम्प, बाढी, आगलागी आदि**) | सम्पत्तिमा संभावित खतरा निम्त्याउन सक्ने विपद्को वर्गीकरण गर्ने र भौतिक सुरक्षाका उपाय वा कर्मचारी तालीमको माध्यमबाट त्यसको सामना गर्नको लागि आकस्मिक योजना तयार गर्ने दिशामा के कस्ता कदमहरू चालिए भन्ने कुरालाई पनि उल्लेख गर्नुहोस्। |

<table>
<tr><th>मनोनयन ढाँचा</th><th>विवरणात्मक टिपोट</th></tr>
<tr><td>(iv) विश्व सम्पदा स्थलहरूमा हुने सजग भ्रमण</td><td>सम्पदा स्थलमा हुने भ्रमणको स्थितिको विषयमा अवगत गराउनुहोस् (उपलब्ध आधारभूत तथ्याङ्क; सम्पदाको कुनै स्थानमा कुनै क्रियाकलापको सघनतालगायत उपयोगको शैली; र भविष्यमा योजना गरिएका क्रियाकलापहरू)<br><br>सूचीकरण वा अन्य कारणहरूले गर्दा हुने भ्रमणको प्रक्षेपित स्तरको वर्णन गर्नुहोस्<br><br>सम्पत्तिले वहन गर्न सक्ने क्षमताको उल्लेख गर्नुहोस् र प्रतिकूल असर नहुने गरी हालको र अपेक्षा गरिएको पर्यटक संख्याका साथै सम्बद्ध विकासका चापहरूलाई थेग्नका लागि सम्पदाको व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुराको वर्णन गर्नुहोस् ।<br><br>सम्पदाको अमूर्त गुण/मर्म (attributes) लाई असर गर्नेलगायत भ्रमणकर्ताहरूको चाप र व्यवहारका कारणले हुने सम्पदाको ह्रासको संभावित स्वरुपहरूलाई पनि ख्याल राख्नुहोस् ।</td></tr>
<tr><td>(v) सम्पत्ति एवं सन्निकट क्षेत्रभित्र बसोबास गर्नेहरूको संख्या<br><br>त्यहाँ अवस्थित अनुमानित संख्याः ______<br><br>मनोनित सम्पत्तिको क्षेत्रफलः _________<br><br>सन्निकट क्षेत्रः ___________________<br><br>कूलः ___________________________<br><br>वर्षः</td><td>मनोनित सम्पत्ति तथा सन्निकट क्षेत्रमा बसोबास गर्नेहरूको उपलब्ध भएसम्मको वा अनुमानित संख्या उल्लेख गर्ने । यसको अनुमान गरिएको वा गणना गरिएको वर्ष पनि उल्लेख गर्नुहोस् ।</td></tr>
<tr><td>५. सम्पत्तिको सुरक्षा तथा व्यवस्थापन</td><td>मनोनयनको यस खण्डको आशय सुरक्षाका उपायहरू एवं दैनिक प्रशासन तथा व्यवस्थापनका व्यावहारिकताका रुपमा सम्पत्तिको सुरक्षा र व्यवस्थापनका लागि कार्यरुपमा रहेका कानूनी, नियमनकारी, करारीय, योजनागत, संस्थागत र/वा परम्परागत उपायहरू (कार्य-सञ्चालन निर्देशिकाको अनुच्छेदन १३२ हेर्नुहोला) एवं व्यवस्थापन योजना वा अन्य व्यवस्थापन प्रणाली (कार्य-सञ्चालन निर्देशिकाको अनुच्छेद १०८ देखि ११८ सम्म हेर्नुहोला) का बारेमा उल्लेख गर्नु हो ।</td></tr>
<tr><td>५.क. स्वामित्व</td><td>जमीनको स्वामित्वको मुख्य प्रकारहरू (राज्य, प्रान्तीय, निजी, सामुदायिक, परम्परागत, प्रथाजन्य तथा गैर सरकारी स्वामित्व लगायत) का बारेमा उल्लेख गर्नुहोस् ।</td></tr>
<tr><td>५.ख. सुरक्षात्मक जिम्मेवारी</td><td>सम्पत्तिको सम्बद्ध कानूनी, नियमनकारी, करारीय, योजनागत, संस्थागत र/वा परम्परागत हैसियतको सूची बनाउने : उदाहरणको लागि राष्ट्रिय वा प्रान्तीय निकुञ्ज; ऐतिहासिक स्मारक, राष्ट्रिय कानून वा प्रथाअन्तर्गत संरक्षित क्षेत्र; वा अन्य जिम्मेवारीहरू ।<br><br>जिम्मेवारी दिइएको वर्ष सो कुन कानूनी धाराअन्तर्गत दिइयो भन्ने कुरा उल्लेख गर्नुहोस् ।<br><br>यदि दस्तावेज अङ्ग्रेजी वा फ्रेन्च भाषामा उपलब्ध गराउन सकिँदैन भने</td></tr>
</table>

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| | त्यसका मुख्य प्रावधानहरूलाई उल्लेख गर्दै त्यसको कार्यकारी सारांश अङ्ग्रेजी वा फ्रेन्च भाषामा उपलब्ध गराइनुपर्दछ । |
| **५.ग. सुरक्षात्मक उपायहरू कार्यान्वयन गर्ने उपायहरू** | खण्ड ५.ख.मा उल्लेख गरिएका कानूनी, नियमनकारी, करारीय, योजनागत, संस्थागत र/वा परम्परागत हैसियतले प्रदान गर्ने सुरक्षा व्यवस्थाले कसरी काम गर्दछ भन्ने कुरा उल्लेख गर्नुहोस् । |
| **५.घ. प्रस्तावित सम्पत्ति अवस्थित नगरपालिका तथा क्षेत्रसँग सम्बन्धित विद्यमान् योजना (जस्तै क्षेत्रीय वा स्थानीय योजना, संरक्षण योजना, पर्यटन विकास योजना** | पारित मिति तथा तयारीको लागि जिम्मेवार निकायको नाम सहित पारित गरिएका योजनाहरूको सूची बनाउनुहोस् । यस खण्डमा सान्दर्भिक प्रावधानहरूको सारांश समेत उल्लेख गर्नुपर्दछ । खण्ड ७.ख मा तोकिएबमोजिम योजनाको एक प्रति परिशिष्टको रुपमा संलग्न गर्नुपर्दछ ।<br><br>यदि योजना अङ्ग्रेजी वा फ्रेन्चबाहेक अन्य भाषामा रहेको छ भने त्यसका मुख्य प्रावधानहरूलाई उल्लेख गर्दै त्यसको कार्यकारी सारांश अङ्ग्रेजी वा फ्रेन्च भाषामा उपलब्ध गराइनुपर्दछ । |
| **५.ङ. सम्पत्तिको व्यवस्थापन योजना तथा अन्य व्यवस्थापकीय प्रणाली** | *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद १३२ मा उल्लेख गरिएबमोजिम कुनै उपयुक्त व्यवस्थापन योजना वा अन्य व्यवस्थापकीय प्रणाली हुनु आवश्यक पर्दछ र सो कुरा मनोनयनका क्रममा उपलब्ध गराइनुपर्दछ । यहाँ व्यवस्थापन योजना वा अन्य व्यवस्थापकीय प्रणालीको प्रभावकारी कार्यान्वयनप्रतिको प्रतिबद्धताको समेत अपेक्षा गरिन्छ । दिगो विकासका सिद्धान्तहरूलाई व्यवस्थापन प्रणालीमा आबद्ध गरिनुपर्छ ।<br><br>व्यवस्थापन योजना वा व्यवस्थापकीय प्रणालीका दस्तावेजहरूको प्रति खण्ड ७.ख. मा उल्लेख गरिए झैं अङ्ग्रेजी वा फ्रेन्च भाषामा मनोनयनको अनुसूचीमा संलग्न गर्नुपर्दछ ।<br><br>यदि व्यवस्थापन योजना अङ्ग्रेजी वा फ्रेन्च भाषा बाहेक अन्य भाषामा रहेको छ भने त्यसका प्रावधानहरूको विस्तृत विवरण अङ्ग्रेजी वा फ्रेन्च भाषामा अनुवाद गरी अनुसूचीमा समावेश गर्नुपर्दछ । त्यस मनोनयनपत्रको अनुसूचीमा संलग्न गरिने व्यवस्थापन योजनाको शीर्षक, मिति, तथा लेखकको नाम समेत उल्लेख गर्नुपर्दछ ।<br><br>व्यवस्थापन योजनाको विस्तृत विश्लेषण वा व्याख्या वा अभिलिखित व्यवस्थापकीय प्रणाली पनि उपलब्ध गराइनुपर्दछ ।<br><br>यहाँ व्यवस्थापन योजनाको कार्यान्वयनका लागि समयतालिका बनाउनका लागि सुझाव दिइन्छ । |
| **५. च. आयको स्रोत तथा स्तर** | सम्पत्तिलाई वार्षिक रुपमा उपलब्ध हुने रकमको स्रोत तथा स्तर खुलाउनुपर्दछ । खासगरी नपुग भएको वा कमी भएको वा सहायता आवश्यक पर्ने अन्य क्षेत्रको पहिचान गर्दै रकमको पर्याप्ततासम्बन्धी अनुमान वा अन्यथा उपलब्ध स्रोतसाधनको विषयमा उल्लेख गर्नुपर्दछ । |
| **५. छ. संरक्षण तथा व्यवस्थापन पद्दतिमा विशेषज्ञ तथा तालीमको स्रोत** | राष्ट्रिय निकाय वा अन्य संगठनबाट सम्पत्तिको लागि प्राप्त हुने विशेषज्ञ वा तालीमको बारेमा उल्लेख गर्नुहोस् । |
| **५.ज. भ्रमणकर्ताहरूको लागि सुविधा तथा** | यस खण्डले सम्पदा स्थलमा भ्रमणकर्ताहरूका लागि उपलब्ध समाविष्ट सुविधाहरूको साथै सम्पदाको सुरक्षा र व्यवस्थापन गर्नुपर्ने शर्तहरूको हकमा तिनीहरू कति उपयुक्त छन् भन्ने कुराको पनि वर्णन गर्नुपर्छ । |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| **पूर्वाधारहरू** | यस खण्डले सम्पदामा सुरक्षित र उपयुक्त पहुँचका प्रावधानहरूको हकमा र भ्रमणकर्ताहरूको आवश्यकता परिपूर्ति गर्ने कुराको हकमा सेवा र सुविधाहरूले कसरी सम्पदाको प्रभावकारी र समाविष्ट प्रस्तुति उपलब्ध गराउँछ भन्ने कुरालाई अगाडि सार्नुपर्छ । यस खण्डले भ्रमणकर्ताहरूको सुविधालाई दृष्टिगत गर्नुपर्छ जसमा व्याख्यान/वर्णन (सूचनापाटी, पथ, सूचना वा प्रकाशन, गाइडहरू); सम्पदा, भ्रमणकर्ता वा व्याख्यान केन्द्रप्रति समर्पित संग्रहालय/प्रदर्शनी; र/वा डिजिटल प्रविधि तथा सेवाहरूको संभावित प्रयोग (एकलरात्रि आवास; रेष्टुराँ; कार पार्किङ्ग; शौचालय; खोज र उद्धार इत्यादि) पर्न सक्छन् । |
| **५.झ. सम्पदाको प्रस्तुति एवं प्रवर्द्धनसँग सम्बन्धित नीति एवं कार्यक्रमहरू** | यस खण्डले सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको भावी पुस्तामा गरिने प्रस्तुति एवं हस्तान्तरणका सम्बन्धमा *महासन्धि*को धारा ४ र ५ को व्यवस्थालाई सम्बोधन गर्दछ । मनोनित सम्पदाको प्रस्तुति एवं प्रवर्द्धनका लागि नीति एवं कार्यक्रमहरूसम्बन्धी सूचना उपलब्ध गराउनका लागि राज्य पक्षहरूलाई अभिप्रेरित गरिन्छ । |
| **५.ञ. कर्मचारीको दक्षता तथा विज्ञजन** (**व्यावसायिक, प्राविधिक तथा मर्मत सम्भारसम्बन्धी**) | भ्रमण कार्य तथा भावी तालीमका आवश्यकताका सम्बन्धमा लगायत सम्पत्तिको सुव्यवस्थापनका लागि आवश्यक पर्ने उपलब्ध सीप तथा तालीमका बारेमा उल्लेख गर्नुहोस् । |
| **६. अनुगमन** | यस खण्डको आशय सम्पत्तिको संरक्षणको अवस्थाको लागि प्रमाण उपलब्ध गराउनु हो जसलाई नियमित रुपमा पुनरावलोकन गरी जानकारी गराउन सकिन्छ - यसले गर्दा कालक्रमले ल्याउने परिवर्तनसम्बन्धी संकेतहरूलाई बुझ्न सकिन्छ । |
| **६.क. संरक्षणको अवस्था मापन गर्ने मुख्य सूचकहरू** | समग्र सम्पत्तिको संरक्षणको अवस्थाको मापदण्डको रुपमा छनोट गरिएका मुख्य सूचकहरूको सूचीलाई तालिकाबद्ध गर्नुहोस् (माथिको खण्ड ४.क हेर्नुहोला) । यी सूचकहरूको पुनरावलोकन हुने समयावधि र त्यसको अभिलेख कहाँ राखिन्छ भन्ने कुरा पनि उल्लेख गर्नुहोस् । ती कुराहरू सम्पत्तिको महत्त्वपूर्ण पक्षको प्रतिनिधि हुन सक्छन् र सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वसम्बन्धी उक्तिसँग तिनीहरूको निकट सम्बन्ध रहन सक्दछ (माथिको खण्ड २.ख हेर्नुहोला) । संभव भएका ठाउँमा तिनलाई संख्यात्मक रुपमा प्रस्तुत गर्न सकिन्छ र संभव नभए तिनीहरू पुनरावृति गरी हेर्न सकिने किसिमका पनि हुन सक्छन् जस्तै एकै स्थानबाट फोटो खिच्ने । राम्रा सूचकका केही उदाहरणहरू यस प्रकार छन् :<br><br>(i) प्राकृतिक सम्पत्तिमा भएका प्रजातिको संख्या वा मूल प्रजाति (keystone species) को जनसंख्या;<br>(ii) ऐतिहासिक शहर वा जिल्लामा धेरै मर्मत गर्नुपर्ने भवनहरूको प्रतिशत;<br>(iii) प्रमुख संरक्षण कार्य सम्पन्न हुनका लाग्ने अनुमानित वर्षहरू;<br>(iv) कुनै निश्चित भवन वा भवनका तत्त्वहरूको स्थिरता वा तिनमा हुने हलचलको स्तर;<br>(v) सम्पत्तिमा कुनै प्रकारको अतिक्रमण बढेको वा घटेको दर । |

| सूचक | अवधि | अभिलेख राखिने स्थान |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |

| मनोनयन ढाँचा | विवरणात्मक टिपोट |
|---|---|
| **६.ख. सम्पत्तिको अनुगमनको लागि प्रशासनिक प्रबन्ध** | माथि ६.क मा उल्लेखित अनुगमन कार्यका लागि जिम्मेवार निकाय(हरू) को नाम तथा सम्पर्क विवरण उल्लेख गर्नुहोस् । |
| **६.ग. प्रतिवेदन गर्ने सम्बन्धी अघिल्ला अभ्यासका परिणामहरू** | सम्पत्तिको संरक्षणको अवस्थाका सम्बन्धमा पहिलेका प्रतिवेदनहरूलाई तिनको संक्षिप्त विवरणसहित सूचीबद्ध गर्नुहोस् र प्रकाशित स्रोतको उद्धरण र साभार (उदाहरणको लागि अन्तर्राष्ट्रिय सम्झौता तथा कार्यक्रम जस्तै रामसार, MAB सम्मत हुने गरी पेश गरिएका प्रतिवेदनहरू) उपलब्ध गराउनुहोस् । |
| **७. दस्तावेज** | मनोनयनको यो खण्ड मनोनयनपत्रलाई पूर्णता दिनको लागि उपलब्ध गराइनुपर्ने दस्तावेजहरूको परीक्षणसूची (checklist) हो । |
| **७.क. फोटो तथा श्रव्यदृश्य विवरणसूची र त्यसको अधिकार प्रदान गर्ने सम्बन्धी फाराम** | सम्पत्तिको राम्रो चित्रण गर्नको लागि राज्य पक्षले पर्याप्त संख्यामा हालसालैको छायाँचित्रहरू (प्रिन्ट, स्लाइड एवं संभव भएमा इलेक्ट्रोनिक प्रति, भिडियो तथा हवाइ तस्वीरहरू) उपलब्ध गराउनुपर्दछ ।<br><br>स्लाइडहरू ३५ मिमि ढाँचामा तथा इलेक्ट्रोनिक फोटो jpg ढाँचामा ३०० dpi रिजोलुसनमा हुनुपर्दछ । यदि चलचित्र सामग्री उपलब्ध गराउने हो भने गुणस्तरीयताको लागि Beta SP ढाँचामा पेश गर्नुपर्ने कुराको सिफारिस गरिन्छ ।<br><br>यस सामग्रीलाई देहायबमोजिमको सचित्र विवरणसूची तथा फोटो एवं श्रव्य दृश्यको अधिकार प्रदान गर्ने सम्बन्धी फारामका साथ पेश गरिनुपर्दछ ।<br><br>सार्वजनिक वेभ पेजमा प्रयोग गर्न सकिने सम्पत्तिको कम्तिमा एउटा फोटो पनि समावेश गर्नुपर्दछ ।<br><br>उपलब्ध गरिएका सबै वा केही छायाँचित्रहरूलाई कुनै पनि स्वरुपमा र कसैको पनि सहायता लिएर विस्तारण गर्ने, सर्वसाधारणमा संचार गर्ने, प्रकाशन गर्ने, प्रतिलिपि निकाल्ने, अत्याधिक उपयोग गर्ने तथा तेश्रो पक्षलाई यससम्बन्धी इजाजत प्रदान गर्ने अधिकारको अविशेष हस्तान्तरण निःशुल्क र लिखित रुपमा यूनेस्कोलाई गर्न राज्य पक्षलाई अभिप्रेरित गरिन्छ ।<br><br>अधिकारको अविशेष हस्तान्तरणले बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार ( फोटोग्राफर, भिडियो निर्देशक वा प्रतिलिपि अधिकारवालाका अधिकारहरू, यदि फरक भएमा) लाई अतिक्रमण गर्दैन र यदि फाराममा स्पष्ट उल्लेख गरिएको खण्डमा यूनेस्कोले छायाँचित्रको वितरण गरेमा त्यसको आभार फोटोग्राफर / भिडियो निर्देशकलाई दिइन्छ ।<br><br>अधिकारको त्यस्तो हस्तान्तरणबाट प्राप्त हुने सबै संभावित मुनाफा विश्व सम्पदा कोषमा जम्मा हुनेछ । |

**सचित्र विवरणसूची तथा फोटो एवं श्रव्यदृश्य सामग्रीको अधिकार प्रदान गर्ने सम्बन्धी फाराम**

| प.सं. | ढाँचा (स्लाइड/ प्रिन्ट/भिडियो) | शीर्षक | फोटोको मिति (महिना, वर्ष) | फोटोग्राफर/ भिडियो निर्देशक | प्रतिलिपि अधिकारवाला (यदि फोटोग्राफर/ भिडियो निर्देशकभन्दा भिन्न भएमा) | प्रतिलिपि अधिकारवालाको सम्पर्क विवरण ( नाम, ठेगाना, फोन/फ्याक्स र इमेल) | अधिकारको अविशेष हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| मनोनयन ढाँचा | व्याख्यात्मक टिप्पणी |
|---|---|
| ७.ख सुरक्षात्मक जिम्मेवारीसम्बन्धी लेख, सम्पत्तिको व्यवस्थापन योजनाको प्रति वा अभिलिखित व्यवस्थापन प्रणाली तथा सम्पत्तिसम्बन्धी अन्य सम्बद्ध योजनाको उद्धृतांश | लेखहरूलाई माथि खण्ड ५.ख ५.घ तथा ५.ङ मा तोकिएबमोजिम संलग्न गर्ने । |
| ७.ग हालैको लगतको फाराम एवं मिति वा सम्पत्तिको विवरणसूची | सबभन्दा पछिल्लो लगतको फाराम एवं मिति वा सम्पत्तिको विवरणसूचीको उल्लेख गर्दै सटिक विवरण दिनुहोस् । हाल पनि उपलब्ध लगतलाई मात्र उल्लेख गर्नुपर्दछ । |
| ७.घ विवरणसूची, लगत एवं संग्रहहरू राखिएको ठाउँको ठेगाना | विवरणसूचीको लगत (भवन, स्मारक, जीव वा वनस्पति प्रजाति) राख्ने निकायको नाम, ठेगाना उल्लेख गर्नुहोस् । |
| ७.ङ सन्दर्भ सूची | प्रकाशित मुख्य सामग्रीहरूलाई सन्दर्भ सूचीको मानक ढाँचामा सूचीबद्ध गर्नुहोस् । |
| ८. जिम्मेवार अधिकारीहरूको सम्पर्क विवरण | मनोनयनको यस खण्डले विश्व सम्पदासम्बन्धी समाचार तथा अन्य मुद्दासम्बन्धी सूचनालाई सम्पत्तिसम्म पुऱ्याउनमा सचिवालयलाई सहयोग गर्दछ । |
| ८.क तयार गर्ने<br><br>नामः<br>दर्जाः<br>ठेगानाः<br>शहर, प्रान्त/राज्य, देशः<br>फोनः<br>फ्याक्सः<br>इमेलः | मनोनयन तयार गर्नका लागि जिम्मेवार प्रत्येक व्यक्तिको नाम, ठेगाना तथा अन्य सम्पर्क सूचना उल्लेख गर्नुहोस् । इमेल ठेगाना उपलब्ध गराउन सकिँदैन भने फ्याक्स नम्बर अवश्य संलग्न गर्नुपर्छ । |

| | |
|---|---|
| **८.ख आधिकारिक स्थानीय संस्था/निकाय** | निकाय, संग्रहालय, संस्था, स्थानीय रुपमा सम्पत्तिको व्यवस्थापनको लागि जिम्मेवार समुदाय वा व्यवस्थापकको नाम उपलब्ध गराउनुहोस् । यदि सामान्य प्रतिवेदन गर्ने संस्था राष्ट्रिय निकाय हो भने कृपया त्यसको पनि सम्पर्क सूचना पठाउनुहोस् । |
| **८.ग अन्य स्थानीय संस्था** | विश्व सम्पदासम्बन्धी गतिविधि तथा मुद्दाहरूका बारेमा विश्व सम्पदा न्यूजलेटर निःशुल्क पाउनुपर्ने सबै संग्रहालय, आगन्तुक केन्द्र, आधिकारिक पर्यटन कार्यालयहरूको पूरा नाम, ठेगाना, फोन, फ्याक्स तथा इमेल ठेगाना उल्लेख गर्नुहोस् । |
| **८.घ. आधिकारिक वेभ ठेगाना**<br><br>http://<br>**सम्पर्क नामः**<br>**इमेलः** | मनोनित सम्पत्तिको कुनै आधिकारिक वेभ ठेगाना छ भने उल्लेख गर्नुहोस् । यदि त्यस्तो वेभ ठेगाना भविष्यमा बनाउने योजना छ भने त्यसको सम्पर्क नाम र इमेल ठेगाना उल्लेख गर्नुहोस् । |
| **९. राज्य पक्षको तर्फबाट हस्ताक्षर** | राज्य पक्षको तर्फबाट अधिकारप्राप्त व्यक्तिको हस्ताक्षरबाट मनोनयन फारामको समापन गरिनुपर्छ । |

## मनोनयनका सम्बन्धमा सल्लाहकार निकायले गर्ने मूल्याङ्कनका कार्यविधिहरू

यस अनुसूचीमा निम्न कुराहरू समावेश भएका छन् :

**क. सांस्कृतिक सम्पत्तिको मूल्याङ्कनसम्बन्धी इकोमोस (ICOMOS) को कार्यविधि**

**ख. प्राकृतिक सम्पदाको मूल्याङ्कनसम्बन्धी आइयूसीएन (IUCN) को कार्यविधि**

**ग. सल्लाहकार निकायहरूको सहकार्य : सांस्कृतिक तथा प्राकृतिक सम्पत्ति एवं सांस्कृतिक भूपरिदृश्यको मूल्याङ्कनसम्बन्धी कार्यविधि**

विस्तृत जानकारीको लागि कृपया कार्य-सञ्चालन निर्देशिकाको अनुच्छेद १४३-१५१ हेर्नुहोला ।

### क. सांस्कृतिक सम्पत्तिको मूल्याङ्कनसम्बन्धी इकोमोस (ICOMOS) को कार्यविधि

१. सांस्कृतिक सम्पत्तिको मनोनयनको मूल्याङ्कन गर्दा इकोमोस (प्राचीन स्मारक तथा स्थलहरूको अन्तर्राष्ट्रिय परिषद् - ICOMOS) *कार्य-सञ्चालन निर्देशिका* (अनुच्छेद १४८ हेर्नुहोला) द्वारा निर्देशित हुनेछ ।

२. मूल्याङ्कन प्रक्रिया (चित्र १ हेर्नुहोला) अन्तर्गत इकोमोस (ICOMOS) तथा यसका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समितिका सदस्यहरूका साथै यससँग सम्बद्ध अन्य धेरै विज्ञ सञ्जालको प्रतिनिधित्व रहने विविध विज्ञगणसँग गरिने परामर्श संलग्न रहन्छ । गोप्य स्थलगत मूल्याङ्कनको लागि सदस्यहरूलाई विज्ञहरूको मिसनमा पनि पठाइन्छ । यस्तो बृहत् परामर्शको निचोडस्वरुप विश्व सम्पदा समितको वार्षिक बैठकमा पेश गरिने विस्तृत सिफारिसहरू तयार पारिन्छ ।

**विज्ञहरूको छनोट**

३. विश्व सम्पदा सूचीमा सम्पत्तिहरूलाई पेश गर्ने सम्बन्धमा स्पष्ट रुपमा निर्धारित वार्षिक कार्यविधि छ । यूनेस्को-विश्व सम्पदा केन्द्र तथा सल्लाहकार निकायले प्राप्त हुन आएको नयाँ मनोनयन रित पुगे नपुगेको कुराको जाँच गरिसकेपछि, मनोनयन डोसियर (दस्तावेज) लाई इकोमोस (ICOMOS) समक्ष हस्तान्तरण गरिन्छ, जहाँ त्यसलाई इकोमोस (ICOMOS) विश्व सम्पदा सचिवालयले हेर्दछ । यस सम्बन्धमा पहिलो कार्य भनेको परामर्शका लागि विज्ञको छनोट गर्नु हो । यसमा दुई फरक समूहहरू हुन्छन् । पहिलोमा मनोनित सम्पत्तिको "अनुपम विश्वव्यापी महत्त्व"का बारेमा सल्लाह दिन सक्नेहरू हुन्छन् । यो मुख्यतः प्राज्ञ विशेषज्ञको लागि "पुस्तकालय"मा बसेर गर्ने काम हो र कहिलेकाहीँ इकोमोस (ICOMOS) को सदस्यताअन्तर्गत त्यस खास विषयमा विशेषज्ञता भएको व्यक्ति उपलब्ध नभएको अवस्थामा गैर इकोमोस (ICOMOS) सदस्यलाई पनि सहभागी गराउन सकिन्छ, उदाहरणको लागि जीवाश्मविद्को सेवा आवश्यक पर्ने जीवाश्म होमिनिड स्थलहरूको यदाकदा हुने मनोनयनका सन्दर्भमा ।

४. दोश्रो समूहमा प्रत्येक सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा प्रामाणिकतासम्बन्धी व्यावहारिक अनुभव भएका विज्ञहरू पर्दछन् र तिनले स्थल मिसन पनि सञ्चालन गर्नु पर्ने हुन्छ । यस्ता विज्ञहरूको छनोट गर्नको लागि इकोमोस (ICOMOS) सञ्जालको पूर्ण प्रयोग गरिन्छ । अन्तर्राष्ट्रिय वैज्ञानिक समिति तथा व्यक्तिगत सदस्यहरूको राय पनि मागिन्छ, साथै इकोमोस (ICOMOS) सँग साझेदारी सम्झौता भएका विज्ञ निकायहरूसँग पनि सल्लाह गरिन्छ जस्तै : औद्योगिक सम्पदा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय समिति (TICCIH), भूपरिदृश्य वास्तुविद्हरूको अन्तर्राष्ट्रिय महासंघ (IFLA) एवं आधुनिक आन्दोलनले जन्माएका स्मारक तथा स्थलहरूको अभिलेखीकरण तथा संरक्षणका लागि अन्तर्राष्ट्रिय समिति (DoCoMoMo) ।


**स्थलगत मिसन**

५. स्थलगत मूल्याङ्कन मिसनका लागि विज्ञहरूको छनोट गर्दा यथासंभव मनोनित सम्पत्ति अवस्थित क्षेत्रबाटै कुनै एकजनालाई छनोट गर्ने इकोमोस (ICOMOS) को नीति रहेको छ। त्यस्ता विज्ञहरू सम्पदा व्यवस्थापन तथा संरक्षणमा अनुभवप्राप्त हुनु आवश्यक छ : तथापि तिनीहरू सम्पत्तिको प्रकारको विषयमा उच्च प्राज्ञिक विज्ञ नै हुनु चाहिँ आवश्यक छैन। तिनीहरूले पेशागत समानताको आधारमा क्षेत्र व्यवस्थापकहरूसँग छलफल गर्न र व्यवस्थापन योजना, संरक्षण अभ्यास, आगन्तुकहरूको रेखदेख आदिको विषयमा सुसूचित मूल्याङ्कन गर्न सक्नुपर्दछ। तिनीहरूलाई डोसियर (दस्तावेज)बाट आवश्यक पर्ने सम्बद्ध सूचनाको प्रतिलिपिहरू समेत समावेश गरी विस्तृत जानकारी उपलब्ध गराइएको हुन्छ। उनीहरूको भ्रमण तथा कार्यक्रमको मिति सम्बन्धित राज्य पक्षसँगको परामर्शमा तय गरिन्छ - मिडियाको सवालमा इकोमोस (ICOMOS) को मूल्याङ्कन मिसनलाई चर्चामा नल्याउने कुरालाई सुनिश्चित गर्नका लागि राज्य पक्षलाई अनुरोध गरिन्छ। इकोमोस (ICOMOS) विज्ञहरूले सम्बन्धित सम्पत्तिका व्यावहारिक पक्षसम्बन्धी प्रतिवेदन गोप्य रुपमा कार्यकारी समितिसमक्ष पेश गर्छन्; सूचनाहरू छिट्टै प्रचारमा आउँदा त्यसले इकोमोस (ICOMOS) तथा विश्व सम्पदा समितलाई अप्ठेरो सिर्जना गर्न सक्दछ।

**विश्व सम्पदा निर्णायकगण**

६. उक्त परामर्शको निचोडस्वरुप तयार भएका दुई प्रतिवेदनहरू (सांस्कृतिक मूल्याङ्कन र स्थलगत मिसन प्रतिवेदन) पेरिसमा रहेको इकोमोस (ICOMOS) को सचिवालयले प्राप्त गर्दछ र त्यसबाट मूल्याङ्कनको मस्यौदा तयार गरिन्छ। यसअन्तर्गत सम्पत्तिको संक्षिप्त विवरण तथा इतिहास, यसका कानूनी सुरक्षा, व्यवस्थापन तथा संरक्षणको अवस्थासम्बन्धी सारांश, यी कुराहरूमाथिको टिप्पणी एवं विश्व सम्पदा समितिलाई गरिएका सिफारिसहरू समेटिएका हुन्छन्। मूल्याङ्कनको मस्यौदा प्रतिवेदन इकोमोस (ICOMOS) को विश्व सम्पदा निर्णायकगणको दुई वा तीन दिने बैठकमा प्रस्तुत गरिन्छ। निर्णायकगणमा विश्वका सबै भागबाट आएका र विविध प्रकारका सीप एवं अनुभवले खारिएका कार्यकारी समितिका सदस्यहरू रहन्छन्। कार्य समितिका सदस्यहरूलाई विज्ञहरूले समितिमा प्रतिनिधित्व नभएका तर मनोनयनको वार्षिक सूचीमा परेका सम्पदाको वर्गका सम्बन्धमा सहयोग गर्दछन्।

७. इकोमोस (ICOMOS) को प्रतिनिधिले प्रत्येक मनोनित सम्पत्तिको बारेमा ५ देखि १० मिनेट सम्मको प्रस्तुतिकरण गर्दछ र तत्पश्चात त्यसमाथि छलफल गरिन्छ। मनोनयनको वस्तुगत र गम्भीर जाँचबुझपश्चात इकोमोस (ICOMOS) को सामूहिक सिफारिस तय गरिन्छ र मूल्याङ्कनलाई दोहोऱ्याएर हेरिन्छ र विश्व सम्पदा समितिसमक्ष प्रस्तुत गर्नका लागि प्रिन्ट गरिन्छ।


मनोनयन डोसियर (दस्तावेज)
युनेस्को विश्व सम्पदा केन्द्र
इकोमोस विश्व सम्पदा सचिवालय
इकोमोस अन्तर्राष्ट्रिय वैज्ञानिक समिति
सम्बद्ध वैज्ञानिक संस्थाहरू
इकोमोस राष्ट्रिय समितिहरू
विज्ञहरू
सांस्कृतिक मूल्याङ्कन
विज्ञहरूको स्थलगत मिसनको प्रतिवेदन
इकोमोस विश्व सम्पदा सचिवालय
इकोमोस विज्ञहरू
इकोमोसको विश्व सम्पदा निर्णयकरण
विश्व सम्पदा समितिका लागि इकोमोसको प्रतिवेदन

चित्र १

## ख. प्राकृतिक सम्पत्तिको मूल्याङ्कनको लागि आइयूसीएन (IUCN) को कार्यविधि

८. प्राकृतिक सम्पत्तिको मनोनयनको मूल्याङ्कन गर्दा आइयूसीएन (IUCN) (विश्व संरक्षण संघ) *कार्य-सञ्चालन निर्देशिका* (अनुच्छेद १४८ हेर्नुहोला) बाट निर्देशित हुन्छ। मूल्याङ्कन प्रक्रिया (चित्र २ हेर्नुहोला) मा निम्न ५ चरणहरू हुन्छन् :

(i) **तथ्याङ्क व्यवस्थापन** : विश्व सम्पदा केन्द्रबाट मनोनयनसम्बन्धी डोसियर (दस्तावेज) प्राप्त गरिसकेपछि युनेप-विश्व संरक्षण अनुगमन केन्द्र (यूनेप-WCMC) ले संरक्षित क्षेत्रसम्बन्धी सूचनाभण्डार (database) प्रयोग गरी सम्पत्तिसम्बन्धी मानक तथ्याङ्कपत्र तयार गर्दछ जसलाई स्थलगत पुनरावलोकनको क्रममा राज्य पक्षसँग सोधपुछ गरी रुजु गरिन्छ।

(ii) **बाह्य पुनरावलोकन** : सामान्यतया मनोनयनपत्रलाई सम्पत्तिको बारेमा जानकार १५ जना विज्ञहरू ( जो विशेषतः: आईयूसीनको विशेषज्ञ आयोग एवं सञ्जालका सदस्यहरू हुन्) समक्ष डेस्क पुनरावलोकनको लागि पठाइन्छ।

(iii) **स्थलगत पुनरावलोकन**: सम्पत्तिको क्षेत्रको तपसिलका बारेमा स्पष्ट हुन, क्षेत्र व्यवस्थापनको मूल्याङ्कन गर्न तथा सम्बन्धित अधिकारी र सरोकारवालाहरूसँग मनोनयनको विषयमा छलफल गर्नको लागि आइयूसीएन (IUCN) का एक वा दुईजना विज्ञहरू प्रत्येक मनोनित सम्पत्तिको भ्रमणमा जान्छन्। *महासन्धि*सम्बन्धी ज्ञानका साथसाथै संरक्षण तथा प्राकृतिक इतिहासका बारेमा भएको विश्वव्यापी दृष्टिकोणका आधारमा छानिएका आइयूसीएन (IUCN) विज्ञहरू प्रायः संरक्षण क्षेत्रको विश्व सम्पदा विज्ञ सञ्जालको आइयूसीएन (IUCN) विश्व आयोगका सदस्य वा आइयूसीएन (IUCN) सचिवालयका कर्मचारीहरू हुन्। (केही अवस्थाहरूमा यस्तो स्थलगत पुनरावलोकन इकोमोस (ICOMOS) सँग संयुक्त रुपमा गरिन्छ, तलको भाग-ग हेर्नुहोला)।

(iv) **सूचनाका अन्य स्रोतहरू**: आइयूसीएन (IUCN) ले अन्य लेखहरूको अध्ययन गर्ने तथा स्थानीय गैर सरकारी संगठन एवं अन्यबाट सुझाव लिने काम पनि गर्न सक्दछ।

(v) **आइयूसीएन (IUCN) विश्व सम्पदा निर्णायकगणबाट हुने पुनरावलोकन** : प्रत्येक मनोनित सम्पत्तिको बारेमा आइयूसीएन (IUCN) को मूल्याङ्कन प्रतिवेदनलाई अन्तिम रुप दिनुभन्दा पहिले आइयूसीएन (IUCN) विश्व सम्पदा निर्णायकगणले स्थलगत पुनरावलोकनका सबै प्रतिवेदन, पुनरावलोकनकर्ताको टिप्पणी, यूनेप-WCMC तथ्याङ्कपत्र एवं अन्य सहयोगी सामग्रीहरूको पुनरोवलोकन गर्दछ।

प्रत्येक मूल्याङ्कन प्रतिवेदनमा मनोनित सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वसम्बन्धी संक्षिप्त सारांश, उस्तै प्रकारका अन्य क्षेत्रहरूसँग गरिएको तुलना तथा अखण्डता एवं व्यवस्थापनको विषयमा गरिएको पुनरावलोकन प्रस्तुत गरिएका हुन्छन्। आधारहरूको प्रयुक्ततासम्बन्धी मूल्याङ्कन एवं विश्व सम्पदा समितिलाई गरिएको स्पष्ट सिफारिसका साथ प्रतिवेदनको अन्त गरिएको हुन्छ। यूनेप- WCMC को तथ्याङ्कपत्र पनि विश्व सम्पदा समितिलाई उपलब्ध गराइन्छ।

### *उद्भर्डी* जैविक-भौगोलिक वर्गीकरण प्रणाली

९. मूल्याङ्कनको लागि आइयूसीएन (IUCN) ले *उद्भर्डी*को "विश्वको जैविक-भौगोलिक प्रान्तहरू" (१९७५) सम्बन्धी जैविक-भौगोलिक वर्गीकरण प्रणालीलाई प्रयोग गर्दछ। यो प्रणाली विश्वका निर्मलजलीय तथा थलीय क्षेत्र (freshwater & terrestrial areas) को वर्गीकरण प्रणाली हो जसले उस्तै प्रकारका जैविक भौगोलिक क्षेत्रको बारेमा आकलन र अनुमान गर्न मद्दत गर्दछ। *उद्भर्डी* प्रणालीले मनोनित सम्पत्तिलाई अन्य त्यस्तै प्रकारका मौसमी एवं पर्यावरणीय अवस्था भएका स्थलहरूका बीचमा तुलना गर्ने एउटा वस्तुगत माध्यम उपलब्ध गराउँछ।

१०. तथापि जैविक-भौगोलिक प्रान्तको अवधारणालाई तुलना गर्ने आधारको रुपमा मात्र प्रयोग गर्नुपर्दछ तथापि यसकै आधारमा मात्र विश्व सम्पदा सम्पत्तिको छनोट हुन सक्दैन भन्ने कुरालाई भने जोड दिइन्छ।

विश्व सम्पदा सम्पत्ति अनुपम विश्वव्यापी महत्त्वयुक्त हुनै पर्दछ भन्ने कुरा नै यहाँ निर्देशक सिद्धान्त हुन्छ ।

**संरक्षणको लागि प्राथमिकता क्षेत्रको पहिचान गर्ने प्रणाली**

११. आइयूसीएन (IUCN) ले संरक्षणको लागि प्राथमिकता क्षेत्र पहिचान गर्ने प्रणाली पनि प्रयोग गर्दछ जस्तै प्रकृतिको अन्तर्राष्ट्रिय पर्यावरण क्षेत्रको लागि विश्वव्यापी कोष (WWF), WWF/IUCN को वनस्पति विविधता केन्द्र, संरक्षण इन्टरनेशनलको जैविक विविधताको उष्णबिन्दु एवं पक्षीजीवन इन्टरनेशनलको आदिवासी चरा क्षेत्र तथा महत्त्वपूर्ण चरा क्षेत्रहरू ।

**पृथ्वी विज्ञानसम्बन्धी महत्त्वको लागि सम्पत्तिको मूल्याङ्कन प्रणाली**

१२. भौगर्भिक महत्त्वको लागि मनोनित कुनै सम्पत्ति मूल्याङ्कन गर्दा आइयूसीएन (IUCN) ले विविध विज्ञ संस्थाहरू जस्तै यूनेस्कोको पृथ्वी विज्ञान विभाग, गुफासम्बन्धी अध्ययनको अन्तर्राष्ट्रिय संघ एवं भूगर्भ विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय संघ (IUGS) आदिसँग परामर्श गर्दछ ।

**मूल्याङ्कन प्रक्रियामा प्रयोग गरिएका सान्दर्भिक प्रकाशनहरू**

१३. मूल्याङ्कन प्रक्रियामा आइयूसीएन (IUCN), युनेप, यूनेप- WCMC, पक्षीजीवन इन्टरनेशनल तथा अन्यद्वारा प्रकाशित करिब २० वटा सन्दर्भ सामग्रहरूको सहयोग लिइन्छ । यसअन्तर्गत निम्न प्रकाशनहरू पर्दछन् :

(i) प्रशान्त महासागरका द्वीप, अफ्रिका तथा एसियाका संरक्षित क्षेत्रहरूका पुनरावलोकनहरू;
(ii) विश्वका संरक्षित क्षेत्रहरूको डाइरेक्टरीका चारवटा ठेली;
(iii) कोरल रिफ (coral reef) सम्बन्धी विश्व एटलस;
(iv) संरक्षण एटलस शृङ्खलाका ६ वटा ठेलीहरू,
(v) "समुद्री संरक्षित क्षेत्रको अन्तर्राष्ट्रिय प्रतिनिधि प्रणाली" विषयक चारवटा ठेलीहरू,
(vi) वनस्पति विविधता केन्द्रका तीन वटा ठेलीहरू, र
(vii) महत्त्वपूर्ण चरा क्षेत्र तथा आदिवासी चरा क्षेत्रहरू ।

१४. संयुक्त रुपमा यी दस्तावेजहरूले विश्वभरका संरक्षित क्षेत्रको संरक्षणको महत्त्वको तुलना गर्नमा सघाउ पुऱ्याउने प्रणालीगत विहङ्गम दृष्टि प्रदान गर्दछ । प्राकृतिक सम्पदासम्बन्धी अन्तर्राष्ट्रिय रणनीतिको विकाससँगै, आइयूसीएन (IUCN) ले विश्व प्राकृतिक सम्पदालाई समेट्ने कुरामा रहेको कमीलाई र विश्व सम्पदा हुनयोग्य सम्पत्तिको पहिचान गर्नमा "अन्तर्राष्ट्रिय सिंहावलोकन"सम्बन्धी दस्तावेजहरूको प्रयोग बढीभन्दा बढी गर्ने गरेको छ। यसलाई आइयूसीएन (IUCN) को वेभ ठेगाना http://iucn.org/themes/wcpa/wheritage/globalstrategy.htm मा हेर्न सकिनेछ ।

**सांस्कृतिक भूपरिदृश्यको मूल्याङ्कन** (**अनुसूची ३ पनि हेर्नुहोला**)

१५. थुप्रै सांस्कृतिक सम्पत्तिहरू र विशेषगरी सांस्कृतिक भूपरिदृश्यको रुपमा मनोनित सम्पत्तिहरूमा आइयूसीएन (IUCN) को चासो रहेको छ। त्यसकारण आइयूसीएन (IUCN) यदाकदा इकोमोस (ICOMOS) सँग संयुक्त रुपमा मनोनित सांस्कृतिक भूपरिदृश्यको स्थलगत पुनरावलोकनमा जाने गर्दछ ( तलको भाग ग हेर्नुहोला) । त्यस्तो मनोनयनसम्बन्धी आइयूसीएन (IUCN) को मूल्याङ्कन "सांस्कृतिक भूपरिदृश्यमा प्राकृतिक महत्त्वको मूल्याङ्कन" भन्ने आन्तरिक दस्तावेजद्वारा निर्देशित हुन्छ, जुन आइयूसीएन (IUCN) को वेभ ठेगाना http://www.iucn.org/themes/wcpa/wheritage/culturallandscape.htm मा प्राप्त गर्न सकिन्छ ।

१६. अनुसूची ३, अनुच्छेद ११ मा पहिचान गरिएका केही सांस्कृतिक भूपरिदृश्यको प्राकृतिक विशेषताअनुसार आइयूसीएन (IUCN) को मूल्याङ्कनले देहायका कुराहरूप्रति सरोकार राख्दछ :

(i) प्राकृतिक एवं अर्ध-प्राकृतिक प्रणाली एवं जंगली जीव एवं वनस्पतिका वन्य प्रजातिको संरक्षण;
(ii) खेती प्रणालीअन्तर्गत जैविक विविधताको संरक्षण;
(iii) दिगो भूउपयोग;
(iv) सुन्दर दृश्यको अभिवृद्धि;
(v) स्थलेतर संग्रहहरू (ex-situ collections);
(vi) मानवजगत् र प्रकृति बीचको अन्तर्क्रियाको अनुमप उदाहरण,
(vii) ऐतिहासिक रुपमा महत्त्वपूर्ण खोजहरू

अनसूची ३ मा रहेको सांस्कृतिक भूपरिदृश्यका वर्गहरूको सन्दर्भमा देहायको तालिकाले माथिका प्रत्येक सूचीलाई उल्लेख गर्दै ती प्रत्येक कुन अवस्था लागु हुन सक्छ भन्ने देखाउँछ (यीमध्ये कुनै कुरा नहुनुको अर्थ यस्तो *कहिल्यै* हुँदैन भन्ने नभई यसको संभावना कम छ भन्ने मात्र हो)।

| **सांस्कृतिक भूपरिदृश्यको प्रकार (अनुसूची ३ पनि हेर्नुहोस्)** | **सबैभन्दा सान्दर्भिक प्राकृतिक कुराहरू (माथिको अनुच्छेद १६ हेर्नुहोला)** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| डिजाइन गरिएको भूपरिदृश्य | | | | | (v) | | |
| मौलिक रुपमा उद्‌भव भएको भूपरिदृश्य- निरन्तर भइरहने | (i) | (ii) | (iii) | (iv) | | | |
| मौलिक रुपमा उद्‌भव भएको भूपरिदृश्य- जीवाश्म | (i) | | | | | (vi) | |
| आबद्ध भूपरिदृश्य | | | | | | | (vii) |


## ग. सल्लाहकार निकायहरूको सहकार्य – मिश्रित सम्पत्ति एवं सांस्कृतिक भूपरिदृश्यहरूको मूल्याङ्कनसम्बन्धी कार्यविधि

### मिश्रित सम्पत्ति

१७. प्राकृतिक एवं सांस्कृतिक दुवै प्रकारका महत्त्वयुक्त सम्पत्तिको मनोनयनको सन्दर्भमा आइयूसीएन (IUCN) र इकोमोस (ICOMOS) संयुक्त रुपमा मनोनित सम्पत्तिको स्थलगत मिसनमा जान्छन्। मिसनपश्चात आइयूसीएन (IUCN) र इकोमोस (ICOMOS) ले सान्दर्भिक आधारहरूबमोजिम सम्पत्तिको सम्बन्धमा छुट्टाछुट्टै मूल्याङ्कन प्रतिवेदन तयार गर्दछन् (माथि क., अनुच्छेद ५ र ख, अनुच्छेद ८ (iii) हेर्नुहोला)।

### सांस्कृतिक भूपरिदृश्य

१८. सांस्कृतिक भूपरिदृश्यको रुपमा मनोनित सम्पत्तिको मूल्याङ्कन इकोमोस (ICOMOS) ले आधार (i)-(vi) बमोजिम गर्दछ (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद ७७ हेर्नुहोला)। मनोनित सम्पदाको प्राकृतिक महत्त्व र व्यवस्थापनको पुनरावलोकन गर्नका लागि आइयूसीएन (IUCN) लाई इकोमोस (ICOMOS) ले बोलाउँछ। यो व्यवस्था सल्लाहकार निकायहरूका बीचमा भएको सम्झौताबमोजिम भएको हो। केही परिस्थितिहरूमा, संयुक्त मिसनको पनि आवश्यकता पर्न सक्दछ।


विश्व सम्पदा समिति समक्ष IUCN को प्रतिवेदन
IUCN विश्व सम्पदा समूह
फिल्ड निरीक्षण
सरकारी अधिकारी, स्थानीय गैसस, स्थानीय समुदाय, अन्य सरोकारवालाहरूसँग परामर्श
बाह्य पर्यवेक्षकहरू
यूनेप-विश्व संरक्षण अनुगमन केन्द्र (UNEP-WCMC) तथ्याङ्कपत्र
संरक्षित क्षेत्रसम्बन्धी IUCN कार्यक्रम
यूनेस्को विश्व सम्पदा केन्द्र
मनोनयन डोसियर (दस्तावेज)

चित्र २

# ***विश्व सम्पदा महासन्धि*को कार्यान्वयनका लागि तयार गरिने आवधिक प्रतिवेदनको ढाँचा**

---

- आवधिक प्रतिवेदनको ढाँचा निम्न वेभ साइटमा प्राप्त गर्न सकिन्छ : http/whc.unesco.org/en/periodicreporting
- आवधिक प्रतिवेदनसम्बन्धी थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को खण्ड ५ मा प्राप्त गर्न सकिनेछ ।
- सूचनाको व्यवस्थापनलाई सहज बनाउनका लागि प्रतिवेदनको इलेक्ट्रोनिक स्वरुपका साथै प्रिन्ट प्रति अङ्ग्रेजी वा फ्रेन्च भाषामा निम्न ठेगानामा पठाउन राज्य पक्षहरूलाई अनुरोध गरिन्छ :

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फाँतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
टेलिफोन :+३३ (०) १ ४५६८१५७१
फ्याक्सः +३३ (०) १ ४५६८५५७०
इमेलः wh-nominationas@unesco.org

# ढाँचा

## *विश्व सम्पदा महासन्धि*को प्रयोगमा आवधिक प्रतिवेदन

**सामान्य शर्तहरू (General Requirements)**

- सूचनाहरू यथासंभव सही र निश्चित हुनु जरुरी छ। संभव भएसम्म सूचनाहरू परिमाणमा व्यक्त गर्न सकिने किसिमको र पूर्ण सन्दर्भ उल्लेख गरिएको हुनुपर्दछ।
- सूचनाहरू सटिक (concise) हुनुपर्दछ। स्थल वा त्यहाँ घटित घटनाहरूको लामो ऐतिहासिक विवरण खासगरी प्रकाशित स्रोतहरूमा यथेष्ट मात्रामा पाउन सकिन्छ भने विशेषतः त्यस्ता विवरणहरूलाई उल्लेख गरिरहनुपर्दैन।
- धारणाहरूको अभिव्यक्ति आधिकारिक सन्दर्भ तथा प्रमाणित गर्न सकिने तथ्यमा आधारित रहनुपर्दछ।
- आवधिक प्रतिवेदन A4 आकारको कागजमा (२१० मी.मी.X २९७ मी.मी.) तयार गरिनुपर्दछ। नक्सा तथा योजनाहरूलाई अधिकतम A3 आकारको कागजमा (२९७ मी.मी. X ४२० मी.मी.) संलग्न गर्नु उपयुक्त हुनेछ। राज्य पक्षहरूलाई आवधिक प्रतिवेदनको पूर्ण पाठ इलेक्ट्रोनिक ढाँचामा (Electronic form) पनि बुझाउन अभिप्रेरित गरिन्छ।

### खण्ड-१: राज्य पक्षहरूबाट *विश्व सम्पदा महासन्धि*को कार्यान्वयन

यस *महासन्धि*को कार्यान्वयनका लागि राज्य पक्षहरूले अबलम्बन गरेका व्यवस्थापकीय तथा प्रशासनिक प्रावधानहरू र सञ्चालन गरेका अन्य कामकारवाहीहरूको सूचनाका साथै यस सन्दर्भमा प्राप्त भएका अनुभवको तपसिल उपलब्ध गराउन राज्य पक्षहरूलाई अनुरोध गरिन्छ (विश्व सम्पदा *महासन्धि*को धारा २९.१)।

#### १.१ परिचय

(i) राज्य पक्ष
(ii) *महासन्धि*लाई अनुमोदन वा अङ्गीकार गरेको वर्ष
(iii) प्रतिवेदन तयार गर्नका लागि जिम्मेवार संगठन(हरू) वा निकाय(हरू)
(iv) प्रतिवेदनको मिति
(v) राज्य पक्षको तर्फबाट हस्ताक्षर

#### १.२ सांस्कृतिक तथा प्राकृतिक सम्पदा सम्पत्तिहरूको पहिचान

यस शीर्षकले खासगरी सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान र सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकरण गर्नका लागि गरिने मनोनयनका सम्बन्धमा *महासन्धि*को धारा ३,४, र ११ लाई उद्धृत गर्दछ।

(i) **राष्ट्रिय विवरणसूचीहरू** (National inventories)

राष्ट्रिय महत्त्व भएका सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको विवरणसूची नै सम्भावित विश्व सम्पदा सम्पत्तिहरूको पहिचान गर्ने आधार हो।

यी राष्ट्रिय विवरणसूचीहरू तयार गर्न र तिनलाई अद्यावधिक गर्नका लागि कुन निकाय जिम्मेवार रहन्छ भन्ने कुरा उल्लेख गर्नुपर्दछ। साथै स्थानीय, राज्य र/वा राष्ट्रिय स्तरमा यस्ता विवरणसूची, सूची र/वा दर्ताहरू कुन हदसम्म विद्यमान् छन् र ती कतिसम्म पूर्ण छन् भन्ने कुरा पनि उल्लेख गर्नुपर्दछ।

(ii) **संभाव्य सूचीः**

*महासन्धि*को धारा ११ ले राज्य पक्षले विश्व सम्पदा सूचीमा सूचीकृत गरिनका लागि योग्य सम्पत्तिहरूको विवरणसूची पेश गर्ने विषयमा उल्लेख गर्दछ। सांस्कृतिक र प्राकृतिक सम्पत्तिका यी संभाव्य सूची कार्य-सञ्चालन निर्देशिकाको अनुच्छेद ६२-६९ र अनुसूची २ मा आधारित भएर तयार गर्नुपर्दछ। समितिको २४औँ सत्र (कायर्न्स, डिसेम्बर २०००) र राज्य पक्षहरूको १२औँ महासभाका निर्णयहरू कार्यान्वयन गर्नका लागि सञ्चालन गरिएका कामकारवाहीहरूका सम्बन्धमा राज्य पक्षले प्रतिवेदन पेश गर्नुपर्दछ जबकि संभाव्य सूचीलाई विश्व सम्पदा सूचीका असन्तुलनहरूलाई न्यूनीकरण गर्ने योजना संयन्त्रको रुपमा प्रयोग गरिनुपर्दछ।

संभाव्य सूची पेश गरिएको मिति तथा त्यसयता कुनै संशोधन भएमा त्यसको मिति पनि उल्लेख गर्नुपर्दछ। राज्य पक्षलाई संभाव्य सूचीको तयारी तथा यसको संशोधन प्रक्रियासम्बन्धी विवरण उपलब्ध गराउनका लागि पनि अभिप्रेरित गरिन्छ। उदाहरणका लागि के विश्व सम्पदा सम्पत्तिको पहिचान तथा रेखाङ्कन गर्ने दायित्व कुनै विशेष निकाय(हरू) लाई दिइएको छ ? के यस्तो सूची तयार गर्दा स्थानीय अधिकारी तथा स्थानीय जनसमुदायहरूलाई सहभागी गराइएको छ ? यस्ता कुराहरू रहेको खण्डमा तिनको सत्यतथ्य विवरण उल्लेख गर्नुहोस्।

(iii) **मनोनयन**

आवधिक प्रतिवेदनले विश्व सम्पदा सूचीमा सूचीकृत गरिनका लागि मनोनित गरिएका सम्पदाहरूलाई सूचीबद्ध गर्नुपर्दछ। यस्तो मनोनयन तयार गर्नका लागि अपनाइएको प्रक्रियाको विश्लेषण, त्यस क्रममा भएको स्थानीय अधिकारी/निकाय तथा समुदायहरूसँगको सहकार्य र सहयोग, प्राप्त गरिएको आत्मप्रेरणा, आइपरेका चुनौती तथा कठिनाइहरू, र त्यसबाट प्राप्त लाभ र सिकेका पाठहरू पनि उपलब्ध गराउनका लागि राज्य पक्षलाई अभिप्रेरित गरिन्छ।

## १.३ सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको सुरक्षा, संरक्षण र प्रस्तुति

यस शीर्षकले विशेषतः *महासन्धि*को धारा ४ र ५ लाई उद्धृत गर्दछ, जसमा राज्य पक्षले सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति र भविष्यको पुस्तामा त्यसको हस्तान्तरणलाई सुनिश्चित गर्ने र यस सम्बन्धमा प्रभावकारी र सक्रिय उपायहरू अपनाइएको कुराप्रतिको आफ्नो कर्तव्यलाई बोध गर्दछ। राज्य पक्षहरूको दायित्वका सम्बन्धमा थप जानकारी *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद १०-१६ मा प्राप्त गर्न सकिन्छ।

*महासन्धि*को धारा ५ ले निम्न उपायहरू तोकेको छ :

(i) **सामान्य नीति तर्जुमा**

समुदायको जीवनमा सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई प्रयोजनयुक्त बनाउने नीति अवलम्बन गर्नेसम्बन्धी सूचना उपलब्ध गराउनुहोस्। साथै विश्व सम्पदाको सुरक्षालाई बृहत् योजना कार्यक्रमहरू (Comprehensive Planning Programs) मा आबद्ध गर्नका लागि राज्य पक्ष वा सम्बन्धित निकायले केकस्ता कदमहरूका चालेका छन् भन्ने सम्बन्धी सूचना उपलब्ध गराउनुहोस्। कस्ता क्षेत्रहरूमा सुधार गर्नुपर्ने भएको छ र त्यस्ता सुधारका लागि राज्य पक्ष अग्रसर भइसकेको भए सो कुरालाई पनि उल्लेख गर्नुपर्दछ।

(ii) **सुरक्षा, संरक्षण र प्रस्तुतिका लागि प्रदान गरिने सेवाको अवस्था**

राज्य पक्षको भूभागभित्र रहेको कुनै सुरक्षा, संरक्षण र प्रस्तुतिसम्बन्धी सेवा कार्यरुपमा लागु गरिएको वा अघिल्लो आवधिक प्रतिवेदनपछि त्यसमा कुनै तात्त्विक सुधार आएको भए सो कुरा पनि उल्लेख गर्नुपर्दछ। सांस्कृतिक तथा प्राकृतिक सम्पदाको सुरक्षा, संरक्षण तथा प्रस्तुतिका लागि लक्षित सेवाहरूलाई विशेष ध्यान दिनुपर्दछ र यसो गर्दा उपयुक्त कर्मचारी तथा तिनका कामकर्तव्यको खारेजीका उपायहरूलाई पनि दर्शाइनुपर्दछ।

(iii) **वैज्ञानिक तथा प्राविधिक अध्ययन र अनुसन्धान**

अनुसन्धानका सम्बन्धमा थप मार्ग निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद १२ मा प्राप्त गर्न सकिन्छ।

अघिल्लो आवधिक प्रतिवेदनपछि शुरु भएका वा पूरा भएका र विश्व सम्पदा सम्पत्तिलाई लाभ हुने सबै समूहगत (generic) प्रकृतिका उल्लेख्य वैज्ञानिक तथा प्राविधिक वा अनुसन्धान परियोजनाहरूलाई सूचीबद्ध गर्नुहोस्। सुधार आवश्यक रहेको र त्यसका लागि राज्य पक्ष क्रियाशील रहेको क्षेत्रहरूलाई पनि उल्लेख गर्नुपर्दछ।

उल्लेख गरिएका स्थलविशेष (site specific) वैज्ञानिक अध्ययन तथा अनुसन्धान परियोजनाहरूका बारेमा यस ढाँचाको खण्ड ११.४ अन्तर्गत जानकारी गराइनुपर्छ।

(iv) **पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति र पुनर्स्थापन** (rehabilitation) **का उपायहरू**

सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति र पुनर्स्थापन (rehabilitation) का लागि राज्य पक्ष वा सम्बन्धित निकायले अवलम्बन गरेका समुचित कानूनी तथा प्रशासनिक संयन्त्रहरूको बारेमा उल्लेख गर्नुहोस्। सम्बन्धित क्षेत्रमा पर्यटक व्यवस्थापन तथा विकाससम्बन्धी उपायहरूमाथि विशेष ध्यान दिइनुपर्दछ। यस विषयमा राज्य पक्षद्वारा प्राप्त अनुभवको आधारमा नीतिनियममा सुधार गर्नुपर्ने देखिएको छ कि भनी उल्लेख गर्न तिनलाई अभिप्रेरित गरिन्छ। राज्य पक्षले सांस्कृतिक तथा प्राकृतिक सम्पदासम्बन्धी अन्य कुनै अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर वा त्यसको अनुमोदन गरेको भए सो कुरा उल्लेख गर्दै यस्ता विभिन्न संयन्त्रहरूको प्रयोगलाई राष्ट्रिय नीतिनियम तथा योजनामा कसरी समन्वय तथा एकीकृत गरिएको छ भन्ने कुरालाई दृष्टिगत गर्नु पनि यहाँ सान्दर्भिक हुनेछ।

राज्य पक्ष वा राज्यभित्र रहेको कुनै सम्बद्ध संस्थाले सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति तथा पुनर्वासका निमित्त अपनाएका सान्दर्भिक वैज्ञानिक तथा प्राविधिक उपयाहरूको बारेमा पनि उल्लेख गर्नुहोस्।

राज्य पक्ष वा राज्यभित्र रहेको कुनै सम्बद्ध संस्थाले सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान, सुरक्षा, संरक्षण, प्रस्तुति तथा पुनर्स्थापनका निमित्त अपनाएका सान्दर्भिक वित्तीय उपयाहरूको बारेमा पनि उल्लेख गर्नुहोस्।

सम्पदाहरूको प्रस्तुतिसम्बन्धी सूचना भन्नाले प्रकाशन, इन्टरनेट वेभ पेज, सिनेमा, हुलाक टिकट, पोष्टकार्ड तथा किताब आदिमा भएको सूचना भन्ने बुझिन्छ।

सुधार गर्नुपर्ने क्षेत्र तथा त्यसका लागि राज्य पक्ष अग्रसर भइरहेको कुरालाई पनि उल्लेख गर्नुपर्दछ।

(v) **तालीम**

तालीमका सम्बन्धमा थप मार्ग निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद २१३-२१४ मा पाउन सकिन्छ ।

व्यावसायिक क्षमता अभिवृद्धि गर्न राज्य पक्षभित्र लागु गरिएका तालीम तथा शैक्षिक रणनीति तथा सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको सुरक्षा, संरक्षण तथा प्रस्तुतिसम्बन्धी राष्ट्रिय तथा क्षेत्रीय तालीम तथा शैक्षिक केन्द्रहरूको स्थापना र विकास तथा यस्ता तालीमहरूलाई विश्वविद्यालय तथा शैक्षिक प्रणालीमा कति हदसम्म समाविष्ट गरिएका छन् भन्ने विषयमा सूचना उपलब्ध गराउनुहोस् ।

तालीम तथा शैक्षिक गतिविधिहरूलाई सघाउ पुऱ्याउने उद्देश्यले वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन दिन राज्य पक्षद्वारा चालिएका कदमहरूको विषयमा उल्लेख गर्नुहोस् ।

सुधार गर्नुपर्ने क्षेत्र तथा त्यसका लागि राज्य पक्ष अग्रसर भइरहेको कुरालाई पनि उल्लेख गर्नुपर्दछ ।

## १.४ अन्तर्राष्ट्रिय सहयोग तथा अर्थ संकलन

यस शीर्षकले विशेषतः *महासन्धि*को धारा ४, ६, १७ र १८ लाई उद्धृत गर्दछ । यस सम्बन्धमा थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद २२७-२३१ मा पाउन सकिन्छ ।

अन्य राज्य पक्षका भूभागभित्र अवस्थित विश्व सम्पदाका पहिचान, सुरक्षा र संरक्षणको तिनीहरूबीच हुने सहयोगको विषयमा पनि उल्लेख गर्नुहोस् ।

अन्य राज्य पक्षका भूभागभित्र अवस्थित विश्व सम्पदालाई प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले हुने हानिबाट बचाउनका लागि केकस्ता उपायहरू अवलम्बन गरिएका छन् भन्ने कुरा पनि उल्लेख गर्नुहोस् ।

के विश्व सम्पदाको संरक्षणका लागि धनराशि तथा अनुदान संकलन गर्न कुनै राष्ट्रिय, सार्वजनिक तथा निजी प्रतिष्ठान वा संघसंगठनहरू स्थापना गरिएका.छन् र यस सम्बन्धमा राज्य पक्षलाई सहायता प्रदान गरिएको छ ?

## १.५ शिक्षा, सूचना तथा जनचेतना

यस शीर्षकले *महासन्धि*को धारा २७ र २८ मा भएको शैक्षिक कार्यक्रमसम्बन्धी व्यवस्थालाई उद्धृत गर्दछ । यस सम्बन्धमा थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को अध्याय ९ मा पाउन सकिन्छ ।

सांस्कृतिक तथा प्राकृतिक सम्पदाको सुरक्षा र संरक्षणका सम्बन्धमा निर्णयकर्ता, सम्पत्तिका धनी र सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्न राज्य पक्षद्वारा चालिएका कदमहरूको विषयमा उल्लेख गर्नुहोस् ।

सम्पदाप्रति सर्वसाधारणको सराहना र सम्मानलाई सुदृढ गर्न, सम्पदालाई जोखिममा पार्ने खतराहरू तथा *महासन्धि*अनुरुप भएका गतिविधिहरूको बारेमा सर्वसाधारणलाई सुसूचित बनाउन सञ्चालन गरिएका शैक्षिक (प्राथमिक, माध्यमिक वा अन्य) तथा सूचना कार्यक्रमहरूको विषयमा उल्लेख गर्नुहोस् । के युनेस्कोको *विश्व सम्पदाको संरक्षण र प्रवर्द्धनमा युवावर्गको सहभागिता (Young People's Participation in World Heritage Preservation and Promotion)* भन्ने विशेष परियोजनामा राज्य पक्ष सहभागी भएको छ ?

स्थलविशेष गतिविधि तथा कार्यहरूसम्बन्धी सूचना शीर्षक २.४ अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

## १.६ निष्कर्ष तथा सिफरिस गरिएका कार्यहरू

प्रतिवेदनको खण्ड १ अन्तर्गतका प्रत्येक शीर्षकका मुख्य निष्कर्षहरूको सारलाई प्रस्तावित कारवाही(हरू), त्यसका लागि जिम्मेवार निकाय(हरू) र लाग्ने समयावधिसम्बन्धी सूचनाका साथ तालिकाबद्ध गरिनुपर्छ :

(i) मुख्य निष्कर्षहरू
(ii) प्रस्तावित आगामी कारवाही(हरू)
(iii) कार्यान्वयन गर्ने सम्बन्धित निकाय(हरू)
(iv) कार्यान्वयन गर्नुपर्ने समयावधि
(v) अन्तर्राष्ट्रिय सहायताको आवश्यकता

राज्य पक्षहरूलाई उनीहरूको पहिलो आवधिक प्रतिवेदनमा तिनले *महासन्धि*को अनुमोदन गर्दा अपनाएको प्रक्रियाको विश्लेषण, आत्मप्रेरणा, त्यस क्रममा आइपरेका बाधाव्यवधान तथा प्राप्त भएका फाइदा एवं सिकेका पाठहरूको विषयमा उल्लेख गर्नका लागि अभिप्रेरित गरिन्छ ।

## खण्ड-२: निश्चित विश्व सम्पदा सम्पत्तिहरूको संरक्षणको अवस्था

संरक्षणको अवस्थाको आवधिक प्रतिवेदनको तयारी गर्दा सम्पदाहरूको दैनिक व्यवस्थापनका लागि जिम्मेवार व्यक्तिहरूलाई सहभागी गराइनुपर्दछ । अन्तरसीमा सम्पदाहरूको हकमा सम्बन्धित निकायहरूले संयुक्त रुपमा वा तिनको निकट सहकार्यमा यस्तो प्रतिवेदन तयार गर्नुपर्ने सुझाव दिइन्छ ।

पहिलो आवधिक प्रतिवेदनले पहिलो मनोनयन दस्तावेजका सूचनाहरूलाई अद्यावधिक गरी प्रस्तुत गर्नुपर्दछ । त्यसपछिका प्रतिवेदनहरू अघिल्लो प्रतिवेदन पेश भएपश्चातका परिवर्तनहरूमाथि केन्द्रित रहनुपर्दछ ।

त्यसैले आवधिक प्रतिवेदनको यस खण्डले मनोनयन दस्तावेजको ढाँचालाई अनुसरण गर्दछ ।

खतराको सूचीमा रहेका सम्पत्तिको अवस्थाको विषयमा विश्व सम्पदा समितिले सामान्यतया वर्षको एकचोटी नियमित अन्तरालमा पुनरावलोकन गर्दछ । यस्तो पुनरावलोकन सम्पत्तिलाई खतराका रहेको विश्व सम्पदा सूचीमा राख्नुपर्ने बाध्यात्मक स्थितिलाई निम्त्याउने निश्चित कारण तथा विषयहरूमाथि केन्द्रित रहन्छ । तैपनि यस्ता सम्पत्तिहरूको संरक्षणको अवस्थाको विषयमा आवधिक प्रतिवेदन तयार पार्नु जरुरी छ ।

यो खण्ड प्रत्येक विश्व सम्पदा सम्पत्तिको हकमा पूर्णतया भर्नुपर्दछ ।

### २.१ परिचय

(i) राज्य पक्ष
(ii) विश्व सम्पदा सम्पत्तिको नाम
(iii) नजिकैको अर्को सम्पदासँगको भौगोलिक निर्देशांक (Geographical coordinates to the nearest second)
(iv) विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको मिति
(v) प्रतिवेदन तयार गर्नको लागि जिम्मेवार संस्था(हरू) वा निकाय(हरू)
(vi) प्रतिवेदनको मिति
(vii) राज्य पक्षको तर्फबाट हस्ताक्षर

### २.२ अनुपम विश्वव्यापी महत्त्वको उक्ति

सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्दा, सूचीकरणका आधारहरूका बारेमा निर्णय गर्दै विश्व सम्पदा समितिले सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको बारेमा उल्लेख गर्दछ । कृपया राज्य पक्षले

उपलब्ध गराएको सूचीकरणको औचित्य र समितिले उक्त सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि प्रयोग गरेका आधारहरूको विषयमा उल्लेख गर्नुहोस् ।

राज्य पक्षको दृष्टिमा अनुपम विश्वव्यापी महत्त्वको उक्तिले सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वलाई यथोचित रुपमा प्रतिबिम्बित गरेको छ वा त्यसलाई पुनः पेश गर्नु आवश्यक छ ? यस कुरालाई अनुपम विश्वव्यापी महत्त्वका लागि सूचीकृत सम्पत्तिको सांस्कृतिक महत्त्वलाई मान्यता दिनका लागि वा सांस्कृतिक महत्त्व भएका सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि दृष्टिगत गर्न सकिन्छ । यस कुराको आवश्यकता या त विश्व सम्पदा समितिले सम्बन्धित आधारहरूमा गर्ने तात्त्विक परिमार्जन वा सम्पत्तिको निश्चित अनुपम विश्वव्यापी महत्त्वको राम्रो पहिचान अथवा ज्ञानका कारणले गर्दा पनि पर्न सक्छ ।

यहाँ अवलोकन गरिने अर्को मुद्दा भनेको विश्व सम्पदा सम्पत्ति रसन्दर्भअनुसारको यसको सन्निकट क्षेत्रलाई सीमित पार्नु कुनै सम्पत्तिमा निहित अनुपम विश्वव्यापी महत्त्वको सुरक्षा र संरक्षणलाई सुनिश्चित गर्नका पर्याप्त हुन्छ वा हुँदैन भन्ने नै हो । यस प्रकारको पुनरावलोकनलाई सम्बोधन गर्दा सिमानाहरूको संशोधन र विस्तारलाई पनि दृष्टिगत गरिन्छ ।

यदि सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको उक्ति उपलब्ध छैन वा पूर्ण छैन भने पहिलो आवधिक प्रतिवेदनमा राज्य पक्षले त्यस्तो उक्तिको प्रस्ताव पेश गर्नुपर्दछ । समितिले सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि प्रयोग गरेको आधार(हरू) लाई अनुपम विश्वव्यापी महत्त्वको उक्तिले प्रतिबिम्बित गर्नुपर्दछ । यसले अन्य कुराहरूलाई पनि सम्बोधन गर्नुपर्दछ जस्तै : सम्पत्तिले के कुराको प्रतिनिधित्व गर्दछ, के कुराले सम्पत्तिलाई अनुपम बनाएको छ, सम्पत्तिलाई बिछट्ट देखाउने निश्चित महत्त्वहरू के के हुन्, आफ्नो परिवेशसँग सम्पत्तिको के सम्बन्ध रहेको छ इत्यादि । अनुपम विश्वव्यापी महत्त्वको त्यस्तो उक्तिलाई सम्बन्धित सल्लाहकार निकाय(हरू)ले जाँच गर्दछ र उचित देखिएमा स्वीकृतिको लागि विश्व सम्पदा समितिसमक्ष पठाउँछ ।

### २.३ प्रामाणिकता र/वा अखण्डताको उक्ति

जुन महत्त्वका आधारमा सम्पत्तिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो र जुन कुरा शीर्षक २.२. बमोजिम अनुपम विश्वव्यापी महत्त्वको उक्तिमा प्रतिबिम्बित भएको छ त्यसको संभार गरिएको छ भन्ने कुराको पुनरावलोकन यस शीर्षकअन्तर्गत गरिनुपर्दछ ।

यसमा सम्पत्तिको सन्दर्भमा प्रामाणिकता र/वा अखण्डताका मुद्दाहरू पनि समावेश हुनुपर्दछ । सूचीकृत गरिँदा सम्पत्तिको प्रामाणिकता र अखण्डताको विषयमा के मूल्याङ्कन गरिएको थियो ? हाल सम्पत्तिको प्रामाणिकता र अखण्डताको अवस्था के रहेको छ ?

सम्पत्तिको संरक्षणको अवस्थाको मापन गर्नका लागि शीर्षक २.६ अन्तर्गत प्रमुख सूचकहरूको आधारमा गरिने सम्पत्तिको अवस्थाको विस्तृत विश्लेषणको आवश्यकता पर्दछ भन्ने कुरा कृपया ख्याल राख्नुहोला ।

### २.४ व्यवस्थापन

यस शीर्षकअन्तर्गत शीर्षक २.२ मा उल्लेख गरिएको अनुपम विश्वव्यापी महत्त्वको उक्तिमा वर्णित महत्त्वको संरक्षणका लागि राष्ट्रिय, प्रान्तीय वा नगरपालिका तहमा सुरक्षात्मक नियमकानून र/वा करारीय वा परम्परागत सुरक्षाका साथै सम्बन्धित सम्पत्तिको व्यवस्थापन र/वा योजनामाथिको नियन्त्रणका साथै भविष्यमा गर्नुपर्ने कारवाहीहरूको कार्यान्वयन र तिनको प्रभावकारिताका सम्बन्धमा जानकारी पेश गर्नु आवश्यक छ । यस सम्बन्धमा थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को खण्ड ३.घ. मा पाउन सकिन्छ ।

सूचीकरण गरिएको वा अघिल्लो आवधिक प्रतिवेदन बुझाइएको समय यता स्वामित्व, कानूनी हैसियत र/वा करारीय अथवा परम्परागत सुरक्षात्मक उपायहरू, व्यवस्थापकीय प्रबन्ध तथा व्यवस्थापन योजनामा भएका उल्लेख्य परिवर्तनको विषयमा राज्य पक्षले जानकारी गराउनुपर्दछ। यस्तो अवस्थामा आवधिक प्रतिवेदनमा सबै सान्दर्भिक दस्तावेजहरू (विशेषगरी कानूनी पाठ्यांश, व्यवस्थापन योजना र/वा सम्पत्तिको व्यवस्थापन र संभारका लागि वार्षिक कार्य योजना) संलग्न गर्नका लागि राज्य पक्षलाई अनुरोध गरिन्छ। सम्पत्तिप्रति प्रत्यक्ष रुपमा जिम्मेवार निकाय वा व्यक्तिको पूरा नाम तथा ठेगाना पनि उपलब्ध गराइनुपर्दछ।

राज्य पक्षले सम्पत्तिको व्यवस्थापनको लागि उपलब्ध रहेको र आवश्यक पर्ने मानव एवं वित्तीय स्रोतसाधनको मूल्याङ्कनका साथै कर्मचारीहरूको लागि तालीमको आवश्यकताको मूल्याङ्कन पनि उपलब्ध गराउन सक्छ।

राज्य पक्षहरूलाई सम्पत्तिसँग प्रत्यक्ष रुपमा सम्बन्धित वैज्ञानिक अध्ययन, अनुसन्धान परियोजना, शिक्षा, सूचना तथा सचेतनासम्बन्धी क्रियाकलापको विषयमा सूचना उपलब्ध गराउन र सम्पत्तिको महत्त्वको बारेमा स्थानीय बासिन्दा, भ्रमणकर्ता तथा सर्वसाधारणमा कुन हदसम्म प्रभावकारी रुपमा सम्प्रेषण गर्न सकिएको छ भन्ने विषयमा टिप्पणी गर्नका लागि आह्वान गरिन्छ। अन्य विषयहरूका अतिरिक्त यसरी सम्बोधन गर्न सकिने कुराहरू यस प्रकार रहेका छन् : के उक्त सम्पत्ति विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्ति हो भन्ने कुरा देखाउने प्लाक सम्पत्तिमा राखिएको छ ? के त्यहाँ विद्यालयहरूका लागि शैक्षिक कार्यक्रमहरू छन् ? के त्यहाँ कुनै विशेष कार्यक्रम एवं प्रदर्शनीहरू हुन्छन् ? भ्रमणकर्ताहरूका लागि पर्यटक केन्द्र, स्थल संग्रहालय, बाटो, पथप्रदर्शक, सूचना सामग्रीहरू उपलब्ध गराइएका छन् ? यी सबै कार्यक्रम एवं गतिविधिहरूमा विश्व सम्पदाको उपाधिले के कस्तो भूमिका खेल्दछ ?

यस अलावा संभव भएमा राज्य पक्षहरूलाई आम्दानी, पर्यटक संख्या, कर्मचारी तथा अन्य शीर्षकहरूको विषयमा तथ्याङ्कमूलक सूचना वार्षिक रुपमा उपलब्ध गराउनका लागि पनि आह्वान गरिन्छ।

सम्पत्तिको व्यवस्थापनको पुनरावलोकनको आधारमा राज्य पक्षले सम्पत्तिको संरक्षणको लागि कानूनी एवं प्रशासनिक प्रावधानहरूमा तात्त्विक परिमार्जन गर्नु आवश्यक छ छैन भन्ने विषयमा दृष्टिगत गर्न सक्दछ।

### २.५ सम्पत्तिलाई प्रभाव पार्ने कुराहरू

कुनै खास समस्या वा जोखिमले सम्पत्तिलाई कतिसम्म खतरामा पारेको छ भन्नेबारे उल्लेख गर्नुहोस्। यस शीर्षकअन्तर्गत उल्लेख गर्न सकिने कुराहरू भनेको मनोनयन ढाँचामा सूचीबद्ध कुराहरू नै हुन् जस्तै विकासको दबाव, वातावरणीय दबाव, प्राकृतिक प्रकोप एवं त्यसविरुद्धको तयारी, भ्रमणकर्ता/पर्यटन दबाव, बासिन्दाहरूको संख्या।

अग्रगामी योजना र जोखिम विरुद्धको तयारीको महत्त्वलाई दृष्टिगत गर्दै सांस्कृतिक वा प्राकृतिक सम्पदालाई जोखिममा पार्ने वा संकटग्रस्त बनाउन सक्ने खतराहरूमाथि कारवाही गर्न राज्य पक्षलाई सक्षम बनाउने सञ्चालन विधिहरूका बारेमा सूचना उपलब्ध गराउनुहोस्। समस्या एवं जोखिमका कुराहरूमा भूकम्प, बाढी, भूस्खलन, कम्पन, औद्योगिक प्रदूषण, गुण्डागर्दी, चोरी, लुटपाट, सम्पत्तिको भौतिक सन्दर्भमा भएको परिवर्तन, खानी, वन विनाश, चोरी शिकारीका साथै भूउपयोग, कृषि, सडक निर्माण, निर्माण गतिविधि, पर्यटनमा आएका परिवर्तनहरू पर्दछन्। सुधार गर्नुपर्ने क्षेत्र तथा त्यसका लागि राज्य पक्ष अग्रसर भइरहेको कुरालाई पनि उल्लेख गर्नुपर्दछ।

यस शीर्षकले सम्पत्तिलाई प्रभाव पार्ने वा त्यसलाई खतरामा पार्न सक्ने सबै कुराहरूको बारेमा अद्यावधिक सूचना प्रदान गर्नुपर्दछ। यसले ती जोखिमहरू र तिनलाई सम्बोधन गर्ने उपायहरूको बीचमा रहने सम्बन्धलाई प्रस्तुत गर्नुपर्दछ।

सम्पत्तिमाथि यी कुराहरूको प्रभाव बढिरहेको वा घटिरहेको कुराको र ती कुराहरूलाई सम्बोधन गर्नका लागि कस्ता कारवाहीहरू प्रभावकारी रुपमा अगाडि बढाइए वा भविष्यमा बढाइने योजना रहेको छ भन्ने कुराको मूल्याङ्कन पनि प्रस्तुत गर्नुपर्दछ ।

## २.६ अनुगमन

आवधिक प्रतिवेदनको शीर्षक ३.३ ले सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको संभार गर्ने कुराको समग्र मूल्याङ्कन उपलब्ध गराउँछ भने यस शीर्षकले सम्पत्तिको संरक्षणको अवस्थाको मापन गर्नका लागि प्रमुख सूचकका आधारमा सम्पत्तिको अवस्थाका बारेमा विस्तृत विश्लेषण प्रस्तुत गर्दछ ।

विश्व सम्पदा सूचीमा सूचीकृत गर्दा कुनै सूचकहरूको पहिचान भइनसकेको भए यसलाई पहिलो आवधिक प्रतिवेदनको समयमा सम्पन्न गर्नुपर्दछ । आवधिक प्रतिवेदनको तयारीलाई विगतमा पहिचान गरिएका सूचकहरूको वैधानिकताको मूल्याङ्कन गर्ने र त्यसलाई आवश्यकताअनुसार दोहोऱ्याएर हेर्ने एउटा अवसरको रुपमा लिन सकिन्छ ।

प्रत्येक प्रमुख सूचकका सम्बन्धमा अद्यावधिक सूचना उपलब्ध गराइनुपर्दछ । यस्ता सूचनाहरू सही र यथार्थपरक हुने कुरालाई सुनिश्चित गर्नु पनि उत्तिकै जरुरी हुन्छ जसका लागि हरेक वर्षको त्यही समय र दिनमा र त्यस्तै उपकरणको प्रयोग गरी पर्यवेक्षण गर्न सकिन्छ ।

अनुगमन कार्यमा को को साझेदारहरू संलग्न हुने हुन् भन्ने कुरा उल्लेख गर्नुहोस् र अनुगमन प्रणालीमा गर्नुपर्ने सुधारको विषयमा राज्य पक्षले दृष्टिगत गरेका र उचित ठहऱ्याएका कुराहरूको पनि वर्णन गरिनुपर्छ ।

केही विशेष परिस्थितिमा सूचीकरणको वा त्यसपछिको समयमा विश्व सम्पदा समिति र/वा यसको ब्यूरोले सम्पत्तिको संरक्षणको अवस्थाको परीक्षण गरी यस सम्बन्धमा राज्य पक्षलाई सुझावहरू दिइसकेको हुन सक्छ । त्यस्तो अवस्थामा ब्यूरो वा समितिले गरेका निरीक्षण र दिएका सुझावहरूलाई सम्बोधन गर्न कस्ता कामहरू भइसकेका छन् भन्ने विषयमा राज्य पक्षले जानकारी गराउनुपर्दछ ।

## २.७ निष्कर्ष र सिफारिस गरिएका कार्यहरूको सारांश

संरक्षण अवस्थासम्बन्धी प्रतिवेदनका प्रत्येक शीर्षकका मुख्य निष्कर्षहरू र त्यसमा पनि खासगरी सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको संभार गरिएको छ छैन भन्ने कुराको सारांशलाई निम्न कुराहरूका साथ तालिकाबद्ध गर्नुपर्दछ :

(i) सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वको अवस्थासम्बन्धी मुख्य निष्कर्षहरू (माथिको शीर्षक २.२ र २.३ हेर्नुहोला)
(ii) सम्पत्तिको व्यवस्थापन तथा सम्पत्तिलाई प्रभाव पार्ने कुरासम्बन्धी मुख्य निष्कर्षहरू (माथिको शीर्षक २.४ र २.५ हेर्नुहोला)
(iii) भविष्यका लागि प्रस्तावित कामकारवाही(हरू)
(iv) कार्यान्वयन गर्ने आधिकारिक निकाय(हरू)
(v) कार्यान्वयन गर्ने समयावधि
(vi) अन्तर्राष्ट्रिय सहायताको आवश्यकता

यस्तै प्रकारका समस्या तथा मुद्दाहरूको सामना गरिरहेका अन्यका लागि पनि सान्दर्भिक हुने आफूले प्राप्त गरेको अनुभवको विषयमा उल्लेख गर्न राज्य पक्षलाई अनुरोध गरिन्छ । कृपया यस प्रयोजनका लागि सम्पर्क गर्न सकिने संगठन वा विज्ञहरूको नाम तथा सम्पर्क ठेगाना पनि उल्लेख गर्नुहोस् ।

# अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोध पेश गर्ने फाराम

- अन्तर्राष्ट्रिय सहायता फाराम निम्न वेभ ठेगानामा प्राप्त गर्न सकिन्छ र सोही ठेगानामा फाराम भरी पेश गर्न सकिनेछ : http://whc.unesco.org/en/intassistance
- अन्तर्राष्ट्रिय सहायताका सम्बन्धमा थप निर्देशन *कार्य-सञ्चालन निर्देशिका*को खण्ड ७ मा प्राप्त गर्न सकिन्छ ।
- यो फाराम भर्नको लागि संलग्न गरिएको व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।
- रित पुगेको फारामको हस्ताक्षरित सक्कल प्रति अङ्ग्रेजी वा फ्रेन्च भाषामा यस ठेगानामा पठाउनुपर्नेछ :

**यूनेस्को विश्व सम्पदा केन्द्र**
७, प्लास द फाँतन्वा
७५३५२ पेरिस ०७ एसपी
फ्रान्स
फोनः ३३(०) १४५६८१२७६
फ्याक्सः ०३३ (०)१४५६८५५७०
इमेलः intassistance@unesco.org

१. **राज्य पक्ष**

---

२. **परियोजनाको शीर्षक**

---

३. **सहायताको प्रकार**

| | आपातकालीन सहयोग | तयारीसम्बन्धी सहयोग | संरक्षण तथा व्यवस्थापन |
|---|---|---|---|
| संस्कृति | | | |
| प्रकृति | | | |
| मिश्रित | | | |

४. **परियोजना स्थानः**

क) के परियोजना विश्व सम्पदा सम्पत्तिमा लागु गरिने हो ?

☐ हो ☐ होइन

हो भने सम्पत्तिको नाम दिनुहोस् ______________________________

ख) परियोजनाले फिल्डको अङ्गलाई समेट्छ ?

☐ समेट्छ ☐ समेट्दैन

समेट्छ भने कहाँ र कसरी ?

______________________________

ग) .यदि उक्त परियोजना विश्व सम्पदा सम्पत्ति क्षेत्रमा लागु गरिँदै छ भने त्यसले अन्य विश्व सम्पदा सम्पत्तिलाई लाभ पुऱ्याउँछ कि भन्ने कुरा देखाउनुहोस् , यदि पुऱ्याउँछ भने कुनलाई र कसरी ?

५. **परियोजना कार्यान्वयन गर्ने समयावधि (अनुमानित वा निश्चित के हो खुलाउनुहोस्)** :

मितिः ______________________________

अवधिः ______________________________

६. **परियोजना कस्तो हो :**

☐ स्थानीय
☐ राष्ट्रिय
☐ क्षेत्रका केही राज्य पक्षहरू सहभागी हुने उप-क्षेत्रीय,
☐ क्षेत्रका धेरै राज्य पक्षहरू सहभागी हुने क्षेत्रीय
☐ विभिन्न क्षेत्रका राज्य पक्षहरू सहभागी हुने अन्तर्राष्ट्रिय

यदि परियोजना स्थानीय, राष्ट्रिय, उप-क्षेत्रीय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय हो भने कृपया कुन देश/सम्पत्ति त्यसमा सहभागी हुने हो/त्यसबाट लाभान्वित हुने हो भन्ने कुरा खुलाउनुहोस् :

---

**७. परियोजनाको औचित्य**

क) यो परियोजना किन आवश्यक छ भन्ने कुरा खुलाउनुहोस्
(आपातकालीन सहयोगको लागि यसको सट्टा कृपया तलको शीर्षक ८ मा उल्लेखित विवरणहरू भर्नुहोला) :

---

ख) पेश गरिएका सबै सहयोगी दस्तावेजहरूलाई सूचीबद्ध गर्नुहोस् (लागु हुने अवस्थामा):

---

**८. आपातकालीन सहयोगको लागि मात्र :**

क) सम्पत्तिलाई असर पुग्ने निश्चित वा संभावित चुनौती/खतराका बारेमा उल्लेख गर्नुहोस्

---

ख) यसले कसरी सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वमा असर पार्न सक्छ भन्ने कुरा उल्लेख गर्नुहोस्

---

ग) प्रस्तावित परियोजनाले कसरी उक्त चुनौती वा खतरालाई सम्बोधन गर्नेछ भन्ने कुरा उल्लेख गर्नुहोस् :

---

**९. परियोजनाको उद्देश्यः**

परियोजनाका निश्चित उद्देश्यहरू स्पष्ट रुपमा लेख्नुहोस्

**१०. आशातीत परिणामहरू**

(क) परियोजनाबाट अपेक्षा गरिएका परिणामहरू स्पष्ट रुपमा लेख्नुहोस्

---

(ख) यी परिणामहरूको उपलब्धिको मूल्याङ्कनमा प्रयोग गरिने सूचक एवं प्रमाणीकरणका उपायहरू खुलाउनुहोस् :

| आशातीत परिणाम | सूचकहरू | प्रमाणीकरणका उपायहरू |
|---|---|---|
| | | |
| | | |

**११. कार्य योजना (निश्चित गतिविधि तथा समय तालिकासहित)**

| क्रियाकलाप | समय अवधि (महिनामा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गतिविधि | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गतिविधि | | | | | | | |
| गतिविधि | | | | | | | |
| गतिविधि | | | | | | | |

१२. **मूल्याङ्कन तथा प्रतिवेदन** (**परियोजना सम्पन्न भएको तीन महिनाभित्र विश्व सम्पदा केन्द्रमा पठाउनुपर्ने**) :

१३. **यदि परियोजनामा आवश्यक पर्ने देखिएमा विज्ञ, तालीमदाता, प्राविधिक र/वा दक्ष श्रमिकहरूको परिचय विवरण** (profiles) (**यदि विज्ञ, तालीमदाता, प्राविधिक र/वा दक्ष श्रमिकहरूको पहिचान ज्ञात छ भने तिनीहरूको नाम र संभव भएमा संक्षिप्त** CV **समावेश गर्नुहोस्**)

---

१४. **प्रमुख लक्षित श्रोताहरू र यदि परियोजनामा आवश्यक पर्ने देखिएमा तालीम लिने/सहभागीहरूको परिचय विवरण**

---

१५. **बजेट बाँडफाँड**

क) तलको तालिकामा परियोजनाको प्रत्येक शीर्षकमा हुने खर्चको विस्तृत बाँडफाँड र संभव भएमा एकाइ दरसमेत समावेश गरी (अमेरिकी डलरमा) उल्लेख गर्नुहोस् र कसरी विभिन्न स्रोतहरूबाट यो खर्च मिलीजुली गरिन्छ भन्ने कुरा देखाउनुहोस् ।

| विवरण (परियोजनाको लागि लागु हुने विवरण छनोट गर्नुहोस्) | विस्तृत US$ (लागु हुने कुराहरूका लागि) | राज्य पक्षसँग भएको रकम (US$) | विश्व सम्पदा कोषसमक्ष माग गरिएको रकम (US$) | अन्य स्रोतहरू (US$) | कूल (US$) |
|---|---|---|---|---|---|
| **संगठन** | | | | | |
| - स्थान | .... दिनको लागि .... US$/दिन = US$ .... | | | | |
| - कार्यालय खर्च | US$ .... | | | | |
| - सचिवालय सहयोग | .... दिनको लागि .... US$/दिन = US$ .... | | | | |
| - अनुवाद | .... पेजको लागि .... US$/पेज = US$ .... | | | | |
| - तत्काल अनुवाद | .... घण्टाको लागि .... US$/घण्टा = US$ .... | | | | |
| - श्रव्यदृश्य उपकरण | .... दिनको लागि .... US$/दिन = US$ .... | | | | |
| - अन्य | US$ .... | | | | |
| **मानवीय/परामर्श सेवा (शुल्क)** | | | | | |
| - अन्तर्राष्ट्रिय विशेषज्ञ | .... हप्ताको लागि .... US$/हप्ता = US$ .... | | | | |
| - राष्ट्रिय विशेषज्ञ | .... हप्ताको लागि .... US$/हप्ता = US$ .... | | | | |
| - संयोजक | .... हप्ताको लागि .... US$/हप्ता = US$ .... | | | | |
| - अन्य | .... हप्ताको लागि .... US$/हप्ता = US$ .... | | | | |
| **यातायात** | | | | | |
| - अन्तर्राष्ट्रिय यातायात खर्च | US$ .... | | | | |
| - आन्तरिक यातायात खर्च | US$ .... | | | | |
| - अन्य | US$ .... | | | | |
| **दैनिक भत्ता** | | | | | |
| - बसोबास | .... व्यक्तिको लागि .... US$/दिन = US$ .... | | | | |
| - बोर्ड | .... व्यक्तिको लागि .... US$/दिन = US$ .... | | | | |
| **उपकरण** | | | | | |
| - ....... | .... एकाइको लागि .... US$/एकाइ = US$ .... | | | | |
| - ....... | .... एकाइको लागि .... US$/एकाइ = US$ .... | | | | |
| **मूल्याङ्कन, प्रतिवेदन तथा प्रकाशन** | | | | | |
| - मूल्याङ्कन | US$ .... | | | | |
| - प्रतिवेदन | US$ .... | | | | |
| - सम्पादन, डिजायन | US$ .... | | | | |
| - छपाइ | US$ .... | | | | |
| - वितरण | US$ .... | | | | |
| - अन्य | US$ .... | | | | |
| **विविध** | | | | | |
| - प्रवेषाज्ञा | .... सहभागीका लागि .... US$ = US$ .... | | | | |
| - अन्य | US$ .... | | | | |
| **कूल** | | | | | |

(ख) राज्य पक्ष वा अन्य स्रोतबाट कुनै आर्थिक विनियोजन उपलब्ध छ कि छैन वा त्यस्तो कुरा कहिलेसम्म उपलब्ध हुने हो भन्ने कुरा उल्लेख गर्नुहोस् ।

---

**१६. राज्य पक्ष वा अन्य निकायबाट हुने त्यस्तै प्रकारका योगदानहरू :**

(क) राष्ट्रिय निकाय(हरू):

---

(ख) अन्य द्वि/बहुपक्षीय संगठन, दातृ निकाय आदि

---

**१७. परियोजनाको कार्यान्वयनका लागि जिम्मेवार निकाय**(हरू)

---

**१८. राज्य पक्षको तर्फबाट हस्ताक्षरः**

पूरा नामः ______________________________

दर्जा : ______________________________

मितिः ______________________________

**१९. अनुसूचीहरू**

______________ (आवेदनसँग संलग्न अनुसूचीहरूको संख्या)

## व्याख्यात्मक टिप्पणी

<table>
<tr><th></th><th>अन्तर्राष्ट्रिय सहायता आवेदन फाराम</th><th>व्याख्यात्मक टिप्पणी</th></tr>
<tr><td>१.</td><td>राज्य पक्ष</td><td>अन्तर्राष्ट्रिय सहायताका लागि आवेदन पेश गर्ने राज्य पक्षको नाम</td></tr>
<tr><td>२.</td><td>परियोजना शीर्षक</td><td></td></tr>
<tr><td>३.</td><td>सहायताको प्रकार<br><table><tr><th></th><th>आपातकालीन सहयोग</th><th>तयारी सहयोग</th><th>संरक्षण तथा व्यवस्थापन*</th></tr><tr><td>संस्कृति</td><td></td><td></td><td></td></tr><tr><td>प्रकृति</td><td></td><td></td><td></td></tr><tr><td>मिश्रित</td><td></td><td></td><td></td></tr></table><br>* द्रष्टव्य : “संरक्षण र व्यवस्थापन”मा पहिलेका वर्गहरू समावेश छन् :<br>- तालीम, शोधसम्बन्धी सहायता</td><td>विस्तृत विवरणको लागि कार्य-सञ्चालन निर्देशिकाको अनुच्छेद २४१ हेर्नुहोला ।<br><br>परियोजनाले कुन प्रकारको सम्पदालाई समेट्ने हो र आफूले कुन प्रकारको सहायताको माग गरेको हो सो उल्लेख गर्नुहोस् ।<br><br>तलको तालिकाको कुनै एउटा मात्र कोष्ठमा चिह्न लगाउनुहोस् । उदाहरणको लागि :<br><br>पत्थरचित्रसम्बन्धी तालीम परियोजना :</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>- प्राविधिक सहयोग<br>- शिक्षा, सूचना तथा जनचेतना अभिवृद्धिका लागि सहायता</td>
<td>
<table>
<tr><td></td><td>आपातकालीन सहयोग</td><td>तयारी सहयोग</td><td>संरक्षण तथा व्यवस्थापन</td></tr>
<tr><td>संस्कृति</td><td></td><td></td><td></td></tr>
<tr><td>प्रकृति</td><td></td><td></td><td></td></tr>
<tr><td>मिश्रित</td><td></td><td></td><td></td></tr>
</table>
मिश्रित सम्पत्तिको लागि मनोनयन फाइलको तयारी
<table>
<tr><td></td><td>आपातकालीन सहयोग</td><td>तयारी सहयोग</td><td>संरक्षण तथा व्यवस्थापन</td></tr>
<tr><td>संस्कृति</td><td></td><td></td><td></td></tr>
<tr><td>प्रकृति</td><td></td><td></td><td></td></tr>
<tr><td>मिश्रित</td><td></td><td></td><td></td></tr>
</table>
संरक्षित वन क्षेत्रमा असर पार्ने उष्ण आँधी आए लगत्तै आपातकालीन सहयोगका लागि गरिएको अनुरोध
<table>
<tr><td></td><td>आपातकालीन सहयोग</td><td>तयारी सहयोग</td><td>संरक्षण तथा व्यवस्थापन</td></tr>
<tr><td>संस्कृति</td><td></td><td></td><td></td></tr>
<tr><td>प्रकृति</td><td></td><td></td><td></td></tr>
<tr><td>मिश्रित</td><td></td><td></td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>४.</td>
<td>परियोजना स्थानः<br><br>(क) के परियोजना विश्व सम्पदा सम्पत्ति भएका ठाउँमा लागु गरिने हो ?<br>□ हो □ होइन<br>हो भने, सम्पत्तिको नाम दिनुहोस्<br><br>(ख) के परियोजनाले फिल्डको अङ्गलाई समेट्छ ?<br>□ समेट्छ □ समेट्दैन<br>समेट्छ भने कहाँ र कसरी ?<br>............................</td>
<td></td>
</tr>
<tr>
<td>५.</td>
<td>परियोजना कार्यान्वयनको समय तालिका (अनुमानित वा निश्चित के हो खुलाउनुहोस्) :</td>
<td>परियोजना शुरु हुने प्रस्तावित मितिका साथै त्यसको अवधि उल्लेख गर्नुहोस्।</td>
</tr>
<tr>
<td>६.</td>
<td>परियोजना कस्तो हो :<br>□ स्थानीय<br>□ राष्ट्रिय<br>□ कुनै क्षेत्रका केही राज्य पक्षहरू सहभागी हुने उप-क्षेत्रीय,<br>□ कुनै क्षेत्रका धेरै राज्य पक्षहरू सहभागी हुने क्षेत्रीय<br>□ विभिन्न क्षेत्रका राज्य पक्षहरू सहभागी हुने अन्तर्राष्ट्रिय<br><br>यदि परियोजना स्थानीय, राष्ट्रिय, उप-क्षेत्रीय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय हो भने कृपया कुन सम्पत्ति त्यसमा सहभागी हुने हो/त्यसबाट लाभान्वित हुने हो भन्ने कुरा खुलाउनुहोस् :<br>....................</td>
<td>यदि परियोजनाबाट अन्य देशहरू लाभान्वित हुन्छन् भने ती देशहरूबाट कुनै सहयोग प्राप्त भएको छ कि छैन उल्लेख गर्नुहोस्। कुनै अन्तरसीमा सम्पत्तिलाई पनि समेटिएको भए सो कुरा पनि उल्लेख गर्नुहोस्।</td>
</tr>
<tr>
<td>७.</td>
<td>परियोजनाको औचित्य</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>(क) यो परियोजना किन आवश्यक छ भन्ने कुरा खुलाउनुहोस् (आपातकालीन सहयोगको लागि यसको सट्टा कृपया शीर्षक ८ मा उल्लेखित विवरणहरू</td>
<td>छलफल/सम्बोधन गर्नुपर्ने समस्या वा विषयहरू तय गर्नुहोस्। यसअन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरू स्थितिअनुसार कति जरुरी छन् भन्ने कुरा समेत उल्लेख गर्नुपर्दछ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | भर्नुहोस् ) : | यदि सान्दर्भिक छ भने दुई पृष्ठमा नबढाई ठम्याइएको वा सम्भावित खतराका बारेमा विवरण दिनुहोस् ।<br><br>परियोजनाले निम्न कुराहरूको कार्यान्वयमा कसरी योगदान पुऱ्याउँछ भन्ने कुराको व्याख्या गर्नुहोस् :<br><br>- विश्व सम्पदा समितिका निर्णयहरू,<br>- समिति, अध्यक्ष वा यूनेस्कोको अनुरोधमा सञ्चालन गरिएका अन्तराष्ट्रिय विज्ञ समूहको मिसनहरूका सिफारिसहरू,<br>- सल्लाहकार निकायहरूका सिफारिसहरू<br>- युनेस्कोको विश्व सम्पदा केन्द्र वा अन्य यूनेस्को विभागका सिफारिसहरू,<br>- सम्पत्तिका व्यवस्थापन योजनाहरू,<br>- विश्व सम्पदा कोषको सहयोगमा सञ्चालित पहिलेका गतिविधिहरूबाट हुने सिफारिसहरू ।<br><br>कुन दस्तावेजलाई साभार गरिएको हो भन्ने कुरा स्पष्टसँग उल्लेख गर्नुहोस् (विश्व सम्पदा समिको निर्णय संख्या, मिसनको मिति आदि...) |
| | (ख) कुनै सहयोगी दस्तावेजहरू भएको खण्डमा ती सबैलाई सूचीबद्ध गर्नुहोस् | यथासंभव दस्तावेजी प्रमाणहरू जस्तै प्रतिवेदन, फोटो, स्लाइड, नक्सा आदिबाट औचित्यको पुष्टि गर्नुहोस् । |
| ८. | **आपातकालीन सहायताको लागि मात्र** | |
| | (क) सम्पत्तिलाई असर पुऱ्याउने ठम्याइएको वा संभावित चुनौती/खतराका बारेमा उल्लेख गर्नुहोस् | कुनै ठूलो विपद् परिआए लगत्तै अन्तर्राष्ट्रिय सहायता राशि स्वतः प्रदान गरिँदैन । यस प्रकारको सहायता <u>प्राकृतिक वा मानवीय</u> विपद्सम्बन्धी <u>आसन्न</u> खतराले विश्व सम्पदा सम्पत्तिको समग्र अनुपम विश्वव्यापी महत्त्व, र यसको प्रामाणिकता र/वा अखण्डतालाई नै जोखिममा पारेको अवस्थामा त्यसलाई रोक्न वा कम्तिमा त्यसले सम्पत्तिमाथि पार्न सक्ने संभावित नकारात्मक प्रभावलाई उल्लेख्य रुपमा न्यूनीकरण गर्नका लागि प्रदान गरिन्छ ।<br><br>आपातकालीन सहयोग कुनै ठूलो विपद्को परिणामस्वरुप कुनै आसन्न खतरा उत्पन्न भएको छ छैन भनी मूल्याङ्कन गर्नको लागि पनि प्रदान गर्न सकिन्छ ।<br><br>अर्कोतर्फ, कुनै विपद्को कारणले सम्पदामा केही क्षति भइसकेको तर तत्काल सम्बोधन गर्नुपर्ने कुनै आसन्न खतरा वा जोखिम नरहेको स्थितिमा अन्य स्वरुपका सहायता उपयुक्त हुन सक्दछ ( जस्तै संरक्षण तथा व्यवस्थापनका लागि सहायता) । |
| | (ख) यसले कसरी सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्वमा असर पार्न सक्दछ भन्ने कुरा उल्लेख गर्नुहोस् | आपातकालीन सहायता प्रदान गर्ने सम्बन्धमा प्राथमिकता तय गर्दा सम्बोधन गर्नुपर्ने चुनौती/खतरालाई न्यूनीकरण नगरिएको खण्डमा त्यसले विश्व सम्पदा सम्पत्तिको अनुपम विश्वव्यापी महत्त्व एवं त्यसको प्रामाणिकता र/वा अखण्डतालाई प्रभाव पार्ने संभावना छ कि छैन भन्ने कुरालाई दृष्टिगत गरिनेछ । |
| | (ग) प्रस्तावित परियोजनाले उक्त चुनौती वा खतरालाई कसरी सम्बोधन गर्नेछ भन्ने कुरा उल्लेख गर्नुहोस् : | आपातकालीन सहायता कार्यक्रमअन्तर्गत गरिने सहयोगको प्रस्तावले कसरी परियोजनाको कार्यक्षेत्रले विश्व सम्पदा सम्पत्तिमाथिका चुनौती/खतराको मूल्याङ्कन गर्दछ भन्ने कुरा तय गर्नुपर्दछ र कसरी त्यसलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरा देखाउनुपर्दछ । |
| ९. | **परियोजनाको उद्देश्यः**<br><br>परियोजनाका निश्चित उद्देश्यहरू स्पष्ट रुपमा | कुनै निश्चित परियोजनाको कार्यान्वयनबाट तपाईंले के उद्देश्य प्राप्त गर्न चाहनु भएको हो ? |

<table>
<tr><td></td><td>लेख्नुहोस्</td><td></td></tr>
<tr><td>१०.</td><td>आशातीत परिणामहरू</td><td></td></tr>
<tr><td></td><td>(क) प्रस्तावित परियोजनाका आशातीत परिणामहरू स्पष्ट रुपमा उल्लेख गर्नुहोस्</td><td>आशातीत परिणाम ठोस एवं मापन गर्न सकिने हुनुपर्दछ। प्रत्येक आशातीत परिणामलाई सूचकसमूहद्वारा मापन गरिन्छ (अनुच्छेद १० ख हेर्नुहोला)</td></tr>
<tr><td></td><td>(ख) यी परिणामहरूका उपलब्धिहरूको मूल्याङ्कनमा प्रयोग गर्न सकिने सूचक एवं प्रमाणीकरणका उपायहरूका बारेमा खुलाउनुहोस् :
<table>
<tr><th>आशातीत परिणाम</th><th>सूचकहरू</th><th>प्रमाणीकरणका उपायहरू</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
</td><td>सूचकहरूलाई प्राप्त नतिजाको मापन गर्न र परियोजनाको उद्देश्य प्राप्त गर्ने दिशामा भएको प्रगतिको निर्धारण गर्न प्रयोग गरिन्छ। तिनीहरू अनुच्छेद १० मा उल्लेख गरिएका आशातीत परिणामहरूमा आधारित रहन्छन् र परियोजना सम्पन्न भएपछि त्यसको मूल्याङ्कनको आधारको रुपमा पनि कार्य गर्दछन्।<br><br>
यस्ता सूचकहरू वस्तुगत, मापनयोग्य हुनुपर्दछ तथा परिमाणजनक स्वरुप (quantifiable terms) जस्तै सख्यात्मक मूल्य वा प्रतिशतमा देखाइनुपर्दछ।<br><br>
उदाहरणको लागि :<br><br>
तयारीसम्बन्धी सहयोग<br><br>
उद्देश्य:<br>
विश्व सम्पदा केन्द्रमा पेश गर्नको लागि रित पुऱ्याइएको मनोनयन फाइल तयार गर्ने।
<table>
<tr><th>आशातीत परिणाम</th><th>सूचकहरू</th><th>प्रमाणीकरणका उपाय</th></tr>
<tr><td>रित पुऱ्याइएको मनोनयन फाइल फेब्रुवरी १, २००x सम्ममा विश्व सम्पदा केन्द्रमा पेश गरिसक्ने।</td><td>• अन्तिम मितिभित्र मनोनयन पेश गरिएको,</td><td>• फाइल पठाइएको हुलाक अभिलेख<br>• राज्य पक्षले विश्व सम्पदा केन्द्र/ POL बाट प्राप्त गरेको प्रतिवेदन</td></tr>
<tr><td>व्यवस्थापन योजनाको पूर्ण विवरण मनोनयन फाइलसँगै पेश गर्ने।</td><td>• अन्तिम मितिभित्र व्यवस्थापन योजना पेश गरिएको,</td><td>• फाइल पठाइएको हुलाक अभिलेख<br>• राज्य पक्षले विश्व सम्पदा केन्द्र/ POL बाट प्राप्त गरेको प्रतिवेदन</td></tr>
<tr><td>विश्व सम्पदा केन्द्र र सल्लाहकार निकायद्वारा मनोनयन फाइल रित पुगेको भनी ठम्याउने,</td><td>• विश्व सम्पदा केन्द्र तथा सल्लाहकार निकायद्वारा रित पुगे नपुगेको सम्बन्धमा गरिने सफल परीक्षण</td><td>• विश्व सम्पदा केन्द्रद्वारा मनोनयन फाइल रित पुगेको छ भन्ने व्यहोरासहित राज्य पक्षलाई लेखिएको पत्र</td></tr>
</table>
<br>
आपातकालीन सहयोग</td></tr>
</table>

*उद्देश्य:*
बाढी वा भूकम्पका कारण हालै क्षतिग्रस्त भएको भवनको संरचनालाई सुदृढ बनाउने ।

| *आशातीत परिणाम* | *सूचकहरू* | *प्रमाणीकरणका उपाय* |
|---|---|---|
| भवनको संरचना सुदृढ बनाइएको | ● आपातकालीन संरचनागत समस्याको पहिचान गरिएको ।<br>● आपातकालीन कामको लागि योजना तयार भएको ।<br>● सुदृढीकरणका अस्थायी उपाय लागु गरिएको । | ● संरचनाको आपातकालीन अवस्थाको बारेमा स्ट्रक्चरल इन्जिनियरको प्रतिवेदन<br>● आपातकालीन काम गर्नको लागि लाग्ने खर्चसहितको प्रस्तावना<br>● सुदृढीकरणको काम सम्पन्न भएकोबारे अन्तिम प्रतिवेदन |
| भविष्यमा कार्यान्वयन गर्नका लागि थप संरक्षण कार्यको योजना विकास गरिएको | ● समग्र संरचनागत विश्लेषण गरिएको<br>● थप आवश्यक संरक्षण कार्यको लागि लाग्ने खर्च सहितको योजना तयार भएको | ● संरचनाको समग्र संरक्षणको अवस्थाको बारेमा स्ट्रक्चरल इन्जिनियरको प्रतिवेदन<br>● आवश्यक संरक्षण कार्य सञ्चालन गर्नको लागि लाग्ने खर्चसहितको प्रस्तावना |

**संरक्षण तथा व्यवस्थापन सहायता**

*उद्देश्य:*
समुदायको सहभागितालाई विशेष ध्यान दिई विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिको व्यवस्थापनमा सुधार गर्ने ।

| *आशातीत परिणाम* | *सूचकहरू* | *प्रमाणीकरणका उपाय* |
|---|---|---|
| सम्पत्तिको लागि एकीकृत व्यवस्थापन योजना | ● स्थानीय समुदाय लगायत आवश्यक क्षेत्रका | ● व्यवस्थापन योजना टोलीको बैठकको मासिक प्रतिवेदनहरू |

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr>
<td></td>
<td>सहभागीहरूसहित व्यवस्थापन योजना तयार गर्ने टोलीको गठन<br>● अनुपम विश्वव्यापी महत्त्वको उक्ति तयार भएको<br>● सम्पत्तिलाई प्रभाव पार्ने संरक्षण तथा व्यवस्थापनका समस्याहरूको विश्लेषण<br>● त्यसलाई प्राप्त गर्नको लागि स्पष्ट उद्देश्य एवं रणनीतिहरू विद्यमान् रहेको</td>
<td>● सम्पत्तिको व्यवस्थापनमा देखिएका प्रत्येक प्रमुख मुद्दाहरूको विषयमा टोलीका सदस्यहरूले प्रस्तुत गरेका छलफल पत्रहरू<br>● व्यवस्थापन योजनाको अन्तिम दस्तावेज</td>
</tr>
<tr>
<td>स्थानीय समुदायका केही सदस्यहरू सहितको एउटा व्यवस्थापन समिति</td>
<td>● स्थानीय समुदायबाट कम्तीमा दुईजना सदस्यहरूसहित व्यवस्थापन समितिका सदस्यहरूको नियुक्ति<br>● व्यवस्थापन समितको प्रत्येक महिना बस्ने कम्तीमा तीनवटा नियमित बैठकहरू,</td>
<td>● उपयुक्त निकायद्वारा स्वीकृत गरिएको व्यवस्थापन समितिको विधान तथा कार्यविधिसम्बन्धी नियमहरू,<br>● व्यवस्थापन समितिको मासिक प्रतिवेदन</td>
</tr>
<tr>
<td>उपयुक्त कानूनी हैसियतसहित स्वीकृत व्यवस्थापन योजना</td>
<td>● स्थानीय सरकारी अधिकारीद्वारा स्वीकृत गरिएको</td>
<td>● व्यवस्थापन योजनालाई स्थानीय नियमावलीको मान्यता दिई राजपत्रमा प्रकाशित गरिएको सूचना</td>
</tr>
</table>
</td>
</tr>
<tr>
<td>११.</td>
<td>कार्य योजना<br>(विशेष क्रियाकलाप तथा समय तालिका सहित)
<table>
<tr><td>क्रियाकलाप</td><td colspan="7">समयतालिका (महिनामा)</td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>माथि अनुच्छेद १० मा उल्लेख गरिएबमोजिम आशातीत परिणामहरूको समेत सन्दर्भ लिँदै सञ्चालन गरिने गतिविधि(हरू)को कार्ययोजना उल्लेख गर्नुहोस् । प्रत्येक गतिविधिको मिति, समयावधि उल्लेख गर्नुहोस् । बैठक तथा तालीम गतिविधिको लागि छलफल गरिने शीर्षक, मुद्दा तथा समस्याहरूलगायत संभावित कार्यक्रमको विषयमा उल्लेख गर्नुपर्दछ ।</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>
उदाहरणको लागिः<br>
आशातीत परिणाम १ को लागि
<table>
<tr><td>क्रियाकलाप</td><td colspan="7">समयतालिका (महिनामा)</td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
आशातीत परिणाम २ को लागि
<table>
<tr><td>क्रियाकलाप</td><td colspan="7">समयतालिका (महिनामा)</td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गतिविधि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१२.</td>
<td>मूल्याङ्कन तथा प्रतिवेदन<br>(परियोजना सम्पन्न भएको तीन महिनाभित्र विश्व सम्पदा केन्द्रमा पठाउनुपर्ने)</td>
<td>
<u>अन्तिम प्रतिवेदनः</u><br><br>
परियोजना कार्यान्वयन गर्ने जिम्मेवारी सम्हाल्ने निकाय/व्यक्तिले अन्तिम प्रतिवेदन तयार गर्नुपर्दछ। अन्तिम प्रतिवेदन अनुच्छेद १० मा उल्लेखित आशातीत परिणामको ढाँचामा हुनुपर्दछ।<br><br>
<u>मूल्याङ्कन</u><br>
मूल्याङ्कन प्राप्त उपलब्धि र त्यसले निम्न कुराहरूमा पार्ने प्रभावमाथि केन्द्रित रहनुपर्दछ (उदाहरणको लागि) :<br>
- तयारीसम्बन्धी सहायतापश्चात विश्व सम्पदा सूचीमा गरिएको सम्पत्तिको सूचीकरण,<br>
- आवधिक प्रतिवेदन एवं संरक्षणको अवस्था,<br>
- आपातकालीन सहायतापश्चात सम्पत्तिलाई खतरामा रहेको विश्व सम्पदा सूचीबाट हटाइएको,<br>
- यसका रणनीतिक उद्देश्यहरू (चारवटा C) एवं अन्य रणनीतिहरू (जस्तै अन्तर्राष्ट्रिय रणनीति...) लगायत विश्व सम्पदा महासन्धिको कार्यान्वयन,<br>
- राष्ट्रिय र/वा स्थानीय संस्थाहरू,<br>
- स्थानीय कर्मचारीको क्षमता अभिवृद्धि गर्ने,<br>
- सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने<br>
- परियोजनाका सहभागीहरू,<br>
- अन्य स्रोतहरूलाई आकर्षित गर्ने,<br>
- आदि ...<br><br>
परियोजनाको मूल्याङ्कनको लागि को जिम्मेवार हुनेछ भन्ने कुरा पनि उल्लेख गर्नुहोस्।
</td>
</tr>
<tr>
<td>१३.</td>
<td>यदि परियोजनामा आवश्यक पर्ने देखिएमा विज्ञ, तालीमदाता, प्राविधिक र/वा दक्ष श्रमिकहरूको परिचय विवरण profiles (यदि विज्ञ, तालीम दिने, प्राविधिक र/वा दक्ष श्रमिकहरूको पहिचान ज्ञात छ भने तिनीहरूको नाम र संभव भएमा संक्षिप्त CV समावेश गर्नुहोस्)</td>
<td>
प्रत्येक विशेषज्ञको विज्ञताको क्षेत्रका साथै तिनले गर्ने काम तथा आवश्यक कार्यावधिका बारेमा उल्लेख गर्नुहोस्। सम्बन्धित राज्य पक्षले अनुरोध गरेको खण्डमा विश्व सम्पदा केन्द्र एवं सल्लाहकार निकायहरूले त्यस्ता विशेषज्ञ/तालीमदाताहरूको सिफारिस गर्न सक्छन्।<br><br>
परियोजनामा सहभागी हुने कुनै पनि विशेषज्ञको नाम ज्ञात छ भने सो उल्लेख गर्नुहोस् र सम्भव भएमा अनुरोध फारामको
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | | अनुसूचीमा संक्षिप्त CV संलग्न गर्नुहोस् । |
| १४. | **प्रमुख लक्षित श्रोताहरू र यदि परियोजनामा आवश्यक पर्ने देखिएमा तालीम लिने/सहभागीहरूको परिचय विवरण profile** | परियोजनाको लक्षित समूह एवं लाभान्वित हुने पक्षहरू, उनीहरूको पेशा, संस्था वा विशेषज्ञताको क्षेत्र(हरू) उल्लेख गर्नुहोस् । |
| १५. | **बजेट बाँडफाँड** | |
| | क) तलको तालिकामा परियोजनाका प्रत्येक शीर्षकमा हुने खर्चको विस्तृत बाँडफाँड र संभव भएमा एकाइ दरसमेत समावेश गरी (अमेरिकी डलरमा) उल्लेख गर्नुहोस् र कसरी विभिन्न स्रोतहरूबाट यो खर्च मिलीजुली गरिन्छ भन्ने कुरा देखाउनुहोस् । | परियोजनासँग सम्बन्धित सबै खर्चहरूको विस्तृत बाँडफाँड तालिकामा उल्लेख गर्नुहोस, र विभिन्न दातृ निकायहरू (राज्य पक्ष, विश्व सम्पदा कोष, अन्य) का बीचमा सो खर्च मिलीजुली गर्ने कुरा भएमा सो समेत उल्लेख गर्नुहोस्) |
| | (i) संगठन | यस खण्डको शीर्षकमा ठाँउको लागत, कार्यालय खर्च, सहायकसम्बन्धी खर्च, अनुवाद, तत्काल भाषानुवाद, श्रव्यदृश्य सामग्री वा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक अन्य संस्थागत खर्चहरू पर्न सक्छ । |
| | (ii) मानवीय/परामर्श सेवा (शुल्क) | यस खण्डको शीर्षकमा अन्तर्राष्ट्रिय विशेषज्ञ, राष्ट्रिय विशेषज्ञ, स्थानीय वा अन्तर्राष्ट्रिय संयोजक वा वा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक अन्य व्यक्तिको खर्चहरू पर्न सक्छ । |
| | (iii) यातायात | यस खण्डको शीर्षकमा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक अन्तर्राष्ट्रिय वा स्थानीय यातायात खर्चहरू पर्न सक्छ । |
| | (iv) दैनिक अतिरिक्त भत्ता | यस खण्डको शीर्षकमा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक बसोबास खर्च, खाना तथा अन्य भइपरी आउने खर्चहरू पर्न सक्छ । |
| | (v) उपकरण | यस खण्डको शीर्षकमा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक कुनै पनि उपकरणहरूको खर्चहरू पर्न सक्छ । |
| | (vi) मूल्याङ्कन, प्रतिवेदन तथा प्रकाशन | यस खण्डको शीर्षकमा मूल्याङ्कन, प्रतिवेदन, सम्पादन तथा लेआउट, प्रिन्ट, वितरण खर्च तथा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक अन्य खर्चहरू पर्न सक्छ । |
| | (vii) विविध | यस खण्डको शीर्षकमा भिसा वा परियोजनको सफल कार्यान्वयनको लागि आवश्यक अन्य स-साना खर्चहरू पर्न सक्छ । |
| | (ख) राज्य पक्ष वा अन्य स्रोतबाट कुनै आर्थिक विनियोजन उपलब्ध छ कि छैन वा त्यस्तो कुरा कहिलेसम्म उपलब्ध हुने हो भन्ने कुरा उल्लेख गर्नुहोस् । | यदि आर्थिक स्रोतहरू उपलब्ध भएका छैनन् भने परियोजना शुरु हुनुभन्दा पहिले नै उपलब्ध हुन्छन् कि हुँदैनन् भन्ने कुरा उल्लेख गर्नुहोस् । |
| १६. | **राज्य पक्ष वा अन्य निकायबाट भएको त्यस्तै प्रकारको सहयोग** | |
| | क) राष्ट्रिय निकाय(हरू) | विस्तृत रुपमा खुलाउनुहोस् । |
| | ख) अन्य द्वि/बहुपक्षीय संगठन, दातृ निकाय आदि | विस्तृत रुपमा खुलाउनुहोस् । |
| १७ | **परियोजना कार्यान्वयन गर्नको लागि जिम्मेवार निकाय (हरू)** | परियोजना कार्यान्वयन गर्नका लागि जिम्मेवार व्यक्ति वा निकायको साथै परियोजनामा सहभागी हुने निकायहरूको नाम, दर्जा, ठेगाना तथा सबै सम्पर्क विवरण उल्लेख गर्नुहोस् ।<br><br>परियोजनाको लागि राज्य पक्षको कानूनी एवं प्रशासनिक प्रतिबद्धता छ या छैन भन्ने कुरा पनि खुलाउनुपर्दछ (*कार्य-सञ्चालन निर्देशिका*को अनुच्छेद २३९.घ हेर्नुहोला) |
| १८. | **राज्य पक्षको तर्फबाट हस्ताक्षरः** | पूरा नाम<br>दर्जा |

| | | |
|---|---|---|
| | | मिति |
| १९. | **अनुसूचीहरू** | यस खण्डमा आवेदनसँग सम्वन्धित अनुसूचीहरूको संख्या र प्रत्येक अनुसूचीको शीर्षक सूचीबद्ध गर्नुहोस् । |

## अन्तर्राष्ट्रिय सहायताको लागि हुने अनुरोधका सम्बन्धमा सल्लाहकार निकायले गर्ने मूल्याङ्कनका आधारहरू

अन्तर्राष्ट्रिय सहायतासम्बन्धी अनुरोधहरूको मूल्याङ्कन गर्दा सल्लाहकार निकाय, विश्व सम्पदा केन्द्र, तथा अन्य सम्बद्ध निर्णयकर्ता (विश्व सम्पदा समितिको अध्यक्ष, विश्व सम्पदा समिति वा विश्व सम्पदा केन्द्रका निर्देशक) ले निम्न विषयहरूलाई ध्यानमा राख्नुपर्दछ।

यी शीर्षकहरू कुनै परीक्षण सूची (checklist) होइनन् र यी प्रत्येक शीर्षकहरू हरेक अन्तर्राष्ट्रिय सहायताका लागि हुने अनुरोधका सम्बन्धमा लागु पनि हुँदैनन्। बरु विश्व सम्पदा कोषबाट उपलब्ध हुने सीमित आर्थिक सहयोगको वितरणको न्यायोचितताको बारेमा सन्तुलित मूल्याङ्कन गर्नको लागि यीमध्येका उपयुक्त कुराहरूलाई एकीकृत हिसाबले हेरिनुपर्दछ।

**क. योग्यताको आधार**

१. के विश्व सम्पदा कोषमा राज्य पक्षले बुझाउनुपर्ने योगदानको भुक्तानी बाँकि छ ?

२. के अन्तर्राष्ट्रिय सहायताको अनुरोध राज्य पक्षको आधिकारिक निकाय/संस्थाको माध्यमबाट आएको हो ?

**ख. प्रथामिकताका आधारहरू**

३. के अन्तर्राष्ट्रिय सहायताको अनुरोध कम विकसित राष्ट्र, न्यून अर्थतन्त्रयुक्त (आवेदक), लघु द्वीप विकासोन्मुख मुलुक वा द्वन्द्व पश्चातको अवस्थामा रहेका मुलुकहरूको सूचीमा रहेका राज्य पक्षहरूबाट प्राप्त भएको हो ?

४. के उक्त सम्पत्ति खतरामा रहेको विश्व सम्पदा सूचीमा परेको छ ?

५. के अनुरोधले विश्व सम्पदा सम्पत्तिको एक वा सोभन्दा बढी रणनीतिक उद्देश्यहरू (विश्वसनीयता, संरक्षण, क्षमता विकास तथा सञ्चार) लाई बढावा दिन्छ ?

६. के अनुरोधले सम्पत्तिको स्तरमा र/वा क्षेत्रीय स्तरमा भएको आवधिक मूल्याङ्कन प्रक्रियाले उठाएका आवश्यकताहरूलाई सम्बोधन गर्दछ ?

७. के अनुरोध क्षेत्रीय वा उप-क्षेत्रीय क्षमता विकास कार्यक्रमसँग जोडिएको छ ?

८. के अनुरोधमा क्षमता विकासको पक्षलाई समावेश गरिएको छ (जुनसुकै प्रकारको सहायता माग गरिएको भए तापनि)?

९. के यस गतिविधिबाट सिकेको पाठले बृहत् विश्व सम्पदा प्रणालीलाई लाभ पुऱ्याउन सक्दछ ?

**ग. प्रस्तावित क्रियाकलापको निश्चित विषयवस्तुसँग जोडिएका आधारहरू**

१०. के अनुरोधका उद्देश्यहरू स्पष्ट रुपमा उल्लेख गरिएका छन् र के ती उद्देश्यहरू प्राप्त गर्न सकिने किसिमका छन् ?

११. कार्यान्वयन गरिने समयसीमा लगायत परिणाम हासिल गर्नका लागि स्पष्ट कार्य योजनाहरू रहेका छन् कि छैनन् ? के कार्ययोजना न्यायोचित छ ?

१२. के प्रस्ताव कार्यान्वयन गर्नको लागि जिम्मेवार निकाय/संस्थासँग सो गर्न सक्ने क्षमता छ ? र के भइरहने सम्पर्कको लागि जिम्मेवार व्यक्तिको पहिचान भएको छ ?

१३. के प्रस्ताव गरिएका पेशागत व्यक्तिहरू (अन्तर्राष्ट्रिय वा राष्ट्रिय) अनुरोध गरिएका काम कार्यान्वयन गर्न सक्षम छन् ? संलग्न हुनुपर्ने पर्याप्त समयावधिलगायत गर्नुपर्ने कामको विषयमा स्पष्ट निर्देश छन् कि छैनन् ?

१४. के प्रस्तावमा सबै सम्बद्ध पक्षहरू (उदाहरणको लागि सरोकारवालाहरू, अन्य संस्था आदि) को सहभागिताको सम्बन्धमा विचार गरिएको छ ?

१५. के प्राविधिक शर्तहरू स्पष्ट रुपमा उल्लेख गरिएका छन् ? र ती न्यायोचित छन् कि छैनन् ?

१६. सफलताका उपयुक्त सूचकहरूलगायत प्राप्त गरिने परिणामको प्रतिवेदन गर्ने तथा निरन्तर अनुगमन गर्ने स्पष्ट योजना छ कि छैन?

१७. क्रियाकलापहरू सम्पन्न भएपश्चात तिनको उपयुक्त अनुगमन गर्ने सम्बन्धमा राज्य पक्षको प्रतिबद्धता छ कि छैन ?

**घ. बजेटसम्बन्धी/वित्तीय कुराहरू**

१८. प्रस्ताव गरिएको कामका लागि समग्र बजेट न्यायोचित छ कि छैन ?

१९. एकाइ दरहरू स्थानीय दर र/वा स्थितिअनुसार यूनेस्कोको मान्यता तथा नियमसम्मत भएको कुरा सुनिश्चित गर्नका लागि के बजेटमाथि पर्याप्त काम भएको छ?

२०. के अनुरोधले अन्य सहयोगको लागि उत्प्रेरक (catalyst) को काम गर्दछ (के नगद वा त्यस्तै प्रकारका कोषका अन्य स्रोतहरू स्पष्ट रुपमा खुलाइएका छन्)?

**ङ. विशेष प्रकारको सहयोगका कुराहरू**

*क) आपातकालीन सहयोगका लागि अनुरोध*

२१. अनुरोधमा समाविष्ट चुनौती वा विपद् *कार्य-सञ्चालन निर्देशिका*ले तोकेको आपातकालीन कुरासँग मेल खाने किसिमको छ (अनपेक्षित अवस्था) ?

२२. के प्रस्तावित हस्तक्षेपहरू (interventions) लाई कार्यान्वयमा संलग्न व्यक्तिहरूको उचित सुरक्षासहित सम्पन्न गर्न सकिन्छ ?

२३. के सम्पत्तिको सुरक्षा/संरक्षणसँग सम्बन्धित जटिल मुद्दाहरूलाई उक्त हस्तक्षेपले सम्बोधन गर्दछ ?

*ख) तयारीका लागि सहयोगको अनुरोध*

२४. के उक्त सम्पत्ति राज्य पक्षको संभाव्य सूचीमा रहेको छ ?

२५. के उक्त राज्य पक्षका अन्य कुनै सम्पत्तिहरू विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेका छन् ? यदि छन् भने कतिवटा ?

२६. के विश्व सम्पदा सूचीका लागि प्रस्तावित सम्पत्ति विश्व सम्पदा सूचीमा प्रतिनिधित्व नै नभएको वा कम प्रतिनिधित्व भएको किसिमको हो ?

२७. के आवश्यक तत्त्वहरू जस्तै व्यवस्थापन योजनाको तयारी, तुलनात्मक विश्लेषण, अनुपम विश्वव्यापी महत्त्वको उक्ति, नक्साङ्गन जस्ता कुराहरूमा पर्याप्त ध्यान दिइएको छ ?

२८. के समुदायको सहभागिता हुने कुरामा पर्याप्त ध्यान दिइएको छ ?

संभाव्य सूची तयारीसम्बन्धी अनुरोधको लागि

२९. के आवश्यक सबै सरोकारवालाहरू एवं धारणाहरूलाई समावेश हुने गरी प्रक्रिया तय गरिएको हो ?

३०. के प्राकृतिक तथा सांस्कृतिक दुवै सम्पदासम्बन्धी विज्ञहरू सहभागी हुने गरी प्रस्ताव गरिएको छ ?

३१. के राज्य पक्ष *विश्व सम्पदा महासन्धि*को नयाँ सदस्य हो ?

३२. यदि अनुरोध संभाव्य सूचीको एकरुपीकरणको लागि हो भने के त्यस क्षेत्र एवं उप-क्षेत्रका सबै आवश्यक राज्य पक्षका प्रतिनिधिहरू सहभागी रहेका छन् ?

अन्य प्रकारको सहायताको तयारीसम्बन्धी अनुरोधको लागि

३३. यदि अर्को सहायताको तयारी गर्नको लागि सहयोग माग गरिएको हो भने के पछिको अनुरोधको आवश्यकतालाई राम्ररी अभिलिखित गरिएको छ ?

*ग) संरक्षण तथा व्यवस्थापनका लागि सहायताको अनुरोध*

संरक्षण कार्य वा व्यवस्थापन योजनाको तयारीको लागि अनुरोध

३४. के सम्पत्ति विश्व सम्पदा सूचीमा रहेको छ ?

३५. के प्रस्ताव गरिएको काम सम्पत्तिको संरक्षण वा सुरक्षाको लागि प्राथमिकताको विषय हो ?

३६. के प्रस्तावित काम असल अभ्याससम्मत रहेको छ ?

तालीमसम्बन्धी गतिविधिहरूका लागि अनुरोध

३७. के यो *विश्व सम्पदा महासन्धि*को कार्यान्वयनसँग स्पष्टतः सम्बन्धित रहेको छ ?

३८. के यो विश्व सम्पदा सम्पत्तिमा नै सञ्चालन गरिन्छ वा के यसअन्तर्गत विश्व सम्पदा सम्पत्तिको भ्रमण/नमूना अध्ययन समावेश रहन्छ ?

३९. के यसमा विश्व सम्पदा सम्पत्तिको संरक्षणको लागि जिम्मेवार व्यक्तिलाई प्रशिक्षार्थी वा स्रोत व्यक्तिको रुपमा सामेल गराइएको छ ?

४०. के यसले स्पष्टसँग तय गरिएको तालीमको आवश्यकतालाई सम्बोधन गर्दछ ?

४१. के सिकाइको उद्देश्य प्राप्तिलाई सुनिश्चित गर्नको लागि तालीमका विधिहरू उपयुक्त छन् ?

४२. के यसले स्थानीय र/वा क्षेत्रीय तालीम संस्थालाई सबल बनाउँछ ?

४३. के यो कुरा कार्य क्षेत्रमा गरिने व्यावहारिक कार्यान्वयनसँग जोडिएको छ ?

४४. के यसमा तालीमको नतिजा एवं सम्बन्धित तालीम सामग्रीहरू विश्व सम्पदा प्रणालीका अन्य संस्थाहरूसम्म प्रसार गर्ने प्रावधानहरू छन् ?

<u>वैज्ञानिक अनुसन्धानसम्बन्धी अनुरोधका लागि</u>

४५. के विश्व सम्पदा सम्पत्तिको स्तरीय संरक्षण एवं सुरक्षाका लागि यो विषय प्राथमिकतामा पर्दछ भन्ने कुरालाई दर्शाउन सकिन्छ ?

४५. के परिणामहरू ठोस हुनेछन् र त्यसलाई विश्व सम्पदा प्रणालीमा व्यापक रुपमा लागु गर्न सकिन्छ भनेर दर्शाउन सकिन्छ ?

<u>शैक्षिक वा चेतनामूलक क्रियाकलापको लागि अनुरोध</u>

४७. के यसले *विश्व सम्पदा महासन्धि*लाई सुपरिचित बनाउन वा लक्षित वर्गमा यससम्बन्धी प्रबल उत्सुकता सृजना गर्नमा मद्दत पुऱ्याउँछ ?

४८. के यसले *विश्व सम्पदा महासन्धि*को कार्यान्वयनसँग सम्बन्धित विभिन्न मुद्दाहरूको विषयमा व्यापक जनचेतनाको निर्माण गर्दछ ?

४९. के यसले *विश्व सम्पदा महासन्धि*सँग सम्बन्धित क्रियाकलापहरूमा हुने धेरैभन्दा धेरै सहभागितालाई प्रवर्द्धन गर्दछ ?

५०. के यो खासगरी विद्यालयका बालबालिकाका बीचमा अनुभव आदानप्रदान गर्ने वा संयुक्त शैक्षिक तथा सूचनामूलक कार्यक्रम सञ्चालन गर्ने माध्यम बन्न सक्दछ ?

५१. के यसले लक्षित वर्गको प्रयोगका निम्ति *विश्व सम्पदा महासन्धि*को प्रवर्द्धनको लागि उपयुक्त सचेतना सामग्री उत्पादन गर्दछ ?

**अनुपम विश्वव्यापी महत्त्वको उक्ति**

अनुपम विश्वव्यापी महत्त्वको उक्ति र अनुपम विश्वव्यापी महत्त्वको विगतको उक्ति (Retrospective Statement) का लागि ढाँचा

अनुपम विश्वव्यापी महत्त्वको विगतको उक्ति (Retrospective Statement) अंग्रेजी वा फ्रेन्च भाषामा पेश गरिनुपर्छ । यसलाई इलेक्ट्रोनिक भर्सन (Word वा .pdf फर्म्याट) मा पनि पेश गरिनुपर्छ ।

अनुपम विश्वव्यापी महत्त्वको उक्ति देहायको ढाँचा (अधिकतम दुई A4 पेजहरू) सम्मत हुनुपर्नेछ :

क) सारसंक्षेप
ख) आधारहरूको औचित्य
ग) अखण्डताको उक्ति (सबै सम्पदा स्थलहरूका लागि)
घ) प्रामाणिकताको उक्ति (आधार i देखि vi अन्तर्गतका स्थलहरूका लागि)
ङ) सुरक्षा र व्यवस्थापन गर्नुपर्ने शर्तहरू

अन्तिम मिति

समितिको स्वीकृति अपेक्षा गरिएको सालभन्दा अघिल्लो सालको फरवरी १[१] तारिख ।

[१] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ ।

**विश्व सम्पदा सम्पत्तिहरूमा गरिने संशोधनहरू**

**विश्व सम्पदा सम्पत्तिका सिमानाहरूमा गरिने सामान्य संशोधनहरू**

सिमानाहरूको संशोधनले विश्व सम्पदा सम्पत्तिको पहिचानलाई अझ स्पष्ट गर्नमा र तिनको अनुपम विश्वव्यापी महत्त्वको सुरक्षालाई प्रभावकारी बनाउनमा योगदान दिनुपर्छ ।

सम्बन्धित राज्य पक्षले पेश गरेको सिमानाको सामान्य संशोधन प्रस्तावमाथि सम्बन्धित सल्लाहकार निकायद्वारा समीक्षा गरिन्छ र विश्व सम्पदा समितिको स्वीकृतिका लागि पेश गरिन्छ ।

सिमानाको सामान्य संशोधन प्रस्तावलाई विश्व सम्पदा समितिले स्वीकृत गर्न, अस्वीकृत गर्न वा थप जानकारीका लागि पठाउन सक्नेछ ।

**यसका लागि माग गरिएका दस्तावेजहरू:**

१) **सम्पत्तिको क्षेत्रफल (हेक्टरमा)**: यी कुराहरू खुलाउनुहोस् क) सूचीकरण भएअनुसारको सम्पत्तिको क्षेत्रफल, ख) संशोधनका लागि प्रस्ताव गरिएको सम्पत्तिको क्षेत्रफल (वा प्रस्तावित सन्निकट क्षेत्रको क्षेत्रफल)। क्षेत्रफलमा हुने कटौतीलाई विशेष परिस्थितिमा मात्रै सामान्य संशोधनका रुपमा लिन सकिनेछ भन्ने कुरालाई ख्याल राख्नुहोला ।

२) **संशोधनको वर्णन** : कृपया सम्पत्तिको सिमानामा गरिने प्रस्तावित परिवर्तनबारे लिखित वर्णन (वा प्रस्तावित सन्निकट क्षेत्रको लिखित वर्णन) उपलब्ध गराउनुहोला ।

३) **संशोधन गरिनुपर्ने औचित्य** : कृपया सम्पत्तिको सिमानामा संशोधन गर्नुपर्ने (वा सन्निकट क्षेत्र किन आवश्यक पर्‍यो भन्ने) कारणको संक्षिप्त सारांश उपलब्ध गराउनुहोला ।

४) **अनुपम विश्वव्यापी महत्त्वको संभारप्रति योगदान** : कृपया प्रस्तावित परिवर्तनले (वा प्रस्तावित सन्निकट क्षेत्रले) अनुपम विश्वव्यापी महत्त्वको संभारप्रति कसरी योगदान पुर्‍याउन सक्छ भन्ने कुरा खुलाउनुहोस् ।

५) **कानूनी सुरक्षाका लागि यसको सार्थकता** : कृपया सम्पत्तिको कानूनी सुरक्षाका लागि प्रस्तावित परिवर्तनले ल्याउने परिणामबारे खुलाउनुहोस् । प्रस्तावित क्षेत्रफल विस्तार वा सन्निकट क्षेत्रको निर्माणको हकमा, कृपया थप गरिने क्षेत्रफलका लागि विद्यमान् कानूनी सुरक्षासम्बन्धी सूचना र सम्वन्धित कानून र नियमावलीको प्रति उपलब्ध गराउनुहोला ।

६) **व्यवस्थापकीय प्रबन्धका लागि यसको सार्थकता** : कृपया सम्पत्तिको व्यवस्थापकीय स्वरुपका लागि प्रस्तावित परिवर्तनले ल्याउने परिणामबारे खुलाउनुहोस् । प्रस्तावित क्षेत्रफल विस्तार वा सन्निकट क्षेत्रको निर्माणको हकमा, कृपया थप गरिने क्षेत्रफलका लागि विद्यमान् व्यवस्थापकीय प्रबन्धसम्बन्धी सूचना र सम्बन्धित कानून र नियमावलीको प्रति उपलब्ध गराउनुहोला ।

७) **नक्साहरू** : कृपया देहायका २ नक्सा उपलब्ध गराउनुहोला, पहिलो नक्सा सम्पत्तिको सिमानाको दुवै किसिमको रेखाङ्कन (मूल र प्रस्तावित संशोधन) देखिने र दोश्रो नक्सा प्रस्तावित संशोधन मात्र देखिने गरी । सन्निकट क्षेत्रको निर्माणका सन्दर्भमा, कृपया सूचीकृत सम्पदा र प्रस्तावित सन्निकट क्षेत्र दुवै देखिने गरी नक्सा पेश गर्नुहोला ।

पेश गरिएका नक्साहरू निम्न स्वरुपमा हुनु जरुरी छ :

- नक्सा कि टोपोग्राफिकल वा क्याडेष्ट्रल प्रकारको हुनुपर्दछ;
- नक्सा सम्बन्धित सम्पदाको आकारअनुसार हेक्टर एकाइमा प्रस्तुत गर्न सकिने तथा विद्यमान् सिमाना तथा प्रस्तावित परिवर्तनलाई स्पष्टसँग देखिने स्केलमा हुनुपर्दछ (र कुनै पनि स्थितिमा उपलब्ध सबभन्दा ठूलो र व्यावहारिक स्केलमा हुनुपर्दछ);
- नक्साको शीर्षक तथा लिजेन्ड/संकेतहरू अंग्रेजी वा फ्रेन्च भाषामा हुनुपर्दछ (यदि यो संभव भएन भने कृपया त्यसको अनुवाद संलग्न गर्नुहोला);
- सम्पत्तिका सीमारेखाहरू (विद्यमान् तथा प्रस्तावित संशोधन) लाई नक्सामा रहेका अन्य कुराहरूबाट सजिलै छुट्याउन सकिने गरी स्पष्टसँग देखिने रेखाद्वारा रेखाङ्कित गरिनुपर्छ;
- नक्सामा स्पष्ट भूअवस्थिति ग्रीड (वा भौगोलिक निर्देशांक) देखाइएको हुनुपर्दछ;
- नक्साको शीर्षक तथा लिजेन्डमा विश्व सम्पदा सम्पत्तिको सिमाना (र लागु हुने स्थितिमा, विश्व सम्पदा सम्पत्तिको सन्निकट क्षेत्र) भनी खुलाइएको हुनुपर्दछ। कृपया विश्व सम्पदा सम्पत्तिको सिमानालाई अन्य कुनै संरक्षित क्षेत्रका सिमानाहरूबाट छुट्याएर देखाउनुहोला।

८) **थप सूचनाहरू** : प्रस्तावित विस्तारका सन्दर्भमा, कृपया थप गरिने क्षेत्रको प्रमुख महत्ता तथा प्रामाणिकता/अखण्डताको स्थितिसम्बन्धी सूचना उपलब्ध गराउने खालका केही फोटो उपलब्ध गराउनुहोला।

अन्य कुनै सान्दर्भिक दस्तावेजहरू पनि पेश गर्न सकिनेछ जस्तै : विषयनिष्ठ नक्सा (Thematic Maps) (जस्तै : वनस्पतिसूचक नक्सा), थप गरिने क्षेत्रको महत्तासम्बन्धी वैज्ञानिक सूचनाको सारांश (जस्तै : प्रजातिको सूची), र सम्बन्धित सन्दर्भ सूचीहरू।

माथि उल्लेखित दस्तावेजको दुई समरुप प्रति (मिश्रित सम्पदाका लागि तीन प्रति) अंग्रेजी वा फ्रेन्च भाषामा पेश गर्नुपर्नेछ। त्यसलाई इलेक्ट्रोनिक भर्सन (नक्साहरू .jpg, .tif, .pdf फर्म्याटमा) मा पनि पेश गर्नुपर्दछ।

अन्तिम मिति

समितिको स्वीकृति अपेक्षा गरिएको सालभन्दा अघिल्लो सालको फरवरी १[1] तारिख।

[1] फेब्रुवरी १ सप्ताहांतमा पर्न गएको खण्डमा अघिल्लो शुक्रवार १७:०० GMT भित्रै मनोनयनपत्र प्राप्त भइसक्नुपर्छ।

**विश्व सम्पदा केन्द्रको दस्तावेजको सूचनाभण्डार (database)**

http://whc.unesco.org/statutorydoc

यूनेस्को-विश्व सम्पदा केन्द्रको "आधिकारिक अभिलेख"को खोज्न सकिने searchable अनलाइन दस्तावेज संग्रहले विश्व सम्पदा समिति एवं महासन्धिमा आबद्ध राज्य पक्षहरूको साधारण सभाका प्रतिवेदनहरूमा निहित जानकारी प्राप्त गर्नमा सघाउ पुऱ्याउँछ ।

## आधारभूत पुस्तकहरू


यूनेस्को, *विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि,* यसको साधारण सम्मेलनको १७औं सत्रबाट पारित, पेरिस, १७ नोभेम्बर १९७२, WHC-2001/WS/2

http://whc.unesco.org/en/conventiontext

यूनेस्को, विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षणको लागि अन्तरसरकारी समिति, *कार्यविधिसम्बन्धी नियमहरू,* WHC-2001/WS/2

http://whc.unesco.org/en/committee

यूनेस्को, विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धिमा आबद्ध राज्य पक्षहरूको महासभा, *कार्यविधिसम्बन्धी नियमहरू,* WHC-03/GA/1 Rev.2 (१५ अक्टुबर २००३ सम्मको)

http://whc.unesco.org/en/garules

यूनेस्को विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षणको लागि अन्तरसरकारी समिति, *विश्व सम्पदा कोषको लागि आर्थिक नियमावली,* पेरिस, १९९५ (WHC/7 अगष्ट १९९५) http://whc.unesco.org/en/committeerules

यूनेस्को, विश्व सम्पदा केन्द्र, *विश्व सम्पदा सूचीमा सूचीकृत सम्पत्तिहरू*

http://whc.unesco.org/en/list

यूनेस्को, विश्व सम्पदा केन्द्र, *विश्व सम्पदा सूचीमा सूचीकृत ७५४ सम्पत्तिको संक्षिप्त विवरण* http://whc.unesco.org/briefdescriptions

प्रेस्सुऐर, लिओन, *विश्व सम्पदा महासन्धि, बीस वर्षपछि,* यूनेस्को, पेरिस १९९३

बत्तिस्से, माइकेल र बोल्ला, जेरार्ड, L'invention du "patrimoine mondial", Les Cahiers de l'Histoire, AAFU, पेरिस, २००३

**रणनीतिक दस्तावेजहरू**

विश्व सम्पदा समिति, *रणनीतिक अभिमुखीकरण,* विश्व सम्पदा समितिको १६औँ सत्रको प्रतिवेदनको अनुसूची २, सान्ता फे, संयुक्त राज्य अमेरिका, ७-१४ डिसेम्बर १९९२, पेरिस, डिसेम्बर १९९२ (WHC-92/CONF.002/12)

*"अन्तर्राष्ट्रिय रणनीति" बारे विशेषज्ञ बैठकको प्रतिवेदन एवं प्रतिनिधिमूलक विश्व सम्पदा सूचीको लागि विषयनिष्ठ अध्ययन (२०-२२ जुन १९९४)* (WHC-94/CONF.003/INF.6)

विश्व सम्पदा समिति, *विश्व सम्पदाको अभिलेखीकरण, सूचना तथा शैक्षिक गतिविधिसम्बन्धी रणनीतिक योजना,* पेरिस १९९८ (WHC-98/CONF.203/15)

विश्व सम्पदा समिति, *विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदासम्बन्धी विश्वव्यापी तालीम रणनीति,* ११ देखि १६ डिसेम्बर, २००१ मा फिनल्याण्डको हेलसिन्किमा भएको विश्व सम्पदा समितिको २५औँ सत्रद्वारा पारित। (WHC-01/CONF.208/24 को अनुसूची १० हेर्नुहोस्)

विश्व सम्पदा समिति, *विश्व सम्पदासम्बन्धी बुडापेस्ट घोषणापत्र,* २००२ http://whc/unesco.org/en/budapestdeclaration

**विश्व सम्पदा पत्र शृङ्खला**[२४]

पेडर्सन, ए, *विश्व सम्पदा क्षेत्रमा पर्यटन व्यवस्थापनः विश्व सम्पदा स्थल व्यवस्थापकहरूका लागि व्यावहारिक विधिपुस्तिका,* विश्व सम्पदा पत्र संख्या १ , यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००२

*विश्व सम्पदामा लगानी : विगतका उपलब्धिहरू, भविष्यका आंकाक्षाहरू,* विश्व सम्पदा पत्र संख्या २ यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००२

*अफ्रिकाको आवधिक प्रतिवेदन,* विश्व सम्पदा पत्र संख्या ३ , यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

हिलारी, ए, कोक्कोनेन, एम, र म्याक्स, एल, (सम्पादित), *विश्व सम्पदा समुद्री जैविक विविधता कार्यशालाका कारवाहीहरू, हनोई, भियतनाम (फेब्रुवरी २५-मार्च १, २००२)* विश्व सम्पदा पत्र संख्या ४, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

*आधुनिक सम्पदाको पहिचान एवं अभिलेखीकरण,* विश्व सम्पदा पत्र संख्या ५, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

फलर, पी,जे., (सम्पादित), *विश्व सम्पदा सांस्कृतिक भूपरिदृश्य १९९२-२००२,* विश्व सम्पदा पत्र संख्या ६ , यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

*सांस्कृतिक भूपरिदृश्य : संरक्षणका चुनौतीहरू,* विश्व सम्पदा पत्र संख्या ७, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

*विश्व सम्पदाका लागि युवा वर्गको परिचालन गर्ने,* विश्व सम्पदा पत्र संख्या ८, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

[२४] अनलाइन परामर्शका लागि http://whc.unesco.org/publications

*विश्व सम्पदा क्षेत्रको लागि साझेदारिता : दिगो शहरी विकासको माध्यमको रुपमा संस्कृति,* विश्व सम्पदा पत्र संख्या ९, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

*विश्व सम्पदाको अनुगमन गर्ने,* विश्व सम्पदा पत्र संख्या. १०, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

*आवधिक प्रतिवेदन तथा क्षेत्रीय कार्यक्रम - अरब मुलुकहरू – २०००-२००३,* विश्व सम्पदा पत्र संख्या ११, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

*एशिया प्रशान्त क्षेत्रमा विश्व सम्पदाको अवस्था -२००३,* विश्व सम्पदा पत्र संख्या १२ , यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

*विश्वव्यापी एवं स्थानीय मूल्यमान्यताहरूलाई जोड्ने : विश्व सम्पदाको लागि दिगो भविष्यको व्यवस्थापन,,* विश्व सम्पदा पत्र संख्या १३, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

**सांस्कृतिक भूपरिदृश्य**

भोन द्रोस्ते, बर्न्ड, प्लाचर, हाराल्ड र रोसलर, मेचिल्ड (सम्पादित), *विश्वव्यापी महत्त्वको सांस्कृतिक भूपरिदृश्य, अन्तर्राष्ट्रिय रणनीतिको अङ्ग,* स्टुटगार्ड, न्यूयोर्क १९९५

रोसलर, मेचिल्ड र सौमा-फोरेरो, गालिया (सम्पादित), *विश्व सम्पदा महासन्धि र अफ्रिकाको सांस्कृतिक भूपरिदृश्यसम्बन्धी विशेषज्ञ बैठक,* (टिवी, केन्या ९-१४ मार्च १९९९), यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २०००

फलर, पी.जे., (सम्पादित) *सांस्कृतिक भूपरिदृश्य विश्व सम्पदा १९९२-२००२,* विश्व सम्पदा पत्र संख्या ६, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

*सांस्कृतिक भूपरिदृश्य : संरक्षणका चुनौतीहरू,* विश्व सम्पदा पत्र संख्या ७ , यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००४

**सन्तुलित, प्रतिनिधिमूलक एवं विश्वसनीय विश्व सम्पदा सूचीसम्बन्धी अन्तर्राष्ट्रिय रणनीति**

*प्रतिनिधिमूलक विश्व सम्पदा सूचीको लागि “अन्तर्राष्ट्रिय रणनीति” र विषयनिष्ठ अध्ययनमाथि भएको विशेषज्ञ बैठकको प्रतिवेदन (२०-२२ जुन १९९४)* (WHC-94/CONF.003/INF.6)

*प्राकृतिक विश्व सम्पदा स्थलहरूको मनोनयनसम्बन्धी सामान्य सिद्धान्त एवं आधारहरूको मूल्याङ्कनमाथि भएको विशेषज्ञ बैठकको प्रतिवेदन* (पार्क नेशनल डे ला भानोइज, फ्रान्स, २२-२४ मार्च १९९६) (WHC-96/CONF.202/INF.9)

*अफ्रिकी सांस्कृतिक सम्पदा र विश्व सम्पदा महासन्धि, चौथो अन्तर्राष्ट्रिय रणनीति बैठक* (पोर्तोनोभो, बेनिन, १६-१९ सेप्टेम्बर १९९८) यूनेस्को १९९८

भोन द्रोस्ते, बर्न्ड, र रोसलर, मेचिल्ड र टिचेन, सारा (सम्पादित), *प्रकृति र संस्कृतिलाई जोड्ने, अन्तर्राष्ट्रिय रणनीति, प्राकृतिक एवं सांस्कृतिक सम्पदाको विशेषज्ञ बैठकको प्रतिवेदन* (थिएटर इन्स्टिच्यूट, आर्म्स्टडम, नेदरल्याण्ड २५-२९ मार्च १९९८), (WHC-98/CONF.203/INF.7)

सौमा-फोरेरो, गालिया, (सम्पादित), *अफ्रिकाको सन्दर्भमा आधिकारिकता र अखण्डता: विशेषज्ञ बैठक, बृहत् जिम्बाब्वे,* जिम्बाब्वे, २६-२९ मे २०००, यूनेस्को विश्व सम्पदा केन्द्र, पेरिस २००१

*एशिया प्रशान्त क्षेत्रका पवित्र पहाडहरूको बारेमा यूनेस्कोको विषयनिष्ठ विशेषज्ञ बैठक (५-१० सेप्टेम्बर २००१, वाकायामा शहर, जापान),* अन्तिम प्रतिवेदन, यूनेस्को विश्व सम्पदा केन्द्र, सांस्कृतिक मामिलासम्बन्धी निकाय, जापान, टोकियो, २००१

*विश्वव्यापी एवं स्थानीय मूल्यमान्यताहरूलाई जोड्ने : विश्व सम्पदाको लागि दिगो भविष्यको व्यवस्थापन,* आर्म्स्टडम, नेदरल्याण्ड (२२-२४ मे २००३)

http://whc.unesco.org/archive/2003/Amsterdam_05_2003_en.pdf

### व्यवस्थापन निर्देशिका

फिल्डेन, बनार्ड एम., र जोकिलेटो, जुक्का, *विश्व सांस्कृतिक सम्पदा क्षेत्रको व्यवस्थापन निर्देशिका,* इक्रोम (ICCROM), रोम, १९९३

स्टेभल, हर्ब, *जोखिमविरुद्धको तयारी : विश्व सांस्कृतिक सम्पदाको व्यवस्थापन मार्गनिर्देशिका,* इक्रोम (ICCROM), रोम १९९८

फिलिप्स, एड्रिएन, (सम्पादित), *संरक्षित क्षेत्रको आर्थिक महत्त्व–संरक्षित क्षेत्र व्यवस्थापकहरूको लागि निर्देशिका* (विश्व संरक्षण संघ, (IUCN) को आर्थिक सेवा एकाइसँगको सहकार्यमा, संरक्षित क्षेत्रसम्बन्धी विश्व आयोग (WCPA) को संरक्षित क्षेत्रका आर्थिक लाभमाथि गठित कार्यदल), IUCN, विश्व संरक्षण संघ, संरक्षित क्षेत्रसम्बन्धी विश्व आयोग (WCPA), संरक्षित क्षेत्रको असल अभ्याससम्बन्धी निर्देशिका शृंखला नं. २, १९९८ ।

केल्लर, जी, र फिलिप्स, एड्रिएन, (सम्पादित), *समुद्री संरक्षित क्षेत्रको निर्देशिका,* IUCN, संरक्षित क्षेत्रसम्बन्धी विश्व आयोग (WCPA), संरक्षित क्षेत्रको असल अभ्याससम्बन्धी निर्देशिका शृंखला नं. ३, १९९९

फिलिप्स, एड्रिएन (सम्पादित), *प्रभावकारिताको मूल्याङ्कन – संरक्षित क्षेत्रको व्यवस्थापन मूल्याङ्कनसम्बन्धी संरचना,* IUCN, संरक्षित क्षेत्रसम्बन्धी विश्व आयोग (WCPA), संरक्षित क्षेत्रको असल अभ्याससम्बन्धी निर्देशिका शृंखला नं. ६, २००१

फिलिप्स, एड्रिएन (सम्पादित*) शान्ति र सहकार्यको लागि अन्तरपरिधीय संरक्षित क्षेत्र (बोर्मियो (१९९८), ग्ल्याण्ड (२०००)* मा भएको कार्यशालाको कारवाहीमा आधारित) IUCN, संरक्षित क्षेत्रसम्बन्धी विश्व आयोग (WCPA), संरक्षित क्षेत्रको असल अभ्याससम्बन्धी निर्देशिका शृंखला नं. ७, २००१

फिलिप्स, एड्रिएन, *IUCN को वर्ग ५ अन्तर्गतका संरक्षित क्षेत्र, संरक्षित भूपरिदृश्य/समुद्री परिदृश्यको लागि व्यवस्थापन निर्देशिका,* कार्डिफ विश्वविद्यालय, IUCN, क्याम्ब्रिज, २००२

थोमस, ली र मिडल्टन, जुली, र फिलिप्स, एड्रिएन (सम्पादित), *संरक्षित क्षेत्रको व्यवस्थापन योजनाको लागि निर्देशिका,* कार्डिफ विश्वविद्यालय, IUCN, क्याम्ब्रिज, २००३

## अन्य

*युवाहरूको हातमा विश्व सम्पदा : जान्न, साँच्न (cherish) र क्रियाशील हुन, शिक्षकहरूको लागि शैक्षिक स्रोत सामग्री* , यूनेस्को २००२

*विश्व सम्पदा २००२, बाँडिएको सम्पदा साझा दायित्व, विश्व सम्पदा महासन्धि*को ३०औं वार्षिकोत्सवको अवसरमा इटाली सरकारको सहयोगमा यूनेस्कोको विश्व सम्पदा केन्द्र र यूरोपको विज्ञानसम्बन्धी क्षेत्रीय ब्यूरो (ROSTE) द्वारा आयोजित अन्तर्राष्ट्रिय महाअधिवेशन, सिनी फाउन्डेसन, सान जियोर्जियो म्यागिगयोर द्वीप, भेनिस, इटाली १४-१६ नोभेम्बर २००२, यूनेस्को, विश्व सम्पदा केन्द्र, पेरिस २००३

## वेभ ठेगाना

यूनेस्को
http://www.unesco.org

यूनेस्को, विश्व सम्पदा केन्द्र
http://www.whc.unesco.org

इक्रोम (ICCROM)
http://www.iccrom.org

इकोमोस (ICCROM)
http://www.icomos.org

यूनेस्को-इकोमोस अभिलेख केन्द्र
http://www.international.icomos.org/centre_documentation/index.html

आइयूसीएन (IUCN)
http://www.iucn.org

यूनेप- विश्व संरक्षण अनुगमन केन्द्र, संरक्षित क्षेत्र
http://sea.unep-wcmc.org/wdbpa/

आधुनिक आन्दोलनले जन्माएका स्मारक तथा स्थलहरूको अभिलेखीकरण तथा संरक्षणका लागि अन्तर्राष्ट्रिय समिति (DoCoMoMo)
http://www.docomomo-us.org/
http://www.docomomo.nl

औद्योगिक सम्पदाको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय समिति (TICCIH)
http://www.mnactec.com/TICCIH/

भूपरिदृश्य वास्तुविद्हरूको अन्तर्राष्ट्रिय महासंघ (IFLA)
Email: info@iflaonline.org
http://www.iflaonline.org/home.html